# परिच्छेद एक
# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक साहित्यकार **हरिगोविन्द लुइँटेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

## १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनार्थ प्रस्तुत गरिएको छ ।

## १.३ विषय परिचय

प्रगतिवादी नेपाली साहित्य र चिन्तनका क्षेत्रमा कलम चलाउने हरिगोविन्द लुइँटेलको जन्म वि.सं. २०१५ साल फागुन २८ गते काठमाडौंको ढुङ्गाअड्डामा भएको हो । लुइँटेलले वि.सं. २०३३ मा परोपकार आदर्श मा.वि. भीमसेनस्थान काठमाडौंबाट प्रवेशिका उत्तीर्ण गरी जनप्रशासन विषयमा स्नातकोत्तर र अतिरिक्त रूपमा नेपाली विषयमा स्नातक सम्मको उपाधि हासिल गरेका छन् । कथा कवितामा हरिगोविन्द लुइँटेल, निबन्धमा स्वतन्त्रराज शर्मा, सांस्कृतिक निबन्धमा चन्द्रदेव नेपाली हास्यव्यङ्ग्य लेखनमा कवि कालिदासको नामबाट कलम चलाउने लुइँटेल बहुआयामिक व्यक्तित्व हुन् । वि.सं. २०४२ देखि वि.सं. २०४७ सम्मको सिद्धार्थ वनस्थली स्कुल बालाजु काठमाडौंको शिक्षण पेशापछि साहित्यिक सांस्कृतिक चिन्तन र सम्पादक एवम् प्रकाशनका कार्यमा बढी क्रियाशील लुइँटेलले कथा, कविता, निबन्ध हास्यव्यङ्ग्य, सडकनाटक र समीक्षाका क्षेत्रमा पनि कलम चलाइरहेका छन् ।

वि.सं. २०२५/०२६ देखि कविता लेखेर साहित्यिक लेखन आरम्भ गरी वि.सं. २०३१ मा 'विकासको प्रश्न' निबन्ध 'परोपकार' पत्रिकामा प्रकाशन गरी प्रकाशनको ढोका आरम्भ गरेका लुँइटेलका फुटकर कृतिका रूपमा विभिन्न पत्र-पत्रिकामा थुप्रै लेखरचना प्रकाशित भएका छन् भने पुस्तकाकार कृति **समय र पोखरी** (छोटा कथा २०५६) **ढेडु बाँदर**

(बालकविता सङ्ग्रह २०६१) र **निर्माणाधीन कविता** (कविता सङ्ग्रह २०६३) प्रकाशित भइसकेका छन् । त्यस्तै प्रकाशोन्मुख अवस्थामा **गुञ्जमानहरू** (कथा) र **बाको पार्टी काकाको पार्टी** (हास्यव्यङ्ग्य बालकविता : वाण साहित्य) रहेका पाइन्छन् ।

प्रगतिवादी नेपाली साहित्य र चिन्तनका फाँटमा निष्ठाका साथ समर्पित व्यक्तित्वको रूपमा कदर गर्दै 'साहित्य सन्ध्या' संस्थाले वि.सं. २०६१ सालको 'साहित्य सन्ध्या पुरस्कार' र पारिजात स्मृति केन्द्रबाट वि.सं. २०६२ को 'पारिजात सृजन पुरस्कार'बाट हरिगोविन्द लुइँटेल सम्मानित भएका छन् ।

साहित्यिक, सांस्कृतिक, राजनीतिक एवम् सम्पादक-प्रकाशक व्यक्तित्वले लुइँटेललाई समाजमा बहुआयामिक एवम् कर्मशील व्यक्तित्वको रूपमा स्थापित गरेको छ । यिनै प्रगतिशील व्यक्तित्व हरिगोविन्द लुइँटेलको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययन गर्नु यहाँ सान्दर्भिक हुन आएको छ ।

## १.४ समस्याकथन

हरिगोविन्द लुइँटेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन विषयक प्रस्तुत शोधपत्रका समस्याहरू निम्न बमोजिम रहेका छन् :-

(क) हरिगोविन्द लुइँटेलको जीवनी के-कस्तो रहेको छ ?

(ख) हरिगोविन्द लुइँटेलको व्यक्तित्व के कस्तो रहेको छ ?

(ग) हरिगोविन्द लुइँटेलको कृतित्व के कस्तो रहेको छ ?

(घ) नेपाली साहित्यमा हरिगोविन्द लुइँटेलको योगदान के-कस्तो छ ?

## १.५ शोधको उद्देश्य

प्रस्तुत शोधकार्यका उद्देश्यहरू निम्न बमोजिम रहेका छन् -

(क) हरिगोविन्द लुइँटेलको जीवनी बारे निरूपण गर्नु,

(ख) हरिगोविन्द लुइँटेलको व्यक्तित्वको निरूपण गर्नु,

(ग) हरिगोविन्द लुइँटेलको कृतित्वको समीक्षा गर्नु र

(घ) नेपाली साहित्यमा हरिगोविन्द लुइँटेलले दिएको योगदानबारे मूल्याङ्कन गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

कवि, कथाकार, निबन्धकार, हास्यव्यङ्ग्यकार र समीक्षक व्यक्तित्व हरिगोविन्द लुइँटेलका बारेमा हालसम्म विशेष रूपले अध्ययनको चासो देखाएको पाइँदैन तापनि छिटफुट रूपमा विभिन्न पत्र-पत्रिका, पुस्तक एवम् शोधार्थीले उनका बारेमा सामान्य टिप्पणी, परिचय एवम् समीक्षा गरिएका पाइन्छन् । हालसम्म उनका बारेमा जे-जस्ता कार्यहरू भएका छन्, तिनको कालक्रमिक समीक्षात्मक विवरण निम्नानुसार प्रस्तुत गरिन्छ -

- रामप्रसाद उप्रेती र जोगेश्वर गौतम (२०४५) ले केही प्रगतिशील प्रतिभाहरू मा प्रगतिशील अर्थात् जनताको निमित्त लेखिने साहित्यका क्षेत्रमा कलम चलाउने प्रगतिशील सांस्कृतिक कर्मीका रूपमा क्रियाशील साहित्यकारका रूपमा हरिगोविन्द लुइँटेलको नाम उल्लेख गरेका छन् ।

- दयाराम श्रेष्ठ र मोहनराज शर्मा (२०४९) ले नेपाली साहित्यको सङ्क्षिप्त इतिहास, साझा प्रकाशनमा नेपाली कविताको आधुनिक काल अन्तर्गत वि.सं. २०३०-०४० को दशकमा नेपाली कविताको कथ्यको स्पष्ट बयान र समसामयिक अनुभूतिको अभिव्यक्त गर्ने कवि (लुइँटेल जीवन जीवन्त) तथा नेपाली कथाको आधुनिक कालअन्तर्गत नवयुग खण्डमा प्रगतिशील कथाकारका रूपमा हरिगोविन्द लुइँटेलको नाम पनि उल्लेख गरेका छन् ।

- राजेन्द्र सुवेदी र रुद्र खरेल (२०५०) ले प्रलेस १-२ मा चालीसका दशकमा केही प्रगतिशील कविताहरूको सम्पादकीयमा वामपन्थी आन्दोलनभित्रको र देशभित्रको सबैखाले झालेमाले अवसरवादप्रतिको सामूहिक संवेगहरूको प्रस्तुति गर्ने कविका रूपमा हरिगोविन्द लुइँटेलको नाम उल्लेख गरेका छन् ।

- निनु चापागाइँ (२०५१) ले यथार्थवादी रचना दृष्टि र विवेचनामा नेपाली साहित्यका समकालीन प्रवृत्तिहरू शीर्षकमा वि.सं. २०४६ को जनआन्दोलनलाई पृष्ठभूमिमा राखी त्यसपछि अभिव्यक्त प्रवृत्तिहरूको अवलोकन गर्ने क्रममा यथार्थवादी प्रवृत्तिको अवलम्बन गर्ने साहित्यकारको सूचीमा हरिगोविन्द लुइँटेलको नाम पनि उल्लेख गरेका छन् ।

- चैतन्य (२०५८) ले मार्क्सवादी कलादृष्टि र समीक्षा, चिन्तन प्रकाशनमा समकालीन नेपाली कविता एक सङ्क्षिप्त मूल्याङ्कन शीर्षकमा हरिगोविन्द लुइँटेललाई प्रगतिशील कविका रूपमा उभ्याएका छन् ।
- जयदेव गौतम (२०५७) कान्तिपुर दैनिक १० वैशाखमा प्रगतिशील युवा साहित्यकार हरिगोविन्द लुइँटेलको प्रथम प्रकाशित पुस्तकाकार कृति 'समय र पोखरी' कथा सङ्ग्रहको समीक्षात्मक टिप्पणीमा २०४६ सालको जनआन्दोलन र त्यस पछिको परिवर्तित स्थितिमा राष्ट्रिय समाजलाई अनेक कथाहरूको विषयवस्तु बनाइएको कथाकारका रूपमा लिएका छन् ।
- पुरुषोत्तम सुवेदी (२०५८) स्पेसटाइम १६ असारमा कथाकार हरिगोविन्द लुइँटेलको कथासङ्ग्रह 'समय र पोखरी'को समीक्षात्मक टिप्पणीका क्रममा ०४६ सालको ऐतिहासिक जनआन्दोलन र त्यस पछिको समयमा प्रत्येक चेतनशील नागरिकले अनुभव गरेको वैचारिक पतन, अवसरवादी, भ्रष्टाचार, लक्ष्यहीनता र असफलताको भित्री तहमा प्रवेश गरेर गलत प्रवृत्तिलाई नङ्ग्याउन प्रयासरत कथाकारका रूपमा लिएका छन् ।
- यकिना अगाध (२०५८) ले जनएकता (७/३०), फागुन अङ्कमा कथा कविता र निबन्धका संगम हरिगोविन्द लुइँटेल शीर्षकमा प्रगतिवादी साहित्य लेखनका एक निर्भिक योद्धा र कथा, कविता र निबन्धलाई सन्तुलित ढङ्गबाट संयोजन गर्न सक्ने सशक्त साहित्यकारका रूपमा लिइएको छ ।
- गोपीन्द्र पौडेल (२०५९) ले सौन्दर्यबोध र समीक्षा विविधमा समकालीन यथार्थ र कथा लेखनका वैशिष्ट्य विषयमा समकालीन कथा लेख्ने कथाकार अन्तरगत हरिगोविन्द लुइँटेलको नाम उल्लेख गरेका छन् ।
- हेमनाथ पौडेल (२०६१) ले शब्दसंयोजन, चैत्रमा मार्क्सवादी सौन्दर्यशास्त्रलाई आदर्शका रूपमा लिई कथा, कविता, निबन्ध, हास्यव्यङ्ग्य र समीक्षा साहित्य सिर्जना गर्ने एक कुशल प्रगतिवादी साहित्यकारका साथै पर्दा रङ्गमञ्चको सांस्कृतिक समीक्षा गर्ने थोरै समीक्षकहरू मध्ये हरिगोविन्द लुइँटेललाई पनि सशक्त कलम चलाउने व्यक्तिका रूपमा लिएका छन् ।

- गोपीन्द्र पौडेल (२०६२) ले प्रगतिवादी नेपाली कथाका प्रवृत्ति, विद्यावारिधि शोधपत्रमा प्रगतिवादी कथाकारहरूको उल्लेख गर्ने क्रममा हरिगोविन्द लुइँटेलको पनि नाम उल्लेख गरेका छन् ।

- पारिजात स्मृति केन्द्र (३० वैशाख २०६३) मा पारिजात सृजन पुरस्कार २०६२ द्वारा सम्मान गर्ने क्रममा हरिगोविन्द लुइँटेललाई मार्क्सवादी सौन्दर्य शास्त्रलाई आदर्शका रूपमा लिई साहित्य सिर्जना गर्ने एक कुशल प्रगतिवादी साहित्यकार एवम् सांस्कृतिक कर्मीका साथै लोकतान्त्रिक आन्दोलनमा सक्रिय सहभागिता जनाउने स्रष्टाको रूपमा अगाडि सारेको छ ।

- गोपीन्द्र पौडेल (२०६३) ले साहित्य सन्ध्या, विशेष अङ्कमा नेपाली लघुकथा परम्परा र समकालीन प्रवृत्ति शीर्षकको समालोचनात्मक लेखमा नेपाली लघुकथा लेखनको विकासमा हरिगोविन्द लुइँटेललाई प्रगतिवादी लघु कथाकारका रूपमा लिएका छन् ।

- रमेश पोखरेल (२०६३) ले साहित्य सन्ध्या, विशेष अङ्कमा कर्ममय वर्तमान जीवनमा साहित्य सन्ध्या सम्मानद्वारा सम्मानित स्रष्टाहरू शीर्षकमा नेपाली प्रगतिवादी साहित्यमा भण्डार भर्न योगदान गरेको ठहर गर्दै निरङ्कुशता विरुद्धको आन्दोलनमा लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्चको नेतृत्वदायक भूमिका खेलेवापत साहित्य-सन्ध्या पुरस्कारद्वारा सम्मानित गरिएको छ ।

- गोपीन्द्र पौडेल (२०६३) ले रश्मी, कार्तिक समालोचना अङ्कमा आधुनिक नेपाली कथा परम्परामा चरण विभाजनका समस्या र तिनको समाधान शीर्षक अन्तर्गत आधुनिक नेपाली कथाको चरण विभाजनमा चौथो चरण (वि.सं.२०६३-वि.सं. २०४५) का शोषण उत्पीडन, सामन्ती थिचोमिचो, प्रशासकीय उत्पीडन, प्रहरी प्रशासनको दमन तथा जनजीविका सम्बन्धी यावत समस्याको प्रतिविम्ब गर्ने प्रगतिवादी वृत्तका कथाकार खगेन्द्र संग्रौला, पारिजात, आदिसँग र पाँचौ चरण (वि.सं. २०४६ देखि वर्तमानसम्म) को समयका विशेष गरेर द्वन्द्वरत नेपाली सामाजको प्रतिविम्बनमा रुचि देखाउने कथाकारका रूपमा हरिगोविन्द लुइँटेलको नाम पनि उल्लेख गरेका छन् ।

- युवराज घिमिरे (२०६४) ले (२५/५) वैशाख गरिमामा राजनीतिक आन्दोलनमा स्रष्टाहरू शीर्षकमा निरङ्कुशता विरुद्धको आन्दोलनमा लोकतान्त्रिक साहित्यकार सङ्घ, 'लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्च' मा नेतृत्वदायक भूमिका निर्वाह गर्ने र आन्दोलनमा अखवारी साहित्यको योगदान स्वरूप कलम चलाउने स्रष्टाहरूमा हरिगोविन्द लुइँटेललाई अग्रणी व्यक्तित्वको रूपमा लिएका छन् ।

- जगदीशचन्द्र भण्डारी (२०६४) ले (२५/५) गरिमा वैशाखमा लोकतान्त्रिक आन्दोलनमा कविता शीर्षकमा लोकतान्त्रिक आन्दोलनमा सशक्त कविता लिएर अगाडि बढ्ने कविका रूपमा हरिगोविन्द लुइँटेलको नाम पनि उल्लेख गरेका छन् ।

- हेमनाथ पौडेल (२०६४) ले, (२५/५) गरिमामा लोकतान्त्रिक आन्दोलनमा स्रष्टाहरूको भूमिका शीर्षकमा लोकतान्त्रिक आन्दोलनमा महत्त्वपूर्ण भूमिका निभाउने स्रष्टाहरू मध्ये हरिगोविन्द लुइँटेलको नाम पनि उल्लेख गरेका छन् ।

- मधुसूदन पन्थी (२०६४), समयचक्र (२/२) भदौमा निर्माणाधीन कविताप्रति एक दृष्टि शीर्षकमा निर्माणाधीन कविता सङ्ग्रहको समीक्षा गर्ने क्रममा सशक्त लोकतान्त्रिक स्रष्टाका रूपमा हरिगोविन्द लुइँटेललाई अगाडि सारेका छन् ।

- गोपीन्द्र पौडेल (२०६३/०६४) ले कलम (१५/१) चैत/भदौमा पाँच कविका पाँच थुङ्गा फूल : एक सङ्क्षिप्त विश्लेषण शीर्षकमा हरिगोविन्द लुइँटेलको निर्माणाधीन कवितालाई एउटा थुङ्गा मनेका छन् भने लुइँटेललाई आफ्नै वान्की र ढर्रा ढाँचामा कविता भन्न सक्ने एक सशक्त कविका रूपमा लिएका छन् ।

- गोपाल 'अश्क' ( ) ले समकालीन साहित्य (१२/२) मा नेपाली लघुकथाको उद्भव र विकास शीर्षक नेपाली लघुकथाको उन्नत चरण तथा यस चरणका प्रदमुख लघुकथाकारहरू उपशीर्षकमा आधुनिक नेपाली कथाको नवचेतनावादी युगमा उल्लेख्य योगदान गर्ने लघुकथाकारहरू मध्येमा हरिगोविन्द लुइँटेलको नाम उल्लेख गरेका छन् ।

- रमेश शर्मा (वैशाख २०६४) हाम्रो जलजला मासिक अङ्कमा लुइँटेलको निर्माणाधीन कविता शीर्षकमा देशको विषम परिस्थिति, साम्राज्यवादीहरूका नग्न हस्तक्षेप र देशभक्तहरूले राष्ट्रको आजादीका निम्ति सङ्घर्षका मैदानमा अर्पिएको रगत जस्ता

विषयहरू समेटिएको भन्दै नेपाली प्रगतिवादी आन्दोलनका वरिष्ठ अग्रज स्रष्टाको रूपमा हरिगोविन्द लुइँटेललाई लिएका छन् ।

## १.७ शोधको औचित्य

हरिगोविन्द लुइंटलेको सिर्जनाको मूल विधा कविता र कथा भए पनि उनको सिर्जनात्मक लेखन निबन्ध, समीक्षा, बालकविता, लघुकथा आदि विविध विधा-उपविधामा अगाडि बढेको छ । यिनको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा फाटफुट रूपमा चर्चा र अध्ययन भएको देखिए तापनि समग्र अध्ययन भएको पाइँदैन । प्रगतिवादी नेपाली साहित्यको क्षेत्रमा कलम चलाई नेपाली साहित्यको भण्डार भर्न गरेको योगदान र भूमिकालाई महत्त्व दिने क्रममा उनका बारेमा व्यवस्थित अध्ययन हुन नसकेको कुराको अवगत पूर्वकार्य समीक्षा अन्तर्गत गरिएको अध्ययनबाट थाहा हुन आउँछ । अतः यस्ता बहुआयामिक व्यक्तित्वको बारेमा पूर्वकार्य समीक्षामा गरेको सामान्य चर्चामा मात्र सीमित नभएर यिनको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययनलाई उद्देश्यमा राखेर गरिन लागेको प्रस्तुत शोधपत्रको विषय नै औचित्यपूर्ण रहन गएको छ ।

## १.८ शोधको सीमाङ्कन

हरिगोविन्द लुइँटेल मूलतः कवि एवम् कथाकार हुन् । कविता र कथा बाहेक निबन्ध, समीक्षा, हास्यव्यङ्ग्यका क्षेत्रमा पनि सक्रिय रूपमा कलम चलाएका छन् । यस शोधकार्यमा उनको जीवनी, व्यक्तित्व र कृतित्वको विविध आयामहरू माथि प्रकाश पार्दै समकालीन नेपाली साहित्यमा उनको योगदानबारे चर्चा गरिएको । यस सन्दर्भमा वि.सं. २०६७ सम्मका उनका पुस्तकाकार कृति र फुटकर रचनाहरूको सङ्क्षिप्त समीक्षात्मक अध्ययन एवम् कालक्रमिक वितरण दिएर उद्देश्य, विषय, वैचारिक पक्ष आदिका आधारमा अध्ययन गरिएको छ । यही नै शोधपत्रको मूल क्षेत्र भएको छ ।

लुइँटेलको जीवनी, व्यक्तित्व र कृतित्वको खोजी नै शोधकार्यको मूल क्षेत्र रहेकाले यसमा कुनै खास कृतिको सूक्ष्म र सर्वपक्षीय अध्ययन विश्लेषण गरिएको छैन । कुनै खास वाद, प्रवृत्ति प्रणाली या पक्षका आधारमा निष्कर्षमा पुग्ने पद्धति पनि अपनाइएको छैन । यही नै यस शोधपत्रको सीमा रहेको छ ।

## १.९ सामग्री सङ्कलन र शोधविधि

प्रस्तुत शोधपत्रलाई विश्वसनीय र प्रामाणिक एवम् पूर्णता दिने क्रममा सामग्री सङ्कलनका लागि पुस्तकालयीय विधि तथा अन्तर्वार्ता विधिलाई नै मूलतः अङ्गिकार गरिएको छ । त्यसका लागि सम्बद्ध, पुस्तक र पत्रपत्रिकाहरूको अध्ययन गर्दै अनुसन्धेय व्यक्तिसँगको प्रत्यक्ष भेटघाट र सम्पर्कबाट लिखित एवम् मौखिक रूपमा आवश्यक जानकारी लिइएको छ । साथै उनका परिवार, आफन्त र निकटतम व्यक्तिहरूलाई भेटी लिखित र मौखिक रूपमा आवश्यक अन्तर्वार्ताका माध्यमबाट यथासम्भव जानकारी प्राप्त गरी आवश्यक सामग्री र सूचना सङ्कलन गरिएको छ । अतः सामग्री सङ्कलन विधि मूलतः प्राथमिक स्रोत र द्वितीय स्रोतका रूपमा रहेको छ ।

शोधकार्यमा जीवनी र व्यक्तित्व खण्डका लागि सङ्क्षिप्त विवरणात्मक पद्धति अपनाइएको छ । कृतित्व खण्डका सन्दर्भमा परिचयात्मक र विश्लेषणात्मक पद्दतिलाई नै मूल आधार मानिएको छ । समग्र कृतित्वको सङ्क्षिप्त समीक्षा गरी उनको योगदानको मूल्याङ्कन गर्दै वस्तुगत निष्कर्षमा पुग्ने प्रयत्न गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको स्वरूप र संरचनालाई व्यवस्थित र प्रभावकारी ढङ्गबाट प्रस्तुत गर्नका लागि निम्न बमोजिम परिच्छेदहरूमा वर्गीकरण गरिएको छ :

**परिच्छेद एक :** शोध परिचय

**परिच्छेद दुई :** हरिगोविन्द लुइँटेलको जीवनीको अध्ययन

**परिच्छेद तीन :** हरिगोविन्द लुइँटेलको व्यक्तित्वको अध्ययन

**परिच्छेद चार :** हरिगोविन्द लुइँटेलको कृतित्वको अध्ययन,

**परिच्छेद पाँच :** उपसंहार तथा निष्कर्ष ।

हरिगोविन्द लुइँटेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन पश्चात शोधपत्रको अन्त्यमा प्रमुख सन्दर्भग्रन्थ, पत्र-पत्रिकाहरूको सूची समेत प्रस्तुत गरिएको छ ।

# परिच्छेद दुई
# हरिगोविन्द लुइँटेलको जीवनीको अध्ययन

## २.१ जन्म र जन्मस्थान

नेपाली साहित्यमा स्वतन्त्रराज शर्मा, चन्द्रदेव नेपाली, कवि कालिदासको कलम स्तम्भकारका रूपमा सुपरिचित व्यक्तित्व हरिगोविन्द लुइँटेलको न्वारानको नाम 'च' बाट उठेको आधारमा चेतनाथ हो भने उनको शैक्षिक प्रमाणपत्र र बोलाउने नाम चाहिं हरिगोविन्द लुइँटेल नै रहेको छ । वि.सं. २०१५ साल फागुन २८ गतेका दिन मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गत बाग्मती अञ्चल, काठमाडौं जिल्लाको तीनथाना गा.वि.स., वडा नं ८, ढुङ्गाअड्डामा हरिगोविन्द लुइँटेलको जन्म भएको थियो । यो ढुङ्गाअड्डा टोल काठमाडौंको कलङ्की रिङरोडबाट १ किलोमिटर पश्चिम तथा कीर्तिपुरबाट उत्तरतिर बल्खु खोला पारिपट्टी काठमाडौं महानगरपालिका वार्ड नं. १४ को पश्चिमी सीमानासँग जोडिएको र काठमाडौंलाई बाहिरी संसारसँग जोड्ने त्रिभुवन राजपथको छेउमा अवस्थित छ । बाजे षडानन्द लुँइटेलका तीन जना छोरा मध्ये कान्छा छोरा ठाकुरप्रसाद शर्मा लुइँटेल र उनकी श्रीमती मैयाँदेवी लुइँटेलका तीन सन्तानमा हरिगोविन्द लुइँटेल दोस्रो तथा कान्छो छोरा रहेको बुझिन्छ । उनका एक दाजु र एक बहिनी रहेका छन् । (शोधनायकबाट प्राप्त जानकारी अनुसार)

लमजुङ-गोर्खा क्षेत्रबाट पृथ्वीनारायण शाहको पुजारी खलकको रूपमा काठमाडौं उपत्यका छिर्ने क्रममा पृथ्वीनारायणको एकीकरण अभियानसँग धादिङको कुखुरेचौर हुँदै पाँच-सात पुस्ता अघि हरिगोविन्द लुइँटेलका पुर्खा काठमाडौं प्रवेश गरेको बुझिन्छ । शिशिर ऋतुको अन्त्यतिर र बसन्त ऋतुको शुरुवात नहुँदै यस धर्तीमा आँखा खोलेका हरिगोविन्द लुइँटेलले नेपाली साहित्याकाशमा कविता, कथा, निबन्ध, हास्यव्यङ्ग्य, समीक्षा, नाटक, सम्पादकीय जस्ता विषयमा आफ्नो कलम चलाएका छन् । सामाजिक र साहित्यिक आन्दोलनमा क्रियाशील एक स्रष्टा एवम् द्रष्टा अगुवा हरिगोविन्द लुइँटेलको आगमन प्रगतिशील नेपाली साहित्यको इतिहासमा उल्लेखनीय पक्षको रूपमा रहेको पाइन्छ ।

## २.२ वंश परम्परा र पारिवारिक पृष्ठभूमि

हरिगोविन्द लुइँटेलको वंश काठमाडौंको आदिवासी नभएर उपत्यका बाहिरबाट बसाइँसराइको क्रममा आएको बुझिन्छ । लुइँटेल वंशको मूल थलो पश्चिम नेपालको गण्डकी अञ्चलको लमजुङ-गोर्खा क्षेत्र हो भन्ने पाइन्छ । त्यहीँबाट लुइँटेलहरू क्रमशः पूर्वतर्फ सर्दै धादिङ हुँदै काठमाडौं प्रवेश गरेका बुझिन्छन् । लुइँटेल वंश काठमाडौं उपत्यका आउनुको पृष्ठभूमि केलाउँदा अवसरको खोजिको क्रम र ऐतिहासिक कारण दुवै रहेको देखिन्छ । पृथ्वीनारायण शाहको एकीकरण अभियानले छरिएर रहेका कविला राज्यको विघटन गरी विशाल नेपालको कल्पनासँग थालिएको फौजी लगायत बन्दोवस्तीका सामान र समूहसाथमा काठमाडौं प्रवेश गर्दा राजकीय पूजापाठको अभिष्ट पूरा गर्ने पुजारीको रूपमा केही लुइँटेलहरू पूर्वतिर हानिएका पाइन्छन् । उनीहरूलाई पछ्याउँदै अरुहरू पनि क्रमशः लमजुङबाट अगाडि बढेको यो खलक गोर्खा, धादिङ हुँदै काठमाडौं सम्म यात्रा गर्न पुग्यो । गोरखाबाट अगाडि बढ्ने क्रममा यो परिवारको केही अंश काठमाडौं जिल्लाको सीमाना नजिकै धादिङमा अद्यापि बसोबास गरेको पाइन्छ । पृथ्वीनारायण शाहले कीर्तिपुर हान्ने क्रममा तीनपटकसम्म प्रयत्न गर्दा दहचोक डाँडामा मुख्य किल्ला बनाएको देखिन्छ । तीनवटा सहायक किल्लाहरू दहचोकभन्दा दक्षिण-पूर्वमा नैकाप र डुप्पा गाउँमा रहेका थिए । यी तीन किल्लाहरूकै नामको आधारमा अहिलेको तीनथाना गाविस क्षेत्रको नाम “तीनथाना” रहन गएको हो । शुरुमा दहचोकको उत्तर-पश्चिम सीमापारी धादिङ कुखुरे चौरमा यो खलक बसोबास गरेको बुझिन्छ । पछि काठमाडौं, तीनथाना-ढुङ्गाअड्डामा सरेको बुझिन्छ । हरिगोविन्द लुइँटेलका बाजे-बराजुहरू र तिनका दाजुभाइहरू बबर शमशेर, बहादुर शमशेर, एकरा शमशेर र लिला शमशेर आदिको परिवारमा पुजारी भएको आफूले थाहा पाएको उनी बताउँछन् । शाह खलक हुँदै राणा खलकसम्म यो काम सरेर गएको बुझिन्छ ।

लुइँटेल खलक काठमाडौं उपत्यका प्रवेश गरी हाल तीनथाना गा.वि.स.को ढुङ्गाअड्डामा बसोबास गरेकोमा त्यही परिवारका एक सदस्य षडानन्द शर्मा लुइँटेलका कान्छो छोरातर्फको कान्छा नातिका रूपमा हरिगोविन्द लुइँटेलको आगमन भएको पाइन्छ । (शोधनायकबाट प्राप्त जानकारी अनुसार) । हाल करिब पैंतीस-छत्तीस

लुइँटेल परिवारहरूको घरधुरी रहेको सुन्दर टोलबस्तीमा हरिगोविन्द लुइँटेलको बसोबास रहेको छ ।

## २.३ बाल्यकाल

निम्नमध्यम वर्गीय बाह्मण परिवारमा जन्मिएका हरिगोविन्द लुइँटेलको बाल्यकाल आध्यात्मिक वातावरणका साथ निम्न आयस्रोतका कारण केही आर्थिक अभावको सामना गर्दै बित्यो । काठमाडौंको ढुङ्गाअड्डामा परिवारको बसोबास भएको कारण उनको बाल्यजीवन पनि सोही ठाउँमा नै पिता ठाकुरप्रसाद शर्मा र माता मैयाँदेवी लुइँटेल तथा दाजु श्यामकृष्ण लुइँटेल र बहिनी ईश्वरी लुइँटेलका साथ रमाइलो वातावरणमा बितेको पाइन्छ । स्कुले जीवनदेखि नै सिर्जनात्मक जागरुकता भएकै कारण लुइँटेलले निम्न माध्यमिक तहमा अध्ययनरत रहँदै देखि नै कविताको आभ्यासिक लेखनकार्य सुरु गरेको देखिन्छ । सामान्य खेतीको प्राधान्यतामा परिवारमा चार महिना मात्र खान पुग्ने खेत-बारीमा कतिपय खेतीका काममा सामान्य सघाउने र बाँकी समय डण्डिबियो, गुच्चा खेलेको सामान्य अनुभूतिबाहेक उनमा खेल प्रेम भन्दा पनि उमेर भन्दा अलि बढी पाको गरी दार्शनिक चिन्तन र किताब पढ्ने, साथीहरूसँग जम्मा भई जीवन, जगत तथा परम्परागत प्रचलनहरूबारे कुरा गर्न ज्यादा रुचि हुने गर्थ्यो भन्ने उनको आत्मस्वीकृति रहेको छ । हरिगोविन्द लुइँटेल सामाजिक संरचना, ईश्वरको अस्तित्व, भूतप्रेत आदिबारे कुरा गर्न औधी रुचि राख्थे । डण्डीबियो, गुच्चा आदि ग्रामिण खेलसाधनको प्रयोग गरी खेल्ने, बल्खु खोलामा यदाकदा दिउँसोको समयमा पौडने, नुहाउने र कहिलेकाहीँ दुई किलोमिटर दक्षिण कीर्तिपुरको जङ्गलमा गाई चराउने काम गर्थे । बाल्यकालदेखि नै उनको लागि जीवनमा खेलभन्दा मनोरञ्जनको माध्यम चाहिँ बौद्धिक छलफल, विज्ञान, विश्व धर्म, लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, भीमनिधि तिवारी, सिद्धिचरण श्रेष्ठ, मोतीराम भट्ट, भानुभक्त आचार्य आदिका कृतिहरू थिए । यी कुराले उनलाई चार/पाँच कक्षामा पढ्दा नै प्रभावित गरेकाले र पिताजीको आध्यात्मिक क्रियाशीलताको समेत प्रभावमा उनमा गान्धीवादी प्रवृत्तिको विकास हुनमा सहयोग पुऱ्याएको पाइन्छ । पिताजीको वरपर घरैमा संस्कृतका विभिन्न विषयमा शास्त्रार्थ हुने हुनाले र संस्कृत तथा नेपालीका कवितात्मक श्लोकहरू सुन्दा र पढ्दादेखि नै साहित्य लेख्ने रहर जागृत भएको मान्छन् उनी । त्यसैको प्रतिविम्व स्वरूप २०२६ सालदेखि नै उनी कविता

लेखनमा तानिए । करिब चालीस जति हस्तलिखित कविताहरूको सङग्रह त्यतिखेरै तयार गरेको उनको सम्झना रहेको छ ।

## २.४ किशोरावस्था

मूलतः हरिगोविन्द लुइँटेलमा सामान्य परिवर्तन बाहेक बाल्यकालीन स्वभावमा खासै परिवर्तन नभई त्यसकै नियमित स्वभाव नै पछिसम्म पनि रहेको बुझिन्छ । उनको किशोरावस्था अन्य व्यक्तिहरूको सरह व्यतीत भएको देखिँदैन । यो अवस्थामा प्रायः किशोरहरूले हल्काफुल्का रोमान्टिक रूपमा दिन बिताउने गरेको पाइन्छ । तर लुइँटेलमा यो अवस्थामै एक प्रकारको गम्भीरताको विकास भएको पाइन्छ । उनको स्वभाव सम्वेदनशील, गम्भीर, अध्ययनशील, जिज्ञाशु र पाको खालको रहेको पाइन्छ । स्कुल, कलेज र बाह्य समाजमा चल्ने विभिन्न खाले वहसहरू उत्साह र रुचिका साथ सुन्ने उनको स्वभाव देखिन्छ । काठमाडौंको शहर केन्द्रमै नभएपनि काठमाडौं उपत्यकाकै एक क्षेत्रमा जन्मनुले दिएको बौद्धिक सुविधा र अवसरहरूको भरपुर उपयोग गरिनुपर्छ भन्ने जस्तो व्यावहारिक परिपक्व ज्ञान उनमा बाल तथा किशोरावस्थादेखि नै विकास भएको पाइन्छ । जीवन बौद्धिक काममा लगाउनु पर्छ भन्ने मान्यता लिएर सानैदेखि पुस्तकालयको उपयोगस्वरूप काठमाडौंस्थित भारतीय, अमेरिकन तथा ब्रिटिस पुस्तकालयमा फुसर्दको समयमा गई बौद्धिक क्षितिज फराकिलो पार्ने कार्यमा उनी लागिरहेको पाइन्छ ।

विज्ञानप्रविधिका कुराले लुइँटेलको मनमा विशेष आकर्षण पैदा गरेको थियो । यसको ज्वलन्त उदाहरण किशोरावस्थामा सलाईको बट्टामा धागो बाँधेर सञ्चारको माध्यम बन्न सक्छ भन्ने कुराको खोजी गर्ने, ढोकाको अन्तरबाट सूर्यका किरणका साथ बाहिरका दृश्य भित्र कसरी छिर्छ भन्ने रहस्यमय कुराको खोजीमा लागिरहने उनको रुचि थियो । पछि गएर इनीजिनयरिङ्ग विषयमा प्रमाणपत्र तहमा अध्ययन गर्नुले पनि उनको प्रविधि सम्बन्धी रुचिलाई पुष्टि गर्छ । किशोरावस्थाको अवधिमा घरअगाडिको त्रिभुवन राजपथ मोटरबाटोमा चल्ने ट्रकहरूले तराइबाट आँप बोकेर आउँदा २०२३/०२४ तिर “आँपआँप !” भन्दै गाडीको पछाडि झुम्मिदै दगुर्ने अन्य किशोर किशोरीका साथ उनी पनि रहने गर्दथे । तर घरदेखि डेढ-दुई किलोमिटर पर कीर्तिपुरको ट्याङ्लाफाँट हुँदै चल्ने हेटौंडा-टेकू रोपवेले सामान बोक्ने क्यारियरमा समान ढुवानी गर्दा चलिरहेका क्यारियरहरूलाई हातले छुन भ्याउने ठाउँमा कतिपय

आफूभन्दा ठूला मानिसले क्यारियरमा लोड भएर आएका पाउडर दुधका बोराहरूमा लट्ठीले घोचेर धूलो दुध फाँटमा पोखिँदा दुधको धारा लुगामा थाप्दै काँन्लैकाँन्ला दौड्ने गर्दा उनी त्यसमा भने आफू सामेल हुने गर्दैनथे, छेउबाट हेरिरहन्थे । यसरी चोरी, बद्मासी गर्नु ठीक हैन भन्ने कुरा उनको भित्री मनदेखि नै उनलाई लाग्ने गरेको उनको सम्झना छ । आफ्ना पिताजीको छवि मूलतः सोझो र इमान्दार अनि सम्मानित शिक्षकको रूपमा समाजमा रहेको तर कतिपय खराव नियत र खराव आचरणका व्यक्तिहरूले यदाकदा उहाँलाई हेप्ने, हियाउने गरेको उनले बाल्यकालदेखि नै देख्दै आएका थिए । त्यसैले अरुलाई हेप्ने, होच्याउने प्रवृत्ति उनलाई सानै उमेरेदेखि नै मन पर्दैनथ्यो । सम्पत्तिलाई अति महत्त्व दिने र सम्पत्तिको धाकधक्कू लगाउने प्रवृत्ति पनि उनलाई सानै उमेरदेखि नै मन पर्दैन्थ्यो । उनी चेतनामूलक तथा ज्ञानवर्धक कार्यहरू र बौद्धिक कार्य : जस्तै साहित्यिक गोष्ठी, चित्रकला प्रतियोगिता, कविता प्रतियोगिता आदि आयोजना गर्ने स्थानीय “जनप्रगति पुस्तकायल”को कार्यक्रममा किशोरावस्थाकै अवधिमा सरिक हुने गर्दथे । (शोधनायकबाट प्राप्त जानकारी अनुसार)

## २.५ शिक्षादीक्षा

शिक्षा सम्बन्धी सकारात्मक वातावरण रहेको परिवारमा जन्मिएका हरिगोविन्द लुइँटेलको शिक्षा आरम्भ सात वर्षको उमेरदेखि टोलकै श्री विष्णुदेवी प्रा.वि.बाट भएको देखिन्छ । पिता काठमाडौंको गणबहाल, धरहरा नजिक रहेको नेपाल आदर्श हाईस्कुलका अध्यापक, १८ पुराणका ज्ञाता, धार्मिक-आध्यात्मिक रूपमा प्रवचनकर्ता रहेका र शिक्षासँग जोडिएको वातावरणमा लुइँटेललाई शिक्षा सम्बन्धमा कुनै कठिनाइ भोग्नु परेन । अहिलेको विद्यालय संरचनामा आधारभूत तह मानिने एकदेखि तीनसम्मको पढाइ उनले विष्णुदेवी प्रा.वि.बाटै पूरा गरेको देखिन्छ । कक्षा चार र पाँचसम्मको पढाइ कलङ्की स्थित जनपथ नि.मा.वि.बाट पूरा गरेको बुझिन्छ । त्यस्तै छ कक्षा देखि आठ कक्षासम्मको पढाइ कलङ्कीको सोही स्कूलकै हातामा त्यतिखेर भर्खरै सारिएको सीताराम मा.वि.बाट पूरा गरेको पाइन्छ । हाल सीताराम मा.वि. काठमाडौंको रामकोट गा.वि.स. मा रहेको छ । कक्षाहरूका परीक्षाको नतिजामा उनी सधैं र लगातार नै प्रथम हुने गर्थे ।

सीताराम मा.वि.को आठसम्मको अध्ययनपछि नौ र दशको पढाइको क्रमलाई अगाडि बढाउन उनले श्री परोपकार आदर्श मा.वि. भीमसेनस्थानमा पुग्नु परेको देखिन्छ । कक्षामा जेहेन्दार र सबैभन्दा असल विद्यार्थीको रूपमा रहेको उनको आफ्नो तथा अरूको पनि मूल्याङ्कन रहेको देखिन्छ । सीताराम स्कुलबाट परोपकार स्कुलमा जाँदा सुरुमा त्यहाँका राम्रा भन्ने विद्यार्थीबाट हेपिनु परेको कटु यथार्थ बताउँछन् उनी । कक्षा नौ मा अर्को स्कूलबाट भर्ना हुन आएको नयाँ विद्यार्थी हुनुको कारणले उनको रोल नं. १४६ थियो ।  कक्षा दशमा जाँदा भने उनको रोल नं एक हुनपुग्यो । कारण, नौ कक्षाको वार्षिक परीक्षामा उनी सवैलाई जितेर प्रथम भए । त्यतिखेरै स्कूलमा आफ्नो साहित्यिक गतिविधिका कारण आफू धेरैको प्रिय र प्रशंसाको पात्र बनेको उनी बताउँछन् ।

यसरी विद्यालय तहको पढाइ पूरा गर्न उनले चारवटा विद्यालयको सहारा लिनु परेको देखिन्छ । पढाइका क्रममा जतिसुकै दौडधुप गरे तापनि विद्यालय तहमा अद्वितीय स्थान हासिल गरिनै रहे भने वि.सं. २०३२ को एस.एल.सी.को परीक्षामा ६ अङ्कको अभावमा बोर्डमा आउन नसकेको तीतो अनुभूति उनी गर्छन् । उच्च अङ्क ल्याएर एस.एल.सी. मा सफल हुन सकेको यो नतिजाले पनि उनी पढाइमा कमजोर थिएनन् भन्ने प्रमाण दिन्छ ।

उच्च शिक्षा आर्जन गर्ने कार्यमा लगनशील र जेहेन्दार विद्यार्थीले राम्रो विषय लिनुपर्छ भन्ने साथी समाजको मान्यताअनुरूप आफू साहित्यको विद्यार्थी हुँ भन्ने मान्दामान्दै पनि अरूको आशा र अपेक्षा अनुसार नै त्रि.वि. अन्तरगत पुल्चोक क्याम्पसमा सिभिल इन्जिनियरिङ्गमा प्रमाण पत्र तहको पढाइलाई उनले अगाडि बढाएको पाइन्छ । यस सम्बन्धमा घरबाट कुनै किसिमको दबाब भने थिएन । आफ्नो रुचि र भावी जीवनको क्षेत्र यो होइन भन्ने मान्दामान्दै पनि प्रथम श्रेणीमा प्रवेशिका उत्तीर्ण विद्यार्थीले डाक्टरी वा इन्जिनियरिङ्ग विषय लिनुपर्ने बाध्यात्मक मनोवैज्ञानिक स्थितिमा उनको मोड बदलिएको देखिन्छ । सिभिल इन्जिनियरिङ्ग प्रमाणपत्र तह उनले वि.सं. २०३३-०३५ मा पूरा गरेको देखिन्छ । विज्ञानप्रविधिमा रुचि भए पनि पेशा नै इन्जिनियरिङ्गको अपनाउने उनको पटक्कै चाहना थिएन । आफ्नो रुचिको विषय साहित्य हो भन्ने ठान्दाठान्दै पनि इन्जिनियरिङ्गबाट सिधैं भाषा विषयमा आउन प्राविधिक कठिनाइ भएको कारण वि.सं. २०३५ मा जनप्रशासन विषयमा

अध्ययन गर्न थालेको देखिन्छ । यस क्रममा २०३५/०३६को विद्यार्थी आन्दोलन भयो । यसमा पनि उनी सक्रिय रहे । अन्दोलनको कारण पठनपाठन सुचारु हुन सकेन । उनी स्वाध्ययन गरी प्राइभेट परीक्षा दिने तयारीमा जुटे । ०३८ सालसम्ममा जनप्रशासन विषयमा स्नातक तह उत्तीर्ण गरे । यसपछि उनले प्राइभेट परीक्षा दिई मूल नेपाली विषयमा समेत स्नातक तह पास गर्ने कार्य गरे । यो नेपाली विषयको प्राइभेट परीक्षा दिँदा सहायक विषयको रूपमा उनले पत्रकारिता विषय लिएका थिए । नियमित रूपमा कलेज पढ्ने वातावरण नभएपछि लुइँटेलले वि.सं. २०३५ देखि ०३६ को अन्तसम्म करिब डेढ वर्ष चितवन को.ई. भन्ने नीजि कम्पनीमा जागिरे जीवन बिताए भने २०३७ मा स्थानीय विकास मन्त्रालयमा स्थायी ओभरसियर पदमा विज्ञापन भएकोले उनले पनि आवेदन दिई परीक्षाहरू पास गरी उनी सरकारी जागिरमा प्रवेश गरे । आठ-नौ महिनापछि उनलाई सार्वजनिक निर्माण शाखा, काठमाडौंमा सरुवा गरियो । यसबीचमा उनले साहित्य लेखन र साहित्यिक गतिविधिमा पनि सक्रियता बढाए । राजनीतिक क्षेत्रमा पनि उनको भित्री सक्रियता बढ्यो । २०३५/०३६ को आन्दोलनमा सहभागिता र त्यतिखेर हुने गरेको "सडक कविता क्रान्ति"का कविता गोष्ठीहरू मार्फत् सरकारी कर्मचारीलाई नियमले नदिएपनि उनी त्यतिखेरको पहेंलो रङ्गको मतपत्रको निर्दलीय व्यवस्था र नीलो रङ्गको मतपत्रको वहुदलीय व्यवस्था रोज्ने जनमत सङ्ग्रहमा खुलेरै नीलो रङ्गको बहुदलीय व्यवस्थाको पक्षमा सक्रिय रहेका थिए । धेरै साहित्यकारहरूसँग उनको परिचय र भेटघाट यही समयमा भएको थियो ।

वि.सं. २०४२ सालमा उनले सरकारी जागिर छाड्ने निर्णय गरे । इन्जिनियरिङ्ग क्षेत्र उनको प्रमुख आकर्षणको क्षेत्र नरहेको र सरकारी जागिरमा रहँदा स्वतन्त्रता पूर्वक विचार र साहित्य लेख्न त्यतिखेर कडा बन्देज रहनुका कारण उनी स्वतन्त्र र बौद्धिक खालको पेशामा आउन चाहन्थे । उनी त्यतिन्जेल वाम राजनीतिको अन्तरतहमै पुगिसकेका थिए । निर्मल लामाले नेतृत्व गरेको तत्कालीन नेकपा चौममा उनी क्रियाशील भैसकेका थिए । उक्त पार्टीनिकट रहेको "मूल्याङ्कन" साप्ताहिकका उनी अघोषित सम्पादन सहयोगी र स्तम्भकार भैसकेका थिए । उनी बिस्तारै आफूलाई पत्रकारिता र साहित्यमा सक्रिय राख्नु उपयुक्त हुने निस्कर्षमा पुग्दै थिए । पत्रकारिता र साहित्य मात्रले रोजगारी दिने स्थिति चाहिँ नभएकोले उनी हाललाई शिक्षा पेशामा आउने निधोमा पुगे । स्थायी सरकारी जागिर नछोड्न र बरु इनीजिनयरिङ्गकै थप

पढाइको लागि प्रयत्न गर्न आफन्तहरूबाट ठूलै दवाव आएपनि त्यो दवावलाई झेल्दै उनले आफ्नो क्षेत्र परिवर्तन गर्ने निधो गरे । उनी काठमाडौंको त्यतिखेर निकै चर्चित बोर्डिङ्ग स्कूल सिद्धार्थ वनस्थली, बालाजुमा अध्यापन कार्य गर्न थाले । यो समयसम्म आइपुग्दा ज्ञान प्राप्त गर्न र सामान्य अनुभव हासिल गर्न भनेर उनले शिक्षाशास्त्र विस्तार क्याम्पस, रामशाहपथमा एकवर्षे बी. एड. र नेपाल ल क्याम्पस, भृकुटीमण्डप, काठमाडौंमा बी. एल प्रथम वर्षमा भर्ना भई आफ्ना रुचिका विषयमा नियमित कक्षामै सामेल भई अध्ययन गर्ने काम पनि गरे । यो पढाइमा कुनै औपचारिक तह हासिल गर्ने उनको उद्देश्य भने थिएन ।

यसबीचमा उनले स्वाध्ययनका रूपमा दर्शन, ज्ञानविज्ञान, जीवनी, समालोचना, संस्कृति, पर्दा-रङ्गमञ्च, पत्रकारिता र राजनीतिबारे पनि गहिरो चासो राखेको पाइन्छ । अध्ययन उनको जीवनको एक अभिन्न पाटो हो भन्नु अत्युक्ति नहोला । अमेरिकन लाइब्रेरी, ब्रिटिश काउन्सिल लाइब्रेरी र भारतीय लाइब्रेरीको सदस्य रही स्कुले उमेरदेखि नै गर्ने गरेको अध्ययनको क्रमलाई उनले पछिसम्म पनि जारी नै राखेको पाइन्छ । फुर्सदको समयमा पुस्तकालय जाने र पढ्ने बानी अद्यापि रही रहेको पाइन्छ ।

## २.६ भाषिक ज्ञान

सामाजिक प्राणीका हिसाबले मानिस समाजमा रहने र सामाजिकताको माध्यम भाषिक सम्प्रेषण एक महत्त्वपूर्ण हतियार हो । सानैदेखि भाषा, साहित्य, ज्ञान, विज्ञान जस्ता विषयमा जिज्ञासा राख्ने स्वभावका हरिगोविन्द लुइँटेलको भाषिक ज्ञानमा मातृभाषा नेपाली अभिन्न नै रह्यो । यसका अलावा अन्तर्राष्ट्रिय सम्पर्क भाषा अंग्रेजी र देवनागरी लिपिमै रहेको महत्त्वपूर्ण भाषा हिन्दी भाषाको ज्ञान पनि उनमा रहेको पाइन्छ । अंग्रेजी र हिन्दी पढ्न कुनै समस्या नरहने तर लेखाइ र बोलाइमा भने नेपाली भाषापछिको दोस्रो नै रहेको बुझिन्छ । त्यस्तै नेवार बाहुल्य नगरी कान्तिपुरको शहरमा नेवार साथीहरूको सम्पर्कद्वारा नेवारी भाषा करिब पचास, साठी प्रतिशतसम्म बुझ्न सक्ने भए पनि बोल्ने क्षमता भने करिव आठ, दश प्रतिशतसम्म मात्र रहेको उनी बताउँछन् । यसबाहेक रसियन भाषाका केही शब्द र वाक्य अलिअलि बोल्न सक्ने ज्ञान हरिगोविन्द लुइँटेलमा रहेको बुझिन्छ । बहुभाषिक मुलुक नेपालभित्र बोलिने सबै

भाषाको संरक्षण हुनुपर्छ भन्ने उनमा सबै भाषाप्रति समान किसिमको सम्मान भाव देख्न पाइन्छ । (शोधनायकबाट प्राप्त जानकारी अनुसार)

## २.७ विवाह ; दाम्पत्य जीवन र पारिवारिक स्थिति

सृष्टिको सिर्जनाकालदेखि मानव जीवन परिवारमा सङ्गठित हुन थाले देखि विवाहलाई अपरिहार्य घटनाको रूपमा लिइन्छ । सबैजसो मानिसले यस परम्परालाई औपचारिक रूपमा शिरोधार्य गर्दै आएको पाइन्छ । हरिगोविन्द लुइँटेलको पनि विवाह सम्बन्धमा घरपरिवारमा पहिलेदेखि नै चर्चा र दवाव आउन थालेको भए पनि त्यस समय आफूले अनुकूल नठानेकोले उनले आलटाल गर्दै आए । वि.सं. २०४४ असारमा २९ वर्षको उमेरमा आएर मात्र उनी वैवाहिक जीवनमा सामेल भए ।

घर परिवारबाट विवाहको सामान्य प्रसङ्ग चल्दा देशमा २०३६ देखि नै आन्दोलन चल्दै थियो भने हरिगोविन्द लुइँटेल सामाजिक, सांस्कृति, साहित्यिक र राजनीतिक जीवनमा प्रवेश गरिसकेका थिए । विवाहपछि उपयुक्त उम्मेदवार नभएमा आफ्नो सामाजिक, साहित्यिक, राजनीतिक क्रियाशीलतामा सहयोग नपुग्ने बुझाइ उनको थियो । अर्कातिर पार्टी पङ्क्तिबाट पनि उपयुक्त उम्मेदवारको खोजीविना विवाह गर्नु हुँदैन भन्ने सल्लाह उनलाई प्राप्त भएको थियो । यस अतिरिक्त आफूले पनि ढिलै गर्ने र केही सामाजिक कार्य गर्नुपर्छ भन्ने मान्यता उनी राख्थे । यसैबीच मोरङ विराटनगरमा ने.क.पा. चौमको कार्यक्रममा क्रियाशील अर्थशास्त्र विषयमा स्नातकोत्तर तह पार गरेकी र अर्थतन्त्र सम्बन्धी विषयमा कलम चलाउने र वि.एल. अन्तिम वर्षको तयारी गर्दै गरेकी उर्मिला पोखेल पार्टीका मित्रहरूबाट प्रस्तावित उम्मेदवार भएको र हरिगोविन्द लुइँटेलको परिवारबाट आएको दवावका बीच सम्भावनाको खाजी गरौं भन्ने कुरा आएपछि आपसी सल्लाहमा विवाहको टुङ्गो गरिएको बुझिन्छ । वि.सं. २०४४ साल असार ६ गते परम्परागत पुरातन संस्कृतिभन्दा केही सुधारिएको तर प्रगतिशील भने नभएको समूहगत मागीविवाह काठमाडौंको गुहेश्वरी मन्दिरमा सम्पन्न भएको पाइन्छ । उर्मिला पोखेल पनि सामाजिक, राजनीतिक कार्य तथा बौद्धिक तहको पेशामा आबद्ध रही आएकी छिन् । उनी हाल कृषि सामग्री संस्थानको केन्द्रीय कार्यालय, कुलेश्वर, काठमाडौंमा आठौं तहको अधिकृत पदमा क्रियाशील रहेकी छिन् । उनका एक छोरा मनिष सूचना तथा सञ्चार प्रविधि सम्बन्धी विषयमा स्नातक चौथो वर्षमा र छोरी अनिशा समाजशास्त्र विषयमा स्नातक तेस्रो वर्षमा पढ्दै

गरेका छन् । पिता ठाकुरप्रसाद लुइँटेलको २०५८ साल मंसिरमा मृत्यु भएको छ । आमा मैयाँदेवी लुइँटेल ६९ वर्षको उमेरमा हालसम्म पनि सामान्य सक्रिय जीवन नै यापन गरिरहेकी रहेकी छिन् । आमा अहिले दाजु श्यामकृष्ण लुइँटेलको परिवारसँग रहेकी छन् । दुवै दाजुभाइको घर एउटै कम्पाउण्डमा जोडिएर रहेको छ ।

## २.८ आर्थिक अवस्था र आजीविका

भौतिक जगतमा विभिन्न आवश्यकताको परिपूर्ति गरी बाँच्नका लागि अर्थजगतले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । आधारभूत आवश्यकताको परिपूर्ति गर्दै जीवन जिउने माध्यमको रूपमा अर्थोपार्जन अपरिहार्य भनिन्छ । हरिगोविन्द लुइँटेलको आथिक अवस्था निम्न मध्यम वर्गीय परिवारको रहेको देखिन्छ । निम्न मध्यम वर्गीय परिवारको सङ्घर्षमय जीवन व्यतीत गर्दै हरिगोविन्द लुइटेलको दिनचर्या बित्ने गरेको पाइन्छ । पछिल्लो समयमा आर्थिक हालत सुध्रिएपनि बाल्यकालमा निम्न आयस्रोत भएका कारण आपतहरू आइपर्दा वा विमार हुँदा ऋण लिनु परेको यथार्थ उनले सानै देखि देख्दै आएको बताउँछन् । पिता ठाकुरप्रसाद लुइँटेलले नेपाल आदर्श विद्यालयमा सधैं एस.एल.सी.सम्मकै तहलाई संस्कृत र नेपाली विषय पढाउने गर्नु भएको तर उहाँको पारिश्रमिक भने प्रा.वि. तहको मात्र थियो । आई.ए. र बी.ए. पढ्ने शिक्षार्थीहरू उहाँसँग ट्युसन पढ्न आउँथे, सोही स्कूलका प्रधानाध्यापकसमेत उहाँसँग बी.ए.को नेपाली विषयमा ट्यूसन पढ्थे, एस.एल.सी.को परीक्षाको उत्तरपुस्तिका जाँच्ने काम उहाँले बीसौं वर्षदेखि गर्नु भयो । उहाँले पढ्नु भएको औपचारिक संस्कृत शिक्षाको एउटा संक्रमण कालको तह निर्धारणमा सम्वन्धित निकायले ध्यान नदिंदा त्यस्तो भएको पछि थाहा भयो । यसलाई हरिगोविन्द लुइँटेल आफ्ना पिताजीको सुधोपनामाथि न्याय दिनु पर्नेहरूले नदिएको अर्थमा बुझ्दछन् । आर्थिक रूपमा प्रा.वि. तहको तलब मात्र आउने कमाइ र तीन/चार महिना खान पुग्ने खेतीमा मुस्किलले आजीविका भएको उनी बताउँछन् ।

यसरी हरिगोविन्द लुइँटेलको सुरुको पारिवारिक स्थिति जेनतेन अगाडि बढेको पाइन्छ । सहर छेउको वातावरणमा काठमाडौंलाई बाहिरी संसारसँग जोड्ने त्रिभुवन राजमार्गको छेउमा रहेर पनि आर्थिक स्रोतको सीमितताका कारण २०३७ साल सम्म साधारण कच्ची र साँधुरो घरमा उनको बाल्यकाल बितेको पाइन्छ ।

जेनतेन खान पुग्ने परिवारमा जन्मे हुर्के पनि हरिगोविन्द लुइँटेलले अर्थलाई प्रमुख साधन नमानेको पाइन्छ । प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरिसकेपछि उनी पनि जागिरे भएपछि तथा दाजु पनि जागिरे भएपछि पारिवारिक आर्थिक अवस्थामा सुधार भएको उनी बताउँछन् । तर आफू पैसाका लागि भन्दा साहित्य र समाज सेवामा लागेकाले अर्थोपार्जन उनको मुख्य सरोकार रहेन । सामान्य जीवन यापन गर्न पुग्ने सम्पत्ति भए पुग्ने मान्यता उनले लिएकाले आर्थिक असजिलोपनलाई उनले सहजतापूर्वक स्वीकारेको पाइन्छ । अर्थका कारणले पीडा र पछुतो आफूलाई कहिल्यै नलागेको उनको अनुभूति रहेको उनी बताउँछन् । सादाजीवन उच्च विचार राख्ने लुइँटेल आफूजस्ता सक्रिय व्यक्तिहरूले झैं पैसालाई महत्त्व दिएर काम गर्ने हो भने उनीहरूमा भन्दा बढी नै कमाउन सक्ने क्षमता, आँट र हिम्मत रहेपनि त्यो क्षेत्रलाई आफूले प्रधानता नदिएको मान्छन् । जागिरका क्रममा सरकारी जागिरलाई समेत महत्त्व नदिई सामाजिक, सांस्कृतिक, साहित्यिक र राजनीतिक आन्दोलनमा नै क्रियाशील हुन रुचि गरेका उनले सामाजिक काममै आफूलाई आनन्दको अनुभूति हुने बताउँछन् ।

हरिगोविन्द लुइँटेलको हालको पारिवारिक स्थिति पनि सामान्य नै रहेको पाइन्छ । उनी २०४८ सालदेखि वैचारिक आन्दोलनको रूपमा सञ्चालित “मूल्याङ्कन” मासिकमा सक्रिय छन् । सँगैका साथीहरू राजनीतिक पार्टीमा होलटाइमर भएर लागेझैं आफू पनि यो अभियानमा होलटाइमरको रूपमै रहेको मान्यता उनको रहेको छ । त्यहाँबाट उनी आफ्नो निजी पकेट खर्च मात्र लिन्छन् । परिवारमा श्रीमती उर्मिला लुइँटेल (पोखेल)को मुख्य कमाइ र हालको घरबाट आउने भाडा रकमबाट पारिवारिक जीवन चलेको देखिन्छ । पुरानो साँघुरो कच्ची घरको स्थानमा २०३७मा बनाइएको एकतले घरमा २०५१ मा पैतृक सम्पत्तिको जमिन बेची एकतला थपी उक्त एक तला भाडामा दिएर त्यसबाट हुने आम्दानीबाट पनि आर्थिक रूपमा टेवा पुगेको पाइन्छ । लेखन र पत्रकारिताका क्षेत्रबाट कहिलेकाहीँ प्राप्त हुने लेखकपारिश्रमिक वा बैठकभत्ता आदिको सानातिनो आयबाट किताव, कम्प्युटर र अन्य बौद्धिक सामग्री खरिदको लागि टेवा मिलेको उनी बताउँछन् । यसरी पछिल्लो स्थितिमा औसत नेपालीको आर्थिक स्थितिभन्दा केही माथिको स्थितिमा हरिगोविन्द लुइँटेलको परिवार चलेको पाइन्छ ।

## २.९ पेशागत क्षेत्र/कार्यक्षेत्र

हरिगोविन्द लुइँटेलले जुन पेशालाई वा कार्यलाई अङ्गिकार गरेका छन्, त्यो मूलतः सेवामुखी रहेको देखिन्छ । यहाँसम्म आउन उनले अनेकन खुड्किला पार गरेको देखिन्छ । लुइँटेलले पेशालाई पुँजी जम्मा पार्नेभन्दा नितान्त आजीविका धान्नका लागि मात्र विभिन्न पेशा गर्दै आएको देखिन्छ । प्रविणता प्रमाणपत्र तहको सिभिल इन्जिनियरिङ्गको पढाइपछि वि.सं. २०३५ देखि ०३६ को अन्त सम्म करिब डेढ वर्ष चितवन को.ई.मा उनले काम गरे । २०३७ मा निर्माण तथा यातायात मन्त्रालयमा स्थायी ओभरसियर पदमा विज्ञापन भएकोले आवेदन दिई लोकसेवाका परीक्षाहरू पास गरी उनी सरकारी जागिरमा प्रवेश गरेपछि आठ-नौ महिना सोही मन्त्रालय, ववरमहल, काठमाडौंमा काम गरे । यसपछि उनी सार्वजनिक निर्माण शाखा, काठमाडौंमा सरुवा भए । २०४२ सालसम्म उनी त्यहाँ कार्यरत रहे । यसरी सरकारी जागिरेको रूपमा कार्य गर्दा आफूलाई नेपालको कर्मचारीतन्त्रबारे नजिकैबाट बुझ्ने अवसर मिलेको उनी बताउँछन् । सो पदमा रहँदा प्राविधक क्षेत्रमा कतिपय व्यक्तिहरूले गर्ने गरेको अनियमितता देखेर पनि आफू उक्त पेशामा फिट मान्छे नभएको उनलाई महशूस भएको उनी बताउँछन् । प्राविधिक क्षेत्र र सरकारी जागिर दुवै आफूलाई अनुकूल नहुने आफ्नो ठम्याइ रहेर अन्ततः उनले सो जागिर छोडे तापनि उक्त जागिरले आफूलाई थप औपचारिक अध्ययन गर्न आर्थिक रूपले टेवा दिएको उनी मान्छन् । यसबाहेक विज्ञान, प्रविधिबारे धेरै कुरा बुझ्न र वैज्ञानिक अवधारणा आत्मसात गर्न पनि उक्त प्राविधिक ज्ञानले राम्रै मद्दत गरेको उनको ठम्याइ रहेको छ । साथीहरू र आफन्तहरूलाई कतिपय मामलामा प्राविधिक सल्लाह दिन पनि यो विद्याले उनलाई सघाएको उनको ठम्याइ छ ।

वि.सं. २०४२ देखि काठमाडौंको बालाजुमा रहेको सिद्धार्थ वनस्थली स्कुलमा ऐच्छिक गणित विषय पढाउने भनी उनी स्कुलमा प्रवेश गरे । तर त्यहाँ नेपाली विषय पढाउन स्कूलले खोजेजस्तो थप शिक्षक नपाएकोले नेपाली विषय पढाउन माग गरिएकोले उनी सोही विषयको अध्यापन गर्ने गरी त्यहाँ कार्यरत रहे । २०४७ सालसम्म उनी त्यहाँ रहे । (शोधनायकबाट प्राप्त जानकारी अनुसार)

२०४४ सालमा गठित सांस्कृतिक मोर्चा “इन्द्रेणी सांस्कृतिक समाज” (इसास)को उनी महासचिव थिए । यो सांस्कृतिक समाज तत्कालीन नेकपा चौमको

सांस्कृतिक मोर्चा थियो । यसको सांस्कृतिक एवम् साहित्यिक कामहरूको अगुवाइको काममा पनि उनी सक्रिय थिए । (शोधनायकबाट प्राप्त जानकारी अनुसार)

२०४६ को तत्कालीन एकदलीय निरङ्कुश पञ्चायती व्यवस्थाविरुद्ध शिक्षक मोर्चाबाट संयुक्त वक्तव्य जारी गरी आन्दोलित हुँदा माघ महिनामै तत्कालीन मरिचमान श्रेष्ठ सरकारले उनी लगायत ३ जना शिक्षकहरूलाई गिरफ्तार गर्न खोज्यो । त्यसपछि उनी स्कूल जान छाडेर आन्दोलनमा होलटाइमर हुने निर्णयमा पुगे । आन्दोलनमा शिक्षक मोर्चा, लेखक-कलाकार मोर्चा र राजनीतिक मोर्चामा अर्धभूमिगत भई उनी सक्रिय रहे । उनी सङ्लग्न तत्कालीन नेकपा चौमको उपत्यका आन्दोलन समितिमा बसेर काम गरे । त्यो आन्दोलनको नेतृत्व कृष्णप्रसाद भट्टराईको नेतृत्वमा नेपाली कांग्रेसले र साहना प्रधानको नेतृत्वमा सात वामपन्थी पार्टीहरूको संयुक्त वाममोर्चाले गरेका थिए । डा. बाबुराम भट्टराईको नेतृत्वमा अरु वामपन्थी पार्टीहरूको मोर्चाले पनि आन्दोलनमा छुट्टै संयुक्त राष्ट्रिय जनआन्दोलन नामको मोर्चामा रहेर काम गरेका थिए । ती मध्ये हरिगोविन्द लुइँटेल उनको पार्टी तत्कालीन नेकपा चौम पनि सङ्लग्न रहेको संयुक्त वाममोर्चामा रहेर सक्रिय रहे । आन्दोलन सञ्चालन गर्न काठमाडौं उपत्यकाको लागि कार्यक्रम संयोजन गर्न केन्द्रीय वाममोर्चाले बनाएको उपत्यका एक्सन कमिटीमा रहेर उनले काम गरे । शरणविक्रम मल्लको संयोजकत्वमा गठित उक्त कमिटीलाई पछि “उपत्यका वाममोर्चा” नामाकरण गरिएको थियो । (शोधनायकबाट प्राप्त जानकारी अनुसार) ।

२०४६ चैत्रको अन्तमा उक्त आन्दोलन चरम उत्कर्षमा पुगेपछि वहुदलीय व्यवस्था स्थापित भयो । यसरी आन्दोलन सफल भएपछि उनी २०४७ सालको वैशाख महिनामा पुनः सिद्धार्थ वनस्थली स्कुल प्रवेश गरी, हाजिर भई केही दिन काम गरे र सोही महिनाको अन्तमा सो स्कुलबाट राजिनामा गरी शिक्षण पेशाको अन्त्य गरे । ( शोधनायकबाट प्राप्त जानकारी अनुसार)

उनको यसपछिको कार्यक्षेत्र भने उनले सानै उमेरदेखि चासो राखेको क्षेत्र सामाजिक सेवा, राजनीति तथा लेखन र पत्रकारिता हुन पुगेको छ । नयाँ संविधान निर्माण गर्नका लागि र त्यसविरुद्ध हुन थालेको षडयन्त्र चिर्ने आन्दोलनमा उनी साङ्गठनिक रूपले, लेखन र सांस्कृतिक रूपले सङ्लग्न रहे । (शोधनायकबाट प्राप्त जानकारी अनुसार)

वि.सं. २०४८ को सुरुदेखि नै "मूल्याङ्कन" साप्ताहिकलाई खोज र अन्तर्क्रियामुखी मासिक पत्रिका बनाई वैचारिक प्रष्टता हासिल गर्न नेपाली समाजलाई सघाउने उद्देश्यले उक्त मासिकको तयारी गर्ने बौद्धिक समूहमा उनी सक्रिय रहे । २०४८ कार्तिकदेखि सो पत्रिकाको कार्यकारी सम्पादक भई लगातार काम गरेपछि २०६३मा सम्पादक, प्रधानसम्पादक हुँदै २०६४मा आएर उनले मूल्याङ्कन प्रकाशन गृहको कार्यकारी अध्यक्षसहित "मूल्याङ्कन" मासिकको सम्पादक भएर कार्य गर्नुका साथै "नवयुवा" मासिक पत्रिकामा २०५२ देखि सम्पादक रहँदै पत्रकारिता पेशालाई अङ्गिकार गर्दै आएको बुझिन्छ । (शोधनायकबाट प्राप्त जानकारी अनुसार)

## २.१० वैचारिक निष्ठा र प्रतिबद्धता

कुनै पनि व्यक्तिमा जीवनलाई सही ढङ्गले बुझ्न सक्ने अवस्थाको जन्म त्यसबेला हुन्छ, जुनबेला सही विचारलाई आत्मसात गर्न सकिन्छ । त्यस्तै विचारले नै मान्छेको सामाजिक, नैतिक अस्तित्व जोगाउने र उच्च स्थानमा राख्ने मुख्य कारकको भूमिका खेल्छ भन्ने कुराको ज्वलन्त उदाहरण हरिगोविन्द लुइँटेलले आत्मसात गरेको वैचारिक राजनीतिक आस्था, निष्ठा र प्रतिबद्धताबाट थाहा पाउन सकिन्छ । लुइँटेलको वैचारिक आस्थाको स्रोत जीवन-जगत् र त्यसप्रतिको निष्ठा नै रहेको बुझिन्छ । घरको बौद्धिक तथा आध्यात्मिक वातावरणले लुइँटेलमा बाल्यकालतिर स्थापित परम्परागत विचारबाट क्रमशः विद्रोही र उन्नत प्रगतिशील विचार पलाउन थालेको देखिन्छ । क्रमशः उनले आफूमा पुस्तकप्रतिको आकर्षण र गान्धीवादी जीवन दर्शनको अध्ययनपछि लेखन र सामाजिक सेवामा सक्रियता बढाएको पाइन्छ । २०३७ पछि क्रमशः उनले मार्क्सवादी वर्गीय दृष्टिकोण अपनाउन थालेपछि उनी साहित्यिक र सामाजिक, राजनीतिक क्षेत्रमा थप सक्रिय रहे । (शोधनायकबाट प्राप्त जानकारी अनुसार)

खासगरी स्कुले विद्यार्थी जीवनमा उनको कुनै राजनीतिक वैचारिक आस्था प्रकट नभए तापनि सानैदेखि उत्पीडित वर्गप्रति उनमा विशेषखाले आस्था देखापर्छ भने स्कुल जीवनका पछिल्ला वर्षहरूमा गान्धीवादको प्रभाव परेको देखिन्छ । कक्षा नौ पढ्दाताका नै उनले महात्मा गान्धीको जीवनी र विचारहरू पढेर प्रभावित भएका थिए । २०३६ सालको ऐतिहासिक विद्यार्थी आन्दोलनपछि २०३७ को जनमतसङ्ग्रह र त्यसपछि वहुदलीय व्यवस्थाको हार भई पञ्चायती व्यवस्थाकै जित भएपछिबाट भने

उनमा मार्क्सवादी राजनीतिक आस्था बढ्न गयो । (शोधनायकबाट प्राप्त जानकारी अनुसार)

लुइँटेलमा तेह्र/चौध वर्षको उमेर देखि नै आध्यात्मिक, धार्मिक वैचारिक आस्थामा परिवर्तन देखा परेको देखिन्छ । २०२८ सालमा आफ्नी आमा र बहिनी ईश्वरीसमेत पनौतीको बाह्रवर्षे मेला भर्न जाने क्रममा आफू चढेको ट्रक बाटा मुनि पल्टिँदा अरूहरूले भनेको “धन्न ईश्वरले बचाए !” भन्ने भनाइलाई उनले “बचाउने ईश्वर भए पल्टाउने पनि ईश्वर नै हुन् त्यसैले ईश्वरले नपल्टाइदिएको भए हुदैन्थ्यो ?” भन्ने प्रश्न समाजलाई गरेको उनको सम्झना ताजै रहेको छ । (शोधनायकबाट प्राप्त जानकारी अनुसार)

यस घटनापछि उनमा ईश्वर वा अलौकिक कुनै पनि शक्तिप्रति विश्वास घटेर गएको देखिन्छ । त्यसपछि भगवानबारे थप अध्ययन गर्दा भगवानप्रतिको आस्था विश्वास उनमा घट्न थाल्यो । (शोधनायकबाट प्राप्त जानकारी अनुसार) किशोरावस्थादेखि नै आस्तिकता र नास्तिकता वा भौतिक र आध्यात्मिक चिन्तनका बीचमा उनमा चरम द्वन्द्व रहेको देखिन्छ । यसरी जीवनजगतबारे बुझ्दै जाँदा उनमा भौतिकवादी, लौकिक जगतप्रति भरोसा बढी हुँदै गएको र समाजवादतिर आकर्षण बढ्दै गएको देखिन्छ ।

हरिगोविन्द लुइँटेल गान्धीवादी जीवन दर्शनबाट निकै प्रभावित भई उनमा मानवतावादी उदारवादी कोण विकास हुँदै गएपछि विस्तारै मार्क्सवादी दर्शनबाट प्रभावित भई उनमा सामाजवादी मानवतावादी धारणाको विकास हुँदै गएको पाइन्छ । उनले पढेका र आफूले लेखेका पनि अधिकांश साहित्यिक रचनाहरूमा समाजका समस्याहरूको चित्रण मात्र रहेको पाएर उनलाई विस्तारै लाग्न थाल्यो- चित्रण मात्र हैन, समस्याको समाधानतिर मान्छेलाई जागरुक गर्ने साहित्यको खोजी हुनुपर्छ । ( शोधनायकबाट प्राप्त जानकारी अनुसार)

उनले शुरुमा यथार्थवादी नेपाली र हिन्दी समालोचनाको अध्ययनपछि प्रगतिशील विचारका समालोचनाहरू पढ्न थाले । यसबाट उनी मार्क्सवादतिर थप आकर्षित हुँदै गए । उत्पीडनविरुद्ध जुध्नुपर्छ भन्ने विचार र विपन्न वर्गका मानिसका लागि केही गर्नुपर्छ भन्ने विचार सानै उमेरदेखि बोकेका उनमा वैचारिक परिवर्तन

क्रमशः भएको देखिन्छ । बहुसङ्ख्यक जनतालाई विपन्न हुनबाट नजोगाउने ईश्वरको विषयमा पनि प्रश्नचिन्ह उठाउन थालेका उनी २०३६ सालतिर उदारतावादी मानवतावादी दृष्टिकोणसाथ सामान्य बहुदलीय प्रजातन्त्रवादी रहे । यसमा पुस्तक र सामाजिक, राजनीतिक सङ्घर्षहरूको अनुभवले आफू मार्क्सवादी हुन थालेको उनी बताउँछन् । इनीजिनयरिङ्ग विषयको पढाइले पनि उनलाई वैज्ञानिक रूपमा समाजलाई बुझ्न थप सहयोग गरेको उनी ठान्छन् । मूलतः प्रगतिवादी समालोचनाले नै उनको साहित्ययात्रालाई मार्क्सवादतर्फ आकर्षण गरेको उनी मान्छन् । काङ्ग्रेस, माले र निर्मल लामाको नेतृत्वको नेकपा चौमसँग निकटता रहे तापनि सबै पार्टीका पत्रिका र दस्तावेज पढ्ने गर्दा मार्क्सवादतर्फ आकर्षण बढेको र निकै अध्ययनपछि निर्मला लामा नेतृत्वको पार्टीमा आफू सङ्लग्न बनेको उनी बताउँछन् । २०३६ देखि २०४० सम्मको समालोचना अध्ययनलाई आफ्नो निर्णायक मोडका रूपमा उनी लिन्छन् । यो अवधिको अध्ययन कार्यले गर्दा आफ्नो वैचारिक निष्ठा बलियो भएको उनी मान्छन् ।

## २.११ सामाजिक राजनीतिक सङ्घसंस्थामा सङ्लग्नता

हरिगोविन्द लुइँटेल साहित्यिक गतिविधिका साथै पत्रकारिता एवम् सामाजिक सांस्कृतिक तथा राजनीतिक दुवै क्षेत्रमा क्रियाशील व्यक्तित्व हुन् । उनी विभिन्न कालखण्डमा विभिन्न सङ्घसंस्थाहरूमा सङ्लग्न रहेका पाइन्छन् । ती सङ्घसंस्थाहरू सामाजिक, सांस्कृतिक, राजनीतिक र सञ्चार क्षेत्रसँग सम्वन्धित छन् । त्यसको सङ्क्षिप्त चर्चा तलका उपशीर्षकमा गरिन्छ ।

### २.११.१ राजनीतिक प्रभाव, प्रेरणा र प्रतिबद्धता

हरिगोविन्द लुइँटेलको सम्पूर्ण जीवन काठमाडौंको ग्रामीण परिवेशमा बित्यो । सानै देखिको अध्ययनशील स्वभाव र विपन्न उत्पीडन, शोषण र निरङ्कुशता विरुद्धको आन्दोलनप्रतिको आकर्षणका कारण उनलाई अन्ततोगत्वा मार्क्सवादी राजनीतिमा लगाव बढ्यो । साहित्यप्रतिको अनुरागमा प्रकृति चित्रणका साथै गरिब तथा विपन्न वर्गको चित्रण अनजानमै आउने गर्दा र साहित्य समालोचनाको अध्ययनमार्फत् समाजको अध्ययन गर्दा र विभिन्न आन्दोलनहरूमा सङ्लग्नताले गर्दा उनमा क्रमशः गान्धीवाद हुँदै मार्क्सवादी दृष्टिकोण र प्रगतिवादी समालोचनाको अध्ययन बढ्न

थाल्यो । गान्धीको दर्शनबाट उदारवादी मानवतावादी भएका उनी पछि गएर मार्क्सवादी दर्शनको प्रभावले समाजवादी मानवतावादी बन्न पुगेका देखिन्छन् । साहित्य रचनाका सन्दर्भमा समाज चित्रणले “समस्या साहित्य” मात्र जन्मेको तर “समाधान साहित्य” नलेखिएको उनको ठम्याइ अनुसार उनी समाधान खोज्ने क्रममा मार्क्सवादसम्म आफू पुगेको स्वीकार्छन् । यसबीच उनी परिवर्तनकारी विचार भएका व्यक्ति भएकोले राजनीतिक रूपमा कुनै पार्टी विशेषमा नरहे पनि आन्तरिक प्रेरणाले जहिले पनि शोषण, अन्याय, अत्याचारको विरुद्धको आन्दोलनको पक्षमा लागिरहे । वि.सं. २०३६ को जनमत सङ्ग्रहमा बहुदलवादीको पक्षमा लागे भने तत्कालीन अवस्थामा क्रियाशील काङ्ग्रेस, माले र निर्मल लामाको पार्टी आदि सबैसँग नजिक रहेर मार्क्सवादी दर्शनको अध्ययनबाट उनी वामपन्थी पार्टीको नजिक आए ।

स्मरणीय कुरा यो छ कि धेरै व्यक्ति कसैको निकटताले पार्टीमा लाग्ने गरेको भए पनि लुइँटेलमा यस कुराको विपरित विभिन्न पत्रपत्रिकाको अध्ययन, व्यवहार, सिद्धान्त र पार्टी दस्तावेजहरू खोजीखोजी पढेर प्रभावित भएर पार्टीमा आवद्ध भए । (शोधनायकबाट प्राप्त जानकारी अनुसार)

निर्मल लामा र मोहनविक्रम सिंहबीचको फुट भएको २०३९-०४० को घटनामा निर्मल लामाको विचार उनलाई उत्तम लाग्यो । पञ्चायती चुनावको क्रान्तिकारी उपयोगका साथै भावी क्रान्तिको बाटो पनि नत्यागेकाले उनलाई सोही पार्टीको विचार उत्तम लागी ने.क.पा.चौ.म.मा आवद्ध भए । वि.सं. २०४२ सालको राष्ट्रिय पञ्चायत सदस्यको निर्वाचनमा पार्टीको निर्देशनबमोजिम पद्मरत्न तुलाधरको पक्षमा उनी प्रचारप्रसारमा लागे र खुलेरै वामपन्थी राजनीतिमा देखापरे । २०४२ मा समाज परिवर्तनका लागि सांस्कृतिक रूपमा पनि सक्षम हुनुपर्छ भन्ने मान्यताले गर्दा सांस्कृतिक विभागमा “वेदना सांस्कृतिक परिवार”मा कलाकार रायन र लेखिका पारिजातसँग रहेर काम गरे । पार्टीको सांस्कृतिक मोर्चामा बस्ने पार्टीको आग्रहअनुसार २०४४ मा पार्टीको वैधानिक सांस्कृतिक मोर्चा इसास (इन्द्रेनी सांस्कृतिक समाज) गठन गरी त्यसको संस्थापक महासचिव भए भने त्यसको मानार्थ अध्यक्ष पारिजात र अध्यक्ष रायन थिए । २०४६ सालमा पार्टीको जिल्ला कमिटी सदस्य, २०४६ सालको जनआन्दोलनमा नेपाली कांग्रेस र वाममोर्चाको संयुक्त मोर्चामा उपत्यका वाममोर्चाको सदस्य रहेर काम गरे । आन्दोलनमा कांग्रेस र संयुक्त वाममोर्चाको बीच भएको

केन्द्रको निर्णयलाई लागू गर्ने, आन्दोलनको डिजाइन गर्ने जस्ता कार्यमा संयुक्त वाममोर्चाको उपत्यका एक्सन कमिटीमा नेकपा चौ.म. को तर्फबाट उनी सदस्य रहे । शिक्षक रहँदा शिक्षकका तर्फबाट र सांस्कृतिक रूपमा पनि आन्दोलनमा क्रियाशील उनले २०४६ चैत्र ३ गतेको स्रष्टाहरूको कालोपट्टी सडक-आन्दोलनमा एकजना सक्रिय सङ्गठकको भूमिका खेलेका थिए । यसमा खगेन्द्र सँग्रौला, मदनकृष्ण श्रेष्ठ, हरिवंश आचार्य, निनु चापागाइँ, सुनिल पोखरेल आदि थिए । २०४६ को आन्दोलन पश्चात उनी पार्टीमा जिल्ला तहबाट केन्द्रीय वैकल्पिक सदस्य भएर काम गरे भने नेकपा मशाल र सर्वहारा श्रमिक सङ्गठनसँगको एकतापछि नेकपा एकता केन्द्रको निर्माणपछि क्षेत्रीय समितिमा रहेर काम गरे । २०४८ मा त्यसको चितवनमा सम्पन्न महाधिवेशनमा बहुमत केन्द्रीय सदस्यबाट तत्काल सशस्त्र आन्दोलन गर्ने प्रस्ताव पारित भएकोले त्यो विचारसँग असहमति राख्दै पार्टीबाट राजिनामा दिए । कम्युनिष्ट पार्टीमा वैचारिक काम कम भएको अवस्थामा राज्यसत्ता सुम्पे पनि “नेतृत्व पङ्क्तिमा कुनै भिजन नभएकोले गर्दा भिजन बनाउन वैचारिक काम अगाडि बढाउनु पर्छ” भन्दा पार्टीबाट उल्टो आलोचना खप्नु परेको, “कोठे बुद्धिजीवी”को आरोप सहनु परेको अवस्थामा वैचारिक र बौद्धिक काम हुने गरी पार्टीबाट राजिनामा गरी “मूल्याङ्कन” विचारअन्तर्क्रियामुखी मासिकमा उनी लागे । अझै उनी त्यसैमा सक्रिय रहेका छन् ।

यसैवीच २०५४ मा उनी र उनका पूर्वपार्टी मित्र समूह मिलेर श्याम श्रेष्ठको नेतृत्वमा “समाजवादी आन्दोलन, नेपाल” नामको एक संयुक्त मञ्च बनाएर काम थालेकोमा उनी त्यसको ४ सदस्यीय कन्द्रीय संयोजन समिति सदस्यहरूमध्ये एक थिए । २०६२-०६३ को आन्दोलनपछि उक्त मञ्चका अधिकांश सदस्यहरू एनेकपा माओवादीमा प्रवेश गरी सक्रिय रहेका छन् । (शोधनायकबाट प्राप्त जानकारी अनुसार)

२०६२-०६३ को ऐतिहासिक आन्दोलनमा पनि उत्तिकै सिक्रय रहेका लुइँटेलले सो आन्दोलनमा कलङ्कीको मोर्चामा, “लोकतन्त्र र शान्तिको लागि नागरिक आन्दोलन”नामको नागरिक समाजमा र लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्चमा रहेर काम गरेका थिए । आन्दोलनमा स्रष्टाहरूको कामको संयोजन गर्ने भूमिकामै उनी लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्चका केन्द्रीय सचिवालय सदस्यको रूपमा काम गरेका थिए । गणतन्त्र कविता आन्दोलन, प्लेकार्डमा कविता आन्दोलन, सडकमा स्रष्टाहरूको धर्ना र जुलुशको नेतृत्व पङ्क्तिमै रहेर उनले काम गरेका थिए ।

भूमिगत रूपमा जनयुद्धरत नेकपा माओवादीले जनताविहीन युद्ध गर्ने हो कि भनी शुरुमा उसको लाइनसँग असहमत रहेका उनी उक्त पार्टीको पछिल्लो जनसङ्लग्नता र जनसहभातिगता मूलक कार्यशैली देखेर जनयुद्ध शुरु भएको चारपाँच वर्षपछि नै उक्त पार्टीलाई आलोचनात्मक समर्थन गर्ने विचार बोक्न थालिसकेका थिए । पछि आन्दोलनरत सात राजनीतिक दलहरूसँग ऐतिहासिक बाऱ्ह बुँदे सहमतिमा हस्ताक्षर गरी नेकपा माओवादी दश वर्षे जनयुद्धपछि खुला राजनीतिमा आएपछि उक्त पार्टीको लडाकुपन र राजनीतिक आँट एवम् भिजनलाई साथ दिएमा मात्र नेपालमा उल्लेखनीय जनपक्षीय परिवर्तन सम्भव छ भन्ने ठहरसहित उनले २०६३ देखि नै उक्त पार्टीलाई खुलेरै सहयोग गर्न थालेका थिए । २०६४को संविधानसभा चुनावमा उनले नेकपा माओवादीलाई नै सक्रिय सहयोग गरेका थिए । २०६५ मा उनले पुनः पार्टी प्रवेश गरे । उनी एनेकपा माओवादीको केन्द्रीय प्रचार ब्यूरो सदस्य, प्रचार राज्यसमिति सदस्य र केन्द्रीय सल्लाहाकारको रूपमा हाल सक्रिय छन् । रूपान्तरणकारी अरु जुनसुकै राजनीतिक पार्टीहरूसँग पनि उनको सम्वन्ध राम्रो रहेको छ । (शोधनायकबाट प्राप्त जानकारी अनुसार)

### २.११.२ सामाजिक सङ्लग्नता

मूलतः आफू बसेको टोल छिमेकको विकासमा स्थानीय व्यक्तिको महत्त्वपूर्ण भूमिका हुनुपर्छ भन्ने हरिगोविन्द लुइँटेल व्यक्तिले सोच्न भने विश्वस्तरमा सोच्नुपर्छ भन्ने मान्दछन् । आफू बसेको ठाउँमा कुरामा भन्दा काममा केही गर्नुपर्छ भन्दै उनी सामाजिक विकास निर्माणका कार्यमा साथीभाइहरूसँग सहभागी भइ अगाडि बढेका घटना पाइन्छन् । उनले टोल छिमेकमा खानेपानीको सुधारमा अगुवा भइ कार्य गरेको पाइन्छ । खानेपानी योजना जनस्तरमा सम्पन्न गर्न ठूलो जनपरिचालन गरी व्यवस्थापनको समन्वयनको काम गरेको हुनाले अहिले पनि केही जटिलता आएमा टोल समाजले उनलाई नै सम्झने गर्छ । अग्रगामी चेतना र परिवर्तनकारी विचार भएका लुइँटेलले स्थानीय रूपमा पनि सामाजिक राजनीतिक चेतना जगाउने महत्त्वपूर्ण काम गरेको पाइन्छ । पञ्चायती कालका स्थानीय चुनावहरूमा पनि पञ्चायत व्यवस्थाको विरोधमा अग्रगामी चेतना भएको व्यक्तिलाई सघाउने र विजयी बनाउने कार्यमा उनले महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ ।

उनले सामाजिक चेतना जागृत गर्ने पुस्तकालयको विकासमा महत्त्वपूर्ण भूमिका निभाएको पाइन्छ । उनले आफ्नै टोलमा २०१९ मा स्थापित तर पछि गएर स्थगित रहेको "जनप्रगति पुस्तकालय"को सुधार कार्यको अगुवाइ गरेको देखिन्छ । २०३७/०३८ पछि त्यसको संचालक समितिमै रही पछि अध्यक्ष समेत भई देउसी, भैलो खेलेर भवन निर्माण कार्य गर्नुका साथै **लोकतान्त्रिक मञ्च** तीनथाना, नामक स्थानीय राजनीतिक मञ्चको संयोजनमा वामपन्थी र लोकतन्त्रमा विश्वास राख्ने मानिसहरूलाई एकै ठाउँमा लैजाने वा राख्ने, अन्तर्क्रिया, छलफल गर्ने काम गरेको पाइन्छ । टोलकै दश-एघार जना साथीको संयुक्त सहयोगमा टोलमा एक "राहत कोष"को स्थापना गरी एक दलित विद्यार्थीलाई शैक्षिक वृत्ति दिई बोर्डिङ् स्कुलमा पठनपाठनका लागि सहयोग गर्ने उद्देश्यले उनले महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । घरछिमेक टोलमा पुरातन परम्परामा परिवर्तन गराउने कार्यमा महत्त्वपूर्ण भूमिका खेलेको पनि पाइन्छ । चाडपर्वमा फजुल खर्च गर्ने प्रवृत्तिको विरोध गरी सामूहिक विवाह, वर्तबन्ध गरी किफायती संस्कृतिलाई प्रोत्साहन गर्ने काम गरी सांस्कृतिक रूपान्तरण गर्ने जस्ता कार्यमा पनि उनको सक्रियता पाइन्छ ।

### २.११.३ साहित्यिक, सांस्कृतिक सङ्लग्नता

हरिगोविन्द लुइँटेल साहित्य प्रतिको अनुराग भएका कारण सानै देखि साहित्य लेखनमा क्रियाशील रहँदै विभिन्न साहित्यिक सांस्कृतिक फाँटमा उनी सक्रियकर्मीको रूपमा देखापरेका पाइन्छन् । उनले स्वतन्त्रराज शर्मा, चन्द्रदेव नेपाली, लुईटेल जीवन जीवन्त आदि छद्म नामबाट पनि विभिन्न पत्रपत्रिकामा नीति-संस्कृति, साहित्य र समसामयिक लेख-रचनामा कलम चलाएको देखिन्छ । चलचित्रलाई सस्तो नाम कमाउने र नाफा खाने माध्यम मात्र हुनबाट जोगाउन पर्दा रङ्गमञ्च विषयमा पनि उनले उत्तिकै सशक्त रूपमा कलम चलाएको पाइन्छ । पुराना संस्कृति र नयाँ संस्कृतिका सकारात्मक र नकारात्मक संस्कारको विश्लेषण पछि सकारात्मक प्रगतिशील विचारधारालाई अगाडि ल्याउने कार्यमा उनी सक्रिय देखिन्छन् । संस्कृतिमा सुधारको अभियानको थालनी स्वरूप "समाजवादी आन्दोलन नेपाल" मञ्चमा सङ्लग्न हुँदै उनले आफ्ना पिताजीको स्मृतिमा छात्रछात्रालाई छात्रवृत्ति कोषको अभियानको अगुवाइ गरेको पाइन्छ । स्थानीय विष्णुदेवी मा.वि.मा उनको र उनका दाजु, बहिनीको परिवारले उक्त कोषको स्थापना गरेका छन् । उनी सतही, रुढीवादी कर्मकाण्ड र

दानदक्षिणा प्रवृत्तिको विरोधी भई अगाडि बढेका पनि देखिन्छन् । उनले राजनीतिक रूपमा रहँदा पनि सांस्कृतिक फाँटमा रहेर काम गरे, जसमा लेखिका पारिजातसँग "वेदना" सांस्कृतिक परिवारमा रहेर जनचेतना जगाउने कार्यमा सरिक भए भने उनले २०४४ पछि आठ वर्ष इन्द्रेणी सांस्कृतिक समाज (इसास)को महासचिवको रूपमा काम गरेको देखिन्छ । "समाजवादी आन्दोलन नेपाल" को स्थापना गरी त्यसको केन्द्रीय संयोजन समिति सदस्य रहेर पनि काम गरेको पाइन्छ । वैचारिक र बौद्धिक काममा सहयोग पुऱ्याउने उद्देश्यले साझा पत्रिकाको रूपमा सांस्कृतिक रूपान्तरण गर्न मूल्याङ्कन प्रकाशन गृहमा हाल कार्यकारी अध्यक्ष भई काम गरेको पाइन्छ भने पत्रकारहरूको हकहितका खातिर स्थापित पत्रकार महासंघको केन्द्रीय पार्षद र परामर्शदाताको रूपमा पनि उनी मनोनित रहेको बुझिन्छ । (शोधनायकबाट प्राप्त जानकारी अनुसार)

लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्चको केन्द्रीय सचिवालय सदस्य, प्रगतिशील लेखक संघ नेपालको केन्द्रीय कोषाध्यक्ष (२०५२-०५६), केन्द्रीय उपाध्यक्ष, प्रतिभा प्रवाह मासिक साहित्यिक गोष्ठीको संयोजक, नागार्जुन साहित्यिक प्रतिष्ठानको सल्लाहाकार, साझा प्रकाशनको सञ्चालक समितिको निर्वाचित सदस्य (वि.सं. २०५६ कार्तिक १० देखि) र प्रेस काउन्सिल नेपालको सदस्य (वि.सं. २०६६ पुसदेखि) रहेको पाइन्छ । २०६७ चैत्र महिनाको अन्तिम साता नेपाल सरकारले उनलाई गोरखापत्र संस्थानको कार्यकारी अध्यक्ष पदमा नियुक्त गरेको छ ।

## २.१२ रुचि र स्वभाव

हरिगोविन्द लुइँटेल वाल्यावस्थादेखि नै गम्भीर, अर्न्तमुखी एवम् जिज्ञासु स्वभावका देखिन्छन् । उनी समाजमा हुने अन्याय, अत्याचार, थिचोमिचोजस्ता प्रवृत्तिप्रति आक्रामक हुने गरेका पाइन्छ । तर उनी व्यक्तिगत स्वार्थका लागि कहीँकसैसँग रिसाइहाल्ने स्वभाव देखिन्न । रिसको कोणबाट असाध्यै कम रिसाउने र रिस उठ्न खोज्दा विवेकले दबाएर रिसाउनु हुँदैन भन्ने धारणालाई बौद्धिक मान्यताका रूपमा उनी लिन्छन् । तर जानीजानी आफ्नो कर्तुत लुकाउने, अर्कालाई दोष लगाउने र गल्ती स्वीकार नगर्ने व्यक्तिप्रति भने बढी आक्रामक हुने, सम्झौता नगर्ने स्वभाव उनमा देखिन्छ ।

हरिगोविन्द लुइँटेल एक अन्वेषक व्यक्तित्वका रूपमा पनि सानैदेखि परिचित देखिन्छन् । सामान्यतया खेलकुद खेल्नुभन्दा पनि साथीभाइलाई एकैठाउँ भेला पारी विभिन्न विषयमा वहस र छलफल गर्ने स्वभाव उनमा सानैदेखि नै विकास भएको बुझिन्छ । नयाँ कुराको खोजी गर्ने र नयाँ नयाँ ठाउँमा घुमी विभिन्न अनुभव र अनुभूतिको सङ्ग्रह गर्ने स्वभावले गर्दा उनलाई अहिलेको अवस्थासम्म पुग्न सहयोग भएको छ । आर्थिक रूपबाट कमजोर भए पनि त्यसलाई नै केन्द्रीय महत्त्व दिँदै अभाव र गरिबीबाट आत्मग्लानि नलिने स्वभाव उनमा सानै उमेरदेखि देखापरेको स्वभाव हो । सानैदेखि समाज, ईश्वर, भूत-प्रेत जस्ता विषयमा कुरा गर्ने लुइँटेलको स्वभावले गर्दा उनको जीवन सानैदेखि समाज सेवाका साथै भूत-प्रेत जस्ता अन्धविश्वासका विषयमा गलत चिन्तनको चिरफार गर्ने व्यक्तित्वको रूपमा विकास भएको पाइन्छ । अर्थोपार्जनको विषयलाई महत्त्व नदिई समाजसेवा नै प्रमुख साधन मान्ने लुइँटेलको प्रवृत्ति सरकारी जागिर छाडी राजनीति र समाजसेवातर्फ लाग्ने कामबाट स्पष्ट हुन्छ । साधारण लुगा लगाउने र पहिरनको कारण मानिस उल्लेखनीय बन्न हुँदैन भन्ने धारणा राख्ने लुइँटेलले मानिसले आफ्नो पहिरनलाई औसत व्यक्तिको पहिरन अर्थात् सामान्य पहिरनमा सीमित गर्नुपर्छ भन्ने मान्यता राख्दछन् । आवरणको आधारमा मान्छे भीडमा हराउनु पर्छ भन्ने ठान्दछन् । पूर्ण शाकाहारी र मादकपदार्थरहित खाना लुइँटेलको मुख्य खानपिनको पाटो हो ।

उदाउँदो सूर्यले दिनको संकेत गर्छ भने झैं लुइँटलेको भावी जीवनको लक्षण सानैदेखि नै देखा परेको पाइन्छ । त्यसै लक्षणको परिणाम उनको अहिलेको रुचि तथा स्वभावले प्रष्ट पार्दछ । बौद्धिक काममा लागिरहने लुइँटेलले समाज सेवावापत आफू पूर्ण सन्तुष्ट रहेको र समयको प्रवाहलाई सजिलै घचेट्न सकिने बताउँछन् । अरूको चित्त दुखाउन नचाहने र कसैलाई पनि सम्झाईबुझाई गरेर बदल्न सकिन्छ भन्ने गान्धीवादी शिक्षाको प्रभाव उनमा अझै छँदैछ । शोषित पीडित र उत्पीडनमा रहेका मानिसप्रति हार्दिक सहानुभूति र उनीहरूलाई सहयोग गर्न पाउँदा आत्मसन्तुष्टि अनुभव हुने उनको स्वभाव रहेको छ । कसैलाई पनि माथिबाट लाद्ने हैन, मान्छेलाई तलैबाट महसुस गर्ने वातावरण दिनुपर्छ भन्ने मान्यता बोकेका छन् उनले । दुष्ट र परपीडकहरूको व्यवहार र प्रवृत्तिको प्रतिकारमा एकोहोरिएर लागिरहने दृढता रहेका

लुइँटेल सामाजिक, राजनीतिक, सांस्कृतिक विकृतिप्रति व्यङ्ग्य लेखनबाट पनि प्रहार गर्न खप्पिस देखिन्छन् ।

## २.१३ साहित्य सिर्जना

### २.१३.१ सिर्जना अभ्यास र आरम्भ

हरिगोविन्द लुइँटेलले विद्यार्थीकालदेखि नै साहित्यमा रुचि राखेको देखिन्छ । वि.सं. २०२६ देखि एघार वर्षको उमेरमा उनको कविता लेखनको अभ्यास भएको बुझिन्छ । वि.सं. २०३१ बाट निबन्ध लेखनको आरम्भ भएको कुरा लुइँटेलबाट थाहा हुन आएको छ । लुइँटेललाई सीताराम हाइस्कुल, कलङ्कीमा वि.सं. २०२६ सालमा कक्षा छ-सातमा पढ्दादेखि नै कविता लेखनले तानेको पाइन्छ । अगाडि शिक्षकले पढाउँदै गर्दा उनले कविता लेखिरहेको बताउँछन् भने यहाँबाट नौ-दशको पढाइका क्रममा परोपकार आदर्श विद्यालय भीमसेनस्थानमा २०३१ मा “मान्छेको म” निबन्ध लेखी निबन्धकारिताले ठाउँ लिएको देखिन्छ । (शोधनायकबाट प्राप्त जानकारी अनुसार)

वि.सं. २०३७ मा कविता र निबन्ध बाहेक कथा लेखनमा पनि लकम चलेको पाइन्छ । २०३७ सालमा **स्रोतश्वनी** मासिक साहित्यिक पत्रिकामा **ममता** नामको कथा रचना प्रकाशन गर्ने कार्य गरेका थिए । त्यस्तै हास्यव्यङ्ग्यात्मक निबन्धमा तत्कालीन “मूल्याङ्कन” साप्ताहिकमा “कवि कालिदासको कलम” स्तम्भबाट उनको सक्रियता बढेको पाइन्छ । **मूल्याङ्कन** मासिकमा नीति-संस्कृति स्तम्भ र **राजधानी** दैनिकमा **चिन्तना** स्तम्भमार्फत् नीति संस्कृतिबारे उनले लेख्ने गरेका थिए । २०४० सालमा नाटक क्षेत्रमा “उपचार” हास्यनाटक लेखेर स्थानीय ढुङ्गाअड्डा सांस्कृतिक परिवारले मञ्चन गरेको उनी बताउँछन् । २०५६ मा उनको नाटक “शंका लागेमा” काठमाडौं वसन्तपुर डबलीमा “आरोहण” र “सर्वनाम” नाट्य समूहले खुला डबलीमा प्रदर्शन गरेका थिए । यसरी कविता लेखनको आभ्यासिक लेखनबाट सुरु भएको लुइँटेलको लेखनी कविता, कथा, निबन्ध (संस्मरणात्मक, बैचारिक, सांस्कृतिक) हास्यव्यङ्ग्य, नाटकसम्म फैलिएको पाइन्छ । २०६४ मा उनले टेलिचलचित्र “जीवनचक्र”को कथा लेखन गरेका थिए, जसको अठ्चालीस संृखला नेपाल टेलिभिजनबाट अठ्चालीस हप्ता लगाएर प्रसारित भएको थियो ।

### २.१३.२ सिर्जन क्रियाशीलता

सानैदेखि आध्यात्मिक प्रवृत्तिको घरायसी वातावरणमा हरिगोविन्द लुइँटेलको जीवन व्यतित भएको पाइन्छ । हरिगोविन्द लुइँटेललाई घरायसी वातावरणले नै साहित्यप्रति अनुरागी बनाएको बुझिन्छ । सानैबाट कविता लेखन कार्यमा उनको कलम अगाडि बढेको देखिन्छ । दश-एघार वर्षको स्कुले जीवन देखिनै साहित्य सिर्जनामा उनी क्रियाशील देखिन्छन् । सानैबाट कविता लेख्ने कार्यमा उनले बत्तिस पाने कापीमा एक डेढ पेज लामा कविता लेखेर कापी भरेको स्मरण गर्छन् । त्यतिखेर बसन्त, देश, हाम्रो कर्तव्य जस्ता बालसुलभ कविता सिर्जना गरेका थिए । ती कविता २०४६ सालसम्म रहेका भए तापनि प्रहरी खानतलासीको त्रासका कारण ती हराएर गए । (शोधनायकबाट प्राप्त जानकारी अनुसार)

पद्य लेखन कार्यले गति लिइराखेको समयमा उनको लेखनी गद्यतर्फ मोडिने कार्य गऱ्यो । परोपकार आदर्श मा.वि. भीमसेनस्थानमा नौ र दशको पढाइ गर्ने क्रममा निबन्ध विधाले गति लिन थाल्यो, जसमा उनले विभिन्न प्रतियोगितामा पुरस्कृत समेत हुने अवसर पाए । त्यस्तै उनले अर्को विधा कथामा पनि कलम चलाए । यसरी पद्यबाट सुरु भएको उनको साहित्य सिर्जनाको क्रियाशीलता विभिन्न विधामा विस्तारित हुने क्रम अघि बढ्यो, जसले साहित्यका विभिन्न हाँगा-बिगा समात्दै अगाडि बढ्यो । समालोचनात्मक लेखनमा “पर्दा रङ्मञ्च”मा पनि उनले कलम चलाए भने नीति संस्कृति सम्बन्धी विषयमा पनि कलम चलाएको पाइन्छ । त्यस्तै व्यङ्ग्य लेखन कार्यमा विभिन्न स्तम्भ मार्फत् कलम चलाई साहित्यका विभिन्न विधामा उनी क्रियाशील भएका छन्, जसले गर्दा केही सङ्ग्रह पनि प्रकाशित छन् । ‘ढेडु बाँदर’ (बालकविता), ‘समय र पोखरी’ (कथा सङ्ग्रह) र ‘निर्माणाधीन कविता’ (कविता सङ्ग्रह) प्रकाशित भएका देखिन्छन् भने ‘गुञ्जमानहरू’ (कथा सङ्ग्रह) र ‘बाको पार्टी काकाको पार्टी’ (हास्यव्यङ्ग्य बालकविता : वाण साहित्य) प्रकाशोन्मुख अवस्थामा रहेका छन् ।

### २.१३.३ प्रेरणा र प्रभाव

हरिगोविन्द लुइँटेलले आफ्नो पारिवरिक वातावरणबाट प्रेरणा र प्रभाव ग्रहण गरेको बुझिन्छ । घरायसी बौद्धिक वातावरण र आध्यात्मिक प्रकृतिको वातावरणले

उनलाई साहित्य सिर्जनातिर अग्रसर गराएको हो । घरको बौद्धिक वातावरणले उनलाई सानैदेखि कवितातर्फ रुचि जगाएको देखिन्छ ।

साहित्य प्रतिभा, व्युत्पत्ति र अभ्यासको उपज हो भन्ने विभिन्न साहित्य शास्त्रीहरूको भनाइ भए तापनि प्रत्येक साहित्यकारले बाह्य प्रेरणा पाएरै साहित्यमा अनुराग बढाएको हुन्छ । त्यसैले हरिगोविन्द लुइँटेललाई प्रतिभाको वरदान मिल्नुका साथै बाह्य प्रेरणा र प्रभावका साथै घरको बौद्धिक तथा आध्यात्मिक वातावरणले पनि साथ दिएको पाइन्छ । उनका पिता ठाकुरप्रसाद शर्मा शिक्षकका साथै आध्यात्मिक प्रवृत्तिका भएका कारण घरमा संस्कृत साहित्यको शास्त्रार्थले पनि उनी प्रभावित र प्रेरित हुन पुगे । विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय साहित्यिक प्रतिभाका रचना र जीवनीबाट पनि उनी प्रभावित हुन पुगे ।

उनी सानैबाट कविता सिर्जनातर्फ आकर्षित हुन पुगे । दश-बाह्र वर्षको उमेर देखि नै धेरै कविता लेख्ने कार्यमा उनलाई आन्तरिक प्रेरणाका साथै वाह्य प्रभाव समेत देखिन्छ । लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, लेखनाथ पौड्याल, भूपि शेरचन, भीमनीधि तिवारी जस्ता राष्ट्रिय ख्यातिप्राप्त साहित्यकारका रचना र शेक्सपियर, प्रेमचन्द, गेटे, गोर्की, लुसून जस्ता अन्तर्राष्ट्रिय साहित्यका व्यक्तित्वका जीवनीले पनि उनलाई साहित्य सिर्जना गर्नतर्फ विशेष अभिरुचि जगाएको देखिन्छ । (शोधनायकबाट प्राप्त जानकारी अनुसार)

पद्य लेखनले परोपकार आदर्श मा.वि.मा अध्ययन गर्ने क्रममा मोड बदल्यो र गद्य लेखनको रूपमा निबन्ध विधा अगाडि बढ्यो । नौ-दश कक्षाको अध्ययनका क्रममा सोही स्कुलका नेपाली विषयका शिक्षक लालानाथ सुवेदीको प्रोत्साहन स्वरूप अझ हौसिँदै निबन्ध लेखनतर्फ अभिप्रेरित रहे । साथै अन्य विधाबाट भन्दा कथाबाट केही भन्न र सन्देश छर्न सकिने महसुस गरी कथा लेखनलाई पनि उनले अगाडि बढाएको देखिन्छ । सामाजिक, राजनीतिक विसङ्गति र विकृतिका विरुद्धमा विभिन्न नीति सांस्कृतिक लेख र स्तम्भ लेखनतर्फ उनी आकर्षित रहे । त्यस्तै चलचित्र सम्बन्धी कुनै गम्भीर वस्तुगत समीक्षा नभैरहेको अवस्थामा चलचित्रलाई व्यापारिक अखाडा मात्र बन्न दिनु हुँदैन भन्ने अन्तश्चेतना स्वरूप उनले **पर्दा रङ्गमञ्च** समीक्षामा कलम चलाएको देखिन्छ ।

यसरी घरायसी बौद्धिक वातावरणको मूल प्रभावका साथै विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय साहित्यिक प्रतिभाको प्रभाव, आफ्ना शिक्षक र सहपाठीको प्रोत्साहन र आफ्नै अन्तश्चेतना स्वरूप उनको साहित्य लेखनमा प्रेरणा र प्रभाव देखापरेको पाइन्छ ।

## २.१४ जीवनका अविस्मरणीय क्षण/घटना

कुनै पनि व्यक्तिको जीवन घटनैघटनाले भरिएको पुञ्जको रूपमा रहेको हुन्छभन्दा अत्युक्ति नहोला । हरेक व्यक्तिले जीवनरूपी यात्राका क्रममा विभिन्न अनुभूति र घटनाहरूलाई व्यहोरेका हुन्छन् । कतिपय घटना चाहेर पनि भुल्न नसकिने हुन्छन् त कति जीवनमरणसँग जोडिएका हुन्छन् । उनको जीवनमा पनि यस्ता केही घटना अविस्मरणीय घटनाको रूपमा उल्लेखनीय देखिन्छन् ।

वि.सं. २०१८ सालमा भूकम्प आउँछ भन्ने देशव्यापी हल्लाका कारण मान्छेहरूले भएको सम्पत्ति यत्रतत्र छरेर “मरीहालिन्छ, किन चाहियो ?” भनेर त्रस्त भएर बसेको समयमा आफू तीन-चार वर्षको हुँदा माघ महिनाको एक विहान कतिबेला भूकम्प आयो, त्यसको जानकारी नभए पनि घर अगाडि त्रिभुवन राजपथमा बाटोको छेउमा मसला र निलकाडाँका झाडीहरूनेर गाडीहरू रोकिएका थिए । पश्चिम थानकोटतिरको दिशामा गइरहेको ट्रक रोकिएको र मानिसले भूकम्प आयो भनी हल्ला गरेको देखेर “भूकम्प गाडी चढेर आउँदोरहेछ” भन्ने भ्रम आफूमा परेको घटनालाई उनी एउटा अविष्मरणीय घटना मान्दछन् । दोस्रो घटनामा वि.सं. २०३६ को जनआन्दोलन उत्कर्षमा पुगेको समयमा वीरअस्पताल अगाडि सडकमा निर्दोष मान्छेलाई प्रहरीले भीषण लाठी प्रहार गरेको देखेर भीडका अरू मानिस सरह आफूले पनि पुलीसलाई लक्षित गरेर वीरअस्पताल हाताका फूलका गमलाहरू उठाएर हानेको घटना दोस्रो अविष्मरणीय घटना मान्दछन् उनी ।

तेस्रो तर जीवनमरणसँग सम्बन्धित घटना उनको जीवनको अर्को अविष्मरणीय घटना मानिन्छ । २०४६को जनआन्दोलनका क्रममा चैत्र २४ गते वीर अस्पतालको कम्पाउण्ड पर्खालमा उभिएर वीर अस्पतालभित्रका काम नलाग्ने काठका सामानहरू बाटोमा फाल्ने र बाटोमा आगो लगाई जनतातिर भैरहेको अन्धाधुन्द गोली प्रहार गर्ने प्रहरीहरूलाई अघि बढ्न नदिने प्रयासस्वरूप काम गरिरहेको अवस्थामा प्रहरीले

चलाएको गोली आफूसँगै जोडिएको रुखमा लागी रुखको बोक्रा ताछेर जाँदा संयोगले रुखको आडमा छेकिएर कानै नजिकबाट गोली गए पनि आफू बाँचेको घटना झन कहिल्यै बिर्सिन नसक्ने क्षण मान्दछन् उनी । २०६२-०६३ को आन्दोलनमा नागरिक समाजको तर्फबाट २०६३ वैशाख ८ गते कलङ्की चोकबाट पूरा सत्ताईस कि.मीं चक्रपथ परिक्रमा गरी राति साढे बाह्र बजे यात्रा टुङ्ग्याएको घटनालाई पनि उनी साह्रै अविष्मरणीय घटना मान्छन् ।

## २.१५ भूमिगत तथा जेलजीवन

स्वतन्त्रताका पक्षपाती हरिगोविन्द लुइँटेल आफ्नो कार्यक्षेत्रबाटै आन्दोलनमा सरिक हुन पुगे । २०३६-०३७ सालको आन्दोलन र जनमत सङ्ग्रहमा सक्रियता पछि बीचको समयमा बैचारिक रूपमा अध्ययनरत रहेर पछि नेकपा चौ.म.को सदस्य रहेको र देशव्यापी निरङ्कुश पञ्चायती शासनको विरोध प्रदर्शन भइरहेको २०४६ को आन्दोलनको अवस्थामा लुइँटेल सिद्धार्थ वनस्थली स्कुलमा अध्यापनरत थिए । त्यसमा शिक्षक सङ्गठनको तर्फबाट पनि आन्दोलन चर्काउने काम भएको थियो । निरङ्कुश शासनलाई जुनसुकै हरकत प्रयोग गरेर भए पनि टिकाइराख्ने तत्कालीन पञ्चायती व्यवस्था शिक्षकको आन्दोलनबाट त्रसित थियो । त्यसैले आन्दोलन चर्किरहेको समयमा सक्रिय भूमिका खेल्ने तीनजना शिक्षकहरूमाथि तत्कालीन मरिचमान सिंहको सरकारले गिद्धे दृष्टि गाडेको थियो । सरकारले जतिबेला पनि धरपकड गर्न सक्थ्यो । पार्टीले भने हाल पक्राउ नदिनु भन्ने निर्देशन दिएकाले आन्दोलन चर्किएको समय २०४६ फागुनको सुरु हप्तादेखि चैत्रको अन्तिम हप्तासम्म उनले स्कुल छाडी अर्धभूमिगत जीवन बिताएको पाइन्छ ।

२०४६ सालको आन्दोलनमा हरेक क्षेत्र, वर्ग, समुदायबाट आन्दोलनको सङ्खघोष भैरहेको अवस्थामा हरिगोविन्द लुइँटेल लेखक-कलाकारको तर्फबाट पनि आन्दोलनमा क्रियाशील थिए । लेखक कलाकारहरूको कालोपट्टी बाध्ने आन्दोलनको दिन चैत्र ३ गते उनी पुलिसद्वारा गिरफ्तार भई एक दिन थुनामा परेका थिए । उनले २०६२/०६३ को दोस्रो जनआन्दोलनका क्रममा पनि पटक पटक गरी एकएक रातका लागि सात पटक जेलजीवन व्यतित गर्नुपरेको देखिन्छ भने सोही आन्दोलनको समर्थन र निरङ्कुश ज्ञानेन्द्र सरकारका विरुद्ध लेखक कलाकारको बानेश्वर, गुरुकुलबाट सुरु

भएको आन्दोलनमा सरकारले दमन गर्न खोज्दा लाठी चार्जको सामना गर्नुपर्दा उनी घाइते समेत भएका थिए । (शोधनायकबाट प्राप्त जानकारी अनुसार)

### २.१६ भ्रमण

जीवन गतिशील यात्रा हो । मानिस एकै ठाउँ बसिरहन पनि सक्दैन । नयाँ नयाँ विषयवस्तु र स्थानबारे बुझ्ने स्वभाव मानवीय स्वभाव हो । बालक होस् या वृद्ध सबैलाई नयाँ ठाउँको भ्रमण गर्ने इच्छा जागृत हुन्छ । उमेर र चाहनाअनुरूप भ्रमणका आफ्नै उद्देश्यहरू हुन्छन् । ती उद्देश्य परिपूर्तिका लागि मानिस भ्रमणमा निस्कने गर्दछन् । हरिगोविन्दको पनि नयाँ कुराको खोजी गर्ने स्वभावका कारण उनी स्वदेश तथा विदेशका विभिन्न भाग घुम्ने गरेको पाइन्छ । यसरी भ्रमण गर्ने क्रममा उनले नेपालका विभिन्न भागको स्थलगत अध्ययन भ्रमण गरेको देखिन्छ । पचहत्तर जिल्ला मध्ये उनले करिब आधाभन्दा बढी जिल्लाको भ्रमण गरेका छन् । स्वदेशी भूमिमात्र नभएर छिमेकी देश भारत, बांग्लादेश र चीनको केही क्षेत्रको भ्रमण गरेका छन् । जनप्रशासनको स्नातकोत्तर अध्ययनका क्रममा विद्यार्थीहरूले नै भ्रमणको आयोजना गरी भारतको पन्जाबदेखि मद्रास र मद्रासदेखि कलकत्तासम्म उनी भ्रमणमा निस्केका छन् । यस क्रममा वंगलादेशको केही भू-भागको स्थलगत भ्रमण पनि गरेको पाइन्छ । दिल्ली, कलकत्ता, मद्रास र नेपाली मूलका मानिसको बस्तुस्थितिको अध्ययन गर्ने इच्छा स्वरूप भारतको पूर्वोत्तर क्षेत्रमा नेपालीको बसोबास क्षेत्रसम्म उनले यात्रा गरेको देखिन्छ । २०६६ सालमा उनले चीन र हङकङको पनि भ्रमण गरेका थिए । चीनका बेइजिङ्ग, शाङ्घाइ, शियान, तेन्जिन, ग्वान्झाओ, ल्हासा आदिको भ्रमण र ती ती स्थानका साहित्यकारहरूसँग भेटघाट पनि गरेका छन् । लुइँटेल पर्यटन क्षेत्रको विकास गर्नुपर्छ भन्ने धारणा व्यक्त गर्दछन् । उनी आन्तरिक वा वाह्य पर्यटनको प्रवद्धन गर्नुपर्छ भन्ने विषयमा चिन्तनशील देखिन्छन् । एकै ठाउँमा बसिरहनुको सट्टा फुर्सदको समयमा वरपरको वस्तुस्थिति जानकारी लिनुपर्छ भन्ने मान्यताका साथ उनले समय पाउन नपाई काठमाडौं बाहिर वा वरपर घुम्ने र अनुभव लिने गरेको देखिन्छ ।

## २.१७ मान सम्मान

हरिगोविन्द लुइँटेल सानैदेखि प्रतिभावान व्यक्तित्व थिए । निबन्ध प्रतियोगितामा मात्र क्रमशः वि.सं. २०३२/०३३ मा मदन पुरस्कार गुठीसँग जोडिएको र विद्यादेवी दीक्षितको नाममा स्थापना भएको 'विद्या पुरस्कार निवन्ध प्रतियोगिता'मा उपत्यका स्तरीय सहभागितामा सम्बन्धित स्थलमा नै गई खुला लेखन गरी भाग लिने प्रतियोगितामा प्रथम स्थान प्राप्त गरी 'विद्या पुरस्कार'बाट उनी सम्मानित छन् । त्यस्तै पद्मोदय स्कुलले स्थापना गरेको "कमला पुरस्कार निबन्ध प्रतियोगिता" मा २०३२ मै प्रथम भई 'कमला पुरस्कार' प्राप्त गरेको पाइन्छ । सोही साल स्वयम्भू विकास कोषको आयोजनामा भएको निबन्ध प्रतियोगितामा प्रथम, त्रिभुवन स्मारक समितिले आयोजना गरेको खुला निवन्ध प्रतिगोगितामा प्रतियोगितामा पनि प्रथम भई 'त्रिभुवन निवन्ध पुरस्कारद्वारा सम्मानित भएका छन् । कविताका क्षेत्रमा २०३३ मा पुल्चोक क्याम्पसको कविता गोष्ठीमा तृतीय स्थानमा सम्मानित भए भने सोही साल जनक शिक्षा सामग्री केन्द्रले रेडियो कार्यक्रममा देशव्यापी निबन्ध प्रतियोगिता गर्दा त्यसमा प्रथम भएर सर्वोत्कृष्ट पुरस्कार प्राप्त गरे । ती पुरस्कार पाएवापत पुल्चोक क्याम्पसमा छात्रवृत्ति समेत प्राप्त गरेका थिए । त्यस्तै हरिगोविन्द लुइँटेलले सिर्जनशील युवा प्रतिभा स्वरूप "पारिजात युवा सिर्जनशील पुरस्कार-२०६२" द्वारा सम्मानित हुनुका साथै "साहित्य सन्ध्या पुरस्कार २०६१" द्वारा सम्मानित छन् । नेपाल पत्रकार महासंघमा परामर्शदाताको रूपमा सम्मानित पदीय दायित्व पनि निर्वाह गर्न पुगेका छन् ।

## २.१८ जीवनका प्रमुख मोडहरू

प्रत्येक व्यक्तिमा विभिन्न समयमा अनेकन मोडहरू आउने गर्दछन् । कतिपय बाह्य प्रभावका आधारमा त कतिपय अन्तश्प्रेरणाबाट जीवनका मोडहरू बदलिने गर्दछन् । त्यस्ता मोडहरू हरिगोविन्द लुइँटेलका जीवनमा पनि आएका देखिन्छन् । हरिगोविन्द लुइँटेलको वरिपरि सानैदेखि बौद्धिक वातावरण भएका कारण पनि वैचारिक परिपक्वता देखापरेको पाइन्छ । सानैदेखि बाहिरी मनोरञ्जनभन्दा अध्ययनमा रुचि भएको देखिन्छ । पढाइ र लेखनमा सानैदेखि अभ्यास बढाउँदै गएको पाइन्छ । यस बीचमा उनमा थप साहित्यप्रतिको खोजी र अध्ययन अगाडि बढेको पाइन्छ । पाँच/छ मा बढ्दै गर्दा नै देवकोटा, लेखनाथ जस्ता प्रतिभाशाली मूर्धन्य स्रष्टाहरूको रचनाले

उनलाई साहित्यको अध्ययन, खोजीमा लाग्ने प्रेरणा मिल्यो । वि.सं. २०३०/०३१ तिर भारतीय लाइब्रेरीमा गान्धीको जीवनदर्शनको अध्ययन गर्ने क्रममा उनको विचारमा गान्धीवादी उदारवादी, मानवतावादी सोचको विकास भएको देखिन्छ । यस समयमा साहित्य रचनामा लागिरहेकोमा पछि अध्ययन बढ्दै जाँदा मार्क्सवादी रचना दृष्टिकोण अनुरूप समालोचनाको अध्ययनमा उनी लागेको देखिन्छ । २०३१ सालमा परोपकार स्कूलको मुखपत्रिकामा पहिला "विकासको प्रश्न" र अर्को साल "मान्छेको म" निबन्ध प्रकाशित भएपछि र २०३२ सालमै उपत्यका स्तरीय तथा राष्ट्रिय स्तरमा चारवटा निबन्ध प्रतियोगिताहरूमा प्रथम भएपछि साहित्य लेखनमा थप आत्मविश्वास र तीव्रता आएको उनी बताउँछन् । यसपछि साहित्यलाई नै आफ्नो प्रमुख क्षेत्र बनाउँनु पर्छ भनी निश्चय गरेको बताउँछन् । अध्ययनले साहित्य लेख्नमा थप उर्जा मिलेको पाइन्छ । यसले लेखनमा जोड गर्नुका साथै पढ्दा पनि कसरी उत्कृष्ट लेख्न सकिन्छ भन्ने हिसावले पढ्न लागेको पाइन्छ ।

त्यस्तै साहित्यिक मोडमा उर्जाशील बनाउने कार्यमा २०३३ को जनकशिक्षा सामाग्री केन्द्रको रेडियो कार्यक्रममा देशव्यापी निबन्ध प्रतियोगितामा उत्कृष्ट छानिएपछि र सोही वर्ष पुल्चोक क्याम्पसमा आयोजित कविता प्रतियोगितामा तृतीय भएपछि साहित्यमा केही गर्न सकिन्छ भन्ने थप उर्जा मिलेको देखिन्छ । गरिब तथा विपन्न वर्गप्रति सहानुभूतिको साहित्यिक रचनामा उनले लेखन कार्य अगाडि बढाएपछि समस्यामूलक साहित्य रचना भयो, यत्तिले पुग्दैन भन्ने आलोचनाको अध्ययनले गर्दा थपमा साहित्य के हो ? यो कसरी लेखिनु पर्छ भन्नेबारे गहन सोच बनाउनका लागि नेपाली, हिन्दी, अङ्ग्रेजीमा लेखिएका समालोचनाको अध्ययनपछि उनमा विश्वमै प्रगतिवादी साहित्यको प्रभाव र विकास व्यापक रहेको बुझाइ विकास भएको पाइन्छ । अब समाधानको साहित्य मार्क्सवादी साहित्य हुँदोरैछ भनेर उनमा क्रमशः प्रगतिवादी मार्क्सवादी धारणाको विकास भएको पाइन्छ । यस धारणाले उनलाई कम्युनिष्ट पार्टीको खोजीमा लाग्ने प्रेरणा पनि मिल्यो र व्यापक अध्ययनपछि कम्युनिष्ट पार्टी सदस्यसम्म बनाउन पुगेको पाइन्छ । प्रगतिशील साहित्यको अध्ययन, प्रसिद्ध साहित्यकार पारिजातसँग सङ्गत र कम्युनिष्ट पार्टीमा भएको हेलमेलपछि उनी प्रगतिशील साहित्यमा स्पष्ट रूपमा लागेको पाइन्छ । साहित्यको प्रगतिवादले उनलाई कम्युनिष्ट बन्न प्रेरित गरेपछि ने.क.पा. चौ.मको निकट हुन अभिप्रेरित गऱ्यो ।

## २.१९ निष्कर्ष

हरिगोविन्द लुइँटेलको जन्म वि.सं. २०१५ मा काठमाडौं जिल्लाको तीनथाना ढुङ्गाअड्डामा भएको पाइन्छ । त्यति मात्र होइन, लुँइटेलको बाल्यकालका साथै शिक्षादीक्षा पनि त्यहींबाटै भएको हो । शिक्षक पिताको आम्दानी र घरको सामान्यतः चार महिना पुग्ने खेतीपातीका माझ गुजारा गर्दै आएको लुइँटेलको जीवन सामान्य नै रहेको पाइन्छ । बालक कालमा घरमा आध्यात्मिक तथा बौद्धिक वातावरण भएको कारण लुइँटेलले पठनपाठनमा भने कठिनाइ झेल्नु परेको पाइँदैन । पिता स्वयम् शिक्षक भएका कारण पनि उनलाई पढाइमा समस्या भएन । सानैदेखि जिज्ञासु भएका कारण समाज, संस्कृति, साहित्य, जीवन-दर्शनप्रति उनको लगाव देखिन्छ । आर्थिक विपन्नता र विषम परिस्थितिसँग सङ्घर्ष गर्दागर्दै लुइँटेलले चार वटा विद्यालयको अध्ययनपछि वि.सं. २०३२ मा श्री परोपकार आदर्श माध्यमिक विद्यालय, भीमसेनस्थानबाट प्रथम श्रेणीमा एस.एल.सी. सम्मको अध्ययन पूरा गरेको देखिन्छ । त्यसपछिको उच्चशिक्षा पुल्चोक इन्जिनियरिङ्ग क्याम्पस ललितपुरबाट प्राप्त गरी उनी सिभिल इन्जिनियरिङ्गमा २०३५ सालमा मेरिट श्रेणीमा उत्तीर्ण भए । लुइँटेल अध्ययनको क्रममा जेहेन्दार रहेका कुरा सबै कक्षामा प्रथम स्थान आउनुले देखिन्छ । प्रविणता प्रमाणपत्र तह पार गरेपछि जनप्रशासन क्याम्पसबाट डी.पी.ए. र एम.पी.ए. सम्मको अध्ययन पूरा गरेका हुन् । प्रमाणपत्र तहपछि उनले घरको आर्थिक विपन्नताका कारण रोजगारी गर्ने काम गरेको पाइन्छ । एम.पी.ए.को अध्ययनका क्रममा लुइँटेल कम्युनिष्ट राजनीतिमा आकृष्ट भएको देखिन्छ । २०३६ सालमा राजनीतिक भूमिका खेलेपनि स्वतन्त्र रूपमा उनी क्रियाशील देखिन्छन् । विद्यार्थी राजनीतिमा २०३६ पछिको चरणमा सचेत नागरिकको भूमिका निर्वाह गरेका भए पनि कुनै राजनीतिक दल नजिक नरहेर र वी.पी.को विचारबाट समेत प्रभावित रहेको भए पनि पछि मार्क्सवादी विचारबाट प्रभावित भई उनले त्यही विचार र निष्ठाको अनुसरण गर्न पुगेको देखिन्छ । उक्त पृष्ठभूमिले के पुष्टि गर्दछ भने हरिगोविन्द लुइँटेलको सिर्जन प्रक्रिया कम्युनिष्ट र सोही विचारले सिर्जनकला प्रगतिवादी चिन्तनसँग सम्पृक्त हुन पुग्यो । फलस्वरूप उनी प्रगतिवादी चिन्तनका प्रखर एवम् क्रियाशील सर्जकका रूपमा स्थापित हुन पुगेका छन् ।

समाजमा विद्यमान अन्याय अत्याचार, विसङ्गति एवम् विकृतिप्रति जनचेतना जगाउन चाहने लुइँटेलले आफ्नो पढाइ, राजनीति, र जागिरका क्रममा थुप्रै सङ्घर्षपूर्ण अवस्था पार गरेको देखिन्छ । कमजोर आर्थिक अवस्थाका बाबजुद एम.पी.ए. सम्मको अध्ययन पूरा गरेको देखिन्छ । यसरी जीवनको आरम्भदेखि नै आर्थिक अभावसँग सम्झौता गरेर भए पनि आफ्नो अध्ययनलाई निरन्तरता दिएका लुइँटेलले वि.सं. २०३५ देखि हालसम्म विभिन्न पेशा गर्दै आएको देखिन्छ । हाल मूल्याङ्कन प्रकाशन गृहमा अध्यक्ष भएर साहित्य र पत्रकारिताको सम्पादन कार्य गरिहेका छन् । पछिल्लो समयमा उनी गोरखापत्र संस्थानको कार्यकारी अध्यक्ष समेत भएर काम गरिरहेका छन् । वि.सं. २०४४ असार ६ गते भएको विवाहपछि उनका छोराछोरीसहित चारजनाको परिवार रहेको छ । यसरी नै श्रीमती उर्मिलाको आम्दानीबाट लुइँटेलको घरको आर्थिक सङ्कट केही मात्रामा टरेर गएको देखिन्छ । अर्थोपार्जनलाई प्रमुख स्थान नदिने लुइँटेल समाज सेवामा पूर्ण सन्तुष्टि प्राप्त गर्दछन् ।

# परिच्छेद तीन
# हरिगोविन्द लुइँटेलको व्यक्तित्वको अध्ययन

## ३.१ परिचय

व्यक्तिको जीवनका पक्षहरूले व्यक्तित्वको निर्माण गर्छ । यस परिच्छेदमा हरिगोविन्द लुइँटेलले साहित्यिक तथा साहित्येतर क्षेत्रमा पुऱ्याएको योगदानलाई कदर गर्दै उनको कवि व्यक्तित्व, कथाकार व्यक्तित्व, निवन्धकार व्यक्तित्व, समीक्षक व्यक्तित्व, नाटककार व्यक्तित्व, भूमिका लेखक व्यक्तित्व, पत्रकार-सम्पादक व्यक्तित्व तथा राजनीतिक व्यक्तित्व, सांस्कृतिक व्यक्तित्व, सङ्गठनात्मक व्यक्तित्व, पेशागत व्यक्तित्व सहित साहित्येतर व्यक्तित्वलाई समेत चर्चा गरिनेछ ।

## ३.२ हरिगोविन्द लुइँटेलको व्यक्तित्व निर्माणका पक्षहरू

व्यक्तित्व भनेको एउटा व्यक्तिले समग्र रूपमा उसले गरेका क्रियाकलापहरू, जस्तो : गुण, अवगुणबाट प्राप्त गरेका सामाजिक मानमर्यादा र व्यक्तिनिष्ट आन्तरिक एवम् वाह्य यावत पक्षको चिनारी हो । हरेक व्यक्तिको आफ्नै निजी पहिचान रहेको हुन्छ । व्यक्तिको आफ्नै निजीपन भनेकै उसको व्यक्तित्व हो अर्थात् जुन गुण वा दोषका आधारमा ऊ समाजमा सुपरिचित हुन्छ, त्यही परिचय नै उसको व्यक्तित्वको निर्माण पक्ष हो । कुनै पनि व्यक्तिको व्यक्तित्वका पक्षहरूलाई निश्चित कसीमा मात्र सीमित गरेर हेर्न सकिँदैन । तापनि व्यावहारिक सुविधाका लागि व्यक्तित्वलाई विभिन्न आधारहरूमा वर्गीकरण गरेर हेरिएको पाइन्छ । जुनसुकै व्यक्तिको आफ्नो व्यक्तित्वका लगनशीलता, क्षमता, बौद्धिकता र विचारका विभिन्न आधारहरू रहेका हुन्छन् । यी कुराहरूका अतिरिक्त व्यक्तित्व निर्माणमा वंशानुगत गुण, जैविक र सामाजिक तत्त्वको पनि महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । जैविक निर्धारकहरूमा वंशानुक्रम, शारीरिक गठन र स्वभाव, शरीर, रसायन र स्नायुमण्डलको विशेष प्रभाव हुन्छ भने सामाजिक निर्धारकहरूमा जीवनका समग्र क्रियाकलापले प्रभाव परिरहेको हुन्छ । मानवीय व्यक्तित्वको निर्माणमा पारिवारिक रहनसहन, भेषभूषा, विचार र व्यवहार जस्ता सांस्कृतिक कुराहरूको पनि विशेष भूमिका रहेको हुन्छ । कुनै पनि व्यक्तिले जीवनमा

सामाजिक मूल्य मान्यता र इच्छाशक्तिका आधारमा साहित्यकार, डाक्टर, समाजसेवी, पत्रकार, खेलाडी, कुटनीतिज्ञ, राजनीतिज्ञ, दार्शनिक, वैज्ञानिक आदि व्यक्तित्व हासिल गर्न सक्छ । व्यक्तित्व निर्माण गर्ने विषयमा पद्दति, विधि र तरिका व्यक्ति व्यक्ति अनुसार फरक फरक हुने गर्दछन् ।

जुनसुकै व्यक्तिको आ-आफ्नै किसिमको व्यक्तित्व हुन्छ भने आ-आफ्नै निजत्व पनि हुन्छ । त्यसैगरी मनोवैज्ञानिक आधारमा मानवीय व्यक्तित्वलाई बहिर्मुखी र अर्न्तमुखी गरी दुई भागमा विभाजन गरेर पनि हेर्न सकिन्छ । बाह्य आवरणमा देखिने शारीरिक व्यक्तित्व बहिर्मुखी व्यक्तित्व हो भने मानसिक क्रियाकलापद्वारा निर्मित भएको व्यक्तित्व अन्तर्मुखी व्यक्तित्व हो । कुनै व्यक्तिलाई गरिमामय उच्च स्थानमा पुऱ्याउने व्यक्तित्व भनेको आन्तरिक व्यक्तित्व नै हो । हरिगोविन्द लुइँटेलको व्यक्तित्वको निर्माण पनि उपयुक्त तथ्यका आधारमा भएको मान्न सकिन्छ । यसरी हरिगोविन्द लुइँटेलको व्यक्तित्व निर्माणका लागि आवश्यक विभिन्न पक्ष रहेका छन् । तिनलाई तलका उपशीर्षकअन्तर्गत चर्चा गरिएको छ ।

## ३.३ शारीरिक व्यक्तित्व

कुनै पनि मान्छेको बाहिरी व्यक्तित्व उसको शरीर सङ्गठन रूपरङ्ग, आकारप्रकार, लवाइखवाइ एवम् बोलिचालीका आधारमा प्रकट हुन्छ । व्यक्तिको बाह्य व्यक्तित्व भनेकै शारीरिक व्यक्तित्व हो । झट्ट हेर्दा बाहिरबाट स्पष्ट रूपमा देखिने शारीरिक बुनोट र बनोटसम्बन्धी व्यक्तित्व नै बाह्य व्यक्तित्व हो । यही आधारमा हरिगोविन्द लुइँटेललाई हेर्दा ५३ औं बसन्त पार गरेका ५ फुट, ७ इन्च उचाई ८८ किलोग्राम तौल, मोटो परिपुष्ट शरीर, गहुँगोरो वर्ण र मिलेको शरीर, फराकिलो निधार र गम्भीर मुखाकृति भएका शारीरिक सौन्दर्य आकर्षक हुनुका साथै खाइलाग्दो कद रहेको छ । भावुक तथा गम्भीर प्रकृतिका हरिगोविन्द लुइँटेल कम बोल्ने र सबै खाले आगन्तुकहरूसँग हार्दिकताका साथ प्रस्तुत हुनुले झन उनको शारीरिक व्यक्तित्व ज्यादै आकर्षक देखिन्छ । कुनै पनि बाह्य तडकभडक नरुचाउने हरिगोविन्द लुइँटेल सधैं सरलता, सहजता र स्वाभाविकताको अनुसरण गर्दै आफ्ना भनाइ प्रस्तुत गर्नुपर्दा गम्भीर चेहरामा नम्र, शिष्ट, सौहार्दपूर्ण शैलीमा गर्दछन् । सरल र भीडमा हराउने अर्थात् औसत मानिसले प्रयोग गर्ने कपडा र आवश्यकताको मात्र उपभोग गर्न चाहने हुनाले उनमा कुनै पनि किसिमको उत्ताउलोपन, अहम्वृत्ति र भड्किलोपन पाइँदैन ।

यसरी लुइँटेलका चम्किला आँखा, फुर्तिलो जिउ, भावुक मुखाकृति आदि शारीरिक व्यक्तित्वका आवश्यक तत्त्व हुन् र उनको पहिचानका स्रोत पनि हुन भन्न सकिन्छ ।

## ३.४ हरिगोविन्द लुइँटेलको आन्तरिक व्यक्तित्व

आन्तरिक व्यक्तित्व भावनात्मक हुने हुँदा यो अर्मूत प्रकृतिको हुनु स्वभाविक हो । साधारणतया सबैजसो मान्छेको धेरैथोरै अंशमा शीलस्वभाव, चिन्तनमनन एवम् आचरणजस्ता अभिलक्षणहरू समान प्रकृतिका देखिन्छन् तापनि व्यक्तिअनुसार आफ्ना व्यक्तित्वका विशिष्ट गुणहरू भने फरक फरक हुन्छन् । आन्तरिक व्यक्तित्वलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक धरातल, पारिवारिक रहनसहन, पेशा, धर्म, लिङ्ग, व्यवसायजस्ता पक्षले प्रशस्त प्रभाव पारेको हुन्छ । वास्तवमा मानिसको आन्तरिक व्यक्तित्व भावुक, शान्त, गम्भीर एवम् अर्न्तमुखी प्रकृतिको हुन्छ । सकारात्मक सफा मन, सरल व्यवहार, चिन्तनशील सोच लुइँटेलका व्यक्तित्व निर्माणका निर्धारक तत्त्वहरू हुन् । मार्क्सवादी प्रगतिवादी चिन्तक व्यक्तित्वका रूपमा हरिगोविन्द लुइँटेलको आन्तरिक व्यक्तित्व निर्माण भएको छ । व्यक्तिगत स्वार्थ र पूँजीवादी समाजको पछि नलागी साहित्य साधना र सामाजिक सेवा गर्दै निम्नवर्गीय समाजको चित्रणमा कलम चलाई अगाडि बढ्नु हरिगोविन्द लुइँटेलको आन्तरिक व्यक्तित्वको विशिष्ट पक्ष हो । समानता, शोषणरहित समाजको कल्पना, सरलता, विश्वबन्धुत्व र राष्ट्र र राष्ट्रियताप्रति सचेतनामूलक भाव राख्ने हरिगोविन्द लुइँटेल मानव मूल्यलाई उच्च प्राथमिकता दिने चिन्तनशील, लगनशील एवम् सिर्जनशील साहित्यिक व्यक्तित्वको रूपमा नेपाली समाजमा परिचित छन् ।

## ३.५ साहित्यिक व्यक्तित्व

हरिगोविन्द लुइँटेलको सुरुदेखि आजपर्यन्त निरन्तर रहेको साहित्यिक व्यक्तित्व नै प्रमुख पाटोको रूपमा रहेको देखिन्छ । उनको साहित्यिक व्यक्तित्व पनि मुख्य रूपमा, कवि, कथाकार, सम्पादक, निबन्धकार, समीक्षक, नाटककार, वार्ताकार, व्यक्तित्वको रूपमा विस्तारित भएको पाइन्छ । उनको बाल्यकालको पारिवारिक वातावरण मूलतः बौद्धिक भएका कारण पनि उनमा साहित्यप्रतिको अनुराग बढ्दै जाँदा अस्वभाविक रूपमा शोषित, पीडित, विपन्न वर्गप्रतिको सहानुभूतिपूर्ण साहित्य सिर्जनामा उनी क्रियाशील रहेका देखिन्छन् । लुइँटेलको साहित्यिक व्यक्तित्व निर्माणका

आधारहरू विभिन्न रहेका छन् । उनको आभ्यासिक र अनौपचारिक लेखन गरी झण्डै बयालीस वर्ष साहित्यिक यात्रा रहेको देखिन्छ । उनका आभ्यासिक लेखनहरू प्रकाशन अयोग्य ठहरिए पनि औपचारिक लेखन २०३०/०३१ देखि सुरु भएको देखिन्छ । औपचारिक लेखन यात्रामा उनका तीनवटा पुस्तकाकार कृति प्रकाशनका साथै दुईवटा पुस्तकाकार कृति प्रकाशोन्मुख रहेका छन् । दैनिक, साप्ताहिक र मासिक आदि साहित्यिक तथा गैरसाहित्यिक पत्रपत्रिकामा लेख रचना र समीक्षाहरू पनि प्रकाशन गरेको पाइन्छ । आफ्नै पहिचान र योगदान, अध्ययन र अनुसन्धान एवम् लगाव, विभिन्न सङ्घसंस्था र सामाजिक आन्दोलनमा सङ्लग्नता तथा क्रियाशीलताबाट उनको साहित्यिक व्यक्तित्व निर्माण भएको बुझिन्छ । उनका यी व्यक्तित्वहरूका बारेमा विस्तारमा तलका उपशीर्षहरूमा चर्चा गरिएको छ ।

### ३.५.१ कवि व्यक्तित्व

हरिगोविन्द लुइँटेलको साहित्यिक व्यक्तित्वको महत्त्वपूर्ण पाटो कवि व्यक्तित्वलाई लिन सकिन्छ । कवि व्यक्तित्वका पनि दुई पाटा देखिन्छन् : सामान्य कवि तथा बालकवि व्यक्तित्व ।

हरिगोविन्द लुइँटेलको लेखनयात्रामा शुरुमा आभ्यासिक रूपमा कविता लेखन अगाडि बढेको देखिन्छ । 'बसन्त', 'देशप्रेम', 'हाम्रो कर्तव्य' जस्ता चालीस जति कविता उनका आभ्यासिक कविता हुन् । लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा, बालकृण सम आदिका कविता कृतिका साथै घरायसी बौद्धिक वातावरणमा उनको कवि व्यक्तित्व अङ्कुरित भएको पाइन्छ । उनी शिक्षकले अगाडि पढाउँदै गर्दा आफू पछाडि कविता रचना गरिरहने गरेको बताउँछन् । त्यतिबेलाका कविताहरू पछि उनैले कविताकारिताको पूर्ण पालना नभएको स्वीकार गर्दछन् । (शोधनायकबाट प्राप्त जानकारी अनुसार)

हरिगोविन्द लुइँटेले सर्वप्रथम वि.सं २०३७ मा **अभिव्यक्ति** पत्रिकामा "लुइँटेल जीवन जीवन्त" को नाममा कविता छपाएर साहित्यमा प्रवेश गरेका हुन् । यही कवि व्यक्तित्वलाई साकार रूप दिने उनको पहिलो कृति 'ढेडु बाँदर' नामक बाल कविता सङ्ग्रह हो । यस कृतिमा कविका वि.सं. २०४६ देखि विभिन्न पत्रिकामा प्रकाशित बीस वटा कविताहरू रहेका छन् । उक्त कृतिमा सङ्कलित कविताहरू **प्रतिभा,**

**नवप्रतिभा, नवयुवा** आदिमा प्रकाशित भएका छन् । लुइँटेलको दोस्रो पुस्तकाकार कृति "निर्माणाधीन कविता" (२०६३) हो । यस कृतिमा कविका २०४० सालदेखि २०६३ सम्मका सैंतीस वटा कविताहरू सङ्गृहित भएका छन् । यस कृतिमा सङ्कलित धेरै कविताहरू **जनएकता**, **कान्तिपुर**, **नवकविता**, **जनादेश**, **बुधवार** साप्ताहिक, **सृङ्खला**, **मूल्याङ्कन** मासिक, **कविता क्यालेण्डर**, **मूल्याङ्कन** साप्ताहिक, **प्राची**, **प्रतिपक्ष**, **यात्रा**, **जनआस्था**, **रूपरेखा**, **मधुपर्क** आदिमा छरिएर रहेका छन् । लुइँटेलको पहिलो बालकविता सङ्ग्रह, 'ढेडु बाँदर' मूल्याङ्कन प्रकाशन गृह प्रा.लि. टेकुबाट प्रकाशित भएको देखिन्छ भने "निर्माणधीन कविता" कविता सङ्ग्रह सिर्जना : चैत्र ३ साहित्यिक अभियानबाट प्रकाशित भएको पाइन्छ ।

लुइँटेलका बालकावितामा विसङ्गति विकृति, विनाश जस्ता विषयमा र बालबालिकालाई नराम्रो बानी त्यागी सही बाटोमा लाग्न प्रेरित गरिएको पाइन्छ । **निर्माणाधीन कविता**मा सामाजिक उत्पीडनबाट उत्पन्न कोलाहल, छटपटी, पीडा र क्रान्तिकारी रूपान्तरणको तीव्र आकाङ्क्षा उद्बोधन भएका छन् । यसबाट समाजले, नवीन चेतना, कवितात्मक आश्वादन र वैचारिक तथा भावनात्मक खुराक प्राप्त गर्नुका साथै हरिगोविन्द लुइँटेललाई कवि व्यक्तित्वका रूपमा स्थापित गरेको पाइन्छ ।

### ३.५.२ कथाकार व्यक्तित्व

साहित्यकार हरिगोविन्द लुइँटेलले आफ्नो साहित्यिक यात्रा कविताबाटै सुरु गरेको भए तापनि कथा लेखन प्रवृत्ति अत्यन्त घनीभूत भएको देखिन्छ । उनको कथा लेखनको औपचारिक आरम्भ 'ममता' (२०३७) स्रोतश्विनी पत्रिकामा प्रकाशित भए पछि भएको हो । कथालेखनका क्षेत्रमा उनका कथालाई आकार र आयामका दृष्टिले दुई वर्गमा राख्न सकिन्छ । उनले लघुकथा भन्न सकिने छोटो कथा प्रशस्त लेखेका छन् । उनका छोटा कथा विभिन्न पत्र-पत्रिकामा प्रकाशित थिए । वि.सं. २०३७ देखि २०५६ सम्मका छोटा कथालाई 'समय र पोखरी' (२०५६) कथा सङ्ग्रहमा सङ्गृहित गरिएको छ । त्यस्तै आयामका हिसाबले लामा कथा विभिन्न साहित्यिक तथा गैरसाहित्यिक पत्रिकामा फुटकर रूपमा प्रकाशित छन् । ती कथाहरूलाई सङ्ग्रहको रूपमा प्रकाशन गर्ने तयारीमा उनी जुटेका पाइन्छन् । कथा लेखनको उनको अर्को विशेषता भावानुवाद हो । उनले लुसून, गोर्की, यशपाल, खलिल जिब्रान, नागार्जुन आदि विदेशी कथाकारहरूका कथा भावानुवाद गरेका छन् ।

लुइँटेलका कथामा राजनीति, शिक्षा, अन्धविश्वास, सामाजिक असमानता, सामन्ती हैकम, पूँजीवादी शोषण, भ्रष्टाचार लगायत सामाजिक विसङ्गतिलाई मुख्य विषय बनाइएको छ । उनले टेलिचलचित्र "जीवनचक्र"का अठचालीस सृङ्खलाहरूका लागि पनि कथा लेखेका छन् ।

### ३.५.३ निबन्धकार व्यक्तित्व

हरिगोविन्द लुइँटेल साहित्यिक क्षेत्रमा क्रियाशील व्यक्तित्व हुन् । उनले कविता, कथाका साथसाथै निबन्ध विधामा पनि क्रियाशीलता देखाएका छन् । कविता लेखनको आभ्यासिक चरणबाट श्री परोपकार आदर्श माध्यमिक विद्यालय भीमसेनस्थानको कक्षा नौ-दशको पढाइको क्रममा विद्यालयबाट प्रकाशन गरिने **परोपकार** मुखपत्रमा २०३१ मा 'विकासको प्रश्न' र पछि २०३२ मा "मान्छेको म" नामक निबन्ध प्रकाशन गरेको पाइन्छ । निबन्धले गति लिएकै अवस्थामा लुइँटेलले विभिन्न प्रतियोगितामा उत्कृष्टता देखाएको बुझिन्छ । विद्यादेवी दीक्षितको नाममा स्थापित र मदन पुरस्कार गुठीसँग नजिक रहेको विद्या पुरस्कार गुठीले आयोजना गरेको उपत्यकास्तरीय निबन्ध लेखन, जो प्रतियोगिता स्थलमै लेखिनु पर्ने थियो, त्यसमा उनले प्रथम स्थान ओगटेको पाइन्छ । कमला पुरस्कार निबन्ध प्रतियोगिता, स्वयम्भु विकास कोषले आयोजना गरेको निबन्ध प्रतियोगिता, त्रिभुवन स्मारक समितिले गरेको प्रतियोगिता जस्ता साहित्यिक क्रियाकलापमा भाग लिँदै उत्कृष्टता प्राप्त गरी निबन्धकारितालाई अगाडि बढाएको पाइन्छ । विभिन्न पत्रपत्रिकामा स्तम्भका रूपमा विसङ्गतिको चिरफार गर्ने निबन्धकारका रूपमा पनि उनी परिचित देखिन्छन् । २०४२ मा मधुपर्कमा 'नेपाली समालोचनामा नयाँ प्रयोग' हास्यव्यङ्ग्य निबन्ध प्रकाशित गरेको बुझिन्छ । त्यसबाहेक **मूल्याङ्कन** मासिकमा नीति संस्कृतिमूलक निबन्ध लेखनले एकनासको गति लिइराखेको छ । नीति संस्कृति निबन्धमा उनको **मूल्याङ्कन** मासिकमा चन्द्रदेव नेपालीको नाममा "जब नेताहरूलाई 'एकता' घाँडो लाग्न थाल्छ" शीर्षकमा २०५० भदौ/असोज वर्ष ११ पूर्णाङ्क १४ मा प्रकाशित भएपछि सुरु भएको पाइन्छ । यसको हालसम्म पनि निरन्तरता कायम देखिन्छ । **चिन्तना** स्तम्भमा राजनधानी दैनिकमा "कागती गाउँ र सरकार" शीर्षकमा २०५८ फागुन ८ वर्ष १ अङ्क २५४ मा हरिगोविन्द लुइँटेलकै नामबाट शुरु भएको निबन्धमूलक रचना लेखन २०५९ पुष सम्मका अङ्कहरूमा साप्ताहिक रुपमा प्रकाशन गरेको पाइन्छ भने संस्मरणात्मक लेख

समेत प्रकाशन भएको देखिन्छ । **मूल्याङ्कन** साप्ताहिकमा २०४२-०४३ का केही अङ्कहरूमा उनको भारतयात्रा सम्वन्धी संस्मरणात्मक निबन्धहरू प्रकाशित भएका थिए । उनका अनुसार त्यो सृङ्खलामा “टाढैबाट चिनियो हङकङ ज्याकेट लाउनेलाई” शीर्षकको निबन्ध धेरै पाठकले मन पराएका थिए ।

हरिगोन्दि लुइँटेलका निबन्धात्मक लेखहरू कान्तिपुर, गोरखापत्र, राजधानी लगायत दैनिक पत्रपत्रिकाहरूमा पनि बेलाबेलामा प्रकाशित हुने गरेका छन् । चैत्र ३, २०४६ को लेखक कलाकारहरको कालोपट्टी आन्दोलन र २०६२-०६३ को आन्दोलनमा लेखक कलाकारहरूको भूमिकाका बारेमा पनि उनका लेखहरू पत्रपत्रिकामा निस्केका छन् । अन्तरिम संविधान निर्माण गर्ने बेलामा नेपालको राष्ट्रियगान कस्तो हुनुपर्छ भन्ने विषयमा अन्य देशहरूका उदाहरण समेत दिएर कान्तिपुर दैनिकमा उनले लेखेको लेखले पनि पाठकहरूमा राम्रो प्रभाव पारेको उनको कथन छ ।

### ३.५.४ समीक्षक व्यक्तित्व

हरिगोविन्द लुइँटेलको साहित्यिक व्यक्तित्वका विभिन्न पाटामध्ये समीक्षक व्यक्तित्व एक महत्त्वपूर्ण पाटो मानिन्छ । लुइँटेलको आभ्यासिक लेखन कविता, निबन्ध र कथा हुँदै अगाडि बढेको भए पनि उनको लेखन समीक्षासम्म विकास भएको पाइन्छ । लुइँटेलको समीक्षात्मक टिप्पणी खास गरी पर्दा रङ्गमञ्चमा अगाडि बढेको देखिन्छ । श्रव्य या दृश्य कला कृतिका बारेमा देखिएका मनोमानी, विसङ्गति तथा विकृत अवस्थाको टिप्पणी गर्ने क्रममा उनले **मूल्याङ्कन** मासिकको पूर्णाङ्क २ मा २०४८ पुस-माघ अङ्कमा “फिल्मः अभिताभ बच्चनहरूको मान्यता” शीर्षकको पहिलो पर्दा-रङ्गमञ्च विषयक समीक्षात्मक लेख लेखेका छन् । यसबाट लुइँटेलको समीक्षक व्यक्तित्व प्रकाशमा आएको देखिन्छ । खास गरी पर्दा-रङ्गमञ्च र श्रव्य दृश्य कलामा, कसैको आँखा नगइरहेको अवस्थामा लुइँटेलले यो कदम चालेको बताउँछन् । चलचित्रलाई नाफाखोर व्यापारिक वस्तु मात्र बनाउनु हुँदैन, यो स्तरीय, गम्भीर, सार्थक र लोककल्याणकारी पनि हुनुपर्छ भन्ने मान्यतासहित समीक्षा लेखेमा चलचित्र निर्माता र जनताको चेतनामा अभिवृद्धि हुन सक्छ भन्ने मान्यता हरिगोविन्द लुइँटेलको रहेको छ । (शोध नायकको स्वीकृति) नेपाली चलचित्र व्यवसायमा देखिएका

उतार चढाव र वाह्य प्रभावको समीक्षा उनका लेख मार्फत हुने गर्दछ भने नेपाली प्रगतिशील कला संस्कृतिका विषयमा पनि उनको कलम चलेको देखिन्छ ।

लुइँटेलको समीक्षात्मक व्यक्तित्वको गतिलो प्रमाणका रूपमा उनका समालोचनात्मक फुटकर रचनालाई लिन सकिन्छ । उनले थुप्रै समीक्षात्मक रचना प्रकाशन गरेको भए पनि कृतिका रूपमा देखा परेको भने छैन । **जनएकता** साप्ताहिक, **मूल्याङ्कन** मासिक, **नव युवा** मासिक आदि पत्रिकामा उनका पर्दा रङ्गमञ्च तथा श्रव्यदृश्य विषयका प्रशस्त समीक्षा सामग्री प्रकाशित भएका पाइन्छन् । लुइँटेलले सैद्धान्तिक तथा व्यावहारिक समीक्षाका आधारमा र प्रगतिवादी चिन्तनको आधारमा व्याख्या विश्लेषण गरेको पाइन्छ । उनको वि.सं. २०४८ माघ-फागुन, वर्ष १०, अङ्क २ देखि **मूल्याङ्कन** मासिकमा प्रकाशित 'फिल्म : अमिताभ बच्चनहरूको मान्यता'बाट सुरु भएको पर्दा समीक्षा **मूल्याङ्कन** मासिकमा पर्दा रङ्गमञ्चका रूपमा विकास भएर अझै निरन्तर चलिरहेको छ । **जनएकता** साप्ताहिकमा वि.सं. २०५२ असारदेखि श्रव्य/दृश्य स्तम्भका रुममा करिव डेढ वर्षसम्म चलेको देखिन्छ भने **नवयुवा**मा पर्दा समीक्षाका रूपमा विकास भएको पाइन्छ ।

हरिगोविन्द लुइँटेलका समालोचनाहरू निश्चित सैद्धान्तिक दृष्टिकोणमा अगाडि बढेका पाइन्छन् । त्यो सैद्धान्तिक दृष्टिकोण भनेको प्रगतिवादी मान्यता नै हो । यसैका आधारमा उनले श्रव्यदृश्य, पर्दा-रङ्गमञ्च समीक्षाप्रति चासो देखाएका छन् । ती समालोचनामा उनी सुक्ष्म निरीक्षण गरी आफ्नो सिद्धान्तका आधारमा विश्लेषण गर्न पुग्दछन् । यसरी उनी समीक्षा विषयमा कसैको आँखा नलागेका ठाउँमा दृष्टि पुऱ्याउने गम्भीर सैद्धान्तिक एवम् व्यावहारिक समीक्षकका रूपमा स्थापित हुन पुगेका छन् ।

अतः हरिगोविन्द लुइँटेल सुक्ष्म निर्णायात्मक क्षमता भएका एक बौद्धिक प्रतिभाशाली प्रखर एवम् क्रियाशील प्रगतिवादी समालोचक हुन् भन्ने स्पष्ट हुन्छ ।

### ३.५.५ स्तम्भकार व्यक्तित्व

हरिगोविन्द लुइँटेल साहित्यिक क्षेत्रमा क्रियाशील प्रखर प्रतिभाशाली व्यक्तित्व हुन् । साहित्यिक व्यक्तित्वका विविध पाटा मध्ये लुइँटेलमा स्तम्भकार व्यक्तित्वको पनि विकास भएको पाइन्छ । लुइँटेलले सामाजिक, राजनीतिक तथा सांस्कृतिक विकृतिका विरुद्ध विभिन्न पत्रपत्रिकामा तीखो छेडखानका साथ विभिन्न नाममा स्तम्भ लेखेको

पाइन्छ । स्तम्भ लेखनका क्रममा **मूल्याङ्कन** साप्ताहिक, **पृष्ठभूमि** साप्ताहिक, **जनएकता** साप्ताहिकमा 'कवि कालिदासको कलम' नामबाट कलम चलाएको पाइन्छ । "भगवान र कम्युनिष्टहरूको साँठगाँठ-मूर्दावाद" वि.सं. २०४७ असार २६ मा प्रकाशित **मूल्याङ्कन** साप्ताहिकको लेख पहिलो कवि कालिदासको कलम नामको लेख मानिन्छ । **पृष्ठभूमि** साप्ताहिक मा वि.सं. २०४९ मंसीर १८ वर्ष १०, अङ्क १८ मा "भाइ ऋषिराज बरालको लेख पढेपछि" शीर्षकबाट सुरु भएको कवि कालिदासको कलम **जनएकता** साप्ताहिकमा सऱ्यो । यसमा उनले "झण्डै मालेसँग मिलेका मण्डलेहरूप्रति" शीर्षकमा २०५२ असार १२ मा सो स्तम्भ प्रकाशित गरी आफ्नो स्तम्भ लेखनलाई अगाडि बढाएको देखिन्छ । यस्तै विसङ्गतिको चिरफार गर्न उनले राजधानी दैनिकमा "चिन्तना" स्तम्भमा वि.सं. २०५८ फागुन ८ वर्ष १ अङ्क २०५४ बाट २०५९ पुस अङ्कसम्म विभिन्न शीर्षकमा स्तम्भ लेखन बढाएको पाइन्छ । त्यस्तै जापानमा बसोबास गर्ने नेपालीहरूले निकाल्ने **नेपाल समाचार** साप्ताहिकमा २०५८-२०६० सम्म "खसोखास" शीर्षक स्तम्भमा हास्यव्यङ्ग्य लेख रचना प्रकाशित गरेका छन् ।

### ३.५.६ एकाङ्कीकार/नाटककार व्यक्तित्व

हरिगोविन्द लुइँटेल साहित्यिक क्षेत्रमा क्रियाशील हुने क्रममा नाटक/एकाङ्कीकार व्यक्तित्वको रूपमा पनि देखिएका छन् । उनले केही नाटक पनि लेखेर मञ्चन गरेका छन् । वि.सं. २०४७ सालमा उनीद्वारा लिखित हास्य एकाङ्की नाटक 'उपचार' स्थानीय ढुङ्गाअड्डा सांस्कृतिक परिवारले मञ्चन गरेको पहिलो नाट्य लेखन बुझिन्छ । २०५४ सालमा भदौ २० मा कालो ऐन विरुद्धको "शंका लागेमा" दोस्रो नाट्य लेखन मानिन्छ । यसलाई "आरोहण" र "सर्वनाम" नाट्य समूहले बसन्तपुरको डबलीमा मञ्चन गरेका थिए । उनको २०५५ मा **वेदना** साहित्यिक मासिकमा "बाँसुरी वादक" नाटक प्रकाशित भएको पाइन्छ । नाट्य लेखनमा लुइँटेल सामाजिक विसङ्गति, विकृतिका विरुद्ध तिखो व्यङ्ग्य वाणहान्न खप्पिस देखिन्छन् । यसबाहेक उनले थप तीन-चार वटा अन्य नाट्य कृति लेखेको उनी बताउँछन् ।

हरिगोविन्द लुइँटेलले नाट्य मञ्चन मात्र नभएर टेलिसृङ्खलामा प्रसारणयोग्य सामाजिक चेतनामूलक स्वास्थ्यसँग सम्बन्धित शृङ्खला "जीवन चक्र"को कथा लेखन

गरेको पाइन्छ । २०६५ मा नेपाल टेलिभिजनबाट प्रसारित टेलिचलचित्र "जीवन चक्र" को अठचालीस भाग उनकै लेखनका आधारमा बनेको थियो । (शोधनायकबाट प्राप्त जानकारी) यसको निर्देशन बद्री अधिकारीद्वारा भएको थियो । यसैगरी नेपाल टेलिभिजनबाट प्रसारण भएको २०६७को "जीवन चक्र" सृङ्खलामा पनि उनले सल्लाहाकारको भूमिका निर्वाह गरिरहेको देखिन्छ ।

### ३.५.७ पत्रकार-सम्पादक व्यक्तित्व

हरिगोविन्द लुइँटेल साहित्यिक यात्रामा क्रियाशील प्रखर प्रतिभाशाली व्यक्तित्व हुन् । सम्पादक व्यक्तित्व लुइँटेलको साहित्यिक व्यक्तित्वका विभिन्न पाटा मध्ये एक महत्त्वपूर्ण रहेको पाइन्छ । २०३९ सालदेखि २०४०/०४१ सम्म **प्रतिभा** साहित्यिक मासिक गोजिकामा छ अङ्कसम्म हरिगोविन्द लुइँटेलले सह-सम्पादक भएर कार्य गरेको बुझिन्छ । तर त्यो पत्रिका निरन्तर हुन नसकेकोले सो कार्यलाई लामो समयसम्म निरन्तरता दिन पाएनन् । त्यसपछि एक वर्ष वि.सं. २०४३/०४४ मा **उत्साह** साहित्यिक मासिकमा कार्यकारी सम्पादक भएर कार्य गरेको देखिन्छ । यसमा सम्पादक मण्डलमा पारिजात, रमेश विकल, आनन्ददेव भट्ट, खगेन्द्र संग्रौला, मञ्जुल, गङ्गाप्रसाद उप्रेती रहेका थिए । २०४६ सालको जनआन्दोलनका क्रममा "इन्द्रेणी साहित्य खुलापाना अभियान"को दुई अङ्कमा पारिजात सम्पादक र हरिगोविन्द लुइँटेल सहसम्पादक भई दुई अङ्क सम्पादन गर्ने कार्य गरेको बुझिन्छ । उनले २०४८ सालदेखि निरन्तर **मूल्याङ्कन** मासिकमा सम्पादकका विभिन्न कार्यभार सम्हाल्दै आएको पाइन्छ । २०४८ देखि ०६३ सम्म कार्यकारी सम्पादक, २०६३ को अन्तदेखि प्रधानसम्पादक, सम्पादक हुँदै वि.सं. २०६४ वैशाखदेखि मूल्याङ्कन प्रकाशन गृहको कार्यकारी अध्यक्ष पदमा रहेको देखिन्छ । त्यस्तै **नवयुवा** मासिकमा वि.सं. २०५२ माघदेखि २०६० सम्म सम्पादक र त्यसपछि सम्पादक मण्डल सदस्य भई काम गरेको देखिन्छ । यसै गरी **वेदना** मासिकको सम्पादन मण्डलको सदस्य २०५१ देखि २०५३ सालसम्म रहेर काम गरेको बुझिन्छ । २०६६ साल चैत्रदेखि **जनएकता** साप्ताहिक पत्रिकामा प्रधान सम्पादकको रुपमा रहेर कार्य गरेको बुझिन्छ भने वि.सं. २०६६ वैशाखदेखि "संहिता त्रैमासिक' प्रेस काउन्सिल नेपालको प्रकाशनमा सम्पादन मण्डल सदस्य रही सम्पादन क्षेत्रमा अनुभवको आर्जन गर्दै अगाडि बढेको पाइन्छ । २०६५

मंसिर देखि उनी साझा प्रकाशनको "गरिमा" मासिकको सम्पादन मण्डल सदस्य रहेका छन् ।

लुइँटेल यस क्षेत्रमा क्रियाशील रहेका कारण उनको पत्रकार-सम्पादक व्यक्तित्व पनि प्रभावकारी रहेको छ । यस कुराको दृष्टान्त उनले यस क्षेत्रमा दिएको योगदानले प्रष्ट पार्दछन् । त्यसकारण लुइँटेलको यो व्यक्तित्व अझै प्रखर हुँदै जाने सम्भावना पनि उत्तिकै रूपमा प्रवल रहेको देखिन्छ । यसै पृष्ठभूमिका कारण नै उनलाई नेपाल सरकारले २०६७ चैत्रको अन्तमा गोरखापत्र संस्थानको कार्यकारी अध्यक्ष बनाएको पाइन्छ ।

### ३.५.८ भूमिका लेखन व्यक्तित्व

हरिगोविन्द लुइँटेलले केही कितावहरूको भूमिका पनि लेखेका छन् । तिनमा नारायण ढकालको "शोकमग्न यात्रीहरू" निबन्ध सङ्ग्रह २०५६ सालमा प्रकाशित भएको छ भने मनोज गजुरेलको हास्यव्यङ्ग्य सङ्ग्रह "लुखास्त" २०५७ मा प्रकाशित भएको छ ।

### ३.५.९ साहित्यिक वार्ताकार व्यक्तित्व

हरिगोविन्द लुइँटेलले विभिन्न व्यक्तिहरूसँग वार्ता, अन्तर्वार्ता आदि पनि लिएका छन् । पत्रकारिताको उनको कार्यक्षेत्र अन्तरगत यस्ता वार्ताहरू असङ्ख्य रहेका छन् । तिनमध्ये साहित्यकारहरूसँग र साहित्य विषयमा देशी विदेशी प्रतिभाहरूसँग उनले वार्ता गरेका छन् । **मूल्याङ्कन** र **नवयुवा**मा ती प्रकाशित छन् । भारतका कवि बारबर राव, कात्यायिनी आदिसँगको वार्ताले पाठकहरूको ध्यान विशेष रुपले तानेको उनको कथन छ ।

### ३.५.१० अन्य साहित्यिक व्यक्तित्व

हरिगोविन्द लुइँटेल काठमाडौंमा नियमित रूपमा हुने गरेको **साहित्य सन्ध्या** र **प्रतिभा प्रवाह** जस्ता मासिक कार्यक्रमका नियमितजस्तै सहभागी र सहयोगी रहेका छन् । यी कार्यक्रममा नियमितजसो आफ्ना नयाँ रचना पढ्ने वा त्यहाँ वाचित रचनाहरूको समीक्षा गर्ने काम उनले गर्ने गरेका छन् । **साहित्य सन्ध्या**मा तीन वर्षयता उनको नियमितता टुटेको उनी बताउँछन् । **प्रतिभा प्रवाह**को त उनी २०६४ साल देखि २०६६ सालसम्म संयोजक नै रहे । (शोधनायकबाट प्राप्त जानकारी

अनुसार) साहित्यिक मित्रहरूसँग लेखनका बारेमा अन्तर्क्रियामा रहने पनि उनको एउटा सक्रियताको उल्लेखनीय पाटो हो । यसबारे लेखक तथा हास्यव्यङ्ग्य कलाकार मनोज गजुरेल भन्छन्- "हरिगोविन्द लुइँटेलसँग कुराकानी गरी आफ्नो र समकालीन रचनाको स्तर र प्रस्तुतिबारे राम्रो समीक्षा हुने गरेको मेरो अनुभव छ । त्यसैले म उहाासँग भेट गर्न सधैं इच्छुक रहन्छु ।"

उनी साहित्यिक र सांस्कृतिक आन्दोलनमार्फत् मुलुकको लोकतान्त्रिक आन्दोलनलाई अघि बढाउने कुरामा आन्दोलकको संयोजनकारी भूमिका निर्वाह गर्न पनि सक्रिय रहँदै आएका छन् । सिर्जना चैत्र ३ साहित्यिक अभियानका साहित्यकार राजकुमार केसी उनको यो भूमिकाका बारेमा भन्छन्- "हरिगोविन्द लुइँटेललाई मैले लोकतन्त्रको लागि साहित्यिक, सांस्कृतिक आन्दोलनका अगुवाको रूपमा पाएको छु । लोकतान्त्रिक आन्दोलनमा २०४६ (जनआन्दोलन), २०५६ (प्रजातान्त्रिक अधिकार जोगाऔं अभियान) वा २०६२-०६३ (जनआन्दोलन) मा हामी उहाँसँगै सूचना लिएर आन्दोलनमा सहभागी हुन्थ्यौं ।"

## ३.६ साहित्येतर व्यक्तित्व

हरिगोविन्द लुइँटेलको साहित्यिक व्यक्तित्वका साथसाथै साहित्येतर व्यक्तित्वका पाटाहरू पनि प्रशस्तै रहेका छन् । साहित्यभन्दा फरक व्यक्तित्वका पाटाहरूले उनको साहित्यिक व्यक्तित्वलाई माथि उठाउनमा ठूलो टेवा पुऱ्याएको पाइन्छ । त्यसैले उनका साहित्येतर व्यक्तित्वका विविध पक्षहरूलाई विभिन्न उपशीर्षकमा राखेर प्रस्तुत गर्न सकिन्छ ।

### ३.६.१ सामाजिक व्यक्तित्व

हरिगोविन्द लुइँटेल साहित्यिक सिर्जनामा क्रियाशील व्यक्तित्व भए पनि उनमा सानै उमेरदेखि सामाजिक कार्यप्रतिको विशेष रुचि र चासो रहेको बुझिन्छ । उनले तीनथाना गा.वि.स.को ढुङ्गाअड्डामा सामाजिक कार्यप्रति रुचि र सङ्लग्नता देखाउने गरेको पाइन्छ । उनले मूलतः आफ्नो ठाउँमा आफैं केही गर्नु पर्छ, व्यक्तिगत लाभ मात्र हेर्नु हुँदैन भन्ने मान्यताका साथ गाउँ-घरमा फुसर्दको समयमा छिमेकी साथीभाइसँग विकास निर्माण कार्यमा सघाउने गरेको बुझिन्छ । व्यक्तिले आफू बसेको ठाउँमा केही नगर्ने तर ठूला ठूला कुरा गरेर हिड्नु पाखण्डपन हो भन्ने ठान्छन्

लुइँटेल । उनले तीनथानामा खानेपानी सुधार आयोजनामा अग्रपङ्क्तिमा रहेर काम गरेको बुझिन्छ । दीनदुःखी प्रति सेवा मात्र पनि उनको सामाजिक कार्यप्रतिको उदाहरण मान्न सकिन्छ । गरिव दलित विद्यार्थीलाई दानकोष खडा गरी कक्षा दशसम्म पढाउने कार्यमा टोलका साथीभाइलाई क्रियाशील बनाउने कार्य पनि उनले गरेको पाइन्छ । जनप्रगति पुस्तकालयको अध्यक्ष भएको र गाउँका मानिसले अझै उनी र उनका साथीहरूलाई 'पुस्तकालयको मान्छे' भनेर सम्बोधन गरेको बताउँछन् । देउसी भैलो खेलेर पुस्तकालयको भवन निर्माण गर्नु उनका सामाजिक कार्य हुन् । (शोधनायकबाट प्राप्त जानकारी अनुसार)

उनको यो व्यक्तित्वबारे उनकै टोलका छिमेकी बासिन्दा प्रकाश श्रेष्ठ भन्छन्- "सामाजिक काममा यो भेकको उहाँ अगुवा नै हो । उहाँको घर सामाजिक कामको लागि भेटघाट गर्ने थलो हो । सत्य र न्यायप्रति एवम् अग्रगामी काममा उहाँको समर्पण हामीले निरन्तर देख्दै आएका छौं ।"

### ३.६.२ सांस्कृतिक व्यक्तित्व

संस्कृति मानवीय जीवन शैलीको रूपमा रहेको हुन्छ । हरिगोविन्द लुइँटेलमा सांस्कृतिक चेतना सानैदेखि विकास भएको देखिन्छ । लुइँटेल पुरातन सामन्ती एवम् पुँजीवादी संस्कृतिका विपरित उन्नत जनसंस्कृतिको पक्षमा उभिएका बुझिन्छन् । जनताको आर्थिक, सामाजिक एवम् सांस्कृतिक रूपान्तरणका निम्ति सामूहिक अभियानमा जुटेका हरिगोविन्द लुइँटेलको विचारमा साहित्य-कला र सङ्गीतका माध्यमबाट समाज परिवर्तन गर्न सहज र सरल छ । ने.क.पा.चौ.म.मा सङ्गठित भएपछि सांस्कृतिक मोर्चामा उनले नेतृत्व गरेको पाइन्छ । इन्द्रेणी सांस्कृतिक समाजको महासचिव भएर काम गर्नुका साथै साहित्य-कलासँग जोडिएका संस्थाहरू बाहेक समग्रमा संस्कृतिलाई प्रभाव पार्ने, जगेर्ना गर्ने, विकास गर्ने रुचि उनमा देखिन्छ । उनको चासोको एउटा क्षेत्र सांस्कृतिक रूपान्तरण हो । सांस्कृतिक रूपान्तरण निम्ति चन्द्रदेव नेपालीका नामका रचनाहरूले संस्कृतिका सकारात्मक र नकारात्मक संस्कारको विश्लेषणपछि सकारात्मक प्रगतिशील क्षेत्रलाई अगाडि ल्याउने काम गरेको पाइन्छ । संस्कृतिमा सुधारको अभियानको थालनी स्वरूप 'समाजवादी आन्दोलन नेपाल' नामक मञ्चमा सङ्लग्न हुँदै सांस्कृतिक सुधारका काममा उनको अग्रसरता देखिन्छ । संस्कारादि कर्महरूमा कर्मकाण्ड र दानदक्षिणा सुधारीकरण र

स्कुले छात्र छात्रालाई छात्रवृत्ति कोष खडा गरी सहयोग गर्ने वातावरण सिर्जना गरेको पाइन्छ । घर, टोल छिमेकमा पुराना परम्पराको परिवर्तन गराउने अभियान स्वरूप चाडपर्वमा पैसामुखी प्रवृत्ति त्याग्ने, भोजमा ठूलो खर्च कटौती गर्ने, सामूहिक विवाह, व्रतबन्ध, गरी किफायती संस्कृतिको विकास अभियानमा जुटेको पाइन्छ । सम्प्रदायिकताको विकास नहोस् भनेर भाषा संस्कृतिमा सबै जातजातिप्रति सहभाव राखेको पाइन्छ । (छिमेकी बासिन्दा प्रकाश श्रेष्ठसँगको कुराकानीका अनुसार)

### ३.६.३ राजनीतिक व्यक्तित्व

हरिगोविन्द लुइँटेलको राजनीतिक पृष्ठभूमिलाई नियाल्दा उनले पाकिस्तानी सरकारले बेनिजर भुट्टोलाई दिइएको फाँसीबाट २०३५को अन्तमा तातेको नेपाली विद्यार्थीको आन्दोलनबाट चर्किएर जनमत सङ्ग्रहको मागदेखि स्वतन्त्र सचेत नागरिकको भूमिका निर्वाह गर्दै राजनीतिमा अभिरुचि देखाएको पाइन्छ । २०३६ को जनमत सङ्ग्रहमा विशुद्ध बहुदलवादीको तर्फबाट सक्रिय भूमिका निभाएको बताउँछन् उनी । त्यति बेलासम्म कुनै राजनीतिक दलप्रति आस्थावान नभए पनि नेपाली कांग्रेसको प्रजातान्त्रिक मागले गर्दा काङ्ग्रेस समेतमा केही झुकाव बढेको पाइन्छ । खासगरी साहित्यिक यात्राले उनलाई मार्क्सवादी बन्न प्रेरित गरेको पाइन्छ । आफ्नै अध्ययन विश्लेषणबाट उनी ने.क.पा. चौममा आबद्ध भएको देखिन्छ । वि.सं. २०४२ सालको निर्वाचनमा ने.क.पा. चौमको निर्देशन बमोजिम जनपक्षीय उम्मेदवार पद्मरत्न तुलाधरको पक्षमा प्रचार प्रसारमा सरिक हुँदै खुलेर पहिलो पल्ट वामपन्थीको रूपमा उनी परिचित हुन पुगे । उनी बाल्यकालदेखि नै समाजमा भएगरेका अन्यायपूर्ण शोषण र थिचोमिचोप्रति आक्रामक हुने गरेको पाइन्छ । व्यक्तिगत जीवनमा प्रायः कसैसित कहिल्यै नरिसाएका हरिगोविन्द लुइँटेल समाजमा बलियाले निर्धामाथि गर्ने शोषणका विरुद्ध आक्रामक हुने गरेको बताउँछन् । व्यक्तिगत स्वार्थभन्दा गरिब दुःखीको लागि केही गर्नुपर्छ भन्ने सानैदेखिको मान्यता उनमा थियो । मार्क्सवादभित्र सर्वहारा र अन्य सवै वर्गको मुक्ति सम्भव छ भन्ने बुझाइ रहेकोले उनी कम्युनिष्ट पार्टीमा आकर्षित भएको देखिन्छ । जाली, फटाहा, किर्तेकागज गर्ने, हेपाहा प्रवृत्ति भएका मानिसको विरोधमा अग्रपङ्क्तिमा रहेर तिनीहरूको विरोधमा उठ्दा उनीहरू रिसाए पनि गलत मानिस रिसाएकोमा खुसी नै लाग्ने उनी बताउँछन् ।

उनमा रहेको इमान्दारिता, रुचि र क्रियाशीलताका कारण उनले विभिन्न राजनीतिक मोर्चामा काम गरेको देखिन्छ । लुइँटेल उपयुक्त वैचारिक दृष्टिकोणलाई आत्मसात गर्दै प्रगतिवादी साहित्य एवम् समालोचनाका क्षेत्रमा हालसम्म क्रियाशील रहेका छन् । त्यसैले लुइँटेलको राजनीतिक विचार पनि यसको सापेक्षमा अगाडि बढेको पाइन्छ । यसरी हरिगोविन्द लुइँटेललाई २०३८/०३९ सालबाट मार्क्सवादी प्रगतिशील राजनीतिमा रुचि बढ्न थालेको पाइन्छ । २०४२ तिर नेकपा चौमको काठमाडौं जिल्ला कमिटी सदस्य रहेर राजनीतिक साङ्गठनिक जीवनमा सक्रिय देखिन्छन् । २०४२ साल पछाडि सांस्कृतिक मोर्चामा रायन र पारिजातसँग **वेदना सांस्कृतिक परिवार**मा रहेर काम गरेको बुझिन्छ । २०४४ देखि ०४९ सालसम्म पार्टीको वैधानिक सांस्कृतिक मोर्चा इसासको संस्थापक महासचिव भएर काम गरेको पाइन्छ । वि.सं. २०४६ सालमा ने.क.पा. चौ.म.को काठमाडौं जिल्ला कमिटी सदस्य रहेर जिम्मेवारीपूर्वक काम गरेको पाइन्छ । २०४६ सालमा जनआन्दोलनको समयमा संयुक्त वाममोर्चा र नेपाली काङ्ग्रेसको कार्यक्रम लागु गर्ने, आन्दोलनको स्वरूपको डिजाइन गर्ने जस्ता कामको जिम्मा बोकेको उपत्यका एक्सन कमिटीमा रहेर सक्रियता देखाएको पाइन्छ । निरङ्कुशताका विरुद्ध लेखक, कलाकार, शिक्षक मोर्चाको तर्फबाट सक्रियताका देखाएको पाइन्छ । २०४६ सालको आन्दोलनको सफलतासँगै निर्मल लामा नेतृत्वको ने.क.पा. चौ.म.को केन्द्रीय वैकल्पिक सदस्य, प्रचण्डको नेतृत्वको ने.क.पा. मशाल र रूपलाल विश्वकर्माको नेतृत्वको सर्वहारावादी श्रमिक सङ्गठनको एकतापछि बनेको ने.क.पा. एकताकेन्द्रमा क्षेत्रीय सदस्य भएर कार्य गरेको देखिन्छ । २०४८ सालमा चितवनमा सम्पन्न पार्टी महाधिवेशनमा बहुमत केन्द्रीय सदस्यबाट तत्काल सशस्त्र आन्दोलन गर्ने भन्ने प्रस्ताव पास भएकोले सो मतमा सहमत हुन नसकी साङ्गठनिक राजनीतिक जीवनको अन्त्य गर्दै कम्युनिष्ट पार्टीभित्र वैचारिक काम कम भएको अवस्थामा राज्यसत्ता सुम्पे पनि कुनै काम गर्न सकिँदैन भन्ने ठानी बौद्धिक र वैचारिक काम अगाडि बढाउन विचार अन्तर्क्रियामुखी **मूल्याङ्कन** मासिक पत्रिका सञ्चालन गरेको पाइन्छ । २०६२-०६३ सालको दोस्रो जनआदोलनमा पार्टीहरूलाई सक्रिय तुल्याउन, पार्टीहरू एकतावद्ध र बलियो तुल्याउन उर्जा प्रदान गर्न नागरिक आन्दोलनको तर्फबाट “लोकतान्त्र र शान्तिको लागि नागरिक आन्दोलन” २०६२-०६३ मा सङ्लग्न भएको पाइन्छ । राजनीतिक रूपले काम

गर्न जरुरी खुकुलो मोर्चाको जरुरत ठानेर २०५४ मा श्याम श्रेष्ठको नेतृत्वमा 'समाजवादी आन्दोलन नेपाल' गठन गरी यसमा केन्द्रीय संयोजन समिति सदस्यको रूपमा चार वर्ष सक्रिय रहेर काम गरेको देखिन्छ । छ वर्षपछि यो समिति पूरै निष्कृय रह्यो । (शोधनायकबाट प्राप्त जानकारी अनुसार) । सङ्गठनमा सक्रिय नरहेपनि २०६३ देखि नै उनले नेकपा माओवादी पार्टीलाई खुलेरै सहयोग गर्न थालेका थिए । २०६४को संविधानसभा चुनावमा उनले नेकपा माओवादीलाई नै सक्रिय सहयोग गरेका थिए । २०६५ मा उनले पुनः पार्टी प्रवेश गरे । उनी एनेकपा माओवादीको केन्द्रीय प्रचार ब्यूरो सदस्य, प्रचार राज्यसमिति सदस्य र केन्द्रीय सल्लाहाकारको रुपमा हाल सक्रिय छन् । (शोधनायकबाट प्राप्त जानकारी अनुसार)

यसरी लुइँटेल प्रायः जसो राजनीतिक सङ्गठन, सङ्घर्ष र गतिविधिमा सङ्लग्न भएको पाइन्छ ।

### ३.६.४ अन्य व्यक्तित्व

हरिगोविन्द लुइँटेलको साहित्येतर व्यक्तित्वका विभिन्न पाटाहरूमध्ये व्यावसायिक व्यक्तित्व पनि महत्त्वपूर्ण पाटोको रूपमा रहेको पाइन्छ । जीवन निर्वाहका लागि हरेक व्यक्ति कुनै न कुनै व्यवसायसँग सम्बद्ध रहेकै हुन्छ । लुइँटेलले पनि पेशा-व्यवसायका रूपमा विभिन्न पेशा व्यवसाय गर्दै आएको देखिन्छ ।

लुइँटेलले वि.सं. २०३५ देखि ०३६ को अन्तसम्म करिब डेढ वर्ष चितवन को.ई. भन्ने निजी कम्पनीमा जागिरे जीवन बिताए भने २०३७ मा स्थानीय विकास मन्त्रालयमा स्थायी ओभरसियर पदमा सरकारी जागिरमा प्रवेश गरे । आठ-नौ महिनापछि उनी सार्वजनिक निर्माण शाखा, काठमाडौंमा सरुवा भए । वि.सं. २०४२ सालमा उनले सरकारी जागिर छाड्ने निर्णय गरी शिक्षण पेशामा आउने निधो गरी सिद्धार्थ वनस्थली, बालाजुमा अध्यापन कार्य गर्न थाले । २०४७ सम्म उनी त्यहाँ रहे । त्यसपछि उनी २०४८ सालबाट **मूल्याङ्कन**मा आवद्ध भए । कहिल्यै पैसालाई महत्त्व नदिँदै उनी सानैदेखिको रुचिको विषय समाज सेवा, साहित्य रचना र पत्रकारिताको क्षेत्रमा क्रियाशील देखिन्छन् ।

## ३.७ लुइँटेलको जीवनी, व्यक्तित्व र साहित्य सिर्जनाकाबीच सम्बन्ध

मानिस स्वभावैले सामाजिक, राजनीतिक, परिवेशबाट प्रभावित हुन्छ । आफ्नो सम्वेदनशीलता र जीवन भोगाइको विविध अनुभवले एउटा प्रतिभावान क्षमता भएको व्यक्तिको प्रतिभा प्रस्फुटन हुन सक्छ । नेपाली जनजीवनका विविध परिवेशहरू मध्ये सामाजिक, राजनीतिक परिवेशले प्रभावित लुइँटेलको पहिलो प्रभाव साहित्यमा देखा पर्‍यो । चिन्तनशील व्यक्तित्वको कारण साहित्यबाट राजनीतिक सम्वेदना बढ्यो र उनको जीवनको सार साहित्य र राजनीतिप्रतिको कर्तव्यवोध हो । उनलाई आध्यात्मिक, बौद्धिक, सामाजिक राजनीतिक परिवेशले साहित्यकार व्यक्तिको रूपमा प्रस्तुत गरेको छ । प्रारम्भदेखि नै प्रगतिवादी साहित्य र संस्कृतिको निमार्णमा सक्रिय यिनी अन्य व्यक्तित्वको तुलनामा सर्जक व्यक्तित्वको रूपमा स्थापित छन् । साहित्य सिर्जनाकै क्षेत्रमा रहेर नेपालको वामपन्थी आन्दोलनलाई योगदान दिन चाहने यिनको साहित्य सिर्जना र राजनीतिक चिन्तनका बीच अन्योन्याश्रित सम्बन्ध देखिन्छ । सामाजिक, राजनीतिक चिन्तनले साहित्य सिर्जनाका लागि आधार सामग्री प्रदान गरेको देखिन्छ । यिनको सर्जक व्यक्तित्वका विविध पाटा मध्ये कवि व्यक्तित्वमा अब्बल ठहरिएका छन् । यस बाहेक निबन्धकार व्यक्तित्व पनि कम उर्वर छैन । यी विविध व्यक्तित्वका पक्षलाई सघाउ पुऱ्याउनमा उनी उभिएको परिवेशको महत्त्वपूर्ण हात छ । अन्ततः हरिगोविन्द लुइँटेलको जीवनी, व्यक्तित्व र साहित्य सिर्जनाका बीच एक अर्काको प्रभाव र घनिष्ठ सम्बन्ध रहेको स्वतः पुष्टि हुन्छ ।

## ३.८ निष्कर्ष

हरिगोविन्द लुइँटेलको व्यक्तित्वका विभिन्न पाटाहरूको अध्ययन गर्दा उनको साहित्यिक व्यक्तित्व र त्यस अन्तर्गत पनि कवि र कथाकार व्यक्तिव नै प्रभावशाली रहेको निष्कर्ष प्राप्त हुन्छ । वि.सं. २०२५ मा कविता लेखनको आरम्भ गरेको भए पनि २०३१ सालमा 'विकासको प्रश्न' निबन्ध प्रकाशन गरेर उनले औपचारिक रूपमा सिर्जनाका क्षेत्रमा प्रवेश गरेको देखिन्छ । 'लुइँटेल जीवन जीवन्त'का रूपमा **अभिव्यक्ति** पत्रिकामा २०३७ मा कविता छपाएर र २०३७ मै **स्रोतश्वनी** पत्रिकामा 'ममता' कथा छपाएर उनी खुला प्रकाशनका क्षेत्रमा उदाएको देखिन्छ । साहित्यका अतिरिक्त उनलाई वामपन्थी राजनीतिमा आकृष्ट गराउने कारक तत्त्व पनि साहित्य नै रहेको देखिन्छ । राजनीतिक एवम् सामाजिक क्रियाकलापमा लुइँटेलले सक्रियता देखाउँदै आएका छन् । लुइँटेल सामाजिक क्षेत्रमा क्रियाशील हुँदै साहित्यिक तथा वैचारिक राजनीतिमा समेत क्रियाशील रहेका देखिन्छन् ।

उनको साहित्यिक रचनामा सस्तो मनोरञ्जन नभएर गरिब तथा विपन्न वर्गप्रति सहानुभूतिसहित व्यङ्ग्य प्रधानता देखिन्छ । सामाजिक, सांस्कृतिक, राजनीतिक विसङ्गतिका विरुद्ध उनी स्तम्भ लेखनको माध्यमबाट प्रहार गर्दछन् । लुइँटेल एक सचेत स्रष्टाको रूपमा चिनिएका छन् । उनले जनप्रशासन क्याम्पस जमलबाट एम.पी.ए सम्मको अध्ययन पूरा गरिसकेका छन् । हाल साहित्य रचना, समाजसेवाका अतिरिक्त मूल्याङ्कन प्रकाशन गृहको अध्यक्ष रहेर काम गरेको पाइन्छ । गोरखापत्रको कार्यकारी अध्यक्ष समेतको जिम्मेवारीमा उनी छन् । यसरी कवि, कथाकार, निबन्धकार, समीक्षक, सम्पादक, स्तम्भकार, नाटककार, भूमिका लेखक, साहित्यिक वार्ताकार, सांस्कृतिक व्यक्तित्व आदि साहित्यिक र साहित्येतर व्यक्तित्वका पाटाहरू लुइँटेलमा विद्यमान रहेको पाइन्छ । उनका तीन कृति ‘ढेडु बाँदर’, ‘समय र पोखरी’, ‘निर्माणाधीन कविता’ प्रकाशित पुस्तकाकार कृति हुनुका साथै कविता, कथा, निबन्ध स्तम्भ जस्तै थुप्रै रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । यसरी उनको व्यक्तित्वको एक महत्त्वपूर्ण पाटो प्रकाशन वा सम्पादन नै रहेको देखिए तापनि नागरिक समाजको तर्फबाट राजनीतिक पार्टीलाई सक्रिय र मजबुत बनाउनुका साथै लेखनका माध्यमबाट पर्दा रङ्गमञ्चलाई पनि चनाखो बनाउने समीक्षक व्यक्तित्व उनमा उल्लेख्य रहेको निष्कर्ष प्राप्त हुन्छ ।

# परिच्छेद चार
# हरिगोविन्द लुइँटेलको कृतित्वको अध्ययन

## ४.१ परिचय

हरिगोविन्द लुइँटेलले नेपाली भाषा र साहित्यका विभिन्न विधामा कलम चलाएका छन् । मूलतः लुइँटेल कथाकारका रूपमा स्थापित व्यक्तित्व हुन् । यद्यपि उनले कविता, सांस्कृतिक निबन्ध, समीक्षा, एकाङ्की नाटक, यात्रा संस्मरणका क्षेत्रमा पनि हात हालेका छन् । कथा, कविता र निबन्ध विधालाई सन्तुलित ढङ्गबाट संयोजित गरेर सशक्त रूपमा सम्प्रेषण गर्दै आएका प्रतिभा हुन् उनी । उनले साहित्यलाई समाजलाई बुझ्ने एउटा विशुद्ध र प्रभावकारी माध्यम बनाएर पाठकसमक्ष आफ्ना रचना पस्किरहेका छन् । एउटै विधामार्फत् सबै कुरा भन्न सकिन्न । कतिपय कुरा कथाबाट व्यक्त गर्न सकिन्छ भने कतिपय कुरा कविता, निबन्ध लगायतका विधाहरूबाट । उनी आफूले कथा, कविता र निबन्ध लेख्नुको कारण यसरी खोल्छन् - "कथामा पाठकलाई तान्न सकिने क्षमता अरु विधामा भन्दा बढी हुन्छ । कथामा धेरै कुरा भन्न सकिन्छ, गहिरो अनुभूति र सूचना दिलाउन सकिन्छ । त्यसो हुनाले मैले कथालाई पहिलो प्राथमिकतामा राखेको हुँ । कथामा भन्न नसकिने कुरा कवितामा भन्न सकिन्छ । दुईवटैमा भन्न नसकिने कुरा निबन्धमा भन्न सकिन्छ ।" नेपाली पर्दामा हिन्दी फिल्मको प्रभाव बढेको समयमा यस क्षेत्रमा व्यापारीको मनोमानी नबढोस् भन्ने मनसायले उनले पर्दा-रङ्गमञ्चको समीक्षामा हात हालेका हुन् । (शोध नायकबाट प्राप्त जानकारी अनुसार)

यसरी प्रगतिवादी नेपाली साहित्याकाशमा उदाएका हरिगोविन्द लुइँटेलको साहित्यिक यात्रा बहुआयामिक छ । उनले नेपाली साहित्यमा कथा, कविता, निबन्ध र समालोचना क्षेत्रमा कलम चलाएका छन् ।

## ४.२ प्रेरणा र प्रभाव

हरिगोविन्द लुइँटेलले आफ्नो पारिवारिक वातावरणबाट प्रेरणा र प्रभाव ग्रहण गरेको पाइन्छ । घरायसी बौद्धिक आध्यात्मिक वातावरणले उनलाई साहित्यप्रति अग्रसर गराएको हो । पिता शिक्षकका साथै आध्यात्मिक प्रवृत्तिका भएकै कारण घरमा संस्कृत

साहित्यको चर्चाले उनलाई सानैदेखि प्रभावित तुल्यायो । उनलाई आफूले सुनेको आध्यात्मिक प्रवचनले पनि कवितातर्फ रुचि जगाएको देखिन्छ । आध्यात्मिक रूपमा गाइने भजन किर्तनले बालमस्तिष्कमा गहिरो प्रभाव जमाएकोले पनि उनी सानैबाट कविता सिर्जनातर्फ आकर्षित हुन पुगे । दस-बाह्र वर्षको उमेरदेखि नै धेरै कविता लेख्ने कार्यमा उनमा आन्तरिक प्रेरणाको साथै बाह्य प्रभाव समेत देखिन्छ । सानैदेखि साहित्यलाई बडो चाखपूर्ण ढङ्गले पढ्ने बानी र लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, धरणीधर कोइराला, भूपि शेरचन जस्ता स्रष्टाका रचनाहरू पढेर आफू पनि यस्तै लेख्न सके कस्तो हुन्थ्यो होला भनी विस्तारै लेखनमा हात हालेको पाइन्छ । त्यसै गरी अन्तर्राष्ट्रिय ख्याति प्राप्त साहित्यकारहरू - शेक्सपियर, गेटे, प्रेमचन्द्र, लुसूनका जीवनी र रचनाहरूबाट पनि उनी प्रभावित र प्रेरित रहेको बताउँछन् । (शोधनायकबाट प्राप्त जानकारी अनुसार) ।

## ४.३ सिर्जनारम्भ र क्रियाशीलता

आन्तरिक तथा बाह्य प्रभाव र प्रेरणाबाट साहित्यतर्फ आकर्षित भएका हरिगोविन्द लुइँटेल सानैदेखि साहित्य रचनातर्फ उत्प्रेरित रहेका छन् । दश-बाह्र वर्षको उमेरबाटै उनलाई कविता लेखनतर्फ आकर्षण बढ्यो । सानै उमेरमा कविताका चाङ लेखेर पनि उनी आफैं असन्तुष्ट रहेका पाइन्छन् । आभ्यासिक कविता लेखन कार्य माध्यमिक तहको अध्ययनका क्रममा टुट्न गई निबन्ध विधा अगाडि बढेको पाइन्छ । वि.सं. २०३७ सालमा कविता तथा निबन्ध लेखन बाहेक कथा विधामा पनि कलम चलेको देखिन्छ । त्यस्तै हास्यव्यङ्ग्य, नीतिसंस्कृतिसम्बन्धी निबन्ध, नाटक, एकाङ्की तथा पर्दा-रङ्गमंच समीक्षामा समेत कलम चलाएको पाइन्छ । (शोधनायकसँगको कुराकानीको आधारमा)

यसरी कविताबाट आभ्यासिक लेखन सुरु भएको लुँइटेलको लेखनी कविता, कथा, निबन्ध (संस्मरणात्मक, वैचारिक, सांस्कृतिक, हास्यव्यङ्ग्य) नाटकसम्म फैलिएको पाइन्छ । सानैबाट कविता लेख्ने कार्यमा बत्तीसपाने कापीमा एक डेढ पेज लामा कविता लेखेर चालीस वटा जति कविता लेखेको बताए पनि हाल ती अप्राप्त छन् । ती 'वसन्त, देश, हाम्रो कर्तव्य' जस्ता कविता थिए । उनका सुरुमा लेखिएका कविता २०४६ सम्म रहेका भए तापनि प्रहरी खानतलासीको त्रासका क्रममा हराएर गएका छन् । पद्य लेखन कार्यले गति लिइराखेको समयमा उनको लेखनी गद्यतर्फ

मोडियो । परोपकार आदर्श मा.वि. भीमसेनस्थानमा माध्यमिक तहको अध्ययनका क्रममा निबन्ध विधाले गति लिन थाल्यो । यसरी पद्यबाट सुरु भएको उनको साहित्य सिर्जनाको क्रियाशीलता विभिन्न विधामा विस्तारित हुने क्रम अघि बढ्यो । उनले समालोचनात्मक लेखनमा पर्दा-रङ्गमञ्चमा पनि कलम चलाउँदै छन् भने नीति संस्कृति सम्बन्धी विषयमा पनि विभिन्न पत्रपत्रिकामा निबन्ध प्रकाशित गर्दै कलम चलाएको पाइन्छ । त्यस्तै व्यङ्ग्य लेखन कार्यमा स्तम्भ चलाउँदै आएको पाइन्छ । कथा, कविता, निबन्ध (संस्मरणात्मक, वैचारिक, सांस्कृतिक), हास्यव्यङ्ग्य, नाटक, स्तम्भ विधामा उनले कलम चलाउँदै आएको देखिन्छ । यसरी साहित्यका विविध विधामा कलम चलाउने हरिगोविन्द लुइँटेलको प्रकाशनको औचपारिक आरम्भ भने निबन्ध विधाबाट भएको पाइन्छ । साहित्यका विभिन्न विधामा कलम चलाउँदै आएका उनको विधागत औपचारिक आरम्भ निबन्ध - 'विकासको प्रश्न' (२०३१) 'परोपकार', कथा - 'ममता' (२०३७) 'स्रोतश्वनी', कविता- 'लुइँटेल जीवन जीवन्त' (२०३७) 'अभिव्यक्ति' पत्रिकाबाट भएको मानिन्छ । त्यस्तै नीति संस्कृति सम्बन्धी निबन्ध - 'जब नेताहरुलाई एकता घाँडो लाग्न थाल्छ' (२०५०, ११ : १४) 'मूल्याङ्कन' मासिक, हास्यव्यङ्ग्य - 'भगवान र कम्युनिष्टको साँठगाँठ मूर्दावाद' (२०४९ असार २६) 'मूल्याङ्कन' मासिक, पर्दा समीक्षा - 'फिल्म : अमिताभ बच्चनहरुको मान्यता' (२०४८ : १०:२) 'मूल्याङ्कन' मासिक, नाटक एकाङ्की 'उपचार' (२०४७) स्थानीय ढुङ्गाअड्डा सांस्कृतिक परिवारद्वारा मञ्चन गरिएबाट भएको पाइन्छ । हालसम्म उनका 'समय र पोखरी' (कथा सङ्ग्रह), 'ढेडु बाँदर' (बालकविता सङ्ग्रह) 'निर्माणाधीन कविता' (कविता सङ्ग्रह) प्रकाशित भइसकेका छन् । 'गुञ्जमानहरू' (कथा) र 'बाको पार्टी काकाको पार्टी' (हास्यव्यङ्ग्य बालकविता : वाण साहित्य) प्रकाशोन्मुख अवस्थामा रहेका छन् । (शोधनायकबाट प्राप्त जानकारी अनुसार)

हरिगोविन्द लुइँटेल विभिन्न साहित्यिक, सांस्कृतिक सामाजिक गतिविधिका साथै 'मूल्याङ्कन', 'नवयुवा' जस्ता पत्रिका सम्पादन कार्यमा क्रियाशील रहेका पाइन्छन् ।

## ४.४ कृतित्वको विवरण

साहित्यकार हरिगोविन्द लुइँटेलको साहित्यिक यात्रा कथा, कविता, निबन्ध हास्यव्यङ्ग्य, एकाङ्की र समीक्षासम्म फैलिएको छ । अनौपचारिक लेखन कविताबाट थालिए पनि औपचारिक लेखन निबन्ध हो । परोपकार आदर्श मा.वि. भीमसेनस्थानको मुखपत्र 'परोपकार'मा (२०३१) 'विकासको प्रश्न' निबन्ध प्रकाशित भएपछि उनको औपचारिक लेखनको आरम्भ भयो । कथामा २०३७ को 'स्रोतश्वनी' पत्रिकामा 'ममता' प्रकाशित भएको र कवितामा 'अभिव्यक्ति' पत्रिकामा २०३७ तिर 'लुइँटेल जीवन जीवन्त' नामबाट छोटो कविता प्रकाशित भएको बताए पनि उनको प्रारम्भिक प्रकाशित रचना प्राप्त गर्न सकिएको छैन तापनि उनका प्राप्त रचनाहरूलाई निम्न विवरणमा प्रस्तुत गरिएको छ ।

### (अ) 'समय र पोखरी' कथा सङ्ग्रहका कथाहरूको विवरण

| क्र.सं. | कथाको शीर्षक | कथा सङ्ग्रहको नाम | पृष्ठ |
|---|---|---|---|
| १ | समय | समय र पोखरी | १ |
| २ | वनमारा झार | समय र पोखरी | २ |
| ३ | माछा र जाल | समय र पोखरी | ३ |
| ४ | कैलाशे | समय र पोखरी | ५ |
| ५ | सुस्केरा | समय र पोखरी | ७ |
| ६ | हवस् त लालसलाम | समय र पोखरी | ८ |
| ७ | वरण | समय र पोखरी | १० |
| ८ | हा ! हा ! हा ! | समय र पोखरी | १२ |
| ९ | बन्द आँखा | समय र पोखरी | १४ |
| १० | साला पेट | समय र पोखरी | १५ |
| ११ | पुरस्कार | समय र पोखरी | १७ |
| १२ | धनेको प्रेम | समय र पोखरी | १८ |
| १३ | तथाकथित | समय र पोखरी | २१ |
| १४ | भद्र विद्यार्थी | समय र पोखरी | २३ |
| १५ | सपना | समय र पोखरी | २५ |

| | | | |
|---|---|---|---|
| १६ | हिप हिप हुर्रे | समय र पोखरी | २६ |
| १७ | स्वामी देवीदास | समय र पोखरी | २८ |
| १८ | मुला बच्चुराम | समय र पोखरी | ३१ |
| १९ | जातीय पहिचान | समय र पोखरी | ३२ |
| २० | किताबका चाङ्गहरूको मृत्यु | समय र पोखरी | ३४ |
| २१ | स्वर्गजस्तो देश | समय र पोखरी | ३६ |
| २२ | यसपछि भैरव निदायो | समय र पोखरी | ३७ |
| २३ | नियमानुसार | समय र पोखरी | ३९ |
| २४ | यात्रा र दृष्यहरू | समय र पोखरी | ४० |
| २५ | देशप्रेम | समय र पोखरी | ४२ |
| २६ | सभा | समय र पोखरी | ४५ |
| २७ | सङ्कट | समय र पोखरी | ४७ |
| २८ | माड्सावहरू | समय र पोखरी | ५० |
| २९ | पुरानो साथी | समय र पोखरी | ५२ |
| ३० | पहिरन | समय र पोखरी | ५४ |
| ३१ | सयमको अन्तराल | समय र पोखरी | ५७ |
| ३२ | प्रजातान्त्रिक कार्यशैली | समय र पोखरी | ५८ |
| ३३ | पाइलाहरू | समय र पोखरी | ६१ |
| ३४ | चन्द्रेकी आमा | समय र पोखरी | ६३ |
| ३५ | कथाका पात्रहरू | समय र पोखरी | ६५ |
| ३६ | फोहर माथि | समय र पोखरी | ६७ |
| ३७ | स्तर | समय र पोखरी | ७० |
| ३८ | एघार लाख | समय र पोखरी | ७२ |
| ३९ | चोर र चाकडी | समय र पोखरी | ७४ |
| ४० | महिला संगठन-मूर्दावाद | समय र पोखरी | ७७ |
| ४१ | बेरोजगारी | समय र पोखरी | ७९ |
| ४२ | नातिनी र हजुरबा | समय र पोखरी | ८४ |
| ४३ | अड्डाभित्रको बहुदल | समय र पोखरी | ८६ |

| | | | |
|---|---|---|---|
| ४४ | आइते गुट र मङ्गले गुट | समय र पोखरी | ८९ |
| ४५ | प्रगतिशील पुरोहित संगठन | समय र पोखरी | ९१ |
| ४६ | जसन्तो र पिरिमा | समय र पोखरी | ९२ |
| ४७ | पोखरी | समय र पोखरी | ९४ |
| ४८ | सत्यको आतंक | समय र पोखरी | ८१ |

## (आ) 'ढेडु बाँदर' बालकविता सङ्ग्रहका कविताहरूको विवरण

| क्र.सं. | शीर्षक | सङ्ग्रहको नाम | पृष्ठ |
|---|---|---|---|
| १ | ढेडु बाँदर | ढेडु बाँदर | ६ |
| २ | नजाऊ टाढा भँगेरी | ढेडु बाँदर | ८ |
| ३ | सानी बैनी फुरौली | ढेडु बाँदर | १० |
| ४ | लालुले खायो आलु | ढेडु बाँदर | १२ |
| ५ | टि.भि. ज्यादा हेरेर | ढेडु बाँदर | १४ |
| ६ | मेरो साथै बैकुण्ठे | ढेडु बाँदर | १६ |
| ७ | हाम्रो कुले खानी | ढेडु बाँदर | १८ |
| ८ | हट् हट् हात्ती | ढेडु बाँदर | २० |
| ९ | यस्तो र उस्तो | ढेडु बाँदर | २२ |
| १० | बादल | ढेडु बाँदर | २४ |
| ११ | काठको घोडा | ढेडु बाँदर | २६ |
| १२ | पढ् पढ् पढ् | ढेडु बाँदर | २८ |
| १३ | ड्याडी र चुरोट | ढेडु बाँदर | ३१ |
| १४ | असिना | ढेडु बाँदर | ३२ |
| १५ | चिडियाखाना | ढेडु बाँदर | ३४ |
| १६ | हाम्रो बन | ढेडु बाँदर | ३७ |

| | | | |
|---|---|---|---|
| १७ | पिकनिक | ढेडु बाँदर | ३८ |
| १८ | साथी | ढेडु बाँदर | ४१ |
| १९ | इमेल | ढेडु बाँदर | ४२ |
| २० | सुनको दिन | ढेडु बाँदर | ४४ |

**(इ) 'निर्माणाधीन कविता' सङ्ग्रहका कविताहरूको विवरण**

| **क्र.सं.** | **कविताको शीर्षक** | **सङ्ग्रहको नाम** | **पृष्ठ** |
|---|---|---|---|
| १ | एउटा किसानको आत्मालोचना | निर्माणाधीन कविता | ८ |
| २ | निर्माणाधीन कविता | निर्माणाधीन कविता | १० |
| ३ | पारिजातहरू | निर्माणाधीन कविता | १३ |
| ४ | ग्यालिलियो र पादरीहरू | निर्माणाधीन कविता | १५ |
| ५ | सान्नानी घर्ती मगरको नयाँ विहान | निर्माणाधीन कविता | १७ |
| ६ | रिमालकी आमासँग | निर्माणाधीन कविता | २० |
| ७ | हामीहरू | निर्माणाधीन कविता | २३ |
| ८ | साथी सन्तबहादुरलाई जवाफ | निर्माणाधीन कविता | २५ |
| ९ | बजारमा बुद्ध | निर्माणाधीन कविता | २८ |
| १० | शान्ति र सुरक्षा | निर्माणाधीन कविता | ३० |
| ११ | धस्कान | निर्माणाधीन कविता | ३२ |
| १२ | कवि गोरख पाण्डेयसँग | निर्माणाधीन कविता | ३५ |
| १३ | ब्वाँसो | निर्माणाधीन कविता | ३७ |
| १४ | मेरा पीडाहरू | निर्माणाधीन कविता | ३८ |

| | | | |
|---|---|---|---|
| १५ | म र निरो | निर्माणाधीन कविता | ४० |
| १६ | आजको प्रश्न | निर्माणाधीन कविता | ४२ |
| १७ | भृकुटी मण्डपभित्रको रेल | निर्माणाधीन कविता | ४४ |
| १८ | आत्मबोध | निर्माणाधीन कविता | ४६ |
| १९ | दृष्टिकोण | निर्माणाधीन कविता | ४८ |
| २० | मौलिकता | निर्माणाधीन कविता | ५० |
| २१ | हिसाब-किताबको कविता | निर्माणाधीन कविता | ५१ |
| २२ | सर्प | निर्माणाधीन कविता | ५४ |
| २३ | मेरो गाउँमा पनि बर्लिन पर्खाल ढल्यो | निर्माणाधीन कविता | ५५ |
| २४ | कवि/समालोचक | निर्माणाधीन कविता | ५८ |
| २५ | वास्तवमा | निर्माणाधीन कविता | ५९ |
| २६ | एउटा फरक नारा | निर्माणाधीन कविता | ६० |
| २७ | जिउ र तौलको बस्ती | निर्माणाधीन कविता | ६१ |
| २८ | ड्राइभरको कविता | निर्माणाधीन कविता | ६५ |
| २९ | सपनाको तिर्सना | निर्माणाधीन कविता | ६८ |
| ३० | मदन भण्डारीको दोस्रो हत्या | निर्माणाधीन कविता | ७१ |
| ३१ | एउटा अर्कै कालापानीको कविता | निर्माणाधीन कविता | ७३ |
| ३२ | तेर्स्रो ट्यांकी | निर्माणाधीन कविता | ७६ |
| ३३ | बच्चा | निर्माणाधीन कविता | ७९ |
| ३४ | वृक्षरोपणबारे सूचना | निर्माणाधीन कविता | ८० |

| | | | |
|---|---|---|---|
| ३५ | मैले चाहेको देश | निर्माणाधीन कविता | ८२ |
| ३६ | चप्पलहरू | निर्माणाधीन कविता | ८४ |
| ३७ | स्रष्टाको आन्दोलन | निर्माणाधीन कविता | ८७ |

## (ई) हरिगोविन्द लुइँटेलका फुटकर कथाहरूको विवरण

| क्र.सं. | शीर्षक | पत्रिका/स्थान | वर्ष/अङ्क पूर्णाङ्क | प्रकाशन वर्ष |
|---|---|---|---|---|
| १ | अपाङ्ग | गोरखापत्र | ८०/२५२ | २०३७ माघ ४ |
| २ | दृष्टिकोण | मधुपर्क | | २०३७ फागुन |
| ३ | युगबोध | गोरखापत्र | ८१/३९ | २०३८ जेठ ३१ |
| ४ | छ छ । छैन छैन । | मधुपर्क | | २०३९ पुस |
| ५ | हराएको मान्छे | गोरखापत्र | ८२/२६९ | २०३७ माघ |
| ६ | शहर र सापटी | उत्साह | | २०४० वैशाख |
| ७ | स्थिति-परिस्थिति | गोरखापत्र | ८३/२१७ | २०४० पुस |
| ८ | मौसम | गोरखापत्र | ७/२ | २०४१ असार |
| ९ | हा. ह. | दीपिका | ७/२ | २०४१ पुस |
| १० | तीन घण्टे युद्ध | मधुपर्क | १९/४/२०० | २०४३ भदौ |
| ११ | अलग अलग ठाउँमा बसेका गुञ्जमानहरू | केही प्रगतिशील प्रतिभाहरू | | २०४५ |
| १२ | नदीको कथा (लघुकथा) | इन्द्रेणी साहित्य | १/ | २०४६ फागुन |
| १३ | नयाँ बजारको इन्द्रमानको छोरो | प्रस्फुटन | १/१ | २०४८ फागुन |
| १४ | सस्तो सौदा | उत्साह | | २०५४ वैशाख |
| १५ | डाँडा गाउँमा च्याउ खेती एक सम्भावना एक चुनौति | प्राज्ञिक संसार | | २०५४ असार |
| १६ | सेल र देश | साहित्य सन्ध्या | | २०५७असोज/ मंसिर |
| १७ | विमोचन | साहित्य सन्ध्या | १/६/६ | २०५८ वैशाख |
| १८ | सत्य बोल्ने रोग | साहित्य सन्ध्या | पूर्णाङ्क १० | २०५८ भदौ |
| १९ | मृत्युको स्तर | साहित्य सन्ध्या | १/११/११ | २०५८ असोज |

| | | | | |
|---|---|---|---|---|
| २० | बदला (भावानुवाद) | प्रतिभा | २०/१ | २०५० असार |
| २१ | हे ! भगवान | लहर साहित्यिक द्वैमासिक | | - |

## (उ) हरिगोविन्द लुइँटेलका फुटकर कविताहरूको विवरण

| क्र.सं. | शीर्षक | पत्रिका/स्थान | वर्ष/अङ्क पूर्णाङ्क | प्रकाशन वर्ष |
|---|---|---|---|---|
| १ | शिवे | नव आलोक | १/२ | २०५६ असार/साउन |
| २ | काजिमानको कविता | प्रलेश | १/२ | २०५० |
| ३ | सात 'वास्तवमा' हरू | यात्रा | | २०४१ |
| ४ | गाउँका मित्रहरूसँग | जनआस्था साप्ताहिक | | २०५१ फागुन २४ |
| ५ | बुद्धको जन्मभूमि | राजधानी दैनिक | | २०५९ साउन २५ |
| ६ | साथी अक्करबहादुर र साथी मक्करवबहादुरसँग | प्रकाश साप्ताहिक | १२/६ | २०५० पुस १९ |
| ७ | प्राइभेट कवि | हाम्रो सिर्जना | २/३ | ०६३ वैशाख |
| ८ | तीन छोटा कविताहरू<br>प्रजातन्त्र<br>रामबन्ने चाहना<br>काग | फित्कौली | १/१ | २०६२ भदौ |
| ९ | पाँचथान कविताहरू<br>)आदेश<br>)कतारोको कविता<br>)हिंस्रक पंक्षीहरूका बीच<br>)तात्पर्य<br>)चम्चाको कविता | मधुपर्क (हास्यव्यङ्ग्य अङ्क) | | २०४२ भदौ |
| १० | प्रजातन्त्र | नौलो कोसेली | | २०५० असोज |
| ११ | हाम्रो बाको पार्टी हाम्रो काकाको पार्टी | साप्ताहिक विमर्श | २१/२९ | २०४८ फागुन १६ |
| १२ | भूपी र धूपी | | | |

| | | | | |
|---|---|---|---|---|
| १३ | गधा | | | |
| १४ | बाँदर | | | |
| १५ | राणा शासन | | | |
| १६ | भाग्य | | | |
| १७ | देशको माया | | | |
| १८ | काका र कविता | | | |
| १९ | दाजुभाइ | | | |
| २० | हनुमान | | | |
| २१ | ईश वन्दना | | | |
| २२ | दशैं | | | |
| २३ | विहानी भयो | | | |
| २४ | हाम्रो परम्परा | | | |
| २५ | छ्यालीस सालमा | नवयुवा | ३/२७ | ०५५ कार्तिक |
| **अप्राप्त कविताहरू** | | | | |
| १ | ड्याडीको कविता | | | |
| २ | मम्मीको कविता | | | |
| ३ | धमेन्द्रको मम्मीको कविता | नौलो कोसेली | | |
| ४ | वास्तवमा रमाइलो ठाउँ त गाउँ नै हो | विचार (रत्न राज्य क्याम्पस, स्ववियु मुखपत्र) | | |
| ५ | विदेश जाने वाचा | | | |

(शोधनायकबाट प्राप्त जानकारी अनुसार)

## (ऊ) हरिगोविन्द लुइँटेलको हास्यव्यङ्ग्य निबन्ध

| | | | | |
|---|---|---|---|---|
| १ | नयाँ प्रयोग समालोचनाको क्षेत्रमा | मधुपर्क | १६/११ | २०४० चैत |

## ४.५ हरिगोविन्द लुइँटेलको विधागत साहित्यिक यात्रा

साहित्यकार लुइँटेलको साहित्यिक यात्राको अनौपचारिक थालनी कविता विधाबाट भएको हो भने औपचारिक थालनी निबन्धबाट भएको हो । उनले साहित्यिक यात्राको थालनी कविताबाट गरे पनि बीचमा निबन्ध तथा कथा विधाले ठाउँ लिएको पाइन्छ । २०३७/०३८ देखि थालनी भएको कथा विधाले फुटकर रचनाका साथै २०५६ सम्म आउँदा 'समय र पोखरी' नामक छोटा कथाको सङ्ग्रह मात्र प्रकाशित भएको छ र 'गुञ्जमानहरू' (कथा) सङ्ग्रह प्रकाशनको प्रतिक्षामा छ । यस्तै फुटकर कथाहरू यी हुन् - 'अपाङ्ग' (२०३७), 'युगबोध' (२०३८), 'हराएको मान्छे' (२०३९), 'स्थिति-परिस्थिति' (२०४०), 'मौसम' (२०४१), 'तीनघण्टे युद्ध' (२०४३) । यस्तै अन्य केही कथाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । लुइँटेलको 'समय र पोखरी' (२०५६) लघुकथा सङ्ग्रहमा सङ्गृहित अठचालीस कथा छन् । कथाकारका प्रकाशित कथाहरूमा देशभक्ति, राजनीतिप्रति व्यङ्ग्य, मान्छेको स्वार्थीपना, सामाजिक कुरीति, जीवन भोगाइका क्षणहरू तथा मानवता, शिक्षा, सामन्ती हैकम, पुँजीवादी शोषण, तस्करी, प्रेम लगायतका विषयवस्तु समेटिएका छन् ।

साहित्यकार हरिगोविन्द लुँइटेल साहित्यका विविध फाँटमा देखापर्ने क्रममा बालबालिका सम्बन्धी बालसाहित्यतर्फ कलम चलाउने व्यक्तित्व पनि हुन् । उनले विभिन्न पत्रपत्रिकामा फुटकर रूपमा प्रकाशित बालकविता सङ्ग्रह 'ढेडु बाँदर' (२०६१) प्रकाशित छ । यस्तै फुटकर रूपमा विभिन्न पत्रपत्रिकामा बाल साहित्यसम्बन्धी बालकथा तथा बालकविता प्रकाशित छन् । लुइँटेलका 'ढेडु बाँदर' (२०६१) बालकविता सङ्ग्रहमा वीस वटा कविताहरू सङ्गृहित छन् । कविका प्रकाशित कवितामा बालबालिकालाई सामाजिक चेतना, ज्ञान, मनोरञ्जन, अनुशासन, ज्ञान-विज्ञान, उज्यालो भविष्यको कामना आदिलाई विषयवस्तु बनाइएको छ ।

साहित्यकार लुइँटेलको साहित्य सिर्जनाको क्षेत्रमा कविताको क्षेत्र पनि निकै उर्वर देखिन्छ । २०२५/०२६ सालदेखि नै कविता लेखनको आरम्भ गरेका लुइँटेलका कविता प्रकाशन २०३६/०३७ तिरबाटै भएको बुझिन्छ । कवितालाई लेखनको अभिन्न पाटो ठान्ने साहित्यकार लुइँटेलले वि.सं. २०४० देखि २०६३ सम्मका फुटकर कविताको सङ्गालो 'निर्माणाधीन कविता' २०६३ सालमा प्रकाशित भएको हो । यसमा लुइँटेलका सैंतीस वटा साना-ठूला गद्य कविता सङ्गृहित छन् । कविका प्रकाशित अन्य

फुटकर कविता पनि छन् । प्रकाशित कविता कृतिमा आक्रोशपूर्ण भाव, विद्रोहको स्वर, सामन्ती संरचनाप्रति विरोध, परिवर्तनको आकाङ्क्षा, स्वतन्त्रता प्राप्तिको चाहना, राज्य आतङ्क र पुरातनवादप्रति व्यङ्ग्य, राजनीतिक अर्कमण्यता आदि जस्ता विषयवस्तु समेटिएका छन् ।

साहित्यकार लुइँटेलको अर्को पाटो भनेको निबन्ध हो । भैरव अर्याल, लक्ष्मीप्रसाद देवकोटाको बान्कीमा निबन्ध लेख्ने लुइँटेल अत्यन्त चोटिलो प्रहार गर्दछन् । २०३१ सालबाट उनका निबन्धहरू प्रकाशित हुन थालेका हुन् । हालसम्म निबन्ध सङ्ग्रहको प्रकाशन नभए पनि फुटकर रूपमै विभिन्न पत्र-पत्रिकामा प्रकाशित हुँदै आएका छन् । लुइँटेलको निबन्ध मध्ये परोपकार आदर्श मा.वि. भीमसेनस्थानको मुखपत्र 'परोपकार'मा प्रकाशित 'विकासको प्रश्न' (२०३१) लाई पहिलो निबन्धको श्रेय जान्छ । त्यसपछि उनका लेख, निबन्धहरु २०३९/०४० मा 'मूल्याङ्कन' साप्ताहिक छँदा र पछि 'गर्जन' साप्ताहिकमा तीन वर्षसम्म लगातार प्रकाशित छन् । 'जनएकता' साप्ताहिकमा वैचारिक निबन्ध प्रकाशित भएका पाइन्छन् भने स्वतन्त्रराज शर्माका नामबाट विभिन्न पत्र पत्रिकामा निबन्धहरू प्रकाशित छन् । २०४८ सालयता 'मूल्याङ्कन' मासिकमा चन्द्रदेव नेपालीका नामबाट उनले दर्जनौं सांस्कृतिक निबन्धहरू लेखेका छन् । सूक्ष्म दृष्टि र प्रखर वैचारिकता रहेका उनका सांस्कृतिक निबन्धहरू सामन्ती, पूँजीवादी एवम् साम्राज्यवादी विकृति र विसङ्गतिका विरुद्ध नयाँ जनवादी संस्कृतिको निर्माणका पक्षमा रहेका छन् ।

लुइँटेलको साहित्यिक लेखनको अर्को पक्ष हो- हास्यव्यङ्ग्य । उनले कविता, निबन्धमार्फत् समाजको विकृत एवम् विरूप पक्षमाथि व्यङ्ग्यवाण प्रहार गरेका छन् । 'मूल्याङ्कन', 'गर्जन', 'पृष्ठभूमि', 'जनादेश', 'जनएकता' आदि पत्रिकामा "कवि कालिदासको कलम" स्तम्भमा उनले लामो समयसम्म नियमित हास्यव्यङ्ग्य शृङ्खला लेखन गरिरहेका छन् ।

लुइँटेलले सडक नाटक/एकाङ्की पनि लेखेको पाइन्छ । उनका सडकनाटक वि.सं. २०४७ सालमा स्थानीय ढुङ्गाअड्डा सांस्कृतिक परिवारले 'उपचार' नाटक मञ्चन गरेको थियो । २०५४ सालमा कालो ऐनको विरुद्ध 'शङ्का लागेमा', 'आरोहण' र 'सर्वनाम' नाट्य समूहले मञ्चन गरेका थिए । २०५५ मा 'वेदना मासिकमा 'बाँसुरी वादक' नाटक प्रकाशित गरेको पाइन्छ । उनी नाट्य लेखन मार्फत् सामाजिक,

सांस्कृतिक, राजनीतिक विसङ्गति र विकृतिका विरुद्ध तिखो व्यङ्ग्य वाण हान्न खप्पिस देखिन्छन् । यस बाहेक थप ३/४ वटा नाट्यकृति भएको बताए पनि पाउन सकिएको छैन ।

लुइँटेल स्रष्टा व्यक्तित्व मात्र नभएर द्रष्टा व्यक्तित्व पनि हुन् । खासगरी पर्दा-रङ्गमञ्चको समीक्षातर्फ उनको विशेष चाख रहेको छ । पर्दा रङ्गमञ्चको समीक्षातर्फ थोरै मात्र गम्भीर समीक्षकहरूले कलम चलाएका छन् । हिन्दी सिनेमाको बजार रहेको नेपालमा पूँजीवादी संस्कृतिले र विकृतिले गाँजेको स्थितिमा पर्दा-रङ्गमञ्च व्यापारिक केन्द्र बनिनु हुँदैन भन्ने ठानेर यसतर्फ कलम चलाएको उनी बताउँछन् । (शोध नायकसँग लिइएको अन्तर्वार्ताका आधारमा) हिन्दी सिनेमाको प्रभावबाट निर्मित नेपाली चलचित्रले गलत संस्कृति हुर्काउन सहयोग गरिरहेको परिप्रेक्ष्यमा समीक्षा र समालोचना कम हुने र अवलोकनमै मात्र सीमित रहेको यस क्षेत्रको वस्तुवादी समीक्षा गर्ने काम लुइँटेलले गर्दै आएका छन् । विभिन्न पत्रपत्रिकामा उनका यससम्बन्धी लेख समीक्षाहरू प्रकाशित भएका छन् ।

## ४.६ नेपाली कथा सिर्जनामा हरिगोविन्द लुइँटेलको आगमन

कथा वास्तवमा विचार तथा भावनाको सञ्चारण गर्ने एउटा यस्तो पूर्ण कला हो जसले आफ्नो सानो आयतनलाई एउटा सुन्दर आकार प्रदान गरेर त्यसमा जीवन वा समाजको सजीव चित्र कोर्दछ । (श्रेष्ठ, २०५५ : १६५) यस्तो सवल साहित्यको विकास मानव सभ्यताको विकासबाट कथ्य परम्परामा विकास हुँदै आयो । लिखित रूपलाई हेर्दा नेपाली भाषाको पहिलो कथात्मक कृति शक्तिबल्लभ अर्यालको ‘महाभारत विराटपर्व’ (१८२७) देखिन आउँछ । (श्रेष्ठ, र शर्मा २०४९ : ७६) आजसम्म नेपाली कथाले धेरै गौंडा गल्छेडा पार गर्दै आएको छ । कथालाई विभिन्न विद्वान्हरूले आ-आफ्नो तरिकाले परिभाषित गर्दै आए तापनि महाकवि लक्ष्मीप्रसाद देवकोटाको “कथा एउटा सानो आँखी झ्याल हो जसबाट सारा संसार चिह्याइन्छ” भन्ने भनाइ उपयुक्त देखिन्छ । १९९० को दशकमा ‘शारदा’मा प्रकाशित ‘नासो’ (गुरूप्रसाद मैनाली) ‘मधेशतिर’ (विश्वेश्वरप्रसाद कोइराला) कथाबाट आधुनिक कथाको श्री गणेश भएको हो । वि.सं. २०२० को दशकमा आधुनिक नेपाली कथा इतिहासमा नवयुग आयो । यस अवधिमा परम्परागत लेखनका विरोधमा अनेक आन्दोलन देखापरे । ती थिए- तेस्रो आयाम, राल्फा, अस्वीकृत जमात, अमलेख, बुटपालिस आदि । यस अवधिमा

सामाजिक, आर्थिक, राजनीतिक समस्या प्रतिको दृष्टिकोण सूक्ष्म तथा व्यापक हुँदै गयो भने द्रुत गतिमा विकसित घटनाक्रम, साघुँरिदै गएको विश्व परिवेश, विद्युतीय सञ्चार माध्यमको तिब्र विकास, व्यस्त मानवीय जीवनशैली, समयको साघुरोपन, अस्तव्यस्ताको बीचमा पाठकको रुचि एवम् सौन्दर्यानुभूतिसँग एकाकार हुने कथाको स्वरूप लघुकथाको विकास भयो । २००७ सालको सङ्क्रमित राजनीतिक अवस्थासँगै नेपाली लघुकथा परम्परा विकसित हुन थाल्यो । यसै लेखनसँगै २०३० को आसपासदेखि लघुकथा लेखनमा सचेत, सामूहिक एवम् संस्थागत प्रयासको आरम्भ हुन थालेको पाइन्छ । एकातिर निरङ्कुश पञ्चायती व्यवस्थाको दमनात्मक नीति तथा अर्कोतिर पञ्चायत विरोधी चेतना र सङ्घर्षको विकास हुँदै जाँदा व्यञ्जनाका माध्यमबाट तीखो आलोचना गर्ने सामर्थ्य भएकै कारण लघुकथाले अनुकूल परिवेश प्राप्त गऱ्यो । आधुनिक नेपाली कथाको इतिहासमा प्रगतिवादी धारामा हरिगोविन्द लुइटेलको आगमन हुन्छ । लुइँटेलले वि.सं. २०३७ मा 'स्रोतश्विनी' पत्रिकामा 'ममता' कथा प्रकाशन गरेर कथाको क्षेत्रमा उदाएको पाइन्छ । साहित्यमा कविताभन्दा कथा विधा सामाजिक रूपान्तरणको बाहक हुन सक्छ भन्ने महसुस गरी क्रमशः कविता र निबन्ध लिएर साहित्याकाशमा उदाए पनि प्राथमिकता कथालाई दिएको पाइन्छ । त्यसैले पनि उनका कविताभन्दा ज्यादा कथा प्रकाशित छन् । विभिन्न फुटकर पत्रपत्रिकामा छरिएर रहेको कथाकार हरिगोविन्द लुइँटेल एकाकार भएर २०३७ देखि २०५६ सम्मका रचना सहित 'समय र पोखरी' (२०५६) अठचालीस वटा छोटा कथा लिएर उदायो ।

## ४.७ हरिगोविन्द लुइँटेलका कथाको अध्ययन

कथाकार हरिगोविन्द लुइँटेल कथाका क्षेत्रमा कविता र निबन्धभन्दा पछि देखा परेका हुन् । उनको कथा अन्य विधाको तुलनामा सशक्त रहेको पाइन्छ । उनी कथा पाठकको मन जित्न र गहिरो अनुभूति र सूचना दिन सकिने माध्यम ठान्दछन् भने विश्व परिवेश, विद्युतीय सञ्चार माध्यमको तीब्रतम विकास, व्यस्त मानवीय जीवनशैली, समयको साँघुरोपन र अस्तव्यस्तताका बीच पाठकको रुचि एवम् सौन्दर्यानुभूतिसँग एकाकार हुने विधा लघुकथा लिएर उनी देखापर्दछन् । लुइँटेल वि.सं. २०३७ 'स्रोतश्विनी' पत्रिकामा 'ममता' शीर्षकको कथाबाट कथा क्षेत्रमा प्रवेश गरेका छन् । २०३७ देखि २०५६ सम्म छरिएर रहेका छोटा कथाको सङ्गृहित रूप 'समय र

पोखरी’ (२०५६) मा उनी एकाकार भएका छन् । यहाँ यिनै कथा सङ्ग्रह र फुटकर कथाका प्रतिनिधिमूलक कृतिका बारेमा चर्चा गरिने छ ।

### ४.७.१ हरिगोविन्द लुइँटेलको ‘समय र पोखरी’ कथा सङ्ग्रहको अध्ययन

पुस्तकाकार कृतिको रूपमा २०५६ मा प्रकाशित समय र पोखरी कथा सङ्ग्रह कथाकार हरिगोविन्द लुइँटेलको हालसम्म प्रकाशित कथा क्षेत्रको पहिलो कथा सङ्ग्रह हो । २०३७ देखि फुटकर रुपमा विभिन्न पत्र पत्रिकामा २०५६ सम्म प्रकाशित जम्मा अठचालीस वटा अधिकांश छोटा र केही लामा कथाहरू **समय र पोखरी** कथामा समेटिएका छन् । विभिन्न पात्र, घटना वा अनुभूतिहरूले कथाकारको सम्वेदनशीलतालाई प्रभावित पार्न सकेका समाज र परिवेशको माध्यमबाट कथाकारले रचना गरेका रचना यस सङ्ग्रहमा सङ्गृहित छन् । लुइँटेलका कथाहरू गाउँ तथा सहरिया सामाजिक परिवेशमा मेल खाने सामाजिक विषयवस्तुलाई समेटेर लेखिएको पाइन्छ । ‘समय र पोखरी’ (२०५६) कथा सङ्ग्रहमा २०३७ सालदेखि २०५६ सालसम्म लेखेका लघु आकारका कथाहरू रहेका छन् जसमा शुरुको कथा ‘समय’ र अन्तिमको कथा ‘पोखरी’ हो । यी दुई कथालाई आधार बनाएर यस सङ्ग्रहको नाम ‘समय र पोखरी’ राखिएको हो । अङ्ग्रेजी साहित्यमा ‘सर्ट-स्टोरी’ भनिने आख्यानको रूपलाई हामी ‘कथा’ भन्छौं भने त्यहाँको ‘सर्ट-सर्ट स्टोरी’लाई हामी लघुकथा भन्छौं । यी लघुकथाहरू पनि आख्यान विधाकै लघुरूप भएकाले यिनमा पनि आख्यानतत्त्व रहेकै हुन्छ । कथा र लघुकथामा तत्त्वगत भिन्नता नभएर निर्माण प्रक्रियागत भिन्नता रहेको हुन्छ । तत्त्वगत समानता रहे पनि रचनागत भिन्नता रहने भएकाले लघुकथाहरू भिन्न संरचना हुन् । लुइँटेलले यस सङ्ग्रहमा लघुकथाहरूलाई मात्र सङ्कलन गरेका छन् भने यिनमा धेरैमा दुईवटा घटना र स्थितिको मात्र प्रतिनिधित्व गर्ने आख्यानलाई प्रस्तुत गरिएको छ । यी कथाहरूमा राजनीति, शिक्षा, अन्धविश्वास, सामाजिक असमानता, सामन्ती हैकम, पूँजीवादी शोषण, सांस्कृतिक विकास, धार्मिक आडम्बर, तस्करी, भ्रष्टाचार, साहित्य, कला, कर्मचारीतन्त्र, प्रेम लगायतका अनेकौं विषयवस्तुलाई समेटिएको छ । युगीन यथार्थलाई प्रस्तुत गरिएका यी कथाहरूले समाजका विकृति-विसङ्गति र आडम्वरलाई राम्ररी प्रहार गरेका छन् । यिनमा वस्तुगत यथार्थ र सामाजिक परिस्थितिको विश्लेषण हुनुका साथै वर्तमानको विन्दुवाट भविष्यको अङ्कन गरिएको पाइन्छ । यसमा प्रस्तुत भएका अठचालीस कथामध्ये

'समय' 'वनमारा झार', 'माछा र जाल', 'सुस्केरा', 'हवस् त  लालसलाम !', 'वरण', 'बन्द आँखा', 'धनेको प्रेम', 'हिप ! हिप ! हुर्रे !', 'सभा', 'समयको अन्तराल', 'स्तर', 'बेरोजगारी', 'आइते-गुट र मङ्गले-गुट' र 'पोखरी' विशेष राम्रा कथा हुन् ।

यस सङ्ग्रहमा रहेका अधिकांश कथाहरूमा राजनीति विषयवस्तुका रूपमा आएको छ र यसले युगको यथार्थ, चरित्र र समस्यालाई उद्घाटन गरेको छ । वैचारिक दृष्टिले यी कथा सशक्त छन् । भाषाको सरलता र सहजता पनि यिनमा छ । कथानक चरित्र र संवादका बीचमा पनि सन्तुलन कायम छ । आख्यानसचेत सबल रहे पनि कथ्यगत समानता रहेका कुनै कुनै कथाहरू निबन्ध जस्ता पनि लाग्छन् तापनि समग्रमा भने कथाहरू प्रभावोत्पादक नै रहेका छन् । यिनका कथामा सन्देशमूलक र वैचारिकता सशक्त रहेको छ । यसैले यिनका कथाले पाठकलाई समाज परिवर्तनका दिशातिर उन्मुख गराउनु यिनको विशेषता हो ।

कलामूल्य, सन्देशमूलक र सशक्त वैचारिकता बोकेका यिनका कथा सङ्ग्रहका प्रायःजसो कथाहरू उत्कृष्ट र आकर्षक छन् । तथापि अध्ययनको सहजताका लागि यस सङ्ग्रहभित्रका प्रतिनिधि कथाहरूको मात्र विश्लेषण गर्ने जमर्को यहाँ गरिएको छ । तिनै प्रतिनिधि कथाहरूलाई मूल विषयवस्तु/कथावस्तु, पात्र/चरित्र, भाषाशैली, दृष्टिविन्दु, विचारतत्व/सारतत्व र रूपविन्यासका आधारमा विश्लेषण गरिएको छ ।

**(क) 'समय' कथाको विश्लेषण**

हरिगोविन्द लुइँटेलको 'समय र पोखरी' कथा सङ्ग्रहमा अङ्कित रहेको पहिलो नाममध्ये पहिलो नाम 'समय' नै हो । कथावस्तुका दृष्टिले कथानक झिनो भए पनि मर्म स्पर्शी छ । समयको गतिशीलतालाई बुझ्न नसक्ने मानिसको कहिल्यै उन्नति प्रगति  सम्भव छैन भन्ने विषयवस्तु समेटिएको यो कथा उत्कृष्ट रहेको छ । शहरको धनी र हठी व्यक्ति 'ऊ' पात्र आफ्नो अभिमान र दम्भका कारण अगाडि जान नसकेर विलाएको छ । २०३९ सालमा 'आरोहण' पत्रिकामा प्रकाशित कथा 'समय' ले तत्कालीन समयको जनताको स्वतन्त्रता प्रतिको चाहाना समयको गतिशीलता हो भने निरङ्कुशता कायम राख्ने सोच घडी कब्जालिने र नियन्त्रण गर्ने प्रवृत्तिका रूपमा देखापर्छ । त्यसैले समयको गतिशीलता बुझ्न नसक्नेको ऊ पात्रकै जस्तो दुरावस्था हुन सक्छ भन्ने कुरा यस कथाको कथावस्तुले पुष्टि गरेको छ । यस 'समय' कथाको

कथावस्तु समयको प्रवाहलाई बुझ्न नसकी समय भनेको घडी नै हो । त्यसैले यसलाई रोक्न सकिने र यथास्थिति कायम राख्ने उद्धत देखिन्छ । उसले शहरबजारमा राखिएका प्रायः सबै घडी खरिद गरी विगारी दियो । तर घडी त केवल समय सूचक हो भन्ने कसैबाट जानकारी पाए पछि अनेकन उपाय समयलाई नियन्त्रण गर्ने उपायमा लगायो अन्ततः उसको प्रयास विफल सावित भयो । ऊ जीर्ण हुँदै मृत्युको मुखमा पुग्ने अवस्थामा पुगेपछि मात्र आफ्नो बालहठ स्वीकार यसरी गर्न पुग्यो - "समयलाई रोक्न खोज्ने महामूर्ख आखिर आफै रोकिदो रहेछ ।" यस्तै प्रकारको कथावस्तुले कथालाई सशक्त बनाएको पाइन्छ । 'समय' कथाको कथावस्तुको रखाइ ढाँचा रैखिक र कथावस्तुको विकासक्रम आदि, मध्य र अन्त्यका रूपमा रहेको छ ।

पात्रविधानका दृष्टिले 'समय' कथाको पात्र नेपाली समाजकै अभिजात अविवेकी, सम्भ्रान्त वर्गको प्रतिनिधि पात्रको रूपमा रहेको छ । यस कथामा प्रयुक्त पात्र 'ऊ' रहेको छ । ऊ पात्र प्रमुख, प्रतिकूल व्यक्तिगत, गतिहीन पात्रको रूपमा रहेको छ । लघुकथा भएकैले पनि कथाको आकार लघु नै मान्नुपर्छ । लामा तथा जटिल वाक्यको अधिकता भए पनि अभिव्यक्ति सहज र सरल रहेको छ । प्रस्तुत कथामा तृतीय पुरुषको सीमित दृष्टिविन्दुको प्रयोग गरिएको छ । यस कथाको कथयिताले ऊ पात्रका माध्यमबाट सहरीया धनी तर हठी व्यक्तिको चरित्रलाई केन्द्रीय पात्रको रूपमा उभ्याएको छ । कथामा समयको प्रवाहलाई नबुझी हठ र जिद्दीमा बाँच्न चाहनेको कहिल्यै भलो हुँदैन । त्यसैले यथास्थिति गतिहीन, चरित्र त्यागी परिस्थिति अनुकूल गतिशील हुन आग्रह गरिएको छ ।

### (ख) 'बनमारा झार' कथाको विश्लेषण

लुइँटेलको 'वनमारा झार' २०३९ सालमा "आरोहण" पत्रिकामा प्रकाशित र 'समय र पोखरी' कथा सङ्ग्रहमा सङ्गृहित दोस्रो कथा हो । नेपाली अड्डा खानामा देखिने भ्रष्ट मनोवृत्ति बोकेका हाकिमको क्रियाकलाप प्रति कथा मुखरित रहेको छ । वनको निरीक्षण गर्ने बहाना र बफादार कर्मचारीको भूमिका निभाए जस्तो अभिव्यक्तिबाट कथा सुरु भएको छ । कथाको अन्त्य आफैं वनफडाँनीको आदेश दिएर भएको छ । कथाको शीर्षक वन नष्ट गर्ने वनमारा झार कि वनमारा हाकिम भन्ने व्यङ्ग्यात्मक पारावाट कथानकको उठान गरिएकोले सार्थक देखिन्छ । सोझा साझा तल्ला तहका कर्मचारी र जनतालाई आफ्नो रवाफ देखाउने तर चरित्र भने

निच स्वभावको देखाउने नेपाली प्रशासनिक निकायका हाकिमको चरित्रलाई यस कथाले उदाङ्ग पारेको छ । शुरुमा वन नष्ट भएको तिमीहरूकै कर्तव्यहीनताको कारण हो भनेर वनपालेलाई हकारेर आफ्नो दायित्व पूरा गर्न खोजे झैं गरेर अन्त्यमा आफ्नो घर बनाउन "आठदशवटा छिप्पिएका रुखहरू रातिराति ढालेर चिराएर राखिदिनु, म सुटुक्क ट्रक पठाई दिउँला !" भन्ने हाकिमको भनाइले वन फडानी कार्य हाकिमको कारण भएको अभिव्यक्तिले कथानक एकदमै सशक्त भएको छ । सुक्ष्म कथानक भए पनि भाव गाम्भीर्य बोकेको कथावस्तु 'वनमारा झार' कथामा रहेको छ । कथावस्तु आदि, मध्य र अन्त्यको विकाससँगै रैखिक ढाँचामा सुसज्जित रहेको छ ।

पात्र विधानका दृष्टिले 'वनमारा झार'का पात्रहरू वन हाकिम र वनपाले नेपाली कर्मचारीतन्त्रमा रहेका भ्रष्ट सरकारी कार्यालयका प्रतिनिधि पात्रका रूपमा रहेका छन् । यस कथामा प्रयुक्त पात्र कार्यालयको हाकिम र वनपाले रहका छन् । हाकिम कार्यालयको भ्रष्ट प्रतिनिधि चरित्र हो । ऊ प्रतिकूल असत् व्यक्तिगत पात्रको रूपमा रहेको छ । उसैको चरित्रमा यो कथा अगाडि बढेको छ । प्रश्नार्थक वाक्यबाट सुरुभएको कथाका अधिकांश भागमा प्रश्न वाक्यको प्रयोग भएको देखिन्छ । प्रश्न उत्तरका क्रममा अगाडि बढेको कथावस्तु जो कोहिले पनि बुझ्ने सरल भाषामा लेखिएको छ । त्यसैले कथाको भाषाशैली सरल र सहज रहेको छ । प्रस्तुत कथामा तृतीय पुरुषको सवर्ज्ञ दृष्टिविन्दुको प्रयोग भएको छ । यस कथाको कथयिताले इमान्दार वनपाले र भ्रष्ट हाकिमको माध्यमबाट कथावस्तु अगाडि बढाएको छ । 'वनमारा झार' भ्रष्ट मनोवृत्ति बोकेका चरित्रको प्रतीकको रूपमा कथामा प्रयोग भएको छ । विभिन्न बहानामा राष्ट्रिय सम्पत्तिको विनासमा ठूला हाकिमहरूको हात रहन्छ भन्ने कुरालाई कथाकारले यहाँ उभ्याएका छन् । भ्रष्ट आचारणका कारण देश बरवादी तर्फ गएकोले त्यस्ता भ्रष्टाचारीलाई समूल नष्ट गर्नुपर्छ भन्ने विद्रोहको स्वर कथामा व्यक्त भएको छ ।

### (ग) 'सुस्केरा' कथाको विश्लेषण

हरिगोविन्द लुइँटेलको 'सुस्केरा' शीर्षक कथा 'समय र पोखरी' कथा सङ्ग्रहमा सङ्गृहित भए पनि यसको पहिलो प्रकाशन २०४० सालको 'रूपरेखा' पत्रिकामा भएको हो । प्रस्तुत कथाको कथानकको स्रोत सामाजिक यथार्थ हो । पराजित आँखा बाकेर पाङ्ग्रे कुकुर कुँ कुँ गर्दै रुदैं, आसु झार्दै आफ्नो खुट्टाको घाउ

हेरिरहनु यसको पहिलो घटना हो । घाइते भए पनि अन्य कुकुरले उसमाथि रिस पोख्नु, चौटा लुछ्नु, पीडाले छटपटाउनु र सुस्केरा हाल्ने भावले पाठकलाई अत्यन्त सम्वेदनशील बनाउँछ र कथानक क्रमैसँग अगाडि बढेकाले रैखिक ढाँचाको छ । समाजमा मानवीय सम्वेदना हराएका प्रतिनिधि पात्रको रूपमा कुकुरको कथावस्तु ल्याएर कथा सशक्त बनेको छ । सँधै आफू शक्तिशाली नै रहिरहने छु भन्ने अहङ्कारी मनोवृत्तिका मानिसको अवस्था पाङ्ग्रेको जस्तै हुने एकातिर छ भने अर्कोतिर मानिसमा सहानुभूति र सम्वेदनाशून्यताले गर्दा हुने र नहुने बीचको गहिरो खाडलको प्रतिविम्बन पनि कथाले गरेको हुनाले कथानक सशक्त छ ।

पात्र विधानका दृष्टिले 'सुस्केरा' कथाका पात्र मानवेत्तर प्राणी पाङ्ग्रे र खैरे कुकुर रहेका छन् । पाङ्ग्रे कथाको प्रमुख गतिहीन, वर्गगत प्रतिकूल पात्रको रूपमा रहेको छ । लामा लामा जटिल वाक्य संरचनामा संरचित वाक्यको प्रयोग भए पनि सम्बेध्य र सुबोधित अभिव्यक्तिले कथा सरल र सहज रहेको छ । यथार्थ सामाजिक परिवेशमा कथाको कथानक खडा भएकोले यस कथाको कथानक सम्वृत्त रहेको छ । प्रस्तुत कथामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । कथामा कसैको पीडामा कसैले सहानुभूति राख्नुको सट्टा देख्न नपाइ जो कोहीलाई पनि झम्टिहाल्ने प्रवृत्ति समाजमा हुने वर्गीय विभेदको विम्ब हो भने पाङ्ग्रे, खैरे र अन्य कुकुर नेपाली समाजक सामाजिक व्यक्तिका प्रतीक हुन् । वर्तमानमा मात्र रमाउने तर भविष्यको ख्याल नगर्ने गर्नु हुँदैन र मानिसमा सम्वेदना, सहानुभूति र भाइचाराको सम्बन्ध कायम हुन नसके मानिस पशुवत जीवन विताउन विवश हुनुपर्छ भन्ने भाव बोकेको 'सुस्केरा' सामाजिक धरातलमा खडा भएको जीवन्त अनुभूति हो ।

### (घ) 'वरण' कथाको विश्लेषण

'वरण' हरिगोविन्द लुइँटेलको "समय र पोखरी" कथा सङ्ग्रहमा सङ्गृहित सामाजिक यथार्थ बाकेको सशक्त कथा हो । यो कथा सर्वप्रथम २०४० मा रूपरेखा पत्रिकामा प्रकाशित भएको थियो । समाजमा अनैतिक र चरित्रहीन मान्छेलाई जति सुकै उजिल्याउन खोजे पनि समयले सजाय दिइ छाड्छ भन्ने कुरा प्रस्तुत कथाको विषयवस्तु रहेको छ । छोटो कथानकमा सुसज्जित कथा सशक्त एवम् मर्मस्पर्शी रहेको छ । सामाजिक विषयवस्तु समेटिएको कथाको कथानकमा

वैवाहिक सम्बन्धलाई ल्याइएको छ । चरित्रहीन दुष्ट पात्रलाई चरित्रवान असल पात्र बनाइ नारीको जीवन वरवाद पार्न खोज्ने प्रवृत्तिलाई समयको प्रवाहमा सजाय भोगाइएकोले कथा विद्रोही बनेको छ । विवाह मण्डपमा दुलाहालाई वर माला पहिराउन लागेकी दुलहीले आफूलाई दोबाटो ढुकेर छिर्की लगाउन पछि नपर्ने अनैतिक मानिसलाई असल मानिसको रूपमा ल्याएर झुक्याउन खोज्ने धोकेवाज मानिस प्रति पनि तिव्र आक्रोस पोखिएको छ । यो कथा हृदयस्पर्शी रहेको छ । कथाको कथानक कलात्मक रहेको आदि मध्य र अन्त्यको शृङ्खलामा सुसज्जित रैखिक ढाँचाको रूपमा विन्यास रहेको छ ।

पात्र विधानका दृष्टिले यस कथाको प्रमुख पात्र म (दुलही) र अन्य पात्र दुलाहा र जन्ती रहेका छन् । दुलहीको केन्द्रीयतामा कथानक अगाडि बढेको छ । दुलही यस कथाकी केन्द्रीय, अनुकूल वर्गगत गतिशील चरित्र हो । दुलहीको नाम समय हुनुले समयक्रममा हरेक अनैतिक भ्रष्ट पात्र सजायको भागी हुनुपर्ने ज्वलन्त नमुना प्रस्तुत भएको छ । जसले प्रतीकात्मक अर्थ दिन्छ । प्रस्तुत कथाका भाषाशैली सरल सहज विम्बात्मक प्रकृतिको छ । कथामा लामा वाक्यको प्रयोग भए पनि सुबोधित भाषाको प्रयोग गरिएको छ । कथाकारले कथाको माध्यमबाट अत्याचारीहरूका विरुद्धमा सहने होइन विद्रोह र दण्ड दिन सक्नुपर्छ भन्ने क्रान्तिकारी चेतना दिएका छन् ।

### (ङ) 'बन्द आँखा' कथाको विश्लेषण

हरिगोविन्द लुइँटेलको 'बन्द आँखा' कथा 'समय र पोखरी' कथामा सङ्कलित कथा भए पनि यसको सर्वप्रथम प्रकाशन २०४२ सालमा साँग्रिला पत्रिकामा भएको हो । कथाका पात्र वेचन र सीताराम गरिब श्रमजीवी पात्र हुन् । यिनैको कथावस्तुमा कथानक अगाडि बढेको । अज्ञानता, वर्गज्ञान र वर्गघृणाको अभावमा गिरिधारी साहु जस्ता शोषकबाट जनताले ठगिनु  परेको यथार्थले कथालाई मर्मसपर्शी तुल्याएको छ । एउटा छाप्रोका विषयमा दाजुभाइ बीच लडाएर शोषण गर्ने गिरिधारी जस्ता साहु देखिएका छन् भने आफ्नो वर्ग विर्सी अर्काको चाकरी गर्ने वेचन र सीताराम जस्ता पात्र आएका छन् । सामाजिक यथार्थ विषयवस्तु बोकेको कथा 'बन्दआँखा' सशक्त अभिव्यक्ति बनेको छ । गरिब निमुखा जनतालाई लडाएर आफ्नो स्वार्थ सिद्ध गर्ने र कुनै निकास पनि नदिने । त्यसैमा आफ्नो कर्म ठान्ने गिरिधारी साहु, शाषक र

वेचन, सीताराम जस्ता अल्पवेतनमा जीवन निर्वाह गर्ने तमाम श्रमजीवी पात्र पनि समाजका प्रतिविम्ब हुन् । सामाजिक विषयवस्तुलाई कथाको विषय बनाइ शोषण र अत्याचारका विरुद्ध आँखा खोलिनु नै कथाको मूल भाव रहेको छ । छाप्रोको विषयमा वेचन र सीतारामलाई भुलाएर आफ्नो काममा जोताउने, विल्लिबाठ गराउने गिरिधारी साहु र सामन्तकै सुसारमा आफ्नो भविष्य देख्ने दुई दाजुभाइ छाप्रो भत्किएपछि बल्ल आफूहरू शोषित बनेको महसुस गर्दछन् । कथाको विकास छाप्रोको विषयमा झगडमा भई प्रारम्भ हुन्छ भने गिरिधारीले दुवैलाई ढाढस दिएर काममा जोताउनु, छाप्रो जीर्ण बन्नु चरमावस्था हो भने छाप्रो भत्किए पछि आँखा खुल्नुसँगै कथानक समाप्त भएको छ । कथाको विकास आदि मध्य र अन्त्यको शृङ्खलामा रैखिक ढाँचामा भएको छ ।

पात्र विधानका दृष्टिले वेचन र सीतारामको परिधिमा कथानक अगाडि बढेकोले यी दुई पात्र प्रमुख पात्र हुन् गिरिधारी साहु सहायक पात्र हो । वेचन र सीताराम वर्गगत रूपमा सर्वहारा वर्ग र गिरिधारी साहु पूँजीपतिवर्गको गतिहीन पात्र हुन् । तिनै जना पात्र प्रतिकूल रूपमा अगाडि बढेका छन् । सरल सहज भाषामा संरचित कथावस्तु बोधगम्य खालको छ । तृतीय पुरुष दृष्टिविन्दुमा केन्द्रित कथामा शोषक र शोषित दुई प्रतिनिधि पात्र रहेका छन् । वर्गीय शत्रु र मित्र चिन्न सक्नु पर्छ । शोषक कहिल्यै आफ्नो हुन सक्दैन वर्ग दुस्मनसँग केही पाउन खोज्नु दिवास्वप्न हुन जाने कुरा प्रस्तुत कथाबाट थाहा पाउन सकिन्छ । त्यसैले कथाकारले वर्गीय मुक्तिका लागि वर्ग दुस्मनसँग घाँटी जोड्ने होइन उनीहरूका विरुद्ध लड्न सक्ने आँट र हिम्मत हुनु पर्छ भन्ने विचार राखेका छन् ।

### (च) 'हिप ! हिप ! हुर्रे' कथाको विश्लेषण

'हिप! हिप ! हुर्रे' "समय र पोखरी" कथा सङ्ग्रहमा सङ्गृहित राजनीतिक व्यङ्ग्य विषयमा लेखिएको लुइँटेलको एक उत्कृष्ट कथा हो । २०४८ को जन साहित्य साहित्यिक पत्रिकामा सर्वप्रथम प्रकाशित भएको थियो । यथार्थसँग नजिक भएको यो कथाको विषयवस्तु कालजयी ठहरिन्छ । आन्दोलनका समयमा भगौडाहरू आन्दोलनको सफलता पछि कसरी अग्रपङ्क्तिमा रहेर फाइदा लुट्न पछि हट्दैनन् भन्ने विषयमा नै  यस कथाको कथानक अगाडि बढेको छ । २०४६ सालको जनआन्दोलन चल्नु कथाको समस्या हो । यसका आधारमा कथानक अगाडि बढेको

छ । घाडेजात्राका दिन ठूला-ठूला बेलनुमा ग्याँस भरेर पार्टीका झण्डा झुण्डाएर टुँडिखेलमा जम्मा भीडलाई आतङ्क मच्चाउने योजना गर्नु कथाको आरम्भ हो । सो कार्य गर्न विभिन्न समिति, व्यक्तिलाई जिम्मा दिनु, पुलिसको गिरफ्तारीबाट बचेर कार्यक्रम बनाउनु, प्रजातन्त्रवादी भनाउने बुद्धिजीवीबाट धोका हुनु, कार्यक्रम सफल हुनु उत्कर्ष हो भने आन्दोलनको विजय हुनु बुद्धिजीवी अग्रङ्पक्तिमा रहेर नाराजुलुश गर्दै हिड्नुसँगै कथानक टुङ्गिन्छ । यसरी राजनीतिमा देखापर्ने अवसरवादी चरित्रलाई जीवन्त गराउनु कथाकारको आफ्नो वैशिष्ट्य हो । कथाको कथानक ढाँचा आदि मध्य र अन्त्यको विकाससँगै रैखिक ढाँचामा रहेकोछ ।

पात्र विधानका दृष्टिले प्रजातन्त्रवादी भनाउने बुद्धिजीवीको चरित्रको केन्द्रीयतामा कथानक अगाडि बढेको छ । बुद्धिजीवी प्रमुख पात्र हो । ऊ गतिहीन, व्यक्तिगत, प्रतिकूल चरित्रको रूपमा आएको छ । प्रस्तुत कथाको भाषाशैली सहज र स्वाभाविक छ । वाक्यहरू लामा भए पनि पाठकलाई बुझ्नको कठिनाई हुँदैन । तृतीय पुरुष सीमित दृष्टिविन्दुमा कथानक अगाडि बढेको छ । कथामा प्रस्तुत अवसरवादी बुद्धिजीवी जस्ता पात्र नेपाली राजनीतिका क्षेत्रमा देखापर्ने त्यस्ता अवसरवादी चरित्रको विम्ब हो । २०४६ सालको जनआन्दोलनका समयमा घटेका यस्ता घटनालाई जस्ताको तस्तै प्रस्तुत गरेर कथाकारले नेपाली राजनीतिक वातावरणमा अवसरवादी चरित्र प्रस्तुत गरेर जोखिम मोल्न नसक्ने तर जस लिन पछि नहट्ने प्रवृत्तिप्रति व्यङ्ग्य विद्रोहको भाव देखाउनु यस कथाको सारवस्तु हो ।

**(छ) 'तथाकथित' कथाको विश्लेषण**

हरिगोविन्द लुइँटेल प्रगतिवादी एवम् परिर्वतनकामी कथाकार हुन् । उनका 'समय र पोखरी' कथा सङ्ग्रहमा '२०४६ सालको जनआन्दोलन चलिरहेको थियो ।' वाक्यबाट थालनी गरिएका 'सालापेट', 'तथाकथित', 'हिप ! हिप ! हुर्रे !' कथाहरू रहेका छन् । 'सालापेट' र 'हिप ! हिप ! हुर्रे' अवसरवादी चरित्रमा केन्द्रित रहेका छन् । 'तथाकथित' कथा राजनीतिक विकृति र विसङ्गति प्रतिको प्रहारको रूपमा आएको छ । यसैले पनि यो कथा सजीव देखिन्छ । कथाका स्रोत नेपाली राजनीतिक यथार्थ हो । 'तथाकथित' कथाको आरम्भ भाइरामको कोठामा एक घघडान नेता आए पछिको वातावरणबाट हुन्छ । आन्दोलनका विषयमा भाइराम र नेता बीचको सम्वाद कथानकको चरमावस्था हो र प्रहरीको पक्राउको डरले नेताजी

भाइरामको कोठाबाट निस्कने घटनासँगै कथाको अन्त्य भएको छ । २०४६ सालको जनआन्दोलन उत्कर्ष तिर जाँदाको क्षणमा पलाएन हुन खोज्ने ठूला नेता प्रति कथाकारको कलमको व्यङ्ग्य प्रहार हो । आफू पनि सहभागी नहुने र कार्यकर्तालाई पनि काम गर्न नदिने नेताको चरित्रमा कथा अगाडि बढेको छ । आफूलाई क्रान्तिकारी ठान्ने तर कायर नेताले जनताको आन्दोलनमा साथ पनि नदिने र नैतिक र बौद्धिक काम सघाउने भाइरामलाई तथाकथित आन्दोलनमा सङ्लग्न हुनु निरर्थक छ भन्ने कथावस्तु समेटिएको कथा आदि मध्य र अन्त्यको विकासक्रममा रैखिक ढाँचामा प्रस्तुत गरिएको छ ।

पात्र विधानका दृष्टिले भाइराम र नेता दुई पात्र रहेको छन् । पलायन चरित्र बोकेका नेताको केन्द्रीयतामा कथानक अगाडि बढेको छ । नेता गतिहीन, व्यक्तिगत, प्रतिकूल चरित्रको रूपमा आएको छ । भाइराम कथामा सहायक पात्रको रूपमा आए पनि गतिशील वर्गगत, अनुकूल चरित्रका रूपमा अगाडि आएको छ । सरल सहज भाषाशैलीमा संरचित कथावस्तुमा प्रयुक्त पात्र भाइराम आन्दोलनमा प्रतिबद्ध सिपाहीको प्रतिनिधि र नेता पलायानवादी चरित्र बोकेका प्रतिनिधि पात्र हुन् । क्रान्ति वा आन्दोलनबाट आफूलाई फाइदा नहुने अवस्थामा क्रान्ति तुहाउने कार्य योजना अनुसार आन्दोलनलाई नाम मात्रको हो भन्ने कायर चरित्रको उद्घाटन गर्न प्रस्तुत कथाको सारवस्तु हो । तृतीय पुरुष सीमित दृष्टिविन्दुमा कथायितले कथानकलाई अगाडि बढाएको छ ।

### (ज) 'हा ! हा ! हा !' कथाको अध्ययन

'हा ! हा ! हा !' कथा लुइँटेलको "समय र पोखरी" कथा सङ्ग्रहमा सङगृहित आठौं कथा हो भने यो कथा सर्वप्रथम रूपरेखा २०४०, मा प्रकाशन भएको हो । यस कथाले नेपाली साहित्य सम्पादन गर्ने सम्पादकले स्थापित साहित्यकारलाई आँखा चिम्लेरै प्रशंसा गर्ने र नबोदित कलाकारको कलामूल्यको अवमूल्यन गर्ने गरेको यथार्थलाई कथाको विषयवस्तु बनाइएको छ । प्रशस्त नाम चलेका साहित्यकारका रचनामा प्रशंसामात्र हुने अवस्थाले समालोचक पूर्वाग्रसहित साहित्यको सही मूल्याङ्कनलाई प्रतिष्ठित लेखकका रचना नयाँ स्रष्टाले आफ्नो नाम राखी प्रकाशनार्थ प्रस्तुत गर्दा स्वीकृत नहुने तर नाम चलेका साहित्यकारले सोही रचना आफ्नै नाममा लिएर जाँदा सम्पादक समालोचकले मुरीमुरी धन्यवाद र

हेर्दै नहेरी स्वीकार गरेर नयाँपन, मिठास भरिएको भन्दै प्रशंसा गर्ने विकृति विसङ्गतिप्रति व्यङ्ग्य भावमा कथामा विषयवस्तु प्रस्तुत गरिएको छ । नेपाली साहित्यिक क्षेत्रमा देखापरेका प्रकाशन गृहमा देखिएको यथार्थलाई कथाको स्रोत बनाइएकोले कथा सशक्त बनेको छ । विस्मयादिबोधक चिन्हको प्रयोग शीर्षकमा नै हुनुले कथा अझ कौतुक देखिएको छ । कथाको कथानक साहित्यकारका माध्यमबाट सम्पादकको चरित्र चित्रणमा अगाडि बढेको छ । कथाको कथानक आदि, मध्य र अन्त्यको क्रमिकताका साथ अगाडि कुदेको रैखिक ढाँचमा रहेको छ ।

पात्र विधानका दृष्टिले यस कथाभित्र तीन पात्र रहेका छन् - साहित्यकार, साहित्यकारका भाइ र सम्पादक । साहित्यकार प्रमुख, गतिशील, वर्गगत, अनुकूल चरित्र हो । सम्पादक सहायक गतिहीन, वर्गगत प्रतिकूल चरित्र हो भने साहित्यकारका भाइ गौण चरित्रका पात्र हुन् । कथा सरल र सहज भाषामा संरचित रहेको छ । तृतीय पुरुष सीमित दृष्टिविन्दु कथन ढाँचामा कथा अगाडि बढेको छ । साहित्यमा देखापरेको पूर्वाग्रही धारणाले साहित्यको सतत् मूल्याङ्कन हुन नसक्ने र नवोधित कलाकार प्रतिको नकारात्मक धारणाले साहित्यको विकास र मूल्याङ्कनमा बाधा पुग्ने हुँदा अध्ययन अनुसन्धान गरेर मात्र प्रशंसा वा मूल्याङ्कन गरिनु पर्छ भन्ने भाव यस कथामा समेटिएको छ ।

### (झ) ‘धनेको प्रेम’ कथाको अध्ययन

कथाकार हरिगोविन्द लुइँटेलको ‘धनेको प्रेम’ को कथा नवयुवा पत्रिकामा २०५५ सालमा प्रकाशित भएको “समय र पोखरी” कथामा सङ्कलित छ । ‘धनेको प्रेम’ कथा लुइँटेलको अरु कथाभन्दा आयामका दृष्टिले अलिक लामो छ । नेपाली समाजमा देखापर्ने वर्गीय विभेदका कारण भावनात्मक प्रेम गर्न नपाउने सामाजिक यथार्थको विषयवस्तु यस कथाको स्रोत हो । धने र रूपा यसका दुई पात्रका माध्यमबाट कथानक अगाडि बढेको छ । धने एक श्रमिक हो । उसले गजेन्द्र साहुकी छोरी रूपाको रेष्टुराँमा काम गर्दछ । धनेको आकर्षक जीउडालबाट प्रभावित रूपामा ऊसँग खेल्ने रहर पैदा हुन्छ, तर निर्दोष इमान्दार धने भावनात्मक प्रेम गर्न पुग्छ तर सहरिया धनाड्य वर्गलाई मायाप्रेम भन्दा धनको घमण्ड नै प्रिय हुन्छ । त्यसैले रूपाले पनि “करोडपति साहुका चार सन्तान मध्येकी एक्ली छोरी, एम.ए. पढ्दै गरेकी त्यस्ती केटीलाई करोडपति घरकै केटा खोज्नु पर्छ ।” भन्ने विचार

बोकेकी छे। धनेले रूपा आफूसँग नजिकिएको कारण भ्रमवंश प्रेम गरेको र आफू सँधै रूपा प्रति वास्तविक प्रेम गर्न तत्पर हुन्छ। त्यसैकारण उसले कुटाइ खानुका साथै कामबाट निष्कासित हुनु परेको सामाजिक विषयवस्तु प्रयोग गरिएको कथा सशक्त रहेको छ। कथानकको विकासक्रम आदि मध्य र अन्त्यको रूपमा विकास भएको छ। सामाजिक यथार्थवादी कथा भएकै कारण कथा रैखिक ढाँचामा राखिएको छ।

यसकथाको प्रमुख पात्र धने र सहायक पात्र रूपा र गौण पात्रमा गजेन्द्र साहु, रूपाको दाजु आएका छन्। धने कथाको प्रमुख, वर्गगत, गतिशील, अनुकूल चरित्र हो भने रूपा सहायक, व्यक्तिगत गतिहीन प्रतिकूल धनी बाबुकी विग्रेकी छोरीकोरूपमा आएकी छ। प्रस्तुत कथा लुइँटेलका अन्य कथाभन्दा ठूलो आयाममा फैलिएको छ। संस्मरणात्मक शैलीमा लेखिएको सरलभाषामा कथाको विन्यास भएकोले कथामा वाक्य लामा भए पनि सरल सहज कौतुलह उत्पन्न गर्ने खालको छ। तृतीय पुरुष दृष्टिविन्दुमा लेखिएको छ। कथामा समाजमा हुने धनी र गरिव प्रतिका प्रेम प्रसङ्ग र नेपाली सम्भ्रान्त वर्गको परिवारमा यौन व्याभिचार कसरी मौलाएको छ भन्ने मुख्य भाव समेटिएको छ।

**(ञ) 'सपना' कथाको विश्लेषण**

हरिगोविन्द लुइँटेलको 'सपना' सर्वप्रथम २०३७ सालमा मधुपर्कमा प्रकाशित सामाजिक यथार्थ धरातलमा निर्मित विषयवस्तु समेटिएको लघुकथा हो। कथामा एउटा गरिबले कसरी एउटा सुन्दर सपना देखेको हुन्छ र त्यो नियतिको खेलमा विलाएर कसरी अन्त्य हुन्छ भन्ने विषयवस्तुलाई कथानक बनाइएको छ। एउटा रिक्सा चालकले दैनिक दश पन्ध्रका दरले महिनामा तीनचार सय कमाउने, दुर दराजमा रहेको घर, बूढोरोगी बाबा, अलपत्र परेका वस्तुभाउलाई तम्तयारी पार्ने सपना देखेको छ। तर साहुबाट ऋण लिएर रिक्सा चलाएको पहिलो दिन दुर्घटनामा परी रिक्सा कच्याक कुचुक हुनु, हात खुट्टा चोटै चोट भएर पेट भोकै रहेको अवस्थाले कथा मर्मस्पर्शी छ। एउटा गरिबको सपना कसरी तासकोघर भैं भत्किदो रहेछ भन्ने विषयवस्तुले कथानक सशक्त बनेको छ। कथाको विकासक्रम आदि, मध्य र अन्त्यको आधारमा विकास भएको सम्वेदनशील विषयवस्तु समेटिएको छ।

पात्रविधानका दृष्टिले कथामा रिक्सा चालक प्रमुख चरित्र हो । यहाँ कथयिताले रिक्सा चालकको कथा भनिरहेको छ । 'तँ' सर्वनामको प्रयोग गरिएको रिक्सा चालक कथाको प्रमुख पात्र, गतिशील वर्गगत, अनुकूल चरित्र हो । विर्खे, जुठे, जैमानेहरू, विदेशी पिसिन्जर गौण चरित्र हुन् । सानो आकारमा भए पनि कथा सशक्त मर्मस्पर्शी छ । छोटा छोटा वाक्य संरचनामा सम्भावनार्थक क्रियापदको प्रयोग गरिएको 'सपना' कथा पाठकको मनजित्न सफल देखिन्छ । एउटा गरिब श्रमिक आफ्नो श्रममा सुन्दर भविष्यको कल्पनामा रमाएको हुन्छ तापनि दुरभाग्य उसका सपना सपना मात्र हुन पुगेको कटु यथार्थ यस कथामा उद्घाटन गरिएको छ । प्रस्तुत कथामा रिक्सा चालकले भोगेको दुरगति समाजमा कैयौं यस्तै अन्य व्यक्तिले पनि भेलिरहेका छन् भन्ने यथार्थलाई कथाले समेटेको छ ।

**(ट) 'स्वामी देवीदास' कथाको विश्लेषण**

'स्वामी देवीदास' सर्वप्रथम "मूल्याङ्कन" पत्रिकामा वि.सं. २०५५ प्रकाशन भएको हो । समाजमा देवीप्रसाद कँडेल जस्ता पात्रले विभिन्न बाहानामा जनतालाई ठगेका छन् भन्ने सामाजिक विषयवस्तुले कथा थप रोचक बनेको छ । स्वामी देवीदास धर्मको आडमा आफ्नो अभीष्ट पूरा गर्न दत्तचित्त छ । धर्मको जाल फिजाएर आफ्नै मनोवृत्त प्रचारद्वारा लखपति मात्र होइन करोडपति बन्न पुग्नेछ भन्ने संस्मरणात्म शैलीमा कथानक अगाडि बढेको । नेपाली समाज धर्मप्रति पूर्ण आस्था र विश्वास गर्छ । त्यसैले देवीप्रसाद जस्ता मान्छेले आफ्नो स्वार्थ सिद्धिको दुहुनो गाई धर्मलाई बनाएको छ । कपोलकल्पित आफ्नै हलुवा वेदको फेदमा सपनामा देवीले आफू बसेको र त्यहाँ खन्दा देवीको सुन्दर मूर्ति फेला परेको, अझ तल चार चार पाथी रातो अविर, पहेंलो केशरी, तिल र दुईवटा नली हाड फेला परेको तिलश्मी प्रकारको कथावस्तु संयोजन गरेर देवीप्रसादले आफ्नो पैसा कमाउने योजनामा कथानक अगाडि बढेको छ । देवीदासले देवीले विपनामै साक्षत दर्शन गरेर देवीप्रसाद कँडेलबाट स्वामी देवीदास नामाकरण गरेको, मूर्ति पूजा गरे सिद्धि प्राप्त हुने निन्दा गरे मसान जगाइ दिने जस्ता कुराले उसको विश्वास अझ बढाउँदै गएको र उसले एक एक नयाँ योजना अनुसार नयाँ देवीको प्रचारप्रसार गरेर दर्शनार्थीको भीड जम्मा पारेर प्रशस्त धन कमाउने योजना अनुसारको कथावस्तुले कथालाई थप जिज्ञासायुक्त बनाएको छ । आफ्नो स्वार्थमा बेरोजगार केटा, लुच्चो पण्डित, घुस्याहा

पत्रकारलाई पनि प्रयोग गरेर समाज कति पैसाको पछाडि दौडिएको छ भन्ने जस्तो यथार्थ विषयवस्तुको कलात्मक प्रस्तुतिमा कथानक अगाडि बढेको छ । कथा आदि मध्य र अन्त्यको विकास क्रममा अगाडि बढेको छ । कथाको रखाइ ढाँचा रैखिक छ ।

यस कथाको प्रमुख पात्र धर्मको वहानामा धन कमाउन खप्पिस देवीप्रसाद कँडेल 'म' हो । देवीप्रसाद कँडेल प्रतिकूल, प्रमुख गतिहीन र व्यक्तिगत चरित्र बोकेको पात्र हो । देवीप्रसादको भान्जा, बेरोजगार केटा, पण्डित, पत्रकार गौण पात्र हुन् । सामान्य बोलचालको भाषाको प्रयोग गरिएको सरल र सहज भाषा शैलीको प्रयोग गरिएको छ । प्रथम पुरुष केन्द्रीय दृष्टिविन्दुको प्रयोग भएको प्रस्तुत कथामा प्रयुक्त पात्र स्वामी देवीदास धर्मलाई कमाइ गरिखाने वस्तुको रूपमा प्रयोग गर्ने समाजको प्रतिनिधि पात्र हो । कथामा देशमा शिक्षाको प्रचारप्रसाद बढ्दै गए पनि रुढिवादी, अन्धभक्त र धर्मभीरुहरूको संख्या कमी छैन । त्यसैले धर्मलाई कमाउने व्यवसायको रूपमा गलत प्रयोग भइरहेको छ । यसप्रति सचेत र सजग रहनु पर्छ भन्ने सन्देश दिइएको छ ।

### (ठ) 'जातीय पहिचान' कथाको विश्लेषण

'जातीय पहिचान' लुइँटेलको रुढीवादी अन्धपरम्परा विषयमा लेखिएको सामाजिक यथार्थवादी कथा हो । कथाको शीर्षकबाटै आफ्नो जाति धर्म र पहिचानलाई बाचाएर राख्नु पर्छ भन्ने बुझिन्छ । समाजमा देश काल परिस्थिति अनुसार रूपान्तरण नभई परम्पराका नाममा गलत कुरालाई अङ्गिकार गरिरहने नेपाली समाजलाई झटारो हानिएको छ । परम्पराका नाममा चलेको रीति बचाउने पुरानो पुस्ता र रुढीवादी परम्पराको अन्त्य हुनुपर्छ भन्ने नयाँ पुस्ता बीच द्वन्द्व सिर्जना भएकोले कथानक जीवन्त बनेको छ । कथामा पुराना पुस्ताका हजुरबा र आमाले विहिवार मात्र नुहाउन हुने र अरुबार नहुने आफ्नो परम्परावादी विचारलाई नातिले गलत परम्परा मानेर तोड्न खोज्दा द्वन्द्व सिर्जना भएको छ । समयको व्यस्तता र भौगोलिकताले गर्दा अन्य बार नुहाउन नभ्याउने कुरा परम्परा बनेको छ । तर त्यो परम्परा ठाउँ अनुकूल परिवर्तन हुने कुराले कथानक अगाडि बढेको घटना प्रस्तुत कथाको विषयवस्तु रहेको छ ।

प्रस्तुत कथाका पात्रहरू हजुरबा, हजुरआमा, नाति (म), बा, आमा हुन् । नाति 'म' पात्र कथाको प्रमुख, गतिशील अनुकूल र वर्गगत चरित्र हो । हजुरबा र हजुरआमा सहायक गतिहीन, प्रतिकूल र व्यक्तिगत चरित्र बोकेका पात्र हुन् । बा र आमा गौण पात्र हुन् । म पात्रको क्रियाकलापमा कथानक अगाडि बढेको छ । नेपाली सामाजिक सांस्कृतिक विषयलाई सरल भाषामा प्रथम पुरुष केन्द्रीय दृष्टिविन्दुमा कथयिताले कथालाई अगाडि बढाएको छ । परम्पराका नाममा जीवित गलत कु-प्रथा र रुढीवादी अन्धपरम्परालाई नयाँ पुस्ताका मान्छेले हटाउन सक्नुपर्छ । परम्पराका नाममा संरक्षण गर्न खोजे समाज परिवर्तन हुन सक्दैन । त्यसैले वैज्ञानिकताका आधारमा परम्परालाई चिन्ह र अवलम्बन गर्नु पर्छ भन्ने यस कथाको मूल भाव हो ।

### (ङ) 'नियमानुसार' कथाको विश्लेषण

'नियमानुसार' कथा लुइँटेलको "समय र पोखरी" कथा सङ्ग्रहमा सङ्गृहित २३ औं कथा हो । यो कथा सर्वप्रथम २०४२ सालमा साँग्रिला पत्रिकामा प्रकाशित थियो । नियमअनुसार शब्दलाई सन्धि गर्दा नियमानुसार हुन्छ । शीर्षक अनुसार नियमले दिएको काम गर्नु भन्ने हुन्छ तर नेपाली समाजमा देखा पर्ने नियम मिचेर पनि गरिने कार्य प्रति कथाले व्यङ्ग्य गरेको छ । सरकारी प्रशासनिक निकायमा नातावाद, कृपावाद र भ्रष्टाचारको आधारमा गरिने नियम उल्लङ्घनलाई कथाको विषयवस्तु बनाइएको छ । त्यसैले शीर्षक अनुसार कथावस्तु अगाडि बढेको छ । कार्यालयको हाकिमले कारिन्दालाई नियम अनुसार गर्न नमिल्ने काम गर्न लगाउँछ तर नयाँ कारिन्दाले नियम भङ्ग गर्न सक्दैन । जसरी पनि काम गर्नु पर्ने हाकिमको आदेश पछि कारिन्दाले टिप्पणी कागजमा नियमअनुसार नभएको देखिन्छ भनेर तोक आदेश गर्न लगाउँछ तर हाकिमले उल्टै लाछीको आरोप लगाएर हकार्छ । कारिन्दा नियम अनुसार चल्ने इमान्दार कर्मचारी भएकोले त्यस्ता कर्मचारीलाई भ्रष्ट हाकिमले आफ्नो मनोइच्छा पूरा नगर्ने कारिन्दालाई सरुवा गरिन्छ । त्यस सरुवा "पत्रमा लेखिएको थियो ...... को निर्णयले तपाईँलाई यस कार्यालयबाट अर्को कार्यालय ....... मा सरुवा गरिएको छ, नियमानुसार हाजिर हुन जानु होला ।" यसरी कार्यालयमा नियम उल्लङ्घन गर्ने हाकिमले पत्रमा नियम अनुसार भनेर लेख्नु सरकारी संयन्त्रको भ्रष्ट कार्यको व्यङ्ग्य गरी कथानक अगाडि बढेको छ । यस कथाको कथानक रैखिक

ढाँचामा आदि, मध्य र अन्त्यको विकासक्रम अनुसार बढेको कथावस्तु शीर्षकअनुसार सार्थक देखिन्छ ।

प्रस्तुत कथामा दुईजना पात्रको प्रयोग भएको छ । म (कारिन्दा) र हाकिम । कारिन्दा कार्यालयको इमान्दार, नियमअनुसार चल्ने व्यक्ति हो । 'म' पात्र कथामा प्रमुख, गतिशील, वर्गगत अनुकूल चरित्र हो भने हाकिम सहायक, व्यक्तिगत, गतिहीन प्रतिकूल चरित्र बोकेको पात्र हो । सरल, सहज भाषाशैलीको प्रयोग भएको प्रस्तुत कथा प्रशासनिक क्षेत्रमा देखापर्ने भ्रष्ट मनोवृत्ति प्रतिको व्यङ्ग्यको रूपमा आएको छ । प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको कथानकमा प्रशासनको माथिल्लो तहमा बस्ने कर्मचारीद्वारा नै नियम उल्लङ्घन गरिने यथार्थ र तल्लो तहका कर्मचारी आज्ञाकारी अनुचर बन्नु पर्ने नत्र ठूला हाकिमको आँखाको कसिङ्गर बन्नु पर्ने यथार्थ घटनालाई मुख्य विषयवस्तु बनाइएको छ ।

**(ढ) 'माड्साबहरू' कथाको विश्लेषण**

कथाकार हरिगोविन्द लुइँटेलको 'माड्साबहरू' 'समय र पोखरी' कथा सङ्ग्रह भित्र समेटिएको नेपाली सामाजिक राजनीतिक परिवेशमा मौलाएको चाकडी चाप्लुसी प्रवृत्तिलाई मुख्य स्रोत बनाइ लेखिएको यथार्थ विषयवस्तु समेटिएको कथा हो । भ्रष्टाचार व्याप्त देशको परिवेश अनुसार प्रशस्त भ्रष्टाचार हुने कार्यालय सबैको अन्तिम लक्ष्य हुने घटना प्रस्तुत 'माड्साबहरू' कथामा देखाइएको छ । भ्रष्टाचार गरी धन कमाउने अभीष्ट भएका कर्मचारी हाकिमको चाकडी चुक्ली र घुस खुवाएर र राजनीतिका पार्टीको झोले बनेर आफ्नो सरुवा गर्न लागेका दृष्टान्तले कथा सशक्त बनेको छ । वत्सगोपाल चाकरी-चुक्ली गरी धन कमाउन सकिने ठाउँमा सरुवा हुँदा गणेशलाल रिसले आगो बनेको र वत्सगोपाललाई भ्रष्टाचारी देश डुबाउने भनेर गाली गर्न पछि नपर्ने तर आफै चाकरी र चुक्ली गरी सरुवा गराउनका लागि लागी पर्नु, पुनः भैरवले यही प्रवृत्ति दोहोऱ्याउने घटनाले कथानक अगाडि बढेको छ । कथाको कथानकको विस्तर आदि, मध्य र अन्त्यका आधारमा रैखिक ढाँचामा भएको छ । प्रस्तुत कथामा जयन्तीका वर्णनमा कथानक अगाडि बढेको छ । गणेशलाल, भैरव जयन्ती प्रमुख चलायमान पात्र छन् । गणेशलाल र भैरव कथाका प्रमुख, प्रतिकूल, व्यक्तिगत, गतिहीन चरित्र हुन् । जयन्ती 'म' पात्र सहायक, अनुकूल, चरित्र भएकी पात्र हो । कथाको कथानकमा छोटो आकारमा सरल सहज भाषाशैलीको प्रयोग

गरिएको छ । आन्तरिक परिधीय दृष्टिविन्दुको प्रयोग गरिएको कथामा देशमा व्याप्त भ्रष्टाचार त्यसको प्राप्तिका लागि चाकरी र चाप्लुसी गर्न पछि नपर्ने वत्सगोपाल गणेशलाल, भैरव जस्ता पात्र प्रतिनिधि पात्र हुन् । कथामा सरकारी ढुकुटीबाट तलव भत्ता खाने कर्मचारी आफ्नो कर्तव्य विर्सी भ्रष्टाचारमुखी बन्दै हाकिमलाई चाकरी गर्ने र घुस खुवाउने प्रवृत्ति प्रति व्यङ्ग्य गरिएको छ । यस्तो कार्य परम्परा वसिसकेको छ भन्ने मुख्य भाव यस कथाको रहेको छ ।

**(ण) 'प्रजातान्त्रिक कार्यशैली' कथाको विश्लेषण**

हरिगोविन्द लुइँटेलको 'प्रजातान्त्रिक कार्यशैली' "समय र पोखरी" कथा सङ्ग्रह भित्रको ३२ औं कथा हो । यो कथा सर्वप्रथम २०५२ मा "मिर्मिरे" पत्रिकामा प्रकाशन भएको हो । नेपाली राजनीतिमा देखा परेको पलायन र व्यक्तिवादी मनोवृत्तिप्रति कथाकार केन्द्रित देखिन्छन् । प्रगतिवादी स्रष्टा सामाजिक यथार्थ विषयलाई आफ्नो लेखनको स्रोत बनाउने गर्दछ । समसामयिक विषयवस्तु रहेको हुनाले यो कथा कालजयी बनेको छ । 'प्रजातान्त्रिक कार्यशैली' कथा कथावस्तुको दृष्टिले झिनो भए तापनि मर्मस्पर्शी छ । पार्टीबाट पलायन भएर व्यक्तिवादी सोचमा फर्कन खोज्ने राजनीतिक पार्टीका मान्छे अन्त्यमा एक न एक निहुँ झिकेर पन्छिन खोज्ने प्रवृत्ति डमरुवल्लभ जस्ता व्यक्तिबाट स्पष्ट हुन्छ । आफू व्यापारिक प्रयोजनका लागि विदेश पलायन हुन पार्टीभित्र प्रजातान्त्रिक कार्यशैली नभएको आरोप लगाउँदै असन्तुष्टि देखाएर घुमाउरो पारामा राजिनामा गर्ने डमरुबल्लभ एक ज्वलन्त उदाहरण हो । कथयिताले डमरुबल्लभको चरित्रका माध्यमबाट कथानक अगाडि बढाएको 'प्रजातान्त्रिक कार्यशैली' कथाको कथावस्तु आदि मध्य र अन्त्यको विकाससँग रैखिक ढाँचामा रहेको छ ।

पात्र विधानका दृष्टिले यस कथामा पलायनवादी चरित्र बोकेको डमरुबल्लभलाई केन्द्रीय पात्रको रूपमा उभ्याइएको छ । डमरुबल्लभ व्यक्तिगत, गतिहीन, प्रतिकूल चरित्र हो । उसैको चरित्रमा कथानक विकास भएको छ । सामाजिक यथार्थलाई विषयवस्तु बनाइएको यस कथामा सुधारवादी चेत दिलाउन खोजिएको छ । प्रस्तुत कथामा कतै लामा लामा र कतै स-साना वाक्यको प्रयोग छन् । लामा जटिल वाक्यका एक अनुच्छेद पनि देखिन्छ । तापनि सामान्य भाषाको प्रयोगले पाठकलाई दिमाग खियाउनु पर्दैन । सामाजिक यथार्थवादी साक्ष्यका आधारमा अभिधात्मक अर्थ सापेक्षतामा कथावस्तु सम्वृत रूप विन्यासमा विन्यस्त छ । तृतीय पुरुष सीमित दृष्टिविन्दुका आधारमा वर्णित कथानकमा नेपाली राजनीतिमा देखिएको पलायनवादी चरित्र रोकिनु पर्ने सन्देश दिन खोजिएको छ ।

## (त) 'चन्द्रेकी आमा' कथाको विश्लेषण

"समय र पोखरी" कथा सङ्ग्रहमा सङ्गृहित लुइँटेलको 'चन्द्रेकी आमा' ३४ औं कथा हो । सामाजिक यथार्थलाई कथानक बनाइएको यस कथामा सुव्यवस्थामा आत्तिने सामन्ती प्रवृत्तिका मानिसको चरित्रका माध्यमबाट परिवर्तनको अपेक्षा गरिएको छ । सामन्ती मनोवृत्ति बोकेका मान्छेले अव्यवस्थामा नै फाइदा लिने गर्दछन् । आतङ्क र भय सिर्जना गरी आफ्नो स्वार्थ पूरा गर्न सक्ने मानिसलाई नीति नियम अनुसार चल्ने व्यवस्था अपाच्य बन्ने गर्दछ भन्ने दृष्टान्त यस कथाकी प्रमुख पात्र 'चन्द्रेकी आमा' ले प्रस्तुत गर्दछ । शीर्षक नै प्रमुख पात्रको रूपमा आएकोले कथाको शीर्षक अनुसारको कथानक सार्थक रहेको छ । नेपाली समाजमा यस्ता सामन्ती प्रवृत्तिका पात्र प्रशस्तै भेट्न सकिन्छ । बहुसङ्ख्यक जनताको सुखानुभूति सीमित मान्छेका लागि दुःखानुभूति हुन्छ । यस कथामा पानीको धारामा जवरजस्ती धेरै पानी भर्न पल्केकी चन्द्रेकी आमा पालो बस्ने र सबैले बराबर पानी लिने व्यवस्थाले आक्रोशित बनेकी छ । त्यस्तै अप्रजातान्त्रिक शासन व्यवस्थामा रमाउने सामन्ती चरित्र  बोकेका मान्छे प्रजातान्त्रिक व्यवस्था पछि पीडित बनेको आभास हुन्छ । यसरी कथानकले प्रगतिवादी स्वर दिएर सामन्ती प्रवृत्तिप्रति रोष पैदा गर्छ । घटनाहरू समय क्रममा सिँधै अगाडि बढेकाले यसको कथानक ढाँचा रैखिक छ ।

ग्रामिण परिवेशमा निर्मित प्रस्तुत कथामा छुद्र व्यवहार गर्ने चन्द्रेकी आमा केन्द्रीय पात्रको रूपमा आएकी छ । ऊ प्रतिकूल, गतिहीन व्यक्तिगत यथार्थ चरित्र बोकेकी पात्र हो । गाउँले, युवक गौण पात्र हुन् । कथामा ट्याङ्की पाइप, क्यू, जस्ता आगान्तुक भाषाको प्रयोग भए पनि यथार्थवादी कथा भएकाले पाठकलाई बुझ्न कठिनाइ हुँदैन । यथास्थितिबाट उन्मुक्ति भई परिवर्तन धर्मी कथा भएकोले यसको रूपविन्यास अभिधात्मक अर्थ सापेक्षतामा सम्वृत्त छ । "कही नभएको जात्रा हाँडी गाउँमा" भन्ने उखानले चन्द्रेकी आमा जस्ता सामन्ती चरित्र यथास्थिति प्रति अनुरागी बनेको विम्बात्मक अभिव्यक्ति प्रस्तुत हुन्छ 'चन्द्रेकी आमा' कथा तृतीय पुरुष सीमित दृष्टिविन्दुमा केन्द्रित छ । समानता र स्वतन्त्रता प्रतिको चाहना प्रस्तुत कथाको भाव रहेको छ ।

**(थ) 'स्तर' कथाको विश्लेषण**

'समय र पोखरी' कथा सङ्ग्रहमा सङ्गृहित लुइँटेलको "स्तर" ३७ औं कथा हो । कथाको कथानकको स्रोत सामाजिक यथार्थ हो । कथयिताले 'म' पात्रको रूपमा कथानक अगाडि बढाएको छ । सामाजिक परिवेशमा सबैका सांस्कृतिक मूल्यमान्यता रहेका छन् चाहे मानव या मानवेतर प्राणी । 'म' पात्रको माध्यमबाट एउटा कुकुरको छाउरोको कथाबाट कथानक अगाडि बढेको छ । बाटोमा गाडीको कुचाइबाट कुकुरको छाउरो बचाउने 'म' पात्रको मानवसुलभ गुण र ज्यान बचाइदिएको कुनै अनुभूति गर्न नसक्ने पशु कुकुरको स्वभाविक गुण भुक्ने र टोक्ने नै भएको कुरा कथाकार बताउँछन् । त्यसैले कुकुरले सहयोगको बदलामा आभार व्यक्त गर्नुको साटो टोक्नु कुनै नौलो नभएको कथाकारको आदर्शवादी दृष्टिकोण प्रस्तुत हुन्छ । कथाको विकास रैखिक ढाँचामा भएको छ ।

यस कथामा मानवीय र मानवेतर दुई पात्रको प्रयोग भएको छ । मानवेतर पात्र कुकुरको छाउरो सामाजिक जीवनमा रूपान्तरण हुन नसकेका यथास्थितिवादी चरित्रको प्रतिनिधि पात्र हो । कथाको कुकुरको छाउरो प्रमुख गतिहीन, यथार्थ, प्रतिकूल व्यक्तिगत चरित्र हो भने 'म' पात्र सहायक, गतिशील अनुकूल, वर्गगत आदर्श चरित्र हो । सरल भाषा, शैलीको प्रयोग भएको प्रस्तुत कथामा कुइँइँयय, क्याक्क, कुँ कु, झझल्ती जस्ता अनुकरणात्मक शब्दको प्रयोग भएको छ । 'कुकुर' यथास्थितिवादी चरित्र प्रस्तुत गर्ने तमाम मानिसको प्रतीक बनेर आएको छ । व्यञ्जनात्मक अर्थ सापेक्षतामा सम्वृत्त रूपविन्यासमा संरचित कथावस्तुले आदर्शवादी विचार सम्प्रेषण गरेको छ । आन्तरिक परिधीय दृष्टिविन्दुमा केन्द्रित कथाले अवस्था अनुसार परिवर्तन हुन नसक्ने यथास्थितिप्रति प्रहार गरेको छ ।

**(द) 'बेरोजगारी' कथाको विश्लेषण**

'बेरोजगारी' कथा सर्वप्रथम २०३७ सालमा प्रकाशन भएको हरिगोविन्द लुइँटेलको 'समय र पोखरी' मा सङ्कलित ४१ औ. कथा हो । यस कथाको कथास्रोत वर्तमान युगजीवनमा भोगिरहनु परेको सामाजिक यथार्थ हो । कामको अभावमा क्रियाशील जीवन त्यसै विताउनु परेको एउटा अवस्था र अभाव र पीडामा बाँच्नु परेको अर्को अवस्थाको यथार्थता प्रस्तुत कथामा भेटाइन्छ । 'म' पात्रले काम पाएको

छैन त्यसैले उसले रत्नपार्कमा फगत नकारात्मक सोचाइलिएर बसेको छ भने कुनै गन्तव्यहीन, दिशाहीन यात्रा गरेको छ । यो समस्या अहिले विकराल अवस्थामा पुगेको छ । खाली दिमागले समाजमा नकारात्मक सोचको बढावा ल्याउँछ भन्ने कुरा 'म' पात्रको ध्यान केटीहरू प्रति जानुले देखाउँछ । 'म' पात्रको अक्रियाशील दिनचर्याको चर्चाबाट अगाडि बढेको कथानक रैखिक ढाँचाका आधारमा विकास भएको छ। प्रस्तुत कथाको प्रमुख पात्र 'म' हो । ऊ गतिहीन प्रतिकूल यथार्थ तर वर्गगत पात्र हो । सरल भाषाशैलीमा अभिव्यक्त सामाजिक यथार्थवादी कथा अभिधात्मक अर्थ सापेक्षतामा सम्वृत्त रूपविन्यासमा आधारित छ। प्रथम पुरुष केन्द्रीय दृष्टिविन्दुका आधारमा कथानक सिर्जित छ। यहाँ बेरोजगार 'म' पात्र समाजको प्रतिनिधि पात्र हो । बेरोजगारी जीवन निरर्थक र गन्तव्यहीन हुने हुँदा व्यस्त क्रियाशील जीवनमा सिर्जना र सार्थक पाउन सकिने उन्नत विचार कथाकारको देखिन्छ ।

**(ध) 'एघार लाख' कथाको विश्लेषण**

हरिगोविन्द लुइँटेलको 'एघार लाख' "समय र पोखरी" कथा सङ्ग्रहमा सङ्गृहित ३८ औं कथा हो । यो कथा सर्वप्रथम २०४८ सालमा जन-साहित्य पत्रिकामा प्रकाशन भएको थियो । 'एघार लाख' सामाजिक यथार्थवादी कथा हो । आफ्नो कार्य सिद्धि गर्न जस्तोसुकै कदमचाल्न पछि नपर्ने मानिसको चरित्रको चित्रणमा कथानक अगाडि बढेको छ । सत्तारुढ दलको चाकरी नगरेसम्म कुनै पनि काम नबन्ने राजनीतिक विसङ्गतिप्रति कथा केन्द्रित छ । त्यसैले 'शङ्कर'का माध्यमबाट पञ्चायती व्यवस्था हुँदा जनआन्दोलन विरोधी 'दमन कमिटी' मा बस्नु पर्ने, पञ्चायत ढलेपछि काँग्रेसी सरकारको चाकरीमा 'वामपन्थी' विरोधी गतिविधिमा सक्रिय हुनु चाकरी र चुक्लीका भरमा आफ्नो काम हुने भए पछि जस्तो सुकै गलत काम गर्न पछि नपर्ने घटना क्रमानुसार कथा अगाडि बढेको छ । 'एघारलाख' कथाको कथानक श्रुतिमधुर छ । कथा रेखीय ढाँचामा अगाडि बढेको छ । समसामयिक नेपाली समाजको सामाजिक, आर्थिक राजनीतिक विविध पक्षलाई कथाको विषयवस्तुको रूपमा प्रस्तुत गर्न खोजिएको छ ।

एघार लाख कथाको प्रमुख पात्र शंकरे हो । उसले अवसरवादी चरित्रको प्रतिनिधित्व गरेको छ । ऊ कथाको केन्द्रीय गतिहीन प्रतिकूल, व्यक्तिगत, यथार्थ पात्र हो र उसैको केन्द्रीयतामा कथानकको विकास भएको छ । तृतीय पुरुष सीमित

दृष्टिविन्दुको प्रयोग गरिएको प्रस्तुत कथको भाषा बोलिचालीको शुद्ध नेपाली र शैली सरल सहज छ । यथार्थ विषयवस्तुलाई कथाको स्रोत बनाइएको कथाको रूपविन्यास अभिधात्मक सम्वृत्त छ । कथाका माध्यमबाट कथाकारले समाजका दलालहरूको अन्त्य हुनुपर्ने क्रान्तिकारी चेतना दिएका छन् ।

### (न) 'सत्यको आतङ्क' कथाको विश्लेषण

हरिगोविन्द लुइँटेलको "समय र पोखरी" कथा सङ्ग्रहमा रहेको 'सत्यको आतङ्क' कथा सर्वप्रथम "उत्साह" पत्रिकामा २०५६ मै प्रकाशन भएको हो । 'सत्यको आतङ्क' कथाको कथास्रोत सामाजिक यथार्थ हो । समाजका सामन्त जमिन्दारले सोझा जनतालाई सामान्य काम गरेर कसरी भ्रष्टाचार गर्न सक्दछन् र यथार्थ सत्यलाई कसरी अँध्यारो पर्दाले ढाक्न सक्छन् भन्ने कथानक बाट कथाको अन्त्य भएको छ । नेपाली ग्रामिण समाज सामन्ती पूँजीपति जमिनदारको जयजय गायनमा मात्र केन्द्रित हुने तर उनीहरूका भ्रष्ट आचरण र व्यवहारलाई लुकाउन बाध्य छन् भन्ने कुरा विष्णु सर लगायत धेरै वक्ताले जमिनदार चन्द्रविक्रमको प्रशंसा गर्नुले पुष्टि हुन्छ । समाजमा केही यस्ता मानिस छन् जसले चाकरी चुक्ली नगरी यथार्थताको पर्दाफास गर्दछन् । त्यस्ता व्यक्तिलाई असत्य, अन्याय, अत्याचारका पक्षधरले स्वीकार गर्न सक्दैनन् आतङ्कारी घोषण गर्दछन् । त्यसैले सत्यको उद्घाटनमा आतङ्कित बनेकाले सत्य प्रेमीलाई आतङ्कारी घोषणा गर्दछन । यसरी कथानक अनुसारको शीर्षक सार्थक छ । 'सत्यको आतङ्क' कथाको कथानक सशक्त छ । कथा रेखीय ढाँचामा अगाडि बढेको छ । कथामा आदि, मध्य र अन्त्यको पालना गरिएको छ ।

पात्र विधानका दृष्टिले यस कथामा चन्द्रविक्रम, विष्णु माड्साप, हरि माड्साप र गाउँले जस्ता पात्र रहेका छन् । चन्द्रविक्रम कथाको मुख्य पात्र हो । उसको चारित्रिक वैशिष्ट्यमा कथानक अगाडि बढेको छ । चन्द्रविक्रम प्रमुख, गतिहीन, प्रतिकूल, व्यक्तिगत पात्र हो । विष्णु माड्साप सहायक, गतिहीन चरित्र हो भने हरि माड्साप सहायक, गतिशील, वर्गगत, अनुकूल यथार्थ पात्र हो । सामान्य बोलचालको भाषा र शैली सरल र सहज भएको कथाको रूप विन्यास सम्वृत्त छ । "त उग्रवादी, आतङ्ककारी होस्, तँ नबोल" भन्ने जमिनदारको भनाइ नेपाली राजनीतिमा सत्य कुरा बोल्नेहरूलाई गरिने व्यवहारको विम्बात्मक अभिव्यक्तिका रूपमा आएको छ ।

प्रथम पुरुष सीमित दृष्टिविन्दुको संयोजन गरिएको प्रस्तुत कथा सामन्त शोषक वर्गको गुलामी नगरी उनीहरूको भ्रष्ट आचरण र सोझा साझा गाउँलेलाई गरेका शोषण दमनको विरोध गर्न पछि हट्नु हुँदैन भन्ने क्रान्तिकारी विचारधाराको प्रतिध्वनित भएको छ ।

### (प) 'नातिनी र हजुरबा' कथाको विश्लेषण

हरिगोविन्द लुइँटेलको 'नातिनी र हजुरबा' कथा "समय र पोखरी" कथा सङ्ग्रहमा सङ्गृहित कथा हो । नातिनी र हजुरबा सामाजिक यथार्थवादी कथा हो । परिस्थिति अनुकूल चल्न नजान्ने सामाजिक यथार्थलाई कथाको विषयवस्तु बनाइएको छ । कथाको प्रमुख पात्र हजुरबा हो । ऊ तटस्थताको नियमानुसार कसैको पक्षमा नलाग्ने पात्र हो । तटस्थ बस्नु निष्कलङ्कीत हुने बुझाइ यथास्थिति र अन्यायको समर्थन हो भन्ने कुरा उसले बुझेको छैन ।तटस्थतामा कसैप्रति अन्याय नगरिने बुझाइले ऊ सरासर अन्याय अत्याचारको पक्षमा लागेको देखिन्छ । उसैको चारित्रिक विशेषताका आधारमा कथानक अगाडि बढेको छ । नातिनीबाट तटस्थ बस्नु अन्यायी बलियाको समर्थन हो भन्ने बुझेर पनि उसले आफ्नो हठ त्याग्न सकेको छैन् । समाजमा कसैको पक्षमा नलाग्ने नबोल्ने मानिसलाई सोझो, इमान्दार आदि आदि प्रशंसा गरिरहने अज्ञानी र अबुझ दृष्टिपनि जीवित छ । त्यसैले यो कथा यथार्थवादी र मर्मस्पर्शी छ । कथानकको विकास रैखिक ढाँचामा रहेको र आदि, मध्य र अन्त्यको क्रमिकताका आधारमा अगाडि बढेको छ ।

कथाको प्रमुख पात्र हजुरबा (शंकर/म) हो । ऊ गतिहीन, प्रतिकूल, व्यक्तिगत चरित्र हो । सहायक पात्रको रूपमा नातिनी आएकी छे । नातिनी गतिशील, अनुकूल, वर्गगत यथार्थ चरित्र हो । सहरीया परिवेशमा निर्मित कथामा मानवीयताको उपहास गरिएको छ । सामान्य बोलचालको भाषा र शैली सरल सहज छ । यसमा केही आगन्तुक शब्दहरूको पनि प्रयोग गरिएको छ । जस्तै : तटस्थ, अफिस, अखवार, जुलुस, होमवर्क आदि । प्रतीकात्मक रूपमा 'तटस्थ' चरित्र यथास्थिति र अग्रगमन विरोधी देखिएको छ । यथार्थवादी कलादृष्टि अङ्गालिएको प्रस्तुत कथाको कथानक सम्वृत्त रूप विन्सायका आधारमा रहेको छ ।

प्रथम पुरुष केन्द्रीय दृष्टिविन्दुका आधारमा कथानक अगाडि बढेको छ । कथामा कथाकारले कसैप्रति आग्रह वा पूर्वाग्रही बनेर पक्ष वा विपक्षमा लाग्नु हुँदैन तर न्यायको सिद्धान्त अनुसार अन्याय, अत्याचार गरिएको अवस्थामा निर्धा वा कमजोर वर्गप्रति लाग्ने आग्रह गर्दै प्रगतिवादी क्रान्तिकारी स्वर दिएका छन् ।

**(फ) 'अड्डाभित्रको बहुदल' कथाको विश्लेषण**

हरिगोविन्द लुइँटेलको 'अड्डाभित्रको बहुदल' 'समय र पोखरी' कथा सङ्ग्रहमा सङ्गृहित ४४ औं कथा हो । यो कथा सर्वप्रथम २०४२ सालको मिर्मिरे पत्रिकामा प्रकाशन भएको थियो । 'अड्डाभित्रको बहुदल' कथामा सामाजिक यथार्थवादी विषयवस्तु समेटिएको छ । सरकारी कर्मचारी आफ्नो कर्तव्य विर्सी दलगत स्वार्थ पूरा गर्ने माध्यम बनेको छन् । कार्यालयको काम नियमित गर्नुको साटो एक अर्कामा पार्टीको रङ्ग लगाउँदै विताउने तर भ्रष्टाचार र घुसखोरीमा ठूलै राष्ट्रिता जोगाए जस्तो गरी एकमत हुने भन्सार अड्डाका कर्मचारीको व्यवहारबाट कथानक अगाडि बढेको छ । नेपाली राजनीति क्षेत्रमा आएको बहुदलीय व्यवस्थाको दुरूपयोग, सरकारी कार्यालयमा गरिने मनोमानी प्रवृत्ति प्रति कथाकारले व्यङ्ग्य गरेका छन् । भन्सार अड्डामा देखिने ढिलासुस्ती घुसखोरी, अनियमितता र अनैतिक चरित्रले बहुदलीय व्यवस्थाको उपहास गरेको छ । विभिन्न राजनीतिक दलको संरक्षणमा भन्सारमा घुसखाने समसामयिक प्रवृत्तिप्रति कथावस्तु केन्द्रित भएकोले कथानक मर्मस्पर्शी छ । कथाको विकास रेखीय ढाँचामा अगाडि बढेको छ । सामाजिक यथार्थवादी कथावस्तु भएकोले कथाको रूप विन्साय अभिधात्मक अर्थ सापेक्षताका आधारमा सम्वृत्त रहेको छ ।

प्रस्तुत 'अड्डाभित्रको बहुदल' कथामा घनश्याम, हाकिम, झंकराम कोइराला, हवल्दार, गजेन्द्र गुरु जस्ता पात्र रहेका छन् । सबै एक अर्कामा दोषारोपण गर्न व्यस्त देखिन्छन् । यी सबै पात्रको चरित्र सहायक, गतिहीन, प्रतिकूल व्यक्तिगत र यथार्थ छ । सामान्य नेपाली बोलचाल भाषा प्रयोग गरिएका सरल र सहज शैलीमा निर्मित छ । 'अड्डाभित्रको बहुदल' देशमा देखापरेको अव्यवस्था, दण्डहीनता, नैतिकताको हत्या आदिको प्रतीकात्मक अभिव्यक्ति हो । तृतीय पुरुष वस्तुगत दृष्टिविन्दुका आधारमा कथानक अगाडि बढेको छ । कथाकारले सरकारी रकम खाने

मान्छेले बहुदलीय व्यवस्थाको खिल्ली उडाएर आफ्नो स्वार्थ सिद्धि गर्न लागेको प्रति व्यङ्ग्य विद्रोहको स्वर दिएर यस्तो अव्यवस्थाका विरुद्ध विद्रोही चेतना दिएका छन् ।

**(ब) 'आइते गुट र मङ्गले गुट' कथाको विश्लेषण**

हरिगोविन्द लुइँटेलको 'आइते गुट र मङ्गले गुट' कथा सर्वप्रथम "वेदना" पत्रिकामा २०५६ सालमा प्रकाशन भएको हो र 'समय र पोखरी' कथा सङ्ग्रहमा सङ्गृहित ४५ औं कथा हो । नेपाली समाजमा व्यक्ति अहम्का कारण देखा परेको आफ्नो अस्तित्त्वका लागि सङ्घसंस्था, राजनीतिक पार्टी आदिमा टुटफुटको स्थितिलाई कथाको स्रोत बनाइएको छ । समसामयिक घटनाक्रमलाई कथामा उतारिएकाले कथा मर्मस्पर्शी छ । जुन उद्देश्यका साथ सङ्घसंस्था खोलिन्छन् तिनमा आफू सर्वोच्च हुने मनसायले रचनात्मक कार्य गर्न छाडी एक अर्कालाई सिध्याउने गतिविधि हुने गरेको यथार्थतामा कथा केन्द्रित छ । गाउँमा सामाजिक काम गर्ने उद्देश्यले स्थापित "गैह्री गाउँ सरसफाई परिवार" नामको क्लबका आदित्यनारायण र मङ्गलकृष्ण दुवै सर्वोच्च नेता बन्ने अहम् चाहनाले टुटफुटको स्थितिमा आउँछन् । जहाँ अवसरवादी चरित्रका मान्छेले मलजलको काम गर्दछन् । यो विवाद उत्कर्षमा पुगेर दुई गुट स्थापित हुन्छ । जसमा आदित्यनारायणको 'आ' बाट आइटे गुट र मंगलकृष्णको 'मंगल'बाट मंगले गुट दुई गुटमा विभाजित हुन्छ । यस पछि एक अर्कालाई लक्षित गरेर दोषारोपण गर्न गाउँका चोक केन्द्रित हुन्छन् । दुवैले उद्देश्य अनुसार काम गर्न सक्दैनन् । यसरी समसामयिक व्यक्तिवादी चरित्र माथि उठाउन खोज्ने प्रवृत्ति प्रति लक्षित कथाको कथानक रेखीय ढाँचामा आदि, मध्य र अन्त्यको शृङ्खलामा विकास भएको छ । प्रस्तुत कथाले नेपाली राजनीतिक दलका नेताको चरित्रलाई समेत उजागर गरेको छ ।

प्रस्तुत कथामा म, आदित्यनारायण, मंगलकृष्ण र गाउँले पात्रको प्रयोग भएका छ । 'म' का माध्यमबाट कथानक अगाडि बढेको छ । म पात्रले आदित्यनारायण र मंगलकृष्णका चरित्र चित्रण गरेबाट कथानक निर्मित भएको छ । आदित्यनारायण र मंगलकृष्ण कथाका प्रमुख, गतिहीन, प्रतिकूल, व्यक्तिगत र यथार्थ चरित्र हुन् । 'म' सहायक वर्गगत, गतिशील चरित्र हो भने गाउँले गौण पात्र हुन् । सामान्य कुराकानीको क्रममा अगाडि बढेको कथामा सामान्य भाषा र सरल सहजशैलीको प्रयोग भएको छ । "आइते गुट र मंगले गुट" समसामयिक व्यक्तिवादी चरित्रका

प्रतीक हुन् । यथार्थ विषयवस्तु संयोजन गरिएको कथामा अभिधात्मक अर्थ सापेक्षताका कलामा सम्वृत्त रूपविन्यासको प्रयोग गरिएको छ । प्रथम पुरुष परिधीय दृष्टिविन्दुका आधारमा कथानक निर्माण भएको छ । नेपाली सामाजिक जनवीवनमा देखापर्ने अहम् चरित्रले लक्षित उद्देश्य पूरा हुन नसकी अवसरवादीहरुले फाइदा लिन सक्ने हुँदा मिलेर काम गर्न सक्नुपर्छ भन्ने कथाकारको सन्देश छ । कथामा कथाकारले एकतामा शक्ति हुने र त्यसबाट मात्र लक्ष्य हासिल गर्न सकिने धारणा व्यक्त गर्दै यस्ता गतिविधि रोकिनु पर्ने सुधारवादी प्रगतिवादी विचारलाई आत्मसात गरेका छन् ।

**(भ) 'पोखरी' कथाको विश्लेषण**

हरिगोविन्द लुइँटेलको "समय र पोखरी" कथा सङ्ग्रहको नाममा उल्लेख गरिएको 'पोखरी' सङ्ग्रहकै अन्तिम कथा हो । यो कथा सर्वप्रथम २०४१ सालमा हिमाली सौगात पत्रिकामा प्रकाशन भएको थियो । पोखरी विश्व सामाजिक परिवेशमा खडा भएको यथार्थवादी कथा हो । मानवीयताको ह्रास र वर्गीय शोषणको विकराल विश्वजनीन अवस्थालाई प्रस्तुत कथाले प्रतीकात्मक रूपमा अभिव्यक्त गरेको छ । ठूला माछाले साना माछालाई खानु वा खान खोज्नु र गंगटाले आश्वासन दिएर खानु दुवै विम्बात्मक अभिव्यक्ति हुन् । 'पोखरी' विश्वकै विम्ब हो । कथामा मुद्रे नामको माछालाई ऊ भन्दा ठूलो माछाले खान खोज्दा हार गुहार गर्दै भाग्छ । आश्वासन र सुरक्षा पाउनुको साटो उल्टै अरु ठूला माछाले लखेटन थाल्दछन् र अन्त्यमा गंगटाले सुरक्षा दिने विश्वासमा गंगटा सामु पुग्छ तर गंगटाले उसलाई खान पुग्छ । यसरी कथयिताले पोखरी रूपी संसारमा देखापर्ने वास्तविक घटनालाई 'मुन्द्रे' शोषित र गंगटो र ठूला माछालाई शोषकका प्रतीकात्मक रूपमा ल्याएर कथानक बढाएको छ । यो कथा रेखीय ढाँचामा व्यञ्जनात्मक अर्थ सापेक्षतामा सम्वृत्त रूप विन्यासमा विकास भएको छ ।

पात्र विधानका दृष्टिले प्रस्तुत कथामा मानवेत्तर प्राणीलाई मानविकीकरण गरी प्रस्तुत गरिएको छ । मुद्रे, गंगटो, माछा, यस कथामा प्रयुक्त पात्र हुन् । गंगटो कथाको केन्द्रीय, गतिहीन, प्रतिकूल, व्यक्तिगत र यथार्थ चरित्र हो 'मुन्द्रे' सहायक, गतिशील, अनुकूल, वर्गगत र यथार्थ पात्र हो भने माछाहरू गौण पात्र हुन् । गँगटाका चरित्र चित्रणमा कथानक अगाडि बढेको छ । कथा सामान्य बोलचालको भाषा र सरल सहज

शैलीमा लेखिएको छ । अर्थ सापेक्षताका दृष्टिले सामान्य पोखरीको गतिविधि भए पनि लक्ष्यार्थका दृष्टिले विश्व परिवेशलाई सङ्केत गरिएको छ । व्यक्तिवादी सोच र वर्गीय विभेदका कारण मानिसले भोग्नु परेको कटु यथार्थलाई कथाले सङ्केत गरेको छ । तृतीय पुरुष दृष्टिविन्दुका आधारमा कथानकले आफ्नो स्वरूप निर्धारण गरेको छ । मानवीयताको ह्रास, वर्ग शोषणको विकराल अवस्थाबाट ग्रसित समाजमा मानवीयता र वर्गहीन समाजको निर्माणमा कथाकार लालायित देखिन्छ । त्यसैले कथाकारले कथाका माध्यमबाट शोषक र सामन्तको अन्त्य गर्न विद्रोह गर्नुपर्ने क्रान्तिकारी विचारलाई कथामा प्रस्तुत गरेका छन् ।

### ४.७.२ हरिगोविन्द लुइँटेलका फुटकर कथाहरूको अध्ययन

वि.सं. २०३७ मा 'स्रोतश्वनी' पत्रिकामा 'ममता' शीर्षकको कथाबाट लुइँटेलको औपचारिक कथायात्रा शुरु भएको हो । २०३७ देखि २०५६ सम्मका छोटा कथाहरूको सङ्ग्रह 'समय र पोखरी' पुस्तकाकार कृतिको रूपमा देखा परे पनि उनका लामा कथाहरू फुटकर रूपमै रहेका छन् । सामाजिक राजनीतिक र आर्थिक क्षेत्रमा देखापरेका विकृति र विसङ्गतिले साहित्यकारलाई सम्वेदनशील तुल्याए पछि त्यसमा कलम चल्ने गर्छ । उनका प्रायः सबै कृति यथार्थपरक रहेका छन् । युगको चाहाना, वर्तमानको समस्या, सामाजिक, राजनीतिक, आर्थिक विकृति र विसङ्गति जस्ता विषय समेटिएका उनका उत्कृष्ट कथा फुटकर रूपमै रहेका छन् । यिनै फुटकर रचनाहरूलाई लुइँटेलले 'गुञ्जमानहरू' नामक पुस्तकाकार कृति प्रकाशनको तयारीमा जुटेका छन् । उनका फुटकर कथाकृतिहरू विभिन्न साहित्यिक पत्रपत्रिकामा छरिएर रहेका छन् । यहाँ लुइँटेलका कथाकारिताको क्षेत्रमा लेखिएका करिब एक्काईस वटा कथाहरू मध्ये चारवटा प्रतिनिधि कथाहरूको विश्लेषण गरिएको छ । आफ्नो कथाकारिताको यात्राको दौरानमा देखिएका विषयगत विविधता र उनमा देखिएको र खारिएको कथाकार व्यक्तित्वलाई यी कथाहरूले व्यक्त गरेका छन् । लुइँटेलको समुच्च फुटकर कथाहरूको प्रतिनिधित्व गर्ने यी विश्लेष्य कथाहरूमा विषयगत विविधता पाइन्छन् । यहाँ विश्लेषित फुटकर कथाहरूलाई तिनले वहन गरेको कथा तत्त्वका आधारमा विश्लेषण गर्ने जमर्को गरिएको छ ।

**(क) 'अलग-अलग ठाउँमा बसेका गुञ्जमानहरू' कथाको विश्लेषण**

स्वार्थी तर हठी मानसिकता बोकेर आफ्नो सान रवाफ र अहङ्कारमा नेता हुनै पर्ने तर यथार्थमा गम्भीर नहुने राजनीतिक कार्यकर्ताको आचरण नै प्रस्तुत कथाको कथास्रोत हो । आफ्नो व्यक्तिगत निहित स्वार्थलाई महत्त्व दिएर पार्टीको महत्त्वपूर्ण बैठक भेलालाई गौण ठान्ने 'गुञ्जमानहरू' जस्ता पात्रहरू प्रति कथाकारले दृष्टि दिएका छन् । विचार र व्यवहार एउटै हुन सक्दैन भन्ने गलत विचार बोकेका मान्छेले पार्टीलाई कमजोर पार्दछन् । आफ्नो व्यवहार एउटा पाटो हो जसलाई आफ्नै अनुकूल चलाउन पाउनु पर्छ । विचार अलग पाटो हो भन्ने सोच गुञ्जमानमा छ । प्रगतिशील विचार राख्नेले आचरण सुधार गर्न नसक्नु नेपाली वामपन्थी राजनीतिमा विडम्बना नै मान्नु पर्छ । विचार प्रगतिशील तर व्यवहार उल्टो देखाउने कार्यकर्ताको कार्यशैलीले जनतालाई भ्रममा पारेको छ । प्रगतिशील विचारधारा अनुसार व्यवहार नगर्ने तर नेता बन्नै पर्ने व्यक्तिवादी सोचले राजनीतिक संस्कार विकास हुन सक्दैन । गुञ्जमान घरानियाँ परिवारको मान्छे हो । उसलाई आफ्नै किसिमको आदत परेको छ र छाड्न पनि सक्दैन । ऊ अध्ययन विनै सामान्य साथी समूहको प्रभावमा प्रगतिशील हुँ भन्न रुचाउने पात्र हो । अध्ययन र गहन विचार विनै राजनीतिमा लाग्नेहरू आफ्नो व्यक्तिगत स्वार्थ नै ठूलो ठान्छन् भन्ने भाव प्रस्तुत कवितामा पाइन्छ । गुञ्जमान पनि लहलहैमा राजनीतिमा लागेको हो । उसलाई राजनीतिक स्वाद लत जस्तै भएकोले पार्टी बैठक भेलामा जाने गर्छ । आफ्नो नाम पनि सञ्चार माध्यममा आओस् भन्ने छुद्र मानसिकता बोकेको मानिस हो । जसले सङ्गठनभन्दा व्यक्तिलाई महत्त्व दिन्छ । जसको उदाहरण पार्टीको भेला हुने महत्त्वपूर्ण छलफल र निर्णयभन्दा फुटबल खेल हेर्न जाने हतारोले पुष्टि गर्छ । यसरी प्रगतिशील विचार राख्नेहरूले आफ्नो व्यवहारमा पनि परिवर्तन गर्नुपर्छ । व्यक्तिगत स्वार्थभन्दा देश र पार्टीको स्वार्थ ठूलो हो भन्ने कुरा बुझ्नु पर्ने सन्देश कथामा दिएको छ । व्यक्तिगत स्वार्थलाई महत्त्व राख्ने मान्छेहरूका कारण प्रगतिशील विचारधारामा गुटबन्दीको स्थितिमा पुगेर अलग अलग ठाउँमा पुग्छ भन्ने भाव बोकेको कथाको विकास रेखीय ढाँचामा भएको छ । प्रस्तुत कथाले नेपाली वामपन्थी राजनीतिमा देखिएको व्यक्ति विचलनको घटनालाई समेटेको छ ।

प्रस्तुत कथाको कथानक गुञ्जमानकै चारित्रिक विशेषताका आधारमा अगाडि बढेको छ । कथाको प्रमुख पात्र गुञ्जमान हो । ऊ गतिहीन, प्रतिकूल, व्यक्तिगत, चरित्र हो । नेपाली राजनीति आकाशमा प्रगतिवादी राजनीति सिद्धान्त अपनाउने नेता कार्यकर्तामा

प्रगतिशील चिन्तन र व्यवहार नभएको वस्तुपरक यथार्थलाई समेटेको प्रस्तुत कथाको भाषाशैली सामान्य रहेको छ । कथाको रूपविन्यास अभिधात्मक अर्थ सापेक्षातामा सम्वृत्त छ । तृतीय पुरुष सीमित दृष्टिविन्दुको प्रयोगले कथा कलात्मक बनेको छ । अलग अलग सोच र स्वार्थ भएका 'गुन्जमानहरू' अलग अलग बाटो हिड्न सक्छन् भन्ने कथावस्तु र शीर्षक अनुसार कथा सार्थक रहेको छ ।

### (ख) 'सत्य बोल्ने रोग' कथाको विश्लेषण

हरिगोविन्द लुइँटेलको कथाहरूमा 'सत्य बोल्ने रोग' कथा कथावस्तुका दृष्टिले भिनो भए तापनि मर्म स्पर्शी रहेको छ । यो स्वार्थी दुनियाँ धन पैसामा बगेको कथानकले कथालाई यथार्थताका सापेक्षमा सशक्त बनाएको छ । हुने खानेहरूबाट केही पाउने आशामा नाता सम्बन्ध टाढाको भए पनि चाकरी र सेवामा जुट्न पछि नपर्ने तर गरिब निमुखा सहाराविहीन भए रगत नाता अनुसार कर्तव्य पूरा गर्नु पर्ने भए पनि वास्ता नगरिने वर्तमान सामाजिक विसङ्गतिमा कथानक अगाडि बढेको छ । त्यसैले त्यस्ता द्रव्यपिशाच र छुद्रमति भएकाहरू प्रति अप्रत्यक्ष रूपमा प्रहार गर्नु कथाको मूल भाव हो । 'म' पात्र आर्थिक रूपमा सम्पन्न र पहुँच भएको छ । ऊ बिमारी हुँदा सुदर्शन र चन्द्रा भेट्न आउँछन् उनीहरू 'म' पात्रबाट केही पाइने आशामा रहेका छन् । त्यसैले कोसेली लिएर भेट्न जान्छन् । नाता सम्बन्धमा सहोदर दाजुको छोरा गोपाल अस्पतालको वेडमा आफन्तको प्रतिक्षामा छ । सहयोग, सान्त्वना र ढाडस दिने कोही छैन । कारण ऊ बेसहारा, गरिब छ । काका काकी उसबाट केही प्राप्त गर्न नसकिने निचोडमा पुगेका छन् । त्यसैले उनी भतिजोलाई भेट्न जाँदैनन् उनीहरूको यो व्यवहार 'म' पात्रलाई असह्य हुन्छ । त्यसैले उनीहरूको विरोध गर्न बाहाना पार्नु परेको छ । जुन अवस्थामा उनीहरूको कुकृत्यको पर्दाफास गर्न सकियोस् । यसैले 'म' पात्रले बेहोसीको अभिनयमा उनीहरूको बदनाम गरेको छ । यो रोग यथार्थमा रोग थिएन अभिनय थियो । मानसिक अवस्था असन्तुलन भएको अभिनयमा यथार्थको चिरफार गर्ने कथावस्तुले कथानक सशक्त बनेको छ । आदि मध्य र अन्त्यको रैखिक ढाँचा र सम्वृत्त रूपविन्यासमा कथानक रहेको छ । कथालाई सामाजिक परिवेश सुहाउँदो दृष्टान्तले जीवन्त तुल्याएको छ ।

पात्र विधानका दृष्टिले सत्य बोल्ने रोग कथामा निम्न मध्यम वर्गीय समाजका प्रतिनिधि पात्रहरू रहेका छन् । यस कथामा प्रयुक्त पात्र 'म' मकी छोरी, सुदर्शन, चन्द्रा र गोपाल रहेका छन् । म र छोरी प्रमुख, गतिशील, वर्गगत, बहिर्मुखी र क्रान्तिकारी पात्र

हुन् । सुदर्शन र चन्द्रा सहायक पात्र हुन । उनीहरूकै चारित्रिक विशेषता 'म' पात्रका माध्यमबाट व्यक्त गरिएको छ । उनीहरू गतिहीन, व्यक्तिगत चरित्र बोकेका पात्र हुन् । प्रथम पुरुष परिधीय दृष्टिविन्दुको प्रयोग गरिएको कथाको भाषा सहरिया शिष्ट छ । कथाका माध्यमबाट समाजमा देखिएका यथार्थलाई जस्ताको तस्तै भन्न सकिने यस्तो रोग सबैलाई लागे समाज सुधार हुन सक्छ भन्ने भाव कथामा समेटिएको छ । यस्तो स्पष्ट वक्ता बहाना बाजीमा मात्र नभएर यथार्थमा नै देखिनु पर्छ भन्ने सन्देश कथाकारले दिएका छन् ।

### (ग) 'डाँडा गाउँमा च्याउ खेती : एक सम्भावना एक चुनौती' कथाको विश्लेषण

कथाको शीर्षक 'डाँडा गाउँमा च्याउ खेतीः एक सम्भावना एक चुनौती' हेर्दा नै कुनै विशेष कार्य हुँदैछ भन्ने आभास मिल्छ । आफ्नो विचार सिद्धान्त र निष्ठामा धमिरोले धुल्या लगाई दिएपछि विचार धर्मराउँछ भन्ने भाव कथामा रहेको छ । सन्तमायाँ घरानियाँ परिवारकी बी.ए. पास गरेकी, समाज प्रति एक टुक्रा सम्वेदना नभएकी घमण्ड बोकेकी पात्र हो । उसको माइती परिवार तस्कर गर्न सिपालु छ । पैसाका लागि आफ्नो स्वाभिमान गुमाउन सक्छ । यस्तो परिवारमा वैवाहिक सम्बन्ध गाँसेपछि कृष्णप्रतापको विचार धर्मराउन थाल्दछ । सामाजिक सेवा र राजनीतिलाई आफ्नो अभिन्न पाटो सोचेको कृष्णप्रतापमा बारम्बारको श्रीमती सन्तमायाँ र ससुरालीबाट जसरी भए पनि पैसा कमाउनु पर्ने दबावले उसको विचारको जग खलबलिएको छ । आफ्नै विचार सिद्धान्तमा विश्वास नहुँदा पनि यस्तो स्थिति पैदा भएको हो । जसरी पनि पैसा कमाउन लगाउने लक्ष्य बोकेकी श्रीमतीले उसैको नेताबाट समेत विचार मात्र बोकेर हिड्नु जडसुत्रवादी हुनु हो । त्यसैले व्यवहारवादी बन्नुपर्छ भन्ने कुराले कृष्णप्रतापलाई झन अप्ठ्यारो पारेको थियो त्यसैले ऊ आफ्नो विचारबाट पलाएन भई पैसा कमाउने बाटो खोज्न बाध्य भयो । उसलाई वर्षौंदेखि राजनीतिमा गरेको लगानी र समाज सेवाको बाटोभन्दा भिन्न व्यापारी क्षेत्रमा लाग्ने सन्तमायाँको प्रस्ताव स्वीकार हुँदैन । उसले सामाजिक सेवा गरेको भ्रम छर्न सकिने डलरको खेती एन.जि.ओ. खोल्ने सोच राख्यो त्यसै अनुसार आफ्नो प्रपोजल तयार गर्दाको क्षण सम्मको घटना क्रमलाई कथा बनाइएको 'डाँडा गाउँमा च्याउ खेतीः एक सम्भावना एक चुनौती' कथा शीर्षक अनुसार सार्थक छ । आदि मध्य र अन्त्यको सृङ्खलामा रैखिक ढाँचामा सम्वृत्त रूप विन्यासमा कथाको विकास भएको छ ।

पात्र विधानको दृष्टिले एस.एम. (सन्तमायाँ) के.पी. (कृष्णप्रताप) प्रमुख पात्र हुन । यिनैका चारित्रिक गतिविधिका आधारमा कथानक अगाडि बढेको छ । यी दुवै पात्र गतिशील

व्यक्तिगत चरित्र बोकेका पात्र हुन् । कथामा प्रयुक्त ससुरा, सासू, दिदी, नेता, गौण पात्र हुन् । सामान्य सरल भाषा तर लामा वाक्यको प्रयोग भए पनि भाषिक दुर्बोध्यता भेटिंदैन् पारिवारिक वृत्तको घटना भए पनि समाजको प्रतिविम्ब गर्ने प्रस्तुत कथामा तृतीय पुरुष सीमित दृष्टि विन्दुको प्रयोग भएको छ । कथाका माध्यमबाट कथाकारले आफ्नो स्तरभन्दा माथिका सँग सम्बन्ध गाँस्दा विचारको कदर नहुने सन्देश दिइएका छन् । कथाकार लुइँटेलमा सर्वहारा वर्गीय चिन्तन भएकोले पैसालाई महत्त्व नदिई विचारलाई अन्तिम लक्ष्यमा पुऱ्याउनु पर्ने विचार कथामा दिएका छन् ।

### (घ) 'हे भगवान !' कथाको विश्लेषण

'हे भगवान !' कथा लुइँटेलको "लहर साहित्यिक द्वैमासिक" पत्रिकामा प्रकाशित एक सशक्त कथा हो । नेपाली राजनीतिमा देखापरेको यथार्थ घटनालाई कथाको स्रोत बनाइएको छ । नेपालमा वि.सं. २०१७ देखि २०४६ सम्म एक दलीय निरङ्कुश पञ्चायती व्यवस्था रह्यो । पञ्चायती व्यवस्थामा नेपाली जनताले शोषण दमन र अन्याय सहनु पऱ्यो पञ्चायतका मण्डलेद्वारा जनताहरू सताइए । त्यसैले पञ्चायतको अन्त्यको लागि नेपालमा क्रियाशील प्रजातन्त्रवादी पार्टीहरू सक्रिय भए । नेपाली कांग्रेस र वाममोर्चा संयुक्त रूपमा लाग्यो र पञ्चायत ढल्यो । पञ्चायती व्यवस्थाको अवसान पछि जनताका दुश्मनले सजाय पाउने आशामा जनता विश्वस्त थिए तर विडम्वना तिनै जनताका दुश्मन बहुदलको आगमन सँगै कांग्रेस र वाममोर्चामा पसेर आफ्नो भाग्य सपारेको अवस्थालाई कथाको स्रोत बनाइएको छ । राजधानी काठमाडौंमा पञ्चायत विरोधी गतिविधि चर्केर पञ्चायतको अन्त्य गर्न लाग्दा नेपालका दुर दराजका जनतामा पनि राजनीतिले थोरै प्रभाव पाऱ्यो । पञ्चहरूको शोषणमा परेको जनताले उन्मुक्तिको शास फेर्ने सपना देखे । जनताको बीच एक नयाँ विश्वासको सञ्चार हुन थाल्यो । जसले शासनको आडमा जनतालाई सताए तिनको अव हिसाव किताव हुनेछ । हत्या आतङ्क, घरबास खोस्ने, बलात्कार झुट्टा मुद्दा, चेलिबेटी बेच्ने जस्ता जघन्य अपराध गरेको बद्लामा उनीहरूलाई दण्ड सजाय दिइने छ र जनताको पक्षमा काम गरिनेछ । जनताको सत्रु आफ्नो स्वाभिमान गुमाएर बाँच्नुको कुनै अर्थ हुने छैन । उनीहरूलाई जनताको अगाडि पाशविक सजाय दिइनेछ । यस्तै यस्तै अड्कलवाजी गरियो । बाबु मारिएको, खेतवारी खोसिएको र एक मात्र सहारा दिदी गाउँकै वडा अध्यक्षद्वारा बेचिएर पीडित बनेको चन्द्रमणि अर्जेलले ठूलो शास फेरेको थियो । उसका आँखा खुसीले आँसु भरिएका थिए । उसले दिदीलाई आफूहरूको जीत भएको खबर सुनाउन

चाहन्थ्यो । शोषित पीडित जनताको आवाज सुनिने व्यवस्था आयो भन्ने अनुभूति दिलाउन चाहन्थ्यो तर यथार्थमा ठीक उल्टो भयो । जसले पञ्चायत कालमा जनतालाई थिचोमिचोमा पारै तिनै पञ्चे बहुदल पछि सजायको बदला जनताका पार्टी बताउने पाटीहरूमा प्रवेश गर्दैछन् उनीहरू जोगिदै छन् जनतालाई शोषण दमन अत्याचार गरे वापत सम्मानित हुँदैछन् भन्ने हल्ला चन्द्रमणि जस्ता पीडितहरूलाई असह्य भएको कथावस्तुले कथा जीवन्त बनेको छ । यस्तो पीडामा भगवानसँगै पुकारा गर्न विवश चन्द्रमणिको अवस्थाले कथानक र शीर्षक सार्थक बनेको छ । राजनीतिक विषयवस्तुको उठान, पञ्चायती व्यवहार र त्यसलाई व्यहोर्नु परेको पीडा र अन्त्यमा निसास बन्नु परेको कथानकको विकास रेखीय ढाँचामा भएको छ ।

## ४.८ हरिगोविन्द लुइँटेलको कविता लेखनमा आगमन

नेपाली कविताको प्रारम्भ विन्दु नेपाली लोक जीवनबाट विकसित लोकगीत, लोकगाथा र भजनमालालाई नै लिन सकिन्छ । आधुनिक नेपालको एकीकरण र राज्यविस्तारको अवधि नेपाली कविता साहित्यको आदिकाल हो । वि.सं. १८०१ अघि लेखिएको कुनै कविता अझ फेला नपरेको हुँदा र फेला परेको पहिलो नेपाली कविता श्री ५ पृथ्वीका  समकालीन कवि सुवानन्द दासको “पृथ्वीनारायण” शीर्षक कविता हो (श्रेष्ठ शर्मा, २०४९ : २८) । प्राथमिक काल, माध्यमिक काल र आधुनिक काल सम्मको नेपाली कविताले यात्रा गऱ्यो । आधुनिक कालका विभिन्न धारा अन्तर्गत गोपालप्रसाद रिमालको ‘आमाको सपना’ (२०००) कविता लेखी प्रगतिवादी धाराको सूत्रपात भयो । (भण्डारी, २०५५ : ५१) यसै धारालाई अङ्गिकार गर्ने क्रममा हरिगोविन्द लुइँटेल तीसको दशकमा देखा पर्दछन् । नेपाली कविता साहित्यले विभिन्न घुम्तिहरु पारगर्दै आजको अवस्थामा आइपुग्दा हरिगोविन्द लुइँटेलले पनि एक ईट थप्ने काम गरेका छन् ।

लक्ष्मीप्रसाद देवकोटा, लेखनाथ पौड्याल, बालकृष्ण सम आदि साहित्यकारका रचना पढ्दा हरिगोविन्द लुइँटेललाई पनि साहित्य प्रतिको अनुराग बढ्यो । यसैले २०२५/०२६ तिरै अगाडि सरले पढाउँदै गर्दा कविता गुन गनाउने बानीको विकास बढ्यो । त्यति बेला बत्तीस पाने कापीमा एक, डेढ पेजका करिब चालीस जति तर प्रकाशन अयोग्य आभ्यासिक कविता रचना गर्दै अगाडि बढेको देखिन्छ ।

२०३७ मा 'लुइँटेल जीवन जीवन्त' शीर्षकको कविता **अभिव्यक्ति** पत्रिकामा प्रकाशित गराएर कविता साहित्यमा औपचारिक प्रवेश गरेका हरिगोविन्द लुइँटेल हालसम्म लेखन कार्यमा क्रियाशील रहेका छन् । लेखनको यात्रा नियाल्दा निरन्तर गति प्रदान गरेको पाइन्छ । उनी पत्रकारितामा सम्पादन कार्यमा व्यस्तताका बीच समसामयिक घटना क्रमबाट प्रत्यक्ष प्रभावित हुँदै कविता गुनगुनाउने र कविता रचना गर्ने कार्यमा लागेको पाइन्छ । कविता लेखनमा देशको सामाजिक, राजनीतिक वातावरण मुख्य स्रोत बनाउने लुइँटेलले बालकविताका अतिरिक्त हास्यव्यङ्ग्य वाणसाहित्य-बालकवितामा नौलो प्रयोग गरेका छन् । प्रकाशनका दृष्टिले हरिगोविन्द लुइँटेलका कविताहरु २०६१ सालमा पुस्तकाकार रुपमा प्रकाशन भएको पाइन्छ । उनको आभ्यासिक कविता लेखन थालेको वास्तवमा नै भन्ने हो भने २०२५/०२६ देखि नै हो । २०४६ देखि ०६१ सम्म लेखिएका बीस वटा बालकविता मूल्याङ्कन प्रकाशन गृह प्रा.(लि.) ले 'ढेडु बाँदर' सङ्ग्रहमा प्रकाशन गरेको हो ।

उनको अर्को कविता सङ्ग्रह 'निर्माणाधीन कविता' २०६३ मा प्रकाशन भएको हो । यस ङ्ग्रहमा २०४० देखि २०६३ सम्म लेखिएका कविताहरु सङ्गृहित रहेका छन् । यस सङ्ग्रहमा जम्मा सैंतीस वटा विभिन्न शीर्षकका कविताहरु समाविष्ट रहेका छन् । कविताका क्षेत्रमा यिनी छुट्टै पहिचान सहित भित्रिएका छन् । बालकविता शैलीमा वाण-साहित्य यिनको नौलो प्रयोग हो । यसमा व्यङ्ग्य भाव र बालशैलीमा तीखो छेड्खान गर्न सफल छन् ।

तीसको दशक देखि निरन्तर काव्य साधनामा लागिपरेका लुइँटेलका कवितामा समसामयिकता र तत्कालीन विषयवस्तुको प्रभाव रहेको पाइन्छ । राज्य व्यवस्थामा देखिएका कमजोरी राजनीतिक विचलन, सामाजिक सांस्कृतिक विसङ्गतिका विरुद्धमा कविता मार्फत निम्नवर्गका जनता, किसान मजदुर, सुकुम्वासी, सर्वहारा वर्ग प्रति सहानुभूति र शासक वर्गप्रति हुङ्कार गर्न सफल हरिगोविन्द लुइँटेल नेपाली प्रगतिवादी कविता परम्पराकै एक उल्लेखनीय कविका रुपमा परिचित छन् ।

### ४.८.१ बालकवितासङ्ग्रहको विश्लेषण

### (क) 'ढेडु बाँदर' कविताको विश्लेषण

'ढेडु बाँदर' कविता कविको बालकविता सङ्ग्रहकै नाम हो । ढेडु बाँदरकविताबाट प्रस्तुत सङ्ग्रहमा कविताको शुरुवात भएको छ । 'ढेडु बाँदर' कविताको विषयवस्तु वदमासी र उद्दण्डताको पर्याय 'ढेडु बाँदर'को क्रियाकलापसँग सम्बन्धित छ । 'ढेडु बाँदर' रचनात्मक

सिर्जना गर्न पनि नजान्ने र गरेको पनि विगारी दिने प्राणीको प्रतीक बनेर आएको छ । विषयवस्तु गहनताका दृष्टिले सामान्य भए पनि यसले सिर्जनशीलतालाई विगारी दिने उद्दण्ड, उग्रता, बदमासी र अनुशासनहीन क्रियाकलापलाई बालकविताका माध्यमबाट व्यञ्जनात्मक रूपमा चकचके प्रवृत्ति प्रति व्यङ्ग्य गरेको विषयवस्तु समेटेको छ ।

नेपाली समाजमा केही उक्ति विद्यमान छन् । जस्तो कि 'बाँदरको हातमा नरिवल' वा बाँदरको प्रतीकात्मक अर्थ चकचके । यसैले ढेडुबाँदरलाई मानवीकृत गरेर केटा केटीले चकचक र अनुशासनहीन काम गर्नु हुँदैन । बाँदरको जस्तो स्वभाव राखेमा कहिल्यै राम्रो हुँदैन भन्ने भाव प्रस्तुत कविताले व्यक्त गरेको छ । गम्भीर हुनु, अनुशासन पालना गर्नु र आफूलाई सरोकार नभएका कुरामा चासो दिनु हुँदैन भन्ने कुरा नै कविताको मुख्य भाव हो ।

बालकविताका रूपमा 'ढेडु बाँदर'को क्रियाकलापलाई सम्बोधन गर्दै लेखिएको यस कवितामा तृतीय पुरुष कथन पद्धति पाइन्छ । पद्यलयमा संरचित कवितामा एक हरफ दुई पङ्क्तिमा र अन्य सात हरफमा चार पङ्क्तिमा रहेको छ । प्रत्येक हरफमा आन्तरिक साङ्गीतिकका साथ अन्त्यानुप्राशको सहज प्रयोग पाइन्छ । बाल कौतुक मेटाउन प्रश्नसँगै ढेडुबाँदरका क्रियाकलापको वर्णनमा शब्दालङ्कारको समुचित प्रयोग भएको पाइने यस कवितामा सरल भाषाशैली तथा अज्ञात भूतकालीन क्रियाको प्रयोग पाइन्छ । जस्तै :

यता र उता उफ्रेछ,
भित्ताको तस्वीर झारेछ
फुटेको ऐना बिझेछ
खुट्टामा घाऊ पारेछ ।

**(ख) 'नजाऊ टाढा भँगेरी' कविताको विश्लेषण**

'ढेडु बाँदर' बालकविता सङ्ग्रहको दोस्रो कविताका रूपमा सङ्गृहित 'नजाउ टाढा भँगेरी' कविता आज्ञार्थक वाक्यको रूपमा आएको छ । कविताको शीर्षकले नै सन्देह जगाएको छ । भँगेरीका बचेरा साना छन्, असहाय, निर्धा छन् । यस्ता बचेरालाई कुनै दुश्मन विपत्तिले जुनसुकै बेला जे पनि गर्न सक्छ त्यसैले तिमीले वचेराको संरक्षण गर्नु पर्छ भन्नु नै यस कविताको विषयवस्तु हो । अभिभावकको अभावमा बच्चामा जे विपत्ति पनि आइ पर्न सक्छ भनेर सचेत र सजग रहन आग्रह गरिएको छ । जस्तै कवि लेख्छन् -

चीलले टिपी लैजाला
कागले चोरी लैजाला
माल्साँप्रोले खाइदेला
कालोसाँपले खाइदेला

यस कविता अभिधात्मक रूपमा भँगेरी र उसको बचेराको जीवन लिलाको चर्चा भए पनि लाक्षणिक रूपमा समाजमा हुने शोषणको चित्रण बुझिन्छ । वर्गभेदी समाजमा बलियाले निर्धालाई पीडा र दुःख दिने प्रवृत्ति प्रति लक्षित छ । यसैले कविमा मानवीयता र भ्रातृत्वको भावनाको विकास भएको देखिन्छ । जे होस् कवितामा संरक्षकत्वको भूमिका निभाउन चुक्नु हुँदैन भन्ने भाव भेटिन्छ । 'नजाऊ टाढा भँगेरी' कवितामा तृतीय पुरुष कवि निबन्ध वक्तृ प्रौढोक्तिको प्रयोग पाइन्छ । आन्तरिक साङ्गीतिक श्रुतिमधुरतामा रचित कविता पद्यलयमा संरचित छ । पाँच हरफमा फैलिएको प्रस्तुत कवितामा चार चार पङ्क्तिका चार हरफ र छ पङ्क्तिको एक हरफको प्रयोग भएको छ । काग, चिल, साँप, माल्साँप्रो, तातोघाम, असिना, पानी, आँधी, सामन्त र शोषकको विम्बका रूपमा आएको कवितामा सरल भाषाशैलीको प्रयोग भएको छ ।

**(ग) 'लालुले खायो आलु' कविताको विश्लेषण**

'लालुले खायो आलु' कविता 'ढेडु बाँदर' बालकविता सङ्ग्रहमा सङ्गृहित लुइँटेलको चौथो कविता हो । यो सर्वप्रथम २०५५ सालमा "नवयुवा" मासिकमा प्रकाशन भएको थियो । सरल वाक्यलाई क्रम भङ्ग गरेर राखिएको शीर्षक नै आलङ्कारिक छ । भाग्य र राशीमा विश्वास गर्ने सामाजिक परिवेशको यथार्थतालाई कवितामा विषयवस्तु बनाइएको छ । ज्योतिषी र राशीफल अनुसार विश्वासमा चल्दा लालुले आलु खाएको प्रसङ्ग शीर्षक र विषयवस्तु सङ्गतियुक्त छ । भाग्यमा विश्वास गर्नेले केही गर्नु पर्दैन भन्ने भ्रामक विचार र भाग्यमा भन्दा कर्ममा विश्वास गर्ने वस्तुवादी विचार नै प्रस्तुत कविताको विषयवस्तु बनेको छ । भाग्यमा विश्वास गर्ने असफल र कर्ममा विश्वास गर्ने सफल हुने वस्तुवादी विचार राख्नु नै यस कविताको मूल भाव हो । त्यसैले भाग्यमा भन्दा कर्ममा विश्वास गरी कर्मयोगी बन्नु पर्छ भन्ने विचार कविको रहेको छ । जस्तै कवि लेख्छन् -

उता कालु गलेन
कहिल्यै त्यस्तो गरे
भाग्यको भर परेन

राशिमा विश्वास गरेन
पढाइ-लेखाइ छाडेन
मिहिनेत गर्न छाडेन ।

भाग्य र राशीमा विश्वास नगरी कर्म गर्नु पर्छ । कर्म गर्न सकेमा जस्तोसुकै चुनौतीको सामना गर्न सकिन्छ । त्यसैले कर्मयोगी बन्नु पर्ने सन्देश कवितामा आएको पाइन्छ ।

'लालुले खायो आलु' कविताको कथन ढाँचा तृतीय पुरुषात्मक दृष्टिविन्दुको केन्द्रीयतामा निबद्ध भएको छ । यहाँ लालु र कालुका क्रियाकलाप कविले भनिरहेको छ । पद्यलयमा रचित कवितामा चारदेखि छ पङ्क्तिका पाँचवटा हरफको प्रयोग भएको छ । प्रत्येक हरफमा आन्तरिक साङ्गीतिकताका साथ शब्दालङ्कारका रूपमा अन्त्यानुप्राशको सफल प्रयोग भेटिन्छ । आध्यात्मिक चिन्तनले ग्रसित बालमस्तिष्कमा गहिरो छाप पारेको यथार्थले भ्रमलाई प्रकाश पार्न कवितामा बालकेन्द्रित सरल भाषाशैलीको प्रयोग गरिएको छ । 'आलु खानु' भन्ने टुक्कालाई शीर्षकमा उल्लेख गरेर कविले असफलताको प्रतीकका रूपमा 'आलु' शब्दको प्रयोग गरेका छन् ।

### (घ) 'मेरो साथी बैकुण्ठे' कविताको विश्लेषण

'म' सर्वनाममा षष्टी विभक्तिमा 'रो' लागेर मेरो भेदक विशेषणका साथ साथी र बैकुण्ठे शब्दको संयोजनबाट निर्मित कविताको विषयवस्तु बैकुण्ठेको चारित्रिक विशेषतामा केन्द्रित रहेको छ । "ढेडु बाँदर" कविता सङ्ग्रहमा सङ्गृहित कविता 'मेरो साथी बैकुण्ठे' छैठौं कविता हो र यो कविता सर्वप्रथम "नवयुवा" मासिक पत्रिकामा २०५४ मा प्रकाशन भएको थियो । बैकुण्ठेको स्वभावगत चरित्रका माध्यमबाट गलत चरित्र त्याग्नु पर्ने आग्रह गरिएको छ । बैकुण्ठे कसैसँग नमिल्ने एकलकाँटे छ । उसको स्वभाव हल्ला गर्ने, चकचक गर्ने, नपढ्ने, नटेर्ने हेलमेल गर्न नचाहने खालको छ । यस्तो व्यवहार नराम्रो हो भन्दै कवितामा अनुशासित, मिलनसार, गुणी, स्पष्ट हुन आग्रह गरिएको छ । त्यस्ता बानीव्यवहारले जीवनमा असाध्यै नराम्रो गराउँछन् भन्ने भाव कविको रहेको छ । यसैले सद्गुणी सद्बुद्धि, सद्विचार, अपनाउनु राम्रो हुन्छ भन्ने विचार कवितामा पाइन्छ । अभिधात्मक रूपमा बैकुण्ठेलाई भनेपनि व्यञ्जनात्मक अर्थ सापेक्षतामा समग्र मानवलाई आफ्नो खराब आचरण त्याग्न आग्रह गरिएको छ ।

'मेरो साथी बैकुण्ठे' कविताको कथन ढाँचा तृतीय पुरुषात्मक दृष्टिविन्दुको केन्द्रीयतामा निबद्ध भएको छ । बैकुण्ठेको केन्द्रमा नै कविताको विषयवस्तु आएको छ । पद्यात्मक लयमा संरचित कवितामा चार चार पङ्क्ति समेटिएका प्रस्तुत कविता पाँचवटा हरफमा विस्तारित भएको छ । 'बैकुण्ठे' शब्द प्रत्येक पाउँमा अन्त्यानुप्रास भएको छ । 'बैकुण्ठे' कविता भरमा एघार ठाउँमा दोहोरिएको छ । आन्तरिक साङ्गीतिकताका साथ अन्त्यानुप्राशको सफल प्रयोग भएको छ । नराम्रा आचारण वर्णनमा केन्द्रित कवितामा सामान्य बोलचालको सरल भाषाशैलीको प्रयोग गरिएको छ । जसलाई बुभ्न बाल मस्तिष्क खियाइ रहनु पर्दैन ।

### (ङ) 'हट् हट् हात्ती' कविताको विश्लेषण

'हट् हट्. हात्ती' बालसुलभ कविता "ढेडु बाँदर" बालकिविता सङ्ग्रहमा सङ्गृहित आठौं कविता हो । अजङ्गको हात्तीलाई मान्छेले कसरी कज्याउन सकेको होला ? भन्ने कौतुकमय विषयवस्तु समेटिएको प्रस्तुत कविता मार्मिक छ । बलभन्दा बुद्धि ठूलो हुन सक्ने विषयवस्तु 'हट् हट् हात्ती' कवितामा उद्‌बोधन भएको छ । माउतेले दिएको आदेश बमोजिम चल्नु पर्ने विवशता हात्तीमा रहेको छ भने अर्कोतिर हात्तीका शारीरिक विशेषता कविताको विषयवस्तु बनेको । यस्तो विशाल रूपाकृति भएको हात्ती शक्ति बल भएर पनि सानो मान्छेको आदेशमा चल्न वाध्य छ । मानिसको अद्वितीय शक्तिका अगाडि विशाल भीमकाय जीवजन्तु पनि निरिह रहेको हुन्छ । त्यसैले मानिस नै संसारको सर्वश्रेष्ठ प्राणी हुन पुगेको भन्ने मूल भाव प्रस्तुत कवितामा समेटिएको छ । त्यसैले मानिसको क्षमतालाई कवि यसरी प्रस्तुत गर्दछन् -

चार-पाँच टनको हात्तीलाई
तीन किलोको माउतेले
कसरी होला मना,को
कसरी होला कजा'को

'हट् हट् हात्ती' कविताको कथन पद्धति तृतीय पुरुषात्मक दृष्टिविन्दुको केन्द्रीयतामा आधारित रहेको छ । कविको माध्यमबाट हात्तीको वर्णन र विवशतालाई प्रस्तुत गरिएको छ । पद्यात्मक लयमा सम्बद्ध कविता चार चार पङ्क्तिका छ वटा हरफमा फैलिएको छ । लस्की, अड्डी, दौडी जस्ता आञ्चलिक भाषाको प्रयोग गरिएको कवितामा सामान्य सरल भाषाको प्रयोग भएको छ । अघिल्ला चार हरफ वर्णनमा आधारित भए पनि पछिल्ला दुई हरफमा

कौतुहलता जगाउने भाव सहित प्रश्न सोधिएको छ । कवितामा आन्तरिक साङ्गीतिकताका साथ सहज अन्त्यानुप्रासको प्रयोग गरिएको छ ।

**(च) 'यस्तो र उस्तो' कविताको विश्लेषण**

दुई शब्दबाट निर्मित प्रस्तुत कविताको शीर्षक सार्वनामिक दुई विशेषणलाई 'र' संयोजकको संयोजनबाट तयार भएको छ । 'यस्तो र उस्तो' शीर्षकको अभिप्राय कुनै वस्तुको विशेषता प्रकट गरिने सन्दर्भमा आएको छ । यसमा कविले पृथ्वीसम्बन्धी धारणालाई कविताको विषयवस्तु बनाएका छन् । पृथ्वी कल्पनामा चेप्टो थेप्चो नै होला भन्ने भ्रमलाई कवितामा यसरी देखाएका छन् -

मैले हाम्रो पिर्थिवीलाई
थाली जस्तै ठानेको
चेप्टो चेप्टो थेप्चोथेप्चो
होला भन्ने ठानेको ।

वैज्ञानिक वस्तुसत्यलाई बालमस्तिष्कमा स्थापित गर्न प्रस्तुत कवितामा कविले चासो देखाएका छन् । पृथ्वीको आकृति, सूर्यलाई पृथ्वीले फन्का मार्ने आदि विषयवस्तुलाई लिएर यथार्थको कसीमा पृथ्वीलाई उस्तो ठानेको यस्तो रहेछ भन्ने जानकारी दिन कविता सफल छ । समाजमा यस्तै कैयौं स्थापित अवैज्ञानिक मान्यता छन् । ती मान्यतालाई अवस्तुवादी दृष्टिकोणले विश्वास गरिहाल्नु युक्तिसङ्गत होइन । त्यसैले ती विश्वासलाई यथार्थ र वैज्ञानिक दृष्टिले हेर्नु पर्छ । विभिन्न पत्रपत्रिकामा पुस्तक आदिको अध्ययनबाट त्यस्ता कुराको यथार्थ जानकारी पाइन्छ भन्नु कविताको मूल भाव हो । त्यसैले पढ्ने बानीको विकास हुन सकेमा रहस्यमय कुरालाई बुझ्न सकिने विचार कविताको छ । जस्तै कवि भन्दछन् ।

पढ्नुभन्दा अगाडि
मैले 'उस्तो' ठानेको
पढेपछि थाहा भो
कुरा 'यस्तो' रहेछ ।

विज्ञानको विषयलाई कौतुहलता र समाधानको विषय समेटिएको 'यस्तो र उस्तो' कविता लोकलयमा संरचित छ । चारचार पङ्क्तिका छ हरफमा फैलिएको कवितामा आन्तरिक साङ्गीतिकताको साथ अनुप्राशको प्रयोग भेटिन्छ । प्रथम पुरुष कवि प्रौढोक्तिको कथन ढाँचामा आधारित कविता सामान्य सरल भाषाशैली अपनाइएको छ । पिर्थिवी सुर्जे जस्ता कथ्य भाषालाई प्रयोग गरिएको छ ।

### (छ) 'बादल' कविताको विश्लेषण

'बादल' कविता लुइँटेलको 'ढेडु बाँदर' बालकविता सङ्ग्रहमा सङ्कलित दशौं कविता हो । यथार्थमा कालो बादल अनिष्टको सङ्केत हो । अभिधार्थमा बादल कालो, ध्वाँसे हुन्छ । सुन्दर दृश्य, घाम, डाँडाकाँडा आदिलाई छेक्छ । त्यसैले यस्तो बादल चाहिँदैन भन्दै केटाकेटीले बादललाई दुत्कारेका छन् । बादलले सुन्दर वातावरणलाई असुन्दर बनाइदिन्छ भने प्रतीकात्मक रूपमा बादललाई असमानताको प्रतीक मानेका छन् । सामन्ती शोषण मूलक समाजमा अरुको सुखशान्ति, स्वतन्त्रताको अपहरण गर्ने शोषणकका प्रतीककारूपमा बादल आएको छ । स्वतन्त्र जीवन बाच्न पाउनु सबैको अधिकार हो । त्यसैले जाली फटाहा सामन्ती संस्कार बोकेका त्यस्ता तत्त्वको अन्त्यको आग्रह गरिएको छ । जीवनमा नकारात्मक प्रभाव पार्ने त्यस्ता बादल जस्ता प्रवृत्तिका विरुद्धमा विद्रोह गर्न सक्नुपर्छ भन्ने विचार कविको छ । जस्तोकी -

> रातो हर्ने
> तातो हर्ने
> चिसो बादल भाग
> भाग् भाग् भाग !

बादलको आलोकप्रियतामा रचित कविताको कथन ढाँचा प्रथम पुरुषात्मक दृष्टिविन्दुको केन्द्रीयतामा आधारित रहेको छ । हाम्रो प्रथम पुरुष भेदक विशेषणका रूपमा बादलको चर्तिकला प्रस्तुत भएको छ । लोकलयमा सम्बद्ध कविता चार चार पङ्क्तिका चार हरफ र दश पङ्क्तिको एक हरफमा फैलिएको छ । बादललाई कालो, बाक्लो, ध्वाँसे, छुट्टू, उल्लू, चिसो, जाली, झेली, धूर्त जस्ता विशेषणको प्रयोग गरिएको छ । यी शब्द प्रतीकका रूपमा पनि प्रयोगमा आएका छन् । प्रत्येक हरफको अन्त्यमा भाग् भाग् भाग्को आवृत्ति भएको छ । समग्रमा कविता सामान्य भाषा शैलीको प्रयोग गरी निर्माण गरिएकाले बालकेन्द्रित शैली नै पाइन्छ ।

### (ज) 'ड्याडी र चुरोट' कविताको विश्लेषण

कुलत र त्यसबाट सचेत हुनुपर्ने विषयवस्तु समेटिएको प्रस्तुत कविता 'ढेडु बाँदर' कविता सङ्ग्रहमा सङ्गृहित तेह्रौ कविता हो । सामाजिक यथार्थ कविताको स्रोत हो । अरुलाई उपदेश र ज्ञान बृद्धि दिने मानिसले नै नराम्रो लतमा लाग्नु हुँदैन भन्ने भाव बोकेको कवितामा छोराले ड्याडीलाई धुम्रपानबाट बच्न आग्रह गरेको छ ।  चुरोट खराब आदत हो ।

चुरोट सेवन गर्ने मानिसको शरीर चुरोट मय भएको हुन्छ । उसको हात मुख ह्वास्स गनाउने हुन्छ । चुरोटका कारण टि.भी., क्यान्सर जस्ता भयानक रोग लाग्न सक्छ त्यसैले चुरोट खानु हुँदैन भन्ने चेतनामूलक ज्ञान प्रस्तुत कविताको मुख्य भाव हो । आफूले नै गलत बाटोमा हिडेको छ भने उसले अरुलाई बाटो देखाउनु महामूर्खता हुने हुनाले कहिल्यै गलत बाटो हिड्न नहुने विचार कविको रहेको छ ।

यस कवितामा कविले छोरा (हामी) का माध्यमबाट ड्याडीलाई चुरोटको लत छाड्न आग्रह गरेको कथ्य प्रस्तुत गरेका छन् । यसरी प्रथम पुरुषात्मक परिधीय दृष्टिविन्दु अङ्गाली ड्याडीको आचरणलाई तृतीय पुरुषात्मक ढाँचाको प्रभावकारी कथन गर्ने प्रक्रिया यस कवितामा अङ्गालिएको छ । लोकबाल भाकामा संरचित कविता तेह्र पङ्क्तिमा सम्बद्ध छ । चार पङ्क्ति युक्त तीन हरफ र एक पङ्क्तिको अन्तिम हरफ रहेको छ । अन्तिम हरफमा धुम्रपानले ज्यान लिन सक्ने सन्देश छाडेको छ । कविताको शीर्षक ड्याडी अङ्ग्रेजी शब्द र चुरोट मिलेर बनेको छ । कवितामा ड्याडी टि.भी., क्यान्सर जस्ता शब्दको प्रयोग भएको बाहेक सामान्य सरल भाषाशैलीको प्रयोग भएको छ । शीर्षक र विषयवस्तुमा सार्थकता देखापर्दछ । कवितामा आन्तरिक साङ्गीतिकताका साथ शब्दालङ्कारको प्रयोग पाइन्छ ।

### (झ) 'हाम्रो वन' कविताको विश्लेषण

हामी सर्वनाम शब्दमा सम्बन्धवाचक षष्ठी विभक्ति 'रो' लागी बनेको 'हाम्रो' भेदक विशेषण र वन भेद्य विशेष्यको अन्तर्सम्बन्धबाट निर्मित 'हाम्रो वन' शीर्षकको अभिप्राय वनको विशेषता देखाउनु हो । वनको महत्ता र त्यसको विनाश पछि हुने हानीमा कविता केन्द्रित भएकाले शीर्षक र विषयवस्तुको अन्तरसम्बन्ध रहेको छ । वनले बाढी पहिरो नियन्त्रण गर्ने, वन्यजन्तुको आश्रय स्थलमा रोमाञ्चित वातावरण बनाउने, स्वच्छ हावा र हरियाली कायम राख्ने गर्दछ । वन विनाशले विपत्ति निम्त्याउँछ । पहिरो गई क्षति हुने, रमाइलो वातावरण नासिने, स्वच्छ हावा नपाइने हुन्छ । त्यस्तै विषयवस्तुमा प्रस्तुत कविता रचना गरिएको छ । वन विनाश नगरी संरक्षण गर्नुपर्छ । वनले हाम्रो संरक्षण गर्दछ त्यसैले वन विनाश होइन संरक्षण गर्नुपर्छ भन्ने कविताको मुख्य भाव रहेको छ । कविले कविताका माध्यमबाट प्राकृतिको संरक्षणमा जुट्नु पर्छ भन्ने विचार व्यक्त गरेका छन् ।

बालकविताका माध्यमबाट वनको विनाश र त्यसबाट भएको अपुरणीय क्षतिबाट बालबालिकामा पुगेको मानसिक चिन्तालाई हाम्रो वन कवितामा व्यक्त गरिएको छ । कवितामा प्रथम पुरुषात्मक परिधीय दृष्टिविन्दु अङ्गाली वनको प्रभावकारी कथन

गर्ने प्रक्रिया अङ्गालिएको छ । पद्यलयमा संरचित कवितामा छ पङ्क्तिदेखि चार पङ्क्ति समाविष्ट चार हरफको प्रयोग भएको छ । वनको अस्तित्त्व हुँदा रहने प्राकृतिक सुन्दरताका वर्णनमा केन्द्रित कवितामा प्रत्येक हरफ हरफमा आन्तरिक साङ्गीतिक अन्त्यानुप्राशको सहज प्रयोग भेटिन्छ । बाल बौद्धिकतालाई केन्द्रमा राखी रचित प्रस्तुत कवितामा सरल भाषाशैलीको प्रयोग गरिएको छ । वन विनाश प्रति चिन्ता रहेको भाव यसरी गरेको छ -

कठै ! अहिले सबै त्यो
खाली भयो, रित्तियो
कठै ! अहिले सबै त्यो
खत्तम भयो, सकियो

यसरी अस्तित्त्व रक्षाको माग गरिएको छ ।

### (ञ) 'सुनको दिन' कविताको विश्लेषण

सुन स्वभावैले बहुमूल्य रत्न हो र त्यसको अर्थ महत्त्वपूर्ण वस्तु भन्ने हुन्छ । 'सुनको दिन' लुइँटेलको "ढेडु बाँदर" कविता सङ्ग्रहमा सङ्गृहित अन्तिम कविता हो । यथार्थमा सुनको दिन भन्नु रमाइलो सुन्दर शान्त र कुनै कठिनाइ भोग्न नपर्ने दिन भन्ने हुन्छ । बाल कविताको रूपमा आएको 'सुनको दिन' कवितामा उल्लेख गरिएको

सुनको दिन एक उदाउँछ रे
यस देश खुलिकन आउँछ रे ।

भन्ने पङ्क्ति विरानो भयो । सुनको दिन उदाउनुको सट्टा खराव दिन एक उदाउँछ रे सबै ढाकिने गरी आउँछ रे भने जस्तो भयो । दिन नखुलिकन देश नै धुम्म भयो । पूर्व पश्चिम आकाश धर्ती नै खुलेन । रापताप आएन, मिठो मधुर वतास नै चलेन । यस्तो निसासिदो दिन कति सही रहने । मन कति मारी रहने । अब त सोच्ने बेला भयो सुनको दिन ल्याउन तत्पर हुनु पर्‍यो भन्ने विषयवस्तु सुनको दिन कवितामा रहेको छ ।

सुनको दिन उदाउने कल्पनामा रमाएका बालबालिकालाई सुनको दिन नआएपछि निरास बनाएको छ । यस्तो प्रतिकूल अवस्थामा बालबालिकालाई आन्दोलित हुन अनुरोध गरिएको छ । विषम परिस्थितिमा सुनौलो भविष्यको लागि लाग्नु पर्छ भन्ने भाव यस

कवितामा रहेको छ । त्यसैले प्रतिकूलताका विरुद्ध चिन्तन मन्थन गरी लाग्नु पर्ने सन्देश कवितामा कविले गरेका छन् । जस्तै :

कतिसम्म हरे यसरी रहने
मन मारी यसै कसरी सहने ?
अव चिन्तन-मन्थन-कर्म गरौं ।
सुनको दिन ल्याउन तत्पर हौ ।

सुनको दिन कविता प्रथम पुरुष कथन पद्धतिमा आधारित रहेको छ। यो कविता लोक बालगीतका लयमा सबद्ध रहेको छ । चारचार पङ्क्तिका जम्मा तीन हरफमा कविता सजिएको छ । प्रत्येक दुई दुई पङ्क्तिमा अन्त्यानुप्राशको आवृत्ति भएको छ । सामान्य सरल भाषा शैलीमा बालसुलभ भावना, उत्सुकता, जिज्ञासालाई अभिव्यक्त गरिएकोछ । 'सुनको दिन' लक्ष्यार्थमा सुन्दर रमाइलो आनन्दमय वातावरण ल्याउन चिन्तन मन्थन गरी लागौ भन्ने इच्छार्थको भावसँगै कविता टुङ्गिएको छ ।

### ४.८.२ हरिगोविन्द लुइँटेलको निर्माणाधीन कविताको विश्लेषण

हरिगोविन्द लुइँटेल तीसको दशकको उत्तरार्धबाट साहित्यमा प्रवेश गरेका स्रष्टा हुन् । लुइँटेलले आफ्ना प्रारम्भिक कविताहरू कुनै विचारबाट निर्दिष्ट भएर लेखेका नभई साहित्य सर्जक बन्ने रहर र तत्कालीन साहित्यिक आध्यामिक वातावरणले कविता लेख्ने प्रेरणाले घचघच्याएको बुझिन्छ । २०२५/०२६ सालतिर साहित्य प्रतिको अनुराग वश 'बसन्त', 'देशप्रेम', 'हाम्रो कर्तव्य' जस्ता करिब चालीस वटा जति विभिन्न शीर्षकमा कविता लेखेको पाइन्छ । तापनि ती कृति प्रकाशन योग्य नभएको स्वीकार्दछन् । जसलाई अहिले प्राप्त गर्न सकिँदैन (शोधनायकबाट प्राप्त जानकारी अनुसार) । जेहोस् कविता साधनाको क्षेत्रमा औपचारिक प्रकाशनका दृष्टिले २०३७ सालको 'अभिव्यक्ति' पत्रिकामा प्रकाशित 'लुइँटेल जीवन जीवन्त' नामको कृतिबाट अगाडि बढेको यो नाम कविताका क्षेत्रमा निरङ्कुश पञ्चायती शासनको अँध्यारो कोठरीबाट २०४६ को जनआन्दोलनको सफलतासँगै अगाडि बढेर २०६२/०६३ को दोस्रो जनआन्दोलन समयावधिमा म्याराथुनको दौडमा सक्रिय रह्यो । विभिन्न साहित्यिक आन्दोलनसँगै चर्चामा आउने पछिल्लो पल्ट नारायणहिटी दरवारका खुनी पञ्चाले सबैलाई चिथोर्न थालेपछि एउटा सशक्त लोकतान्त्रिक स्रष्टाका रूपमा यो नाम अग्रपङ्क्तिमा आइरह्यो । २०३६/०३७ सालतिरबाटै कविता सिर्जनामा लागे पनि पचासको दशक र यसपछिको समय एकदमै उर्वर रह्यो । लोकतन्त्रको आवाज

उठाउन गठन गरिएको लोकतान्त्रिक साहित्यकार सङ्घ (२०६१ पुस २) को संयोजक र आन्दोलनको नेतृत्वसँगै यो नाम चर्चाको शिखरमा पुग्यो । आन्दोलनताका यो नाम सडक चर्काउने गरी कविता वाचनमा लागेको देखिन्थ्यो, कहिले प्रहरीको लाठी प्रहार, कहिले गिरफ्तारी, कहिले निषेधाज्ञा उल्लङ्घनमा त कहिले कर्फ्यु उल्लङ्घनमा उत्तिकै सुनिन्थ्यो (पन्थी, २०६४, २ : २) । यसरी विभिन्न पत्रपत्रिकामा फुटकर कृतिका रूपमा रहेको हरिगोविन्द लुइँटेल २०६३ मा गोलमटोल रूपमा सिङ्गो रूपमा **निर्माणाधीन कविता**मा देखा पर्दछ । प्रस्तुत शोधपत्र लुइँटेलका समग्र कृतिहरूको पूर्ण अध्ययन नभई उनको जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययनमा सीमित भएकाले उनका प्रतिनिधि कविताको मात्र यहाँ विवेचना गर्ने प्रयास गरिएको छ र सैद्धान्तिक, वैचारिक राजनीतिक एवम् सङ्घर्षशील दृष्टिकोणलाई अपनाएर उनका केही महत्त्वपूर्ण कविताहरूका निर्धारित पङ्क्तिको विवेचना प्रस्तुत गरिन्छ ।

### (क) ‘एउटा किसानको आत्मालोचना’ कविताको विश्लेषण

‘एउटा किसानको आत्मालोचना’ कविता २०६१ सालमा लेखिएको र ‘निर्माणाधीन कविता’ सङ्ग्रहमा सङ्गृहित पहिलो कविता हो । कविताको शीर्षक तीनवटा शब्द पुञ्जको संयोजनबाट निर्मित भएको छ । शीर्षक हेरिसकेपछि कवितालाई अभिधात्मक ढङ्गले जसरी अनुमान लगाउन सकिन्छ । त्यतिकै लाक्षणिक एवम् व्यञ्जनात्मक ढङ्गले सचेतनायुक्त तुल्याउन सकिन्छ । एउटा किसानको आत्मालोचना कै केन्द्रीयतामा कविता अगाडि बढेको शीर्षक सार्थक र अर्थपूर्ण छ । एउटा किसानको दिनचर्या र त्यसबाट प्राप्त लाभांशको हिसाबकिताब नै प्रस्तुत कविताको विषयवस्तु रहेको छ । एउटा किसानको आत्मालोचना मार्फत कविले असन्तुष्टि र आक्रोश पोखेका छन् । यथास्थितिको अन्त्य गर्दै सेतो हात्ती प्रवृत्ति प्रति विद्रोहको आवाज दिएका छन् । त्यसैले सेतो हात्ती राजा र राजसंस्थाको प्रतीक भएकाले त्यसको अन्त्य गर्दै गणतन्त्रको स्थापनामा जुट्न आह्वान गरेका छन् । किसान आफ्नो श्रमबाट विभिन्न आशा र भरोशामा वस्तुभाउ पाल्छ । त्यसबाट आंशिक भए पनि लाभको अपेक्षा गर्दछ । तर यहाँ कविले सेतो हात्ती पाल्दा लाभको सट्टा हुस्सू र मूर्खको पगरी गुत्नु पर्ने दुखेशो व्यक्त गर्दछन् । जस्तै :

वास्तवमा सेतो हात्ती पालेर गल्ती नै गरिएछ
वास्तवमा सेतो हात्ती पालेर नकाम नै गरिएछ
हुस्सू नै भइएछ

मूर्ख नै भइएछ

त्यसैले सेतो हात्ती पालेर मूर्ख र हुस्सू भएको आत्मस्वीकार गरेका छन् । जर्सी गाई, लाहुरी भैसी, बाखा, कुखुरा, सुंगुर आदि पालेको भए ठीक हुने थियो भन्दै सर्वसाधारणको हीत हुने काम गर्नुपर्ने स्वीकारोक्ति देखिन्छ । सेतो हात्ती जसले नेपाली जनताको गाँस काटेर जम्मा पारिएको ढुकुटी रित्ताउने तर जनताप्रति उत्तरदायी हुनुका साटो उल्टै जनतालाई सास्ती दिने प्रवृत्तिको राजसंस्थाको विरोधमा आवाज उठाएका छन् । बडेमानको सेतो हात्ती कसैको अधीन स्वीकार गर्दैन । नेपाली जनताको पेट भोको र घर रित्तो हुँदा समेत एक्लै वर्षको पैसट्ठी करोडभन्दा धेरै धनराशी हसुर्ने तर आफ्नो मर्यादा भित्र नबस्ने प्रवृत्ति नै प्रस्तुत कविताको मुख्य विषयवस्तु हो । खासगरी २०५८/०५९ पछिको राजसंस्थाजसले बारम्बार नेपाली जनताको आन्दोलनका उपलब्धीलाई खतम पार्ने चेस्टा गऱ्यो । त्यसैको भण्डाफोर कविले कविताका माध्यमबाट गरेका छन् । २०५९ सालदेखि जनताको सर्वोपरी संस्था प्रतिनिधिसभा विघटन गरी आफै एक्लै ताण्डव नृत्य गर्दै हिड्ने राजसंस्थाले आफ्नो सीमा र औकात बिर्सेको छ । यति गर्दा पनि सदियौं देखिको मान्यता स्वीकार गर्दै उसको चाकरी र चुक्लीमा लिप्त हुने नेपाली राजनीतिज्ञ प्रति व्यङ्ग्य गर्दै बल्ल चेत खुलेको विषयवस्तुलाई कविले कवितामा व्यक्त गरेका छन् ।

प्रस्तुत कविता विद्रोह र क्रान्तिकारी कविता हो । यस कवितामा कविले राजा र राजसंस्था प्रति आक्रोस पोखेका छन् । निमुखा नेपाली जनताको कन्तविजोग हुँदा समेत वर्षको करोडौं धनराशी हसुर्ने राजसंस्थाको अन्त्यको लागि किसानका माध्यमबाट विद्रोह गर्न आग्रह गरेका छन् । सबैको आफ्नो मान मर्यादा  र सीमा हुन्छ । उक्त सीमा पालना गर्नु राजा रङ्क सबैको उत्तिकै जिम्मेवारी हो तर जसले शोषण अन्याय र अत्याचार गर्दछ त्यस्ताको उछितो काट्नु पर्ने स्वर कवितामा व्यक्त भएको छ । त्यसैले राजसंस्थाको प्रतीक सेतो हात्तीको बदलामा नेपाली जनता सर्वोत्तम हुने शासनसत्ता ल्याउन जुट्न आग्रह गरिएको छ ।

सामन्ती शोषण र निरङ्कुश शासनको तीव्र विरोध गरिएको एउटा किसानको आत्मालोचना कविता मुक्तछन्दमा रचित चौतीस पङ्क्तिहरूमा फैलिएको छ । किसानलाई विचार प्रस्तुतिको माध्यम बनाएर लेखिएको प्रस्तुत कवितामा कविले किसान पात्रलाई उभ्याएर तृतीय पुरुष दृष्टिविन्दु कथनशैली अँगालेका छन् । किसान तमाम शोषित पीडित नेपाली जनताको प्रतिनिधि पात्र हो । सेतो हात्ती राजा र राजसंस्थाको प्रतीकका

रूपमा आएको छ । सामान्य सरल भाषाशैलीको प्रयोग भएको छ । सामान्यतः सामान्य बोलचालका झर्रा, पाथी, हुस्सू, मूर्ख, टाट्नु, गोठ, भित्ता, पाली, छानु, उपध्रो, टाङ्ग जस्ता शब्द प्रयोगले कवितालाई सरल, सहज र सम्प्रेषणयुक्त बनाएको छ । कविताको भाषाशैली पाठकले नबुझेर दिमाग खियाउनु पर्दैन ।

### (ख) 'निर्माणाधीन कविता' कविताको विश्लेषण

'निर्माणाधीन कविता' हरिगोविन्द लुइँटेलको 'निर्माणाधीन कविता' सङ्ग्रह भित्रकै दोस्रो कविता हो । निर्माणाधीन कविताले निर्माण हुँदै गरेको अभिधात्मक अर्थ व्यक्त गर्दछ । एउटा प्रतिभावान स्रष्टाको सिर्जना र त्यसलाई अङ्कुराउन नै नदिने सरकारी नीति प्रतिको व्यङ्ग्य नै प्रस्तुत कविताको विषयवस्तु बनेको छ । एउटा स्रष्टाको जीवन भोगाइका साझा अनुभूति समेटेर लेखिएको सिर्जना र त्यसलाई निमोठन उद्धत कायर सरकारी व्यवहारको चिरफारले कविता सशक्त र सबल बनेको छ । समसामयिक अवस्था प्रति असन्तुष्टि, कोलाहल, छटपटी, अस्थिरता र यर्थाथस्थितिको विरोध गर्दै कवितालाई अगाडि बढाइएको छ । प्राकृतिक वस्तुस्थितिलाई विम्बका माध्यमबाट कवितामा गरिबी, पीडा, आतङ्क, रक्तपात पूर्ण अवस्था माथि प्रकाश पार्नु यसको सबल पक्ष रहेको छ । शासक स्तुति बाहेक केही नजानेको सरकारले स्रष्टाका शब्दवाणीबाट ससङ्कित हुँदै स्रष्टाको कलम र सिर्जना खोस्ने गिरफ्तारी गर्न पछि नपर्ने विषयलाई कविताको विषयवस्तु बनाइएको छ ।

सत्तान्ध शासकहरूले जनताको भाषा बुझ्दैनन् जनताको भावना विपरित काम गर्दछ । उनीहरू आफूमात्र ठीक र अरु सबै बेठीक हुन भन्ने भाषा बोल्दछन् । जसको कारण राष्ट्रले यो दुर्गती भोग्नु परेको र अङ्कुराउन लागेका प्रतिभाहरूलाई केपिलामै किचिमिची पानी थुलोपिठो पर्ने शासकीय चरित्रको उजागर पार्नु निर्माणाधीन कविताको मूल भाव हो । यसलाई कविले आफ्नो भाव यसरी अभिव्यक्त गरेका छन् -

मेरो रक्तमुछेल घाइते देश
अनि मेरो देशको रोगी प्रजातन्त्र
सातो उडेका असहाय आँखाहरू लिएर
निस्सासिँदै आश्चर्य
टोल्हाएर हेरिरहेका छन्
दोबाटोमा उभिएको कायर सरकारलाई

मलाई

र मेरो भ्रुणावस्थाको कवितालाई

जनताको भावनाको कदर नगरी आतङ्क सिर्जना गर्ने र कोपिला मै भ्रुण हत्या गर्न पछि नपर्ने सरकारी श्वेत आतङ्क प्रति लक्षित गरिएको प्रस्तुत कविता गद्य लयमा रचिएको छ । एक शब्ददेखि आठ शब्दका पङ्क्तिहरू सम्बद्ध भएको निर्माणाधीन कविता पैंसठ्ठी पङ्क्तिमा सु-सज्जित छ । शासकीय शैलीप्रतिको आक्रोश पोखिएको यस कवितामा प्रथम पुरुष 'म' को कथन पद्दति अङ्गालिएको छ । प्राकृतिक वस्तुको प्रयोगबाट यथास्थिति आतङ्क, रक्तपात, छटपटी कोलाहल, पीडा आदिलाई प्रकाश पारिएका शब्दबाट आशङ्कित शासकीय शैलीलाई सरल भाषा शैलीको सहायताले कवितालाई सरल र सम्प्रेषण बनाइएको छ ।

**(ग) 'ग्यालिलियो र पादरीहरू' कविताको विश्लेषण**

'ग्यालिलियो र पादरीहरू' कविता हरिगोविन्द लुइँटेलको निर्माणाधीन कविता सङ्ग्रह भित्रको चौथो कविता हो । कविताको शीर्षक 'ग्यालिलियो र पादरीहरू' तीन शब्द मिली बनेको छ । पादरीहरूको धर्मप्रतिको कट्टरताका अगाडि वस्तु सत्य यथार्थ निरिह हुनु परे तापनि कालान्तरमा त्यही सत्यको जित हुने विषय समेटिएको विषयवस्तु नै यस कविताको मूल विषयवस्तु हो । ग्यालिलियो एक वैज्ञानिक हुन् । उनको वैज्ञानिक खोज धर्मभिरु जडसूत्रवदी पादरीहरूको अगाडि गलत बताउनु परेको थियो । ग्यालिलियोले ब्रम्हाण्डको केन्द्र सूर्य हुन्छ भन्ने तथ्य प्रमाणित गरे पनि वाइवलको वर्णनका आधारमा अदालतमा बाध्य भइ भुटो बोल्नु परेको थियो । यसलाई कविले यसरी अभिव्यक्त गरेका छन् -

'हो, पृथ्वी नै ब्रम्हाण्डको केन्द्र हो' भनिदिए
'हो, सूर्यले नै पृथ्वीलाई घुम्छ' भनिदिए
बाइबलले जे भन्थ्यो
ग्यालिलियो पनि त्यही भनिदिए

'ग्यालिलियो र पादरीहरू' कवितामा वस्तु सत्य यथार्थलाई आत्मसाथ गर्न नसक्नेहरू प्रति तिखो व्यङ्ग्य गरिएको छ ।। जिउ ज्यानको रक्षाका लागि जस्तो सुकै भुटो भाषा प्रयोग गर्नु पर्ने बाध्यता र भुटो बयानका आधारमा आफ्नो विजय ठानी विजयोत्सव मनाउने प्रवृत्ति नै यस कविताको मूल विषयवस्तु रहेकोछ ।

प्रस्तुत कवितामा जडग्रन्थ र मतान्ध गुटको बलमा आफ्नो प्रभुत्व जमाइ विचारको दोहन गरिएको छ । आफ्नो सत्ता टिकाइ राख्न प्रमाणित कुरा पनि झुटो सावित गर्ने पादरी प्रवृत्ति शासकहरू प्रति प्रहार गरिएको छ । जनताको विचारको कदर नगर्ने, वस्तुस्थितिको बोध नगर्ने, जवरजस्ती आफ्नै विचार लाद्न खोजे पनि समय क्रममा त्यस्ता कुतत्त्वको अवसान भएर जनताको विजय हुने छ भन्ने मूल भाव नै प्रस्तुत कविताको रहेको छ जसरी पादरीहरूद्वारा ग्यालिलियोलाई धर्मको अगाडि झुटो बोल्न वाध्य पारियो तर त्यसलाई चुनौति दिँदै पृथ्वी नै सूर्यको वरिपरि घुमिरहेको छ । त्यसैले सत्यको जित भएरै छाड्छ भन्नु कविको विचार छ ।

जडसूत्रवादी पादरीहरूद्वारा सत्यवादी ग्यालिलियोहरूको हत्या गर्ने धम्की दिएर झुटो बोल्न वाध्य पारिए पनि सत्य विचार कहिल्यै नमर्ने कुरा कवितामा पुष्टि गरिएको छ । 'ग्यालिलियो र पादरीहरू' कविता मुक्तछन्दमा रचिएको छ । चालिस पङ्क्तिहरूमा फैलिएको यस कवितामा ग्यालिलियोलाई सत्यवादी पात्रको रूपमा उभ्याएर विचारको संवहन गर्न खोजिएको छ । तृतीय पुरुष दृष्टिविन्दु कथन पद्धति अङ्गालिएको छ । पादरीहरू सामन्त शोषक जाली फटाहाको प्रतीक र ग्यालिलियो निम्न मध्यम वर्गीय चरित्रको रूपमा आएको छ । यस कवितामा सरल र सुबोध्य भाषा शैलीको प्रस्तुति गरिएको छ । एउटा घटनाक्रम दिएर विचारको विजय भएको दृष्टान्तले कविता जीवन्त बनेको छ ।

### (घ) 'सान्नानी धर्ती मगरको नयाँ विहान' कविताको विश्लेषण

'सान्नानी धर्तीमगरको नयाँ विहान' कविता "निर्माणाधीन" कविता सङ्ग्रहको पाँचौ सङ्कलित कविता हो । युद्ध विराम पछि देखा परेका सान्नानी धर्तीमगर जस्ता पात्रको मन निश्चिन्त बनेका विषयवस्तु र भाव समेटिएकोले कविताको शीर्षक सार्थक देखिन्छ । सशस्त्र द्वन्द्वबाट आक्रान्त नेपाली समाजमा युद्ध विरामको घोषणाले नयाँ उत्साह र उमङ्ग ल्याएको छ । युद्ध विरामले आफन्त जनको मृत्यु टरेर गएको छ । जसले गर्दा परिवारमा नयाँ जोश र जाँगर बढेको छ । यी घटना नै यस कविताको विषयवस्तु हुन् । २०५२ सालमा जनयुद्धको घोषणा हुँदा त्यसबाट प्रताडीत नेपालीको दैनिकीमा कविता अगाडि बढेको छ । युद्धको समयमा कति नेपाली चेली विधवा भए, कति बालबच्चा टुहुरा भए, कति आमाबा बेसहारा भए । त्यसैले युद्ध समाप्तिको घोषणाले सान्नानी घर्तीमगर जस्ता नारीमा नयाँ जोश जागेको छ । आफ्ना खसमहरूको सम्भावित मृत्यु टेरेर गएको छ । त्यसकारण सान्नानी जस्ता नारीले कैयौ दिन देखिको निद्रा एकै निन्द्रामा विताए, ढुक्कसँग विहान सखारै उठन

सके, खुसीको सीमा रहेन । यिनै विषयवस्तु नै यस कविताको मूल विषय बनेको छ । कविले सान्नानी घर्तीमगर ढुक्क हुन सकेको भाव यसरी व्यक्त गर्दछन् ।

भोलि उसको खसमको क्षतविक्षत मृत शरीरको फोटो
वडा कार्यालयमा आइपुग्ने सम्भावना टरेर गएकोले
सान्नानी घर्ती मगर
युद्धविराम घोषणाको पहिलो रात
धेरै पछि मस्तसँग निदाई

आफ्नो खसम सुरक्षित हुन सक्ने हुनाले उसलाई कहिल्यै नआएको जाँगर आएको छ । आफ्नी छोरीको भाग्यमा रमाउँदै टुहुरी हुनबाट बचेको हुनाले बधाई र माइतीघरमा आमालाई ढुक्क हुन भन्दै चुरा र सिउँदोसँग आफ्नो मन र जीवन नफुट्ने र उजाड नबन्ने बताएकी छ । त्यसैले युद्धविरामले यस्तै नयाँ जोश र जाँगर थोपरेको विषयवस्तु समेटेको छ ।

प्रस्तुत कवितामा युद्धले तमाम नेपाली पीडित भएको देखाएको छ । रोजीरोटीको लागि नेपाली प्रहरी र सेनामा भर्ती भएका सिपाही वा विद्रोही वटालियनमा भर्ना भएका जनसेनाका अर्धाङ्गिनीहरूलाई युद्धले आकुल व्याकुल पारेको थियो । आफ्नो खसमको भविष्यमा रातदिन रोएर विताएका थिए । त्यसैले युद्ध अनावश्यक चिन्ता निम्त्याउने कारक हो । युद्ध होइन शान्ति नै सबैको हीत हुने वातावरण हो भन्नु नै यस कविताको मूल भाव हो । युद्धले मानिसलाई शून्य चेतना पुऱ्याउँछ । भोकनिद्रा हराउँछ । त्यसैले युद्ध होइन शान्तिमा नै मानिसको कल्याण हुन्छ । सिर्जनशीलता अङ्कुराउन पाउँछ ।

तृतीय पुरुष कथनपद्धतिमा संरचित 'सान्नानी धर्ती मगरको नयाँ विहान कविता' साच्चै नै सान्नानीमा युद्ध विरामको घोषणाको रात मस्तसँग सुतेको र विहान फुरुङ्ग हुँदै जीवनमा नौलो उत्साह थपिएको छ । उसका शरीरमा नयाँ संसारको परिकल्पना जस्तै हुन्छ । उसले एक्लै सारा काम भ्याएकी हुन्छे । यो कविता जम्मा तीनवटा हरफमा सतस्ठठी पङ्क्तिसम्म फैलिएको गद्य कविता हो । ग्रामिण जीवनको परिवेशको चित्रण गरिएको छ । नेपाली संस्कृतिमूलक भाव परिवेश अनुसारका शब्द, खसम, सासू-ससुरा, नन्द, टुहुरी, माइती, चुरा, सिउँदो जस्ता शब्दको प्रयोगले कविता सरस बनेको छ । सान्नानी घर्तीमगर, जोगवीर घर्तीमगर श्रमजीवी चरित्रका रूपमा आएका छन् ।

## (ङ) 'हामीहरू' कविताको विश्लेषण

"निर्माणाधीन कविता" सङ्ग्रहमा सङ्कलित 'हामीहरू' कविता प्रगतिवादी कविता हो । वि.सं. २०५९ मा लेखिएको 'हामीहरू' कविता बारम्बार प्रजातन्त्रको हत्या गरिएको सन्दर्भमा लेखिएको राजतन्त्र विरोधी कविता हो । हामीहरू प्रजातन्त्र प्रिय छौं । प्रजातन्त्रको स्थापनार्थ विभिन्न सङ्घर्ष गर्न लागी पर्छौं र प्रजातन्त्रको विजारोपण गर्छौं । तर प्रजातन्त्र रूपी विरुवा झाङ्गिन नपाउँदै कलिलैमा साँढेद्वारा खाइन्छ । त्यसैले इतिहासमा हामीद्वारा रोपिएको विरुवा छाडा निरङ्कुश साँढेद्वारा स्वाहा हुन्छ । यो क्रम इतिहासमा बारम्बार दोहोरि रहन्छ । हामी नेपाली जनता साह्रै सोझा छौं । विश्वासमा चल्दछौ तर विश्वास धोकामा परिणत हुन्छ । यसरी बारम्बार धोका हुँदा पनि होस् पुऱ्याउन नसक्ने प्रवृत्ति प्रति कवि असन्तोष व्यक्त गर्दछन् । यसलाई कवि यसरी अभिव्यक्ति दिन्छन् ।

हामी विरुवा रोप्न मात्र जान्दा रहेछौं
न त विरुवा वरिपरि
काँढे तार वा लाठीहरूले घरेरे
सुरक्षित छेका-बार लगाउन नै जान्दा रहेछौं
न त छाडा साँढेलाई
बाध्न वा लछार्न नै जान्दारहेछौं ।

यसरी विरुवा रोप्ने तर त्यसको संरक्षण गर्न नजानेर वा नसकेर छाडा साँढेद्वारा हामीहरूले रोपेका विरुवा बारम्बार नास गर्दा पनि केही गर्न नसक्ने हामीहरूको कार्यपद्धति प्रति इङ्गित गर्नु नै प्रस्तुत कविताको विषयवस्तु हो ।

कविले हामीहरूले विरुवा रोप्न पछि नपर्ने तर त्यसको संरक्षण गर्न नजान्ने हाम्रो प्रवृत्तिप्रति सुधार गर्नुपर्ने भाव एकातिर देखाएका छन् भने आफ्नो सिर्जन कर्मलाई निमोठन उद्धत त्यस्ता असत्ति छाडा साँढेलाई अङ्कुश लगाउन वा लखेट्न पनि सक्नु पर्छ भन्ने भाव समेटेका छन् । त्यसैले सधै सोझा र लोसे मात्र होइन साँढेका विरुद्धमा जुट्न पनि आग्रह गरेका छन् । प्रजातन्त्र रूपी विरुवा रोप्नु मात्र उपलब्धी होइन त्यसको संरक्षणमा जुट्नु पनि हाम्रो कर्तव्य हो भन्ने भाव कविले यस कवितामा व्यक्त गरेका छन् । आफूले रोपेको विरुवा बाटो कसैले नाश गर्छ विगारी दिन्छ भने त्यसका विरुद्ध विद्रोह गर्नुपर्ने सन्देश पनि कवितामा पाइन्छ ।

प्रथम पुरुष दृष्टिविन्दु कथन पद्धति अङ्गालिएको प्रस्तुत कविता गद्यलयमा रचना गरिएको छ । चार पङ्क्तिका हरफ देखि तेईस पङ्क्ति सम्मका जम्मा तीन हरफमा तेत्तीस पङ्क्तिमा 'हामीहरू' कविता सुसज्जित छ । सामन्ती राजसंस्थाको प्रतीक साँढे र प्रजातन्त्रको प्रतीक विरुवालाई प्रतीकात्मक अर्थमा लिइएको यस कवितामा सामान्य सरल बोलचालको भाषाको प्रयोग गरिएको छ ।

**(च) 'शान्ति र सुरक्षा' कविताको विश्लेषण**

"निर्माणाधीन" कविता सङ्ग्रहमा सङ्गृहित 'शान्ति र सुरक्षा' सर्वप्रथम "बुधवार" साप्ताहिकमा २०६१ मा प्रकाशित कविता हो । शान्ति र सुरक्षा व्यङ्ग्यधर्मी कविता हो । कवि समाजमा देखापर्ने विकृति र विसङ्गति प्रति व्यङ्ग्यका माध्यमबाट वाण हान्न खप्पिस देखिन्छन् । यस कवितामा पनि सरकारी रवैया प्रति व्यङ्ग्यका पारामा विषयवस्तुलाई उजिल्याएका छन् । तत्कालीन ज्ञानेन्द्रको सरकारले जनताको मौलिक हकको अपहरण गरी सङ्कटकालको घोषणा गऱ्यो । तिनै प्रवृत्तिलाई कविले यहाँ मुख्य विषयवस्तु बनाएका छन् । व्यङ्ग्य नै यस कविताको विषयवस्तु हो । त्यसैले जनताका स्वतन्त्रता सम्बन्धी हकको निलम्बन गरे स्वतः शान्ति र सुरक्षाको प्रत्याभूति हुन सक्छ भन्ने व्यङ्ग्य भाव कविताले बोकेको छ । जसरी जर्मनी तानाशाह एडोल्फ हिटलरले जनतालाई बोल्ने स्वतन्त्रता दिएनन् । समग्र देशलाई बन्दीगृह र यातना शिविर बनाएर शान्ति र सुरक्षाको चक्रव्यूह रचे । त्यसैको अक्षरशः पालना गरे यहाँ पनि स्वत : शान्ति र सुरक्षाको ग्यारेन्टी हुन्छ भन्ने व्यङ्ग्य भाव कवितामा यसरी देखाएका छन् ।

> शान्ति कुनै अप्राप्त कुरै हैन
> यो त सजिलै प्राप्त हुनसक्ने कुरा हो
> फगत नागरिकहरूको मुखमा
> ताल्चा लगाउनु पर्छ ताल्चा
> शान्ति आफै पैदा भैहाल्छ
> सुरक्षा कुनै कठिन कुरा हैन प्राप्त गर्न
> सिंगै देशलाई जेल बनाइदेऊ
> अझ यातना शिविर नै बनाइदेऊ
> सुरक्षा स्वत : प्राप्त भैहाल्छ

कवि स्वतन्त्रता प्रेमी व्यक्ति भएकोले उनी यस खाले व्यवहारबाट मुक्तिको चाहना राख्दछन् । तानाशाही प्रवृत्तिको सट्टा न्यायप्रेमी जनताको राज्यसत्ता प्राप्त हुनुपर्छ भन्ने सन्देश कविले व्यक्त गरेका छन् । स्वतन्त्रताको अपहरण गरेर कहिल्यै शान्ति र सुरक्षा कायम हुन नसक्ने भएकोले यस्ता व्यवहार दोहोऱ्याउनु हुँदैन भन्ने भाव पनि कविको रहेको छ ।

तृतीय पुरुष कथन पद्धति अङ्गालिएको यस कविता गद्य लयमा रहेको छ । जम्मा तीन हरफमा संरचित यस कवितामा पहिलो हरफमा दश पङ्क्ति, दोस्रो हरफमा पाँच पङ्क्तिहरू छन् भने तेस्रो हरफमा एघार पङ्क्ति छन् । जम्मा छब्बीस पङ्क्तिहरू यस कवितामा रहेका छन् भाषिक शब्दमा कुनै दुर्बोध्यता नभेटिए पनि प्रस्तुतिका हिसाबले व्यङ्ग्य मिसिएको भाषा यस कवितामा पाइन्छ । नेपाली राजनीतिमा तानाशाही निरङ्कुश शासनको अभ्यास गर्न खोजेको हुनाले राजा ज्ञानेन्द्रलाई पनि जर्मनी शासक हिटलरको समिप पुऱ्याउन खोजिएको छ । त्यसैले यस कविताको भाव स्पष्ट हुन एक पल्ट जर्मनी तानाशाह हिटलरको नरसंहारकारी क्रियाकलापलाई गुत्नु पर्ने देखिन्छ ।

### (छ) 'ब्वाँसो' कविताको विश्लेषण

एउटा सचेत सर्जकले राष्ट्रिय सीमा भित्रका विषयवस्तु मात्र समेट्दैन । अन्तर्राष्ट्रिय सीमा सम्म पुगेको हुन्छ । स्वतन्त्रता र प्रजातन्त्रको दुहाइ गर्नेहरूलाई सिस्नोपानी वर्षाएको हुन्छ । 'ब्वाँसो' 'निर्माणाधीन कविता' सङ्ग्रह भित्रको तेह्रौ अन्तर्राष्ट्रिय विषयवस्तु समेटिएको एक सशक्त कविता हो । यस कविताको विषयवस्तु संसारकै दादागिरी साम्राज्यवादी शक्ति मानिएको अमेरिकाको अन्तर्राष्ट्रिय मर्यादा विपरित कार्य प्रति लक्षित छ । अमेरिकालाई अन्य मुलुकप्रति देखाएको व्यवहारका आधारमा ब्वाँसोको रूपमा उभ्याइएको छ । स्वतन्त्रता र प्रजातन्त्रको लागि युद्ध लडिरहेका राष्ट्रमा आतङ्कारी गतिविधिको आरोपमा हमला गर्ने अमेरिकी नीति प्रति यहाँ व्यङ्ग्य गरेका छन् कवि । आफूले जे गर्न पनि हुने तर अरुहरूलाई दवाउने नीति बोकेको अमेरिकाले दन्त्यकथामा जस्तै खोलाको पानी धमिल्याएको निहुमा बाखो खाए जस्तो बग्दाद, उम्मकसार, बासरा, टिक्रिट, मसुल, इराकमा हमला गरेको छ । प्रजातन्त्रको स्थायित्वको सहयोगको नाममा नरसंहार गर्न पछि परेको छैन । त्यसैले कविले अमेरिकालाई अनावश्यक आश्वासनमा ज्यान लिने ब्वाँसोको रूपमा लिएका छन् । प्रजातन्त्र ल्याइदिने बाहानमा रगतको होली खेल्ने अमेरिकी नीतिप्रति कविताका माध्यमबाट कवि व्यङ्ग्य गर्दछन् । जस्तै : -

ब्वाँसो आफ्नो मुखमा लत्पत्तिएको रगत पुछिरहेछ
कथित प्रजातन्त्र निर्यातको
करारनामा-पत्रको कागजको टुक्राले

यहाँ अनावश्यक चासो दिएर अर्काको स्वतन्त्रताको हनन गर्नु हुँदैन । राज्यसँग जनताले माग राख्न पाउनु पर्छ । जनताले राज्यबाट पाउनु पर्ने सुविधाको माग गर्दा आतङ्ककारी विद्रोही हुनु पर्ने र त्यसमा अनावश्यक हस्तक्षेप गरी प्रजातन्त्रको नारा दिनु ठीक नहुने व्यङ्ग्य भाव प्रस्तुत कवितामा व्यक्त भएको छ ।

तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको ब्वाँसो कविता मुक्त छन्दमा रचना गरिएको छ । अमेरिकी साम्राज्यको विरोध गरिएको यस कविता सोह्र पङ्क्तिको एक हरफमा पूरै कविता समेटिएको छ । अन्तर्राष्ट्रिय विषयवस्तु र राष्ट्रका नाम समेटेको कविता सामान्य र सरल भाषाको प्रयोग छ । अमेरिकाको साम्राज्यवादी नीति दन्त्यकथाको ब्वाँसो जस्तो तुलना गरिएकोले उक्त उक्ति सान्दर्भिक छ । अमेरिकालाई ब्वाँसो रूपमा उभ्याइएको प्रस्तुत कविता साम्राज्यवाद विरोधी भाव समेटिएको उत्कृष्ट कविता रहेको छ ।

### (ज) 'मेरा पीडाहरू' कविताको विश्लेषण

विश्व स्तरमा देखिएका यावत समस्याहरू प्रतिको पीडा नै 'मेरा पीडाहरू' कविताको मूल विषय हो । संसारमा मानिस अनेकन समस्याहरूबाट आक्रान्त छन् । विश्वभरी कै समस्याले कविलाई पीडित बनाएका छन् । भोकमरी, अशान्ति, युद्ध, राष्ट्रियता, गास, बास, कपास, बेरोजगारी, देह व्यापार गर्नुपर्ने बाध्यता, जात, जाति भाषा रङ्ग आदिका आधारमा हेपिनु र प्रताडित हुनु परेको यथार्थताले कविलाई मर्माहत तुल्याएको विषय कविताको खास विषयवस्तु बनेर आएको छ । युगाण्डा इथियोपिया जस्ता देश भोकमरीको समस्याले ग्रसित छन् । त्यहाँका जनता खान नपाइ मर्ने अवस्थामा पुगेका छन् । घाना, मोगादिसु र सियरालियोनमा युद्ध चर्केको छ । जनता मृत्युको भयमा छन् । प्यालेस्टिनी, भुटानी कुर्दहरू राष्ट्रियताको खोजीमा शरणार्थी जीवन जिउन विवश छन् । कविलाई यी पीडा आफ्ना जस्तै सह-अनुभूति भएको छ । आफ्नै बा-आमा उमेरका मानिस मामको खोजिमा विदेशी भूमिमा भौतारिएका छन् । युद्ध र अशान्तिले थकित बनेका दौतरी साथी शान्तिको कामनामा जुटेका छन् । विश्वस्तरमा बेरोजगारी व्याप्त छ । कैयौं सोझा नारी आफ्नो शरीर बैंकक र बम्बैमा बन्धक बनाउन विवश छन् । जात, जाति,

भाषा, धर्म र रङ्गका आधारमा हेपिनु र थिचिनु पर्ने अवस्था आएको छ । त्यसैले कविले मानवीयताको ह्रास भएको अवस्थालाई आफ्नो विषयवस्तु बनाएका छन् ।

मानवीय मूल्य र मान्यताको खोजीमा जुट्न कविले कविताका माध्यमबाट आहवान गरेका छन् । विश्वको कुनाकुनामा बस्ने सबै मानिस आफ्ना स्वजन हुन आफन्त हुन् । मानवले मानवबाट खप्नु परेका यस्ता पीडा कविका आफ्ना पीडा बनेका छन् । ती पीडित मानिसप्रति सहानुभूति जगाउँदै कविले 'म' का माध्यमबाट आफूलाई पीडा बल्झेको भाव यस कवितामा व्यक्त गरेका छन् । कविलाई यस्तो परिस्थितिले आफूलाई मर्माहत बनाएको महसुश गरेका छन् । जस्तै कवि भन्छन् -

यस्तो परिस्थितिमा
मेरो यो विश्वका
मेरा तमाम स्वजन उत्पीडित मानवहरू,
तिनीहरूमाथि ओइरिएका विपत्तिहरूले जब चिथोर्छन अन्तरमनमा मलाई
म सन्तापले विथोलिन्छु
म पीडाले छट्पटिन्छु
म बेचैनीले रन्थनिन्छु

विश्व सङ्ग्रहालय हो । यहा बस्ने सबै मानिसका लागि पृथ्वी साझा घर हो । त्यसैले मानव मावन बीच हत्या, हिंसा, अत्याचार, भोकमरी, बेरोजगारी, देहव्यापार, राष्ट्रियताको अपहरण जस्ता समस्या साझा समस्या हुन् । त्यस्ता समस्याका विरुद्धमा जुट्न आह्वान गर्नु नै यस कविताको मूल भाव हो । त्यसैले साझा समस्या सबै मिलेर समाधान गर्नु पर्ने सन्देश कविले दिएका छन् ।

गद्य लयमा संरचित 'मेरा पीडाहरू' कविता करुण रस प्रधान रहेको छ । जसमा तीन हरफमा संरचित यस कवितामा छोटोमा सात पङ्क्तिदेखि लामोमा तीस पङ्क्तिसम्मका हरफ छन् । 'म' मा षष्टी विभक्ति 'रो' लागेर बनेको मेरो सर्वनाममा पीडाहरू जोडिएर बनेको कविता शीर्षक अनुसार कै विषयवस्तुले कविता सार्थक र अर्थपूर्ण बनेको छ । विश्व ब्रम्हाण्डका मानिसका पीडा आफ्नै भएकोले कविले 'म' को प्रयोग गरेका छन् । प्रथम पुरुष कथन पद्दति अङ्गालिएको यस कवितामा सरल र सहज भाषाशैलीले कवितामा दुर्बोध्यता सिर्जना गरेको पाइँदैन ।

**(झ) 'म र निरो' कविताको विश्लेषण**

'म र निरो' "निर्माणाधीन" कविता सङ्ग्रहमा सङ्गृहित पन्ध्रौं कविता हो । तीनवटा शब्द 'म', र 'निरो' शब्दलाई 'र' संयोजकको संयोजनबाट कविताको शीर्षक चयन गरिएको छ । म र निरोका माध्यमबाट अभिधार्थमा रोमका राजाको बारेमा बताउन खोजे पनि व्यञ्जनाका अर्थमा नेपालका निरोको कार्यशैली प्रति प्रकाश पार्नु यसको मुख्य विषयवस्तु रहेको छ । इतिहास कालमा रोम शहरमा सङ्कट पर्दा रोमका निरो बाँसुरी बजाएर आनन्द लिइराखेका थिए । व्यक्तिगत मनोरञ्जन गरिरहेका थिए तर यहाँका शासक वाराजा देशको सङ्कटकालीन अवस्थामा पनि सार्वजनिक अभिनन्दन बाहानामा देश दौडाहामा जुटेका थिए । सिपाहीहरूका आडमा नागरिक जम्मा पार्ने प्रशंसापत्र बटुल्ने, जनता आँसुको पोखरीमा डुब्दा प्रफुल्ल मुद्रामा मञ्चमा आसिन हुने, नाचगान र झाँकी नगर गरिबक्सदै पाखण्डी भाषण गरी भीडलाई उल्लू बनाउने कार्य गरे । त्यसैले राजाका त्यस्ता कार्यप्रति कविले व्यङ्ग्य गरेका छन् । कविले आफू त्यति बेला रोमको नागरिक भएको भए आफू मात्र भुलेका निरोलाई कुनै आरोप नलगाउने विषयवस्तुले कविता व्यङ्ग्य गर्न सफल देखिन्छ ।

कम्तिमा पनि शासक राष्ट्र र जनताप्रति उत्तरदायी हुनुपर्छ । देश नै सङ्कटमा रहेका अवस्थामा गम्भीर र सचेत हुनु पर्थ्यो । जनताका समस्यामा चासो देखाउनु पर्थ्यो । जनता र राष्ट्रलाई ठग्ने काम गर्नु हुँदैनथ्यो भन्ने भाव नै यस कविताको मूल भाव हो ।

प्रथम पुरुष दृष्टिविन्दु प्रयोग भएको कविता गद्य लयमा विस्तारित भएको छ । म का माध्यमबाट कविले तत्कालीन समयमा अभिनन्दित हुँदै हिड्ने राजाको व्यङ्ग्य गरेका छन् । आत्मपरक केन्द्रीय दृष्टिविन्दु 'म' प्रतिनिधि पात्र हो । म पात्रका माध्यमबाट शासकीय शैलीप्रति कविले यस्तो प्रतिक्रिया दिएका छन् । जस्तै :

म रोम शहरको नागरिक भएको भए
म सम्राट निरोको खासै विरोध गर्दिनथे
र त्यतिखेर चाकरहरूले लगाउने नारा पनि
म खासै आपत्ति विनानै सुनिरहन्थे ।
"हाम्रो निरो हाम्रो रोम प्राणभन्दा प्यारो छ "

गद्यलयमा संरचित प्रस्तुत कविता एक हरफमा पूर्ण विस्तार भएको छ । एक शब्दको पङ्क्तिदेखि आठशब्द सम्मका जम्मा छब्बीस पङ्क्तिमा फैलिएको छ । सामान्य सरल भाषाको प्रयोग भए पनि कविता व्यङ्ग्य गर्न पूर्ण सफल छ । कविताको अन्त्यमा राजाको कार्यशैलीप्रति व्यङ्ग्य गर्दै हाम्रो राजा, हाम्रो देश प्राणभन्दा प्यारो छ भन्ने वाक्यलाई हाम्रो निरो, हाम्रो देश प्राणभन्दा प्यारो छ भन्दै अन्त्य गरिएको छ । रोम र निरो शब्द प्रतीकात्मक रूपमा नेपाल र नेपालका राजा भन्ने अर्थमा आएका छन् ।

**(ञ) 'दृष्टिकोण' कविताको विश्लेषण**

एउटा वस्तु  घटनालाई फरक फरक किसिमको बुझाइ नै दृष्टिकोण कविताको मूल विषय हो । सर्वप्रथम "कविता क्यालेण्डर" २०५३ मा प्रकाशित दृष्टिकोण कविता निर्माणाधीन कविता सङ्ग्रह भित्रको उन्नाइसौं कविता हो । एउटै बस्तुघटनामा फरक-फरक कोणबाट दृष्टि दिनुको अर्थका आधारमा दृष्टिकोण कविताको विषयवस्तु आएको छ । सहिद गंगालालको मृत्युलाई अत्याचारी शासक र स्वाभिमानी स्वतन्त्रता प्रेमी नागरिकले फरक फरक अर्थमा लिएका छन् । गंगालालको मृत्यु एउटै थियो । तर त्यस मृत्युमा अत्याचारी राणा शासक जुद्धशमशेरका आँखा खुसीले चम्किए । अत्याचारी सामन्ती प्रवृत्तिका मानिसले यस मृत्युलाई घृणा गऱ्यो । जल्लाद नरशमशेर हर्षित भयो तर जनताको छोरा र अत्याचारको अन्त्य चाहने ज्यापुको छोरा गंगालालको मृत्युमा दुःखी हुँदै आँखा आसुले भरिन्छन् । सम्मानमा शिर झुकाउने गर्दछन । यसरी एउटा घटना तर दृष्टिकोण फरक हुने वस्तु यथार्थ नै यस कविताको विषयवस्तु बनाइएको छ । जस्तै :

जुद्ध शमशेरहरू हाँसे तर युवक रोयो
जुद्ध शमशेरहरूले यस मृत्युलाई घृणा गरे
तर युवकले भने सम्मानमा शिर झुकायो
मृत्यु एउटै थियो
विल्कूल एउटै थियो
गंगालालको मृत्यु
नेपाल आमाको महान् सन्ततिको मृत्यु ।

**(ट) 'हिसाब-किताबको कविता' कविताको विश्लेषण**

'हिसाब-किताबको कविता' 'निर्माणाधीन कविता' सङ्ग्रहमा सङ्गृहित २१ औं कविता हो । यो कविता सर्वप्रथम २०५१ मा "प्राची" पत्रिकामा प्रकाशन भएको हो । राजनीतिमा सङ्लग्न हुनु भनेको नाफा नोक्सानको हिसाब-किताब गर्नु हो भन्ने नेपाली राजनीतिमा देखापरेको गलत परम्परा प्रतिको कटाक्ष नै यस कविताको मूल विषयवस्तु हो । राजनीतिक परिवर्तनका लागि लागेका कार्यकर्ता आफ्नो मूल्य खोजिरहेका छन् । हिजोको सङ्क्रमणका समयमा राजनीतिक दललाई अगाडि बढाउने, सुरक्षा दिने काम कार्यकर्ताले गरे । त्यसैको बदला भूमिगत जीवन विताउनुको मुआब्जा, त्याग को बदला घडेरी ? बलिदानका बदला सहरमा घर आदि मागहरू वर्षेकै छन् । युवा वृद्ध सबैले पलपलको हिसाब चुक्ता खोज्दैछन् । जस्तै :

क्रान्तिकालमा निर्वासित हुनु परेको<br>
प्रतिवर्षको दरभाऊ कति तोक्ने ?<br>
हिसाब हुँदै छ एकएक मिनेटको पनि,<br>
विगतमा खाई नखाई झोला बोकेर हिडेको<br>
प्रतिकिलोमिटरको कति दाम तोक्ने ?<br>
हिसाब हुँदैछ एक एक पाइलाको पनि ।

हिजोको व्यक्ति किनबेचको समयमा पनि बिक्न नमानेको, झुक्न नजानेको बदलामा दुई चार गुणमोल बढी पाउनु पर्ने छ । त्यसैले राजनीतिक उपल्लो ओहोदा, चुनावी टिकट पाउनु पर्छ भन्ने आजको मागलाई कविले व्यङ्ग्यको विषय बनाएका छन् ।

प्रस्तुत कवितामा समस्यासँग सम्वेदनशील हुनुको सट्टा आफ्नै घाटा-नाफामा क्रियाशील भएको अवस्थामा त्यस्ता व्यक्तिप्रति तीखो वाण प्रहार गरिएको छ । कार्यकर्ता मोलमोलाइमा लाग्दा जनताका तमाम समस्याहरू समाधान नहुने हुनाले त्यस्ता प्रवृत्ति त्याग्नु पर्ने कविको ठहर छ । माग र दावी आइरहँदा सुकुम्वासी बस्ती बगाउँदैछ, मानिसमा घरवासको समस्या पर्दैछ । त्यसैले राजनीति गर्नुको सट्टा मोल खोज्ने, गलत परम्परा विकास भएकोमा कवि चिन्तित छन् । राजनीति सामाजिक सेवाको क्षेत्र हो । त्यसैले समाज सेवामा लागि रहनु पर्छ । मानिसको गाँसबाँसको समस्याप्रति असम्वेदनशील बन्ने राजनीतिक प्रवृत्ति प्रति कविको गुनासो छ ।

प्रथम पुरुष कथन पद्धतिमा संरचित हिसाब-किताबको कवितामा सचेत राजनीतिक कार्यकर्ताको स्वार्थी प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । गद्यलयमा साना ठूला गरी नौवटा हरफमा संरचित कवितामा उन्पचास पङ्क्ति पुञ्ज समाविष्ट छन् । नेपाली राजनीतिमा देखिएको विकृति प्रस्तुत कवितामा देशको समसामयिक राजनीतिक दलका नेता कार्यकर्ताको व्यक्ति वादी प्रवृत्तिप्रति लक्षित गरिएको छ । सामान्य सरल भाषाको प्रयोग भएको कविता व्यङ्ग्य गर्न सफल छ ।

### (ठ) 'वास्तवमा' कविताको विश्लेषण

'निर्माणाधीन कविता' सङ्ग्रहमा सङ्गृहित 'वास्तवमा' कविता सङ्ग्रह भरी कै सानो कविता हो । 'वास्तवमा' कविता लुइँटेलको "'सात 'वास्तवमा' हरू" मध्येको वास्तवमा छ अन्तरगत को कविता हो । सात 'वास्तवमा' हरू सर्वप्रथम जनप्रशासन क्याम्पसबाट प्रकाशित यात्रा प्रशासन विशेषाङ्कमा प्रकाशन भएको थियो । काम गर्ने कालू मकै खाने भालू भन्ने प्रवृत्ति नै यस कविताको विषय हो । वास्तवमा मरीमरी काम गर्ने एउटा हुने तर त्यसबाट फाइदा उठाउने स्वार्थ लुट्ने काम भने अर्को कामचोरले लिने सामाजिक प्रवृत्ति नै यसको विषयवस्तु हो । जस्तै :

वास्तवमा ज्यानै दिएर
मरीमरी काम गर्ने व्यक्ति 'क' थियो
तर उसको नाउँमा
कोही 'ख' भन्ने व्यक्तिले थकाइ मार्‍यो
कोही 'ग' भन्ने व्यक्तिको व्यापक प्रशंसा भयो
र अन्त्यमा
कोही 'घ' भन्ने व्यक्तिले
"सर्वोत्तम कामदारको" उपाधि पायो ।

यथार्थको मूल्याङ्कन नहुने र जसले सक्यो उसैको जय हुने प्रवृत्ति प्रति कविको असन्तोष रहेको छ । यहाँ 'क' भन्ने व्यक्तिले गरेको कामको श्रेय 'ख', 'ग' हुँदै 'घ' भन्ने व्यक्तिले लिएको छ । यसैले जसले श्रम गर्छ उसैको हीत हुने काम गरौं भन्ने भाव नै यस कवितामा भेट्न सकिन्छ ।

गद्यलयमा रचित 'वास्तवमा' कविता जम्मा आठ पङ्क्तिको छ । तृतीय पुरुष कथन पद्धति अङ्गालिएको कवितामा 'क', 'ख', 'ग', 'घ' भन्ने व्यक्ति सामाजिक प्राणी नै हुन् । समाजमा देखिएका यस्ता खाले प्रवृत्तिका मानिसहरूलाई कविले सामान्य सरल भाषामा गरेका छन् ।

### (ड) 'ड्राइभरको कविता' कविताको विश्लेषण

हरिगोविन्द लुइँटेलका हरेक कविता अभिधाका अर्थमा भन्दा व्यञ्जनका अर्थमा सशक्त छन् । 'निर्माणाधीन कविता' सङ्ग्रहमा सङ्गृहित 'ड्राइभरको कविता' सर्वप्रथम

२०५४ मा "प्राची" पत्रिकामा प्रकाशित भएको थियो । असक्षम र अपरिपक्व चालकले गाडीलाई दुर्घटनामा पुऱ्याउने यथार्थता यसको अभिधात्मक अर्थ हो भने असक्षम र अपरिपक्व नेताहरूको कारण देश दुर्घटनामा पुऱ्याउने घटना यसको लाक्षणिक अर्थ हो । एउटा खलासीको हैसियत भएको व्यक्तिले गाडीलाई दुर्घटनामा पुऱ्याउने अवसम्भावी घटनालाई कविताको विषयवस्तु बनाइएको छ । रिस, अहङ्कार र दवावमा अयोग्य व्यक्तिले भनसुनको आधारमा चालक प्रमाणपत्र लिएको छ । त्यस्ता व्यक्तिले कुशल चालकको भूमिका निभाउन सक्दैन तर पनि सोझा साझा गाउँलेहरूलाई सुन्दर सपना बाड्न पछि परेन । उसले सुदूर ठाउँसम्म पुऱ्याउने सङ्कल्प गऱ्यो र ऊ प्रति गाउँलेको आस्था जाग्यो र गाडी हाक्यो । अकुशल भएकै कारण गाडी दुर्घटनामा पुऱ्यायो तर यसको दोष तेस्रो पक्षमा लगाउन पछि परेन । यसबाट उसलाई कवि पश्चाताप भएन । यसरी असक्षम व्यक्तिको हातमा गाडीको साँचो दिएमा अचानक वा देखादेखी गाडी गल्र्यामगुर्लुम भीरबाट लडाउने टुक्राटुक्रा पार्ने गाउँले मार्ने, घाइते बनाउने गर्न सक्छ भन्ने विषयवस्तु यस कविताको मूल विषय बनेको छ ।

अभिधात्मक अर्थमा गाडी दुर्घटनाको घटना देखाए पनि व्यञ्जनाका अर्थमा अयोग्य अपरिपक्व राजनेताको हातमा देशको साँचो गएमा देश दुर्घटनामा पुऱ्याउने घटना कवितामा व्यक्त गरिएको छ । त्यसैले गाउँलेहरूलाई भ्रमपूर्ण सस्ता नारा बाँडेर आफूप्रति आस्थावान तुल्याउँदै अनुत्तरदायी हुने प्रवृत्ति प्रति पनि कविको आपत्ति रहेको छ । भनसुन र नातावाद कृपावादका आधारमा भ्रमपूर्ण जाल रच्नु हुँदैन भन्ने भाव प्रस्तुत कवितामा पाइन्छ । भनसुनका आधारमा जस्तो सुकै जिम्मेवारी पनि पाइने विथिति नै यस कविताको मूल भाव हो । जस्तै :

सिरिफ भ्रम मात्र रहेछ
यो मोटो र बाठो मान्छे
भनसुनको भरमा चालक प्रमाणपत्र लिएको
सिरिफ खलासी मात्र रहेछ
यो मोटो र बाठो मान्छे
वित्थामा ड्राइभरको सिटमा आएर बसेको ।

ड्राइभर जिम्मेवार व्यक्ति हो । चाहे गाडीको ड्राइभर किन नहोस् चाहे देशको ड्राइभर नै किन नहोस् । ड्राइभरको हातमा ठूलो जिम्मेवारी रहेको हुन्छ । त्यस्तो जिम्मेवार

पद हचुवाको भरमा बाँड्दा कहिल्यै राम्रो नहुने भाव यस कवितामा व्यक्त भएको छ । त्यसैले अपरिपक्व, गैर जिम्मेवार व्यक्तिलाई भ्रममा परेर विश्वास गरिहाल्नु हुँदैन र जिम्मेवारी दिनु पनि हुँदैन भन्ने सन्देश कविले दिएका छन् ।

गद्यलयमा रचिएको ड्राइभरको कविता जम्मा वाउन्न पङ्क्तिमा रहेको छ । तृतीय पुरुष कथन पद्धतिमा रचिएको यस कविता अभिधाका अर्थमा भन्दा व्यञ्जनका अर्थमा अर्थ स्पष्ट हुन जान्छ । ड्राइभरको प्रयोग नेतृत्वको रूपमा भएको छ भने गाडी सिंगो देश चलाउन सक्ने व्यक्तिको रूपमा आएको छ । अयोग्य, अपरिक्व र गैर जिम्मेवार व्यक्तिको हातमा साँचो परेमा अनुत्तरदायी तरिकाले काम गरेर आफ्ना अनुयायीलाई दुर्घटनामा पुऱ्याउन सक्ने तर्फ यो कविता लक्षित छ ।

### **(ढ) 'मैले चाहेको देश' कविताको विश्लेषण**

देशमा सदियौदेखि चल्दै आएको सामन्ती राज्यव्यवस्थाको अन्त्य हुनुपर्छ भन्ने भाव 'मैले चाहेको देश' कविताको विषय हो । सामन्ती राजतन्त्र, आर्थिक असमानता, जमिनदारी प्रथा, मालिक र मजदूर जातीय विभेदआदि अन्त्यको चाहना कवितामा गरिएको छ । निर्माणाधीन कविताको शीर्षक अनुसार निर्माण हुँदै गर्दाको अवस्थालाई यस कविताले पनि सङ्केत गरेको छ । राजाको निरङ्कुश शासनले अतालिएका नेपाली जनता मुक्ति चाहन्थे र सङ्घर्षमा जुटे । यसैको सेरोफेरोमा कविले अब पुरानो शासन व्यवस्था होइन नयाँ शासन व्यवस्थामा जुट्न आग्रह गरेका छन् । पृथ्वीनारायण शाहको कीर्तिपुर वासीको नाक काट्ने जस्तो घृणित कार्यबाट नै सामन्ती राजतन्त्रको अवसान चाहेका नेपाली जनता उपयुक्त समयको खोजमा थिए । त्यसैले यस्तो अपमानित व्यवहार गर्ने राजाको विरोधमा सम्मानित नाक बोकेर हिड्न, शिर ठाडो पारेर राज्यका हरेक तहमा समानुपातिक सहभागिता हुनुपर्ने माग नै कविको चाहानाको देश बनेको छ । जस्तै :

> कहिल्यै पनि
> कुनै पनि कीर्तिपुरहरूमा
> कुनै पनि नाकहरू नकाटिने
> सग्ला नाकहरूको सम्मानजनक देश
> सबैखाले नाकहरूको देश
> समावेशी देश

मैले चाहेको मेरो देश

मेरो लोकतान्त्रिक देश ।

पुरुषवादी हैकमी समाजमा आफू सर्वोपरी हुने अवस्थाको अन्त्य, असङ्ख्या हलीहरूलाई भोकभोकै जोताएर आफ्नो भण्डार भर्ने सामन्ती जमिनदारी प्रथाको अन्त्य, अल्पवेतनमा काम लगाएर श्रम शोषणमा विलासपूर्ण जीवन विताउने व्यवस्थाको अन्त्य, वंश परम्परा र क्षेत्रीयताका नाममा सधैं जनतालाई शोषण गर्न नपाइने लोकतान्त्रिक देश निर्माण हुनुपर्छ भन्ने विषयवस्तु नै प्रस्तुत कवितामा समावेश गरिएको छ ।

यस्ता तमाम शोषित पीडित जनताको पक्षमा कविको कलम चलेको छ । नेपाली भूगोलमा बस्ने सबै खाले जनताको राज्यका हरेक तह र तप्कामा पहुँच हुनुपर्ने, कुनै किसिमको असमानता हुन नहुने देश नै कविको चाहानाको देश हो । जातजाति, भाषा, धर्म, लिङ्गका आधारमा हेपिनु नपर्ने, अपनत्वको भावना विकास गर्न पाइने देशको निर्माण हुनु पर्ने भाव कविको रहेको छ । त्यसैले नेपालीहरू विदेशी गल्लीमा कामको खोजमा भौतारिनु नपर्ने सबै खाले अवसर सहितको देशको चाहना भएको छ । आफ्नै भूमिमा श्रम खर्च गर्न पाइने समृद्धशाली देश जहाँ संसारमा गरिब देशका दरिद्र नेपाली भनेर हेपिनु नपर्ने देश बनोस् । पुरातन रुढीवादी सोचको अन्त्य भई वैज्ञानिक सोचमा मानव विकास हुने समावेशी लोकतन्त्र भएको देश बनाइनु पर्छ भन्ने सन्देश कविले दिएका छन् ।

समृद्धशाली र कुनै प्रकारको शोषण दमन अत्याचार नभएको देशको चाहाना गरिएको मैले चाहेको देश कविता प्रथम पुरुष कथन पद्धतिमा पाइन्छ । तीन हरफमा विभाजित यस कवितामा पहिलो हरफमा आठ, दोस्रो हरफमा सत्र र तेस्रो हरफमा बाह्र पङ्क्ति गरी जम्मा सैंतीस पङ्क्ति पुञ्जमा विस्तार भएको छ । गद्यलयमा रहेको यस कवितामा पहिलो र दोस्रो हरफमा विरोध गरिएको आफ्ना चाहना विपरितको देशको बारेमा बताइए पनि अन्तिम हरफमा निकास सहितको देशको बारेमा बताइएको छ । 'म' ले सबै शोषित पीडित जनताको प्रतिनिधित्व गरेको छ ।

**(ण) 'एउटा अर्कै कालापानीको कविता' कविताको विश्लेषण**

निर्माणाधीन कविता सङ्ग्रहमा सङ्गृहित 'एउटा अर्कै कालापानीको कविता' राष्ट्रियताको सुरक्षाका लागि जुट्न आह्वान गरिएको राष्ट्रवादी देशभक्त र स्वाभिमानीहरूको कविता हो । नेपाल र नेपाली भूमिमाथि भारतीय हस्तक्षेप र त्यसबाट मुक्ति चाहानु यस

कविताको विषय हो । विदेशीहरूको घाँस खाएर मात्र आफ्नो अस्तित्त्व बच्ने स्वदेशी बोकाहरूको कारण देश दुर्गतिमा गएको छ । विदेशीको घाँस खाएर त्यही घाँसका लागि म्या म्याको स्वर निकाल्ने बोकाहरू र विदेशीहरूलाई खुसी पार्ने सर्त र स्तरमा आफ्नो अभीष्ट पूरा गराउने कथित देशभक्त बोकाहरूका कारण नेपाली सीमामा भारतीय अतिक्रमण बढ्दो छ । नेपाली भूमि कालापानीमा वर्षौदेखि भारतीय विस्तारवादका सेनाले परेड खेलेका छन् । नेपाल-भारत पश्चिम सीमा महाकाली नदी हो तर महाकाली नदीको मुहान लिपु खोलाभन्दा एकतीस किलोमिटर पूर्व कालापानी भारतले अतिक्रमण गरेको छ । हजारौं हेक्टर जमिन कब्जा गरी नक्कली सीमा खडा गरेको छ । भारतको यस्तो व्यवहारका विरुद्ध केही बोल्न नसक्ने देशभक्त बोकाहरू प्रति कविले छारो हानेका छन् । कविलाई कालापानी भूमिक्षेत्र मात्र गुमेकोभन्दा पनि विदेशी प्रभुको चाकरी र चुक्लीमा रमाउने बानीले दिमागको कालापानी पनि अतिक्रमण गरेको छ । त्यो कालापानीमा विदेशी सेना बन्दुक गोला, वारुद लिएर तैनाथ हुँदैन । त्यहाँ त राष्ट्रद्रोही विचार र परालम्बी बानी लिएर स्वयम् नेपाली नै तैनाथ हुनेछ । त्यसले नेपाली स्वाभिमान नै हराउने छ । जसले गर्दा निर्दोष स्वदेशी बाल वा युवा पनि विदेशीको घाँस खाने बोको हुनु पर्नेछ । असत्यको पुजारी हुन सक्नेछ । त्यसैले कविले नेपाली दिमागको कालापानी अतिक्रमण खोस्नु पर्ने विषयवस्तु प्रस्तुत कवितामा गरेका छन् ।

भारतीय विस्तरवादले वर्षौंअघि देखि नेपाल प्रति चासो राखेको पाइन्छ । नेपाली भूमि र नेपाली मगजमा आफ्नो अधिराज्य जमाइ राखेको छ । नेपाललाई अर्ध औपनिवेशिक अवस्थामा राखेको छ । भारतले नेपाली सीमा र भूमिमात्र मिचेको छैन, नेपाली दिमाग चलाउने र दिमागमा समेत अतिक्रमण गरेको छ । भारतीय प्रभाव परेको दिमागले उसका क्रियाकलापका बारेमा विरोध गर्न सक्ने कुरा कल्पना सम्म गर्न सकिँदैन । विदेशीले हालेको घाँस खाएर नुनको सोझो गर्नै पऱ्यो । विदेशीको इसारामा चल्ने नेपाली बोकाहरूको कारण राष्ट्रियता खतरामा परेको छ । यदि यस्तै अवस्थामा भारत परस्त हुँदै जाने हो भने विश्व मानचित्रमा नेपाली नक्सा हराउनेछ । त्यसैले विदेशी हस्तक्षेपका विरुद्धमा जुझ्न कवि आग्रह गर्दछन् । भारतको मिचाहा प्रवृत्तिबाट मुक्त हुन दिमागबाट भारत मोह त्याग्न सन्देश दिएका छन् । राष्ट्रियता खतरामा परिरहेको अवस्थामा राष्ट्रियताका लागि एक हुन राष्ट्रवादी, देशभक्त, स्वाभिमानी नेपालीलाई भारतीय अतिक्रमण फिर्ताका लागि अघि बढ्न आह्वान गर्दै प्रश्न गरेका छन् । यसरी -

ए ! कोही छौ राष्ट्रवादीहरू
यो अतिक्रमणका विरुद्ध लड्न तयार ?
ए ! कोही छौ देशभक्तहरू
नेपाली दिमागको कालापानीमा खोसिएको
यो उन्नाईस हजार छ सय हेक्टर जमिन
फिर्ता माग्न तयार ?
ए ! कोही छौ स्वाभिमानीहरू
यो एकतीस किलोमिटर खोसिएको दूरी
फिर्ता गर्नका निम्ति अघि बढ्न तयार ?

प्रथम पुरुष कथनपद्धतिमा संरचित भएर दश हरफमा विभाजित प्रस्तुत कवितामा पहिलोमा चार, दोस्रोमा आठ, तेस्रोमा छ, चौंथोमा पाँच, पाँचौंमा पाँच, छैठौंमा छ, सातौंमा बाईस, आठौंमा नौ र नवौंमा दुई र दशौमा तीन गरी जम्मा सत्तरीवटा पङ्क्ति पुञ्ज रहेका छन् । सरल भाषाशैलीमा सललल बगेको यस कवितामा गद्यलयमा राष्ट्रियताको वचावट गरिएको छ ।

### (त) 'बच्चा' कविताको विश्लेषण

'निर्माणाधीन कविता' मा सङ्गृहित ३३ औं कविता हो 'बच्चा' । सर्वप्रथम "रूपरेखा" पत्रिकामा २०४० मा प्रकाशित 'बच्चा' कविता गरिबी तर्फ इङ्गित गरेको कविता हो । गरिबीका कारण भोक मेट्न नपाएको बच्चाको अवस्थाको चित्रण नै यस कविताको विषय हो । मान्छे रोएको परिवेश मान्छेलाई नै असैह्य भएको छ । रुनुको वास्तविकता नै बुझ्न नलागी झाँक्री, धामी वा जान्नेले भूत मसान देउता लागेको बताउनु भ्रम हो । पुरातन सोचका कारण वास्तविकता पत्ता लगाउन नसक्नु यसको समस्या हो । वास्तवमा बच्चा अभावको झुत्रो लम्पट माथि मृत्युसँग सङ्घर्ष गरिरहेको थियो । भोक र अभावले ग्रस्त मान्छे खासमा गरिबीको संसारमा रहेको रोग भोकका विरूद्ध आन्दोलन स्वरूप आफ्नो आवाजको लडाइ लडेको विषयवस्तु नै यस कविताको मुख्य विषयवस्तु हो । जस्तै :

खासमा
गरिबीको संसारमा हुने सबैभन्दा ठूलो रोग
भोक उसलाई लागेको थियो ।

संसारभर गरिबी व्याप्त छ । गरिबीका कारण मान्छेले आफ्नो आधारभूत आवश्यकता पूरा गर्न सकिरहेको छैन । भोकले मान्छेलाई सताएको छ । भोकले रोएको बच्चालाई अशुभ मान्दै भूतप्रेत देउतामा विश्वास गरेर दोष दिइएको छ । आफ्नो भोकको तृप्ति गर्ने आधार नभेटाउँदा गला सुकाउँदै किक्ककिक्क गर्दै मृत्युसँग अन्तिम लडाइँ लड्नुको विकल्प छैन भन्ने भाव नै कविताको रहेको छ । त्यसैले गरिबीका विरुद्ध लड्नु पर्ने सन्देश कवितामा दिइएको छ ।

तृतीय पुरुष कथन पद्धतिमा रचित यस कवितामा गरिब मान्छे एक गाँस खान नपाएर मृत्यु सङ्घर्ष गरिरहेको छ भन्ने भावलाई गद्य लयमा लिपिबद्ध गरिएको छ । जम्मा तीन हरफमा संरचित यस कविताको पहिलो हरफमा सात पङ्क्ति, दोस्रो हरफमा आठ र तेस्रोमा चार पङ्क्ति गरी उन्नाईस पङ्क्तिमा रहेको छ । पहिलो हरफमा बच्चा रुनुको कारण अशुभ मान्दै भूतप्रेतमा दोष थोपरिएको छ । दोस्रो पङ्क्तिमा भोकको तृप्ति नहुँदा मृत्युसङ्घर्ष गर्नु परेको विषय ल्याइएको छ भने तेस्रोमा रुनुको वास्तविकता भोक भएको निष्कर्ष निकालिएको छ । यहाँ बच्चा भोकले रुनु भनेको संसारका खान नपाउने मान्छेको प्रतिनिधि चरित्र हो । वास्तवमा बच्चा जस्तै हजारौं मान्छे खान नपाएर मृत्युसँग सङ्घर्ष गरिरहेका छन् ।

**(थ) 'चप्पलहरू' कविताको विश्लेषण**

दोस्रो जनआन्दोलनसँग सम्बन्धित 'चप्पलहरू' कविता 'निर्माणधीन कविता' सङ्ग्रहमा सङ्गृहित छत्तीसौं कविता हो । २०६३ वैशाख ६, ७ र ९ वा १० गते को दोस्रो जनआन्दोलनको बेलामा सङ्घर्षको मोर्चामा राजाको प्रहार खप्दै टियर ग्याँस, लाठी र गोलीको सामना गर्दा मरेका, लडेका, भागेका, किचिएका, थिचिएका बहुसङ्ख्यक निर्धन नेपाल आमाका छोराछोरीका बहुमूल्य चिनो चप्पलहरू नै यस कविताको विषय हो । ती चप्पल अर्थात पाउपोश पहिरिने मान्छेहरू खोसिएका अधिकार फिर्ता गर्न मात्र मोर्चा बन्दी भएका थिएनन् । ती त एकपेट खान पाउने, एक आङ लाउन पाउने, छानु र ओखती शिक्षा-स्वास्थ्य पाउने र शोषण रहित समाजमा आत्मविश्वासका साथ टाउको ठाडो पारेर मान्छे भएर बाँच्ने हक लिन सडकमा उत्रेका थिए । तिनीहरूका चप्पल नै सडकमा छरिएका थिए । त्यसैले खबरदार जनताको सपनामा भ्रमको खेती गर्न नेतृत्व गर्दै हिडेकाहरू तिनलाई बेवास्ता होइनन् सम्मान गर्न सिक । उनीहरूका पाउपोश सडकमा छरपस्त रहरले भएका होइन । सुनौलो विहानको कल्पनमा उठेकाहरूले छाडेका ती पाउपोशका सट्टामा समृद्ध,

उज्यालो एक्काइसौ शताब्दीको नेपाल **नयाँ नेपाल** फिर्ता गर्न नभुल भन्ने विषयवस्तु यस कविताको मुख्य विषय हो ।

हरेक समयमा आन्दोलनको अग्र मोर्चामा सर्वसाधारण नेपाल आमाका निर्धन सन्ततिले छातीमा गोली, टाउकामा लठ्ठी र टियर ग्याँस थापेका छन् । ती निर्धन नेपालीहरूका हक सुनिश्चित नभैरहेको अवस्थामा यहाँ कविले जनताको भावनाको कदर गर्न नबिर्सन अगुवाहरूलाई चेतावनी, दिएका छन् । जनताका बलका आधारमा कुर्सीमा पुगेकाहरूलाई निर्धन नेपाल आमाको सन्तानको हक सुनिश्चित गर्न विसर्न पाउने छैनौ भन्ने भाव नै यसको मूलभाव हो । ती पाउपोशको सम्मान गर क्रान्तिमा होमिएका आदरणीय समर्पणका पदचापका प्रतीक र महान् सपनाका सङ्केतहरूको बदलामा जनताले चाहेको नेपाल निर्माण हुनुपर्ने आवाज कविले यसरी कवितामा उठाएका छन् -

तिमीले उनीहरूलाई
फिर्ता गर्नुपर्छ ती पाउपोशहरूको बदलामा
एउटा समृद्ध नेपाल
एउटा उज्यालो नेपाल
एक्काइसौं शताब्दीको नयाँ नेपाल ।

बहुसङ्ख्यक नेपाली जनता र नेपाल आमाका निर्धन छोराछोरी आफ्ना गुमेका अधिकार मात्र होइन गाँस, बास, कपास, शिक्षा स्वास्थ्य लगायत आफ्नो स्वाभिमानका लागि लडेका थिए । लडाइँको क्रममा उनीहरूका पाउपोश युद्धमोर्चामा छरपष्ट थिए । ती पाउपोशको सङ्केत थियो आफ्ना अधिकारको सुनिश्चितता । नेतृत्वलाई जनताका समस्या प्रति सम्वेदनशील हुन आग्रह गरिएको प्रस्तुत कविता गद्यलयमा रहेको छ । जम्मा छ वटा हरफमा संरचित यस कवितामा पहिला हरफमा जनआन्दोलनमा सडकमा देखिएका ती पाउपोश कसका थिए भन्ने देखाइएको छ । दोस्रो र तेस्रो हरफमा ती पाउपोशको आवाज के थियो भन्ने कुरा प्रष्ट्याइएको छ । चौथो हरफमा अगुवाहरूलाई कतै ती पाउपोशको मोल विर्सेका त छैनौं भनी सचेत गराइ पाँचौंमा पाउपोशप्रति श्रद्धा सुमन चढाउँदै छैठौ हरफमा पाउपोशका आवाजको भाव समेटिएको छ । सामान्य सरल भाषाशैलीमा नेपाली जनताको भावनालाई चप्पलहरू शीर्षक सहायताले प्रष्ट पारिएको छ । त्यसैले शीर्षक र विषयवस्तुको सार्थकता देखिन्छ ।

### (द) 'स्रष्टाको आन्दोलन' कविताको विश्लेषण

'स्रष्टाको आन्दोलन' शीर्षक कविता 'निर्माणाधीन कविता' सङ्ग्रह भित्रको अन्तिम कविता हो । दोस्रो जनआन्दोलन सफल भएको घोषणा गरेपछि पनि जनताको उद्देश्य पूरा नभएकोमा आन्दोलन जारी भएको घोषणा 'स्रष्टाको आन्दोलन' कविताको विषय बनेको छ । अन्याय अत्याचार शोषण दमनको अन्त्यका लागि स्रष्टाको सिर्जनाले अस्त्रको काम गरको हुन्छ । त्यसैले देशमा हैकमी कालो बादल रहे सम्म स्रष्टाले आन्दोलन जारी राख्ने सन्देश कविले कवितामा दिएका छन् । प्रगतिवादी साहित्यकार हरिगोविन्द लुइँटेलले अन्याय अत्याचार शोषण दमन उत्पीडनका विरुद्धमा कलम चलाएका छन् । त्यसैले रातोघाम नउदाउने बेला सम्म आन्दोलन गरिरहने प्रतिवद्धता नै यस कविताको विषयवस्तु हो । स्रष्टाको आन्दोलन विभिन्न रूप र स्वरूपमा हुने गर्दछ । आन्दोलन कलम, कुची, मादल, बाँसुरी गितार, अभिनय, भाषण, लय, हथौडा र छिना, तस्वीर जस्ता अनेक अस्त्रको प्रयोगबाट हुने गर्दछ । कृष्णलालको पदचिन्ह र कृष्णसेनको स्वाभिमानप्रति नतमस्तक हुँदै हत्या, गिरफ्तारी, खाँदै कालोपट्टीसँग निरङ्कुशताका विरुद्ध स्रष्टाको आन्दालन अगाडि बढ्दै छ । नाराको रूपमा जारी छ जारी छ भन्दै कविले स्रष्टाहरूलई आन्दोलित तुल्याएका छन् । आन्दोलनको स्वरूप सडक कविता सडकनाटक, पाटी भित्ता पर्खालमा रङ्गको जादू देखाउँदै अघि बढेको विषयलाई कविले सशक्त रूपमा ल्याएका छन् ।

स्रष्टा परिवर्तनको संवाहक हो । उसले कलाबाट निरङ्कुशता अन्याय, अत्याचार शोषण दमनका विरुद्धमा अस्त्रको प्रहार गरेको हुन्छ । त्यो अस्त्र अन्तिम सम्म प्रहार हुनेछ । जतिबेलासम्म हैकमी शासन रहिरहन्छ, रातोलाली उदाउँदैन भन्ने भाव यस कविताको भाव रहेको छ । यसलाई कविले यसरी अभिव्यक्त गरेका छन् -

> हैकमी कालो बादल नहटुन्जेलसम्म
> स्रष्टाको आन्दोलन जारी छ ।
> यो देशमा रातो घाम नउदाउन्जेलसम्म
> स्रष्टाको आन्दोलन जारी छ
> डवली नाटक जारी छ
> पाटी, भित्ता, पर्खालमा
> रंगको जादू जारी छ

स्रष्टाको आन्दोलन जारी छ

जारी छ, जारी छ ।

तृतीय पुरुष कथन पद्धति अपनाइएको स्रष्टाको आन्दोलन कविता शीर्षक अनुसार आन्दोलनजारी रहेको सन्दर्भकै आधारमा विषयवस्तुलाई प्रकाश पारिएकोले शीर्षक सार्थक एवम् सशक्त बनेको छ । जम्मा तीन हरफमा अठ्तीस पङ्क्तिमा सजिएको प्रस्तुत कविता गद्यलयमा सरल भाषाशैली को समुचित प्रयोग भएको छ । हैकमी कालोबादल शोषक सामन्तको अत्याचारी व्यवहारको पर्याय र रातोघाम सर्वहारा वर्गको जितको प्रतीकात्मक अर्थ हो । कवितामा अधिकांश पङ्क्तिमा जारी छ जारी छ को अन्त्यानुप्राशले कविता श्रुतिमधुर र आन्दोलित हुन अभिप्रेरित गरेको छ । स्रष्टाको आन्दोलनले कहिल्यै विश्रान्ती नलिई स्रष्टाहरूलाई आन्दोलित हुन आग्रह गरेको देखिन्छ ।

### ४.८.३ हरिगोविन्द लुइँटेलका फुटकर कविताहरूको अध्ययन

वि.सं. २०२५/०२६ देखि नै आभ्यासिक कविता लेखन आरम्भ गरेका लुइँटेलको पहिलो कविता **अभिव्यक्ति** पत्रिकामा प्रकाशित 'लुँइटेल जीवन जीवन्त' को नाममा प्रकाशित छोटो कविता हो । हाल यो रचना प्राप्त भैसकेको छैन । ढेडुबाँदर (कविता सङ्ग्रह) र निर्माणाधीन (कविता सङ्ग्रह) बाहेक विभिन्न पत्रपत्रिकामा प्रकाशित तथा अप्रकाशित कविता कृति फुटकर रूपमा रहेका छन् । उनका फुटकर रचना मध्ये अधिकांश कवितामा नौलो प्रयोग देखिन्छ । हास्यव्यङ्ग्यलाई विषय बनाएर बालकविता शैली तर बालमस्तिष्क भन्दा माथिको स्तरलाई लक्षित गरिएका उनका यस्ता रचना वाणसाहित्यको नाममा प्रकाशनको तयारीमा जुटेका छन् । 'बाको पार्टी काकाको पार्टी' सङ्ग्रहमा समाविष्ट गर्न खोजिका उनका फुटकर कवितालाई 'वाणसाहित्य बालकविता'को रूपमा समसामयिक अवस्थामा देखिएका विकृति विसङ्गतिलाई व्यङ्ग्य भावमा समेटिएको छ । यहाँ लुइँटेलका काव्यिक यात्राको चरणमा लेखिएका फुटकर कविताहरू मध्येका प्रतिनिधि फुटकर कवितालाई विश्लेषण गरिएको छ । लुइँटेलको समुच्च फुटकर कविताहरूको प्रतिनिधित्व गर्ने यी विश्लेष्य कविताहरूमा विषयगत विविधता पाइन्छ । यहाँ विश्लेष्य फुटकर कविताहरूलाई तिनले वहन गरेको कविता तत्त्वका आधारमा विश्लेषण गर्ने जमर्को गरिएको छ ।

#### (क) 'हाम्रो बाको पार्टी हाम्रो काकाको पार्टी' कविताको विश्लेषण

'हाम्रो बाको पार्टी हाम्रो काकाको पार्टी" वाणसाहित्य-बालकविता अन्तर्गत लुइँटेलको व्यङ्ग्य कविता **साप्ताहिक विमर्श** (२०४८ फागुन १६) मा प्रकाशित भएको थियो । फुटकर वाणसाहित्यलाई यसै शीर्षकमा सङ्गृहित गर्ने प्रयत्न भैरहेको पाइन्छ । नेपाली राजनीतिक वातावरणमा देखापरेका यथार्थ समस्या कविताको विषय हो । निजी स्वार्थ लेनदेनका विवादमा पार्टी फुटाल्ने प्रवृत्ति र त्यसैका आधारमा पार्टीभित्र देखापर्ने अन्धभक्त प्रवृत्तिलाई यस कविताको विषयवस्तु बनाइएको छ । व्यक्तिगत स्वार्थ र वैचारिक असहमतिमा परिवार भित्र गलत परम्परा विकास भएको छ । अंशबण्डाको विषयमा कुरा नमिलेकै आधारमा छुट्टै विचार राख्ने, त्यसैका आधारमा अर्काको पार्टीको हरेक पक्ष खराब र आफ्नो पार्टीका जस्ता सुकै खराब पक्ष पनि राम्रा मानिने गलत परम्परा विकास भएको विषयवस्तु व्यङ्ग्यका रुपमा बालकवितामा उल्लेख गरिएको छ । आफ्नै भएकोमा राम्रो अर्काको भएकै कारण नराम्रो भन्ने प्रवृत्तिलाई कविले वाणसाहित्यका माध्यमबाट प्रष्ट पारेका छन् । जस्तै :

हाम्रो काकाको पार्टीको सिद्धान्त खराब छ
किनभने त्यो हाम्रो काकाको पार्टीको सिद्धान्त हो
हाम्रो बाको पार्टीको सिद्धान्त राम्रो छ
किनभने त्यो हाम्रो बाको पार्टीको सिद्धान्त हो ।

नेपाली राजनीतिमा मौलाउँदै गएको व्यक्तिवादी चारित्रका कारण आरोप प्रत्यारोपको राजनीतिक वातावरणलाई कविले बालकविताको शैलीमा व्यङ्ग्य गरेका छन् । सानातिना व्यक्तिगत स्वार्थमा फरकमत प्रकट गर्ने पूर्वाग्रह धारणामा अरुको आलोचना मात्र गर्ने गलत परम्परा विकास भएको छ । यस्तो प्रवृत्ति असभ्यताको पराकाष्ठा हो । त्यसैले यस्तो व्यवहार गर्नु हुँदैन भन्ने धारणा कविको छ । हाम्रो बाको पार्टी आफ्नो समर्थन भएको पार्टी र काकाको पार्टी विरोधी दल भन्ने प्रतीकात्मक अर्थ हो । बा र काकाको पार्टी बीचको सम्बन्धले बालसुलभ भावमा व्यङ्ग्य गरिएको छ । बालबालिका हठी प्रवृत्तिका हुन्छन् । त्यस्तै व्यवहार तमाम मान्छेमा देखिएकोले बालबालिकासँग तुलना गरिएको छ । जम्मा नौ हरफमा यो कविता फैलिएको छ । सामान्य सरल भाषा र बालसुलभ शैलीमा कविताले व्यङ्ग्य गर्न सफल छ । प्रथम पुरुष कथन पद्धतिमा हाम्रो बा र हाम्रो काकाको पार्टीको वयान गरिएको छ । गद्य शैलीमा लेखिएको यस कवितामा अधिकांश पङ्क्तिमा छ र हो को अन्त्यानुप्राशको समायोजन गरिएको छ ।

### (ख) 'राणाशासन' कविताको विश्लेषण

देशमा राणाकालीन निरङ्कुश शासनको पुनर्वहालको अभ्यास गरिएको तत्कालीन ज्ञानेन्द्र सरकारको नियति प्रति व्यङ्ग्य गरिएको विषय 'राणाशासन' कवितामा समेटिएको छ । बालकविता-वाणसाहित्यको रूपमा प्रजातन्त्र भन्दा राणाशासन नै जाती हुने रहेछ भन्दै राणाशासन शैलीप्रति व्यङ्ग्य गरिएको छ । झण्डावाल वा डण्डावाल आफ्नै हातमा हुने मुख नै कानुन, मुख नै अदालत हुने, शासक स्तुतिबाटै नियुक्ति, सरुवा, बढुवा, सम्मान पाइने, सूचना र सञ्चार नै आवश्यक नहुने, स्वेच्छाचारी राणाशासन नै वास्तवमै राम्रो शासन हो । राणाशासक कोतपर्व गरेर स्थापित भए जस्तै ज्ञानेन्द्र शासक नारायणहिटी पर्व गरेर दाजु मारेर निरङ्कुश राणाशासनको पुर्नवहाली गर्ने प्रयत्नमा छ । त्यसैले भजन स्तुतिमा कल्याण हुने तर बोल्यो कि पोल्यो भन्ने राणाशासन नै वास्तवमा राम्रो शासन हो भन्ने व्यङ्ग्य नै यस कविताको विषयवस्तु हो । लोकसेवाको आवश्यक नै नहुने परीक्षा नै गर्नु नपर्ने स्तुति नै नियुक्ति बढुवा, पदक-मानपदवी पाइने शासन नै कविको व्यङ्ग्य अर्थमा सही शासन हो भन्ने ठहर छ । जस्तै :

> कहाँको लोकसेवा आयोग
> कताको परीक्षा
> भजन गाउनेले नियुक्ति पाउने, बढुवा पाउने
> पदक पाउने, मान पदवी पाउने
> बक्सिस पाउने, दानापानी पाउने
> बोल्यो कि पोल्यो
> आवाज उठाउनेले कालापानी पाउने ।

'राणाशासन' शीर्षक कविता निरङ्कुशता प्रति तिखो छेडखान गर्ने वाणसाहित्य : बालकविता कविता हो । स्वेच्छाधारी शासनमा जनताप्रति शासकको अनुत्तरदायी व्यवहार र जनता शासक भजन स्तुतिमा लाग्नु पर्ने बाध्यतालाई कलात्मक पारामा कवितामा व्यक्त भएको छ । अभिधार्थमा राणाशासन राम्रो बताए पनि राणाशासन प्रति व्यङ्ग्य गरी प्रजातन्त्र नै वास्तवमा सही शासन व्यवस्था हो भन्ने भाव कवितामा पाइन्छ ।

गद्यलयमा बालकविताको शैली प्रस्तुत गरिएको राणाशासन कविता राणा शासन व्यवस्था कै पुनर्वहाली गर्न खोजिएको अवस्थामा राजा ज्ञानेन्द्र सरकारप्रति लक्षित छ । साना

ठूला जम्मा सात हरफमा त्रिचालीस पङ्क्तिमा सजिएको यस कविता व्यञ्जनार्थमा सफल देखिन्छ । तत्कालीन ज्ञानेन्द्र सरकारले अपनाएको रवैया नै यस कविताको मुख्य विषय स्रोत बनेको छ । आफू नै सर्वेसर्वा हुने, स्तुतिका आधारमा न्याय सजाय दिने, सञ्चार साधनलाई प्रतिबन्ध लगाउने, व्यवहार राणाकालीन समयका विम्ब हुन् । शासन सत्ता आफ्नो हातमा लिन आफ्नै दाजु र परिवार मार्ने, नरसंहारकारी पर्व मनाउने जस्ता कार्य प्रजातन्त्रको समयमा भए त्यसैले त्यस्ता कुकृत्य प्रति व्यङ्ग्य गर्नु नै कविको अभीष्ट रहेको छ ।

## ४.९ हरिगोविन्द लुइँटेलका अन्य आख्यानेतर साहित्यिक रचनाको विश्लेषण

हरिगोविन्द लुइँटेलले कथा, कविताका अतिरिक्त हास्य व्यङ्ग्य, सांस्कृतिक निबन्ध र श्रव्य दृश्य विषयमा समीक्षा क्षेत्रमा कलम चलाएका छन् । उनका विभिन्न विषयमा लेखिएका यस्ता रचनाहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन् । यहाँ उनका लेखनका विषगत विविधताका आधारमा छुट्टाछुट्टै अध्ययन गर्ने जमर्को गरिएको छ ।

हास्यव्यङ्ग्यका क्षेत्रमा कलम चलाउने लुइँटेलले देशको समसामयिक सामाजिक राजनीतिक, आर्थिक क्षेत्रमा देखिएको विकृति र विसङ्गतिलाई 'कवि कालिदासको कलम'का नाममा कलम चलाएका  छन् । "भगवान र कम्युनिष्टहरूको साँठगाँठ मूर्दावाद" शीर्षकको लेखबाट उनी यो स्तम्भमा आएका छन् । उनको "कवि कालिदासको कलम कलम" विषय व्यङ्ग्य लेख 'मूल्याङ्कन' साप्ताहिक, 'पृष्ठभूमि' साप्ताहिक, 'जनएकता' साप्ताहिक र 'जनादेश' साप्ताहिकमा प्रकाशित भएको बुझिन आएको छ । उनका व्यङ्ग्य प्रधान 'कवि कालिदासको कलम' शीर्षक लेखहरूको विवरण प्राप्त भएसम्मका सामग्रीको आधारमा कालक्रमिक रुपमा प्रस्तुत विवरण यसप्रकार छ ।

**कवि कालिदासको कलम**

| क्र.सं. | शीर्षक | पत्रिका/स्थान | वर्ष/अङ्क पूर्णाङ्क | प्रकाशन वर्ष |
|---|---|---|---|---|
| १ | भगवान र कम्युनिष्टहरूको साँठगाँठ मूर्दावाद | मूल्याङ्कन साप्ताहिक | | २०४७ असार २६ |
| २ | ने.क.पा.कवि कालिदास समूहको सूचना | मूल्याङ्कन साप्ताहिक | ९/५ | २०४७ साउन १६ |
| ३ | टंकप्रसाद जीको भत्ता | मूल्याङ्कन साप्ताहिक | | २०४७ भदौ |

| | | | | |
|---|---|---|---|---|
| | | | | १२ |
| ४ | भाइ ऋषिराज बरालको लेख पढेपछि | पृष्ठभूमि साप्ताहिक | १०/१८ | २०४९ मंसिर १८ |
| ५ | ताजा घटना बारे किसुनजी | पृष्ठभूमि साप्ताहिक | १०/१९ | २०४९ मंसिर २२ |
| ६ | सरकारको जन्मदिन | पृष्ठभूमि साप्ताहिक | १०/२४ | २०४९ माघ १ |
| ७ | नेपालका ४ क.पा. हरूलाई जरुरी सूचना | पृष्ठभूमि साप्ताहिक | १०/२९ | २०४९ फागुन ७ |
| ८ | कामरेड भीमबहादुर हाम्फाल्दै हुनुहुन्छ - 'राम-राम' | पृष्ठभूमि साप्ताहिक | १०/३२ | २०४९ फागुन २८ |
| ९ | गणेशमानद्वारा प्रहार भएको वम गिरिजाको झोलामा | पृष्ठभूमि साप्ताहिक | १०/३४ | २०४९ चैत १२ |
| १० | हे विपक्षीहरू हो ! फाइल किन च्यात्यौ | पृष्ठभूमि साप्ताहिक | १०/३५ | २०४९ चैत १९ |
| ११ | झण्डै मालेसँग मिलेका मण्डलेहरू प्रति | जनएकता साप्ताहिक | १/१ | ०५२ असार १२ |
| १२ | गिरिजाको भोलिन्टियर गणेशमान | जनएकता साप्ताहिक | १/३ | ०५२ असार २६ |
| १३ | एउटा असल सी.पी. मैनालीमा हुनुपर्ने गुणहरू | जनएकता साप्ताहिक | १/५ | ०५२ साउन ८ |
| १४ | अस्थायी खरिदार पद अर्थात् प्रजातन्त्र खतरामा छ ! | जनएकता साप्ताहिक | १/७ | ०५२ साउन २२ |
| १५ | यसरी आज भइरहेछ हत्यारा अभिनन्दन | ज.ए | १/११ | २०५२ भदौ १९ |
| १६ | समसामयिक केही भ्रमहरू र यथार्थ | ज.ए | १/१३ | २०५२ असोज २ |
| १७ | अरुण फर्काउन गएको तरुण | ज.ए | १/१५ | २०५२ असोज ३१ |
| १८ | तलदेखि माथिसम्म काँग्रेसलाई परेको आपत ! | ज.ए | १/१७ | २०५२ कार्तिक १५ |

| | | | | |
|---|---|---|---|---|
| १९ | बुद्धि रहेनछ बुद्धिमान तामाङ्को | ज.ए | १/१९ | २०५२ कार्तिक २७ |
| २० | राप्रपाका असली नेता गिरिजाबाबु | ज.ए | १/२१ | २०५२ मंसिर ११ |
| २१ | लेक्चरर काँग्रेसीको तर्क वा कर्तुक | ज.ए | १/२२ | २०५२ मंसिर १८ |
| २२ | एमालेले नपढेको एउटा चुट्किला | ज.ए | १/ २३ | २०५२ मंसिर २६ |
| २३ | दुई सय उनन्चालीस सदुस्यीय आगामी मन्त्री मण्डलको नयाँ खाका | ज.ए | १/२४ | २०५२ पुस ३ |
| २४ | नेपाल महादेश घोषित हुन सक्ने | ज.ए | १/२५ | २०५२ पुस १० |
| २५ | राजाको जन्मदिन मनाउँदा | ज.ए | १/२६ | २०५२ पुस १७ |
| २६ | शनिबारदेखि शुक्रबारसम्ममा काँग्रेसको महाधिवेशन भै छाड्ने | ज.ए | १/२७ | २०५२ पुस २४ |
| २७ | काँग्रेस चाहन्छ यस्तो खालको एमाले | ज.ए | १/२८ | २०५२ माघ १ |
| २८ | 'भारत महान' ले भुटानीहरूलाई थुन्यो | ज.ए | १/२९ | २०५२ माघ ८ |
| २९ | काँग्रेसको अध्यक्ष चिरञ्जीवी वाग्ले ? | ज.ए | १/३० | ०५२ माघ १५ |
| ३० | के नयाँ सन्धिको जस गिरिजाबाबुलाई जाँदैन | ज.ए | १/३१ | ०५२ माघ २२ |
| ३१ | रा.प्र.पा. सत्तामा किन गयो | ज.ए | १/३२ | ०५२ माघ २९ |
| ३२ | कृष्ण प्रसादलाई रक्सी भत्ता दिनु राम्रो ! | ज.ए | १/३६ | ०५२ चैत ५ |
| ३३ | अविश्वासको प्रस्ताव फेल अचविश्वासको प्रस्ताव पास | ज.ए | १/३७ | ०५२ चैत १२ |
| ३४ | भोट दिने मसाल र नदिने रोहितको क्रान्तिकारी | ज.ए | १/३८ | ०५२ चैत १९ |

| | | | | |
|---|---|---|---|---|
| ३५ | काँग्रेस कार्यालय अघि एघारौं अनसन टोली | ज.ए | १/३९ | ०५२ चैत २६ |
| ३६ | छुचुन्द्रोसँग सुंगुर साटने काँग्रेसी सहमति | ज.ए | १/४० | ०५३ वैशाख ३ |
| ३७ | कार्यकर्ता माथि गोली तर राप्रपा मौन किन | ज.ए | १/४१ | ०५३ वैशाख १० |
| ३८ | हजुर भरत गुरुङ ज्यू ! | ज.ए | १/४२ | ०५३ वैशाख १७ |
| ३९ | काँग्रेसमा सिद्धान्तको लडाइँ | ज.ए | १/४३ | ०५३ वैशाख २४ |
| ४० | काँग्रेसलाई पुरानै अवस्थामा पुऱ्याइने | ज.ए | १/४४ | ०५३ जेठ १ |
| ४१ | रामकृष्णलाई मन्त्री नबनाइनु बेइमानी हो | ज.ए | १/४५ | ०५३ जेठ ७ |
| ४२ | गिरिजाले राप्रपालाई किन गाली गरे ? | ज.ए | १/४६ | ०५३ जेठ १४ |
| ४३ | ने.वि.सङ्घ कसको ? पार्टीको, पार्टी कसको ? | ज.ए | १/४७ | ०५३ जेठ २१ |
| ४४ | यत्र नारिस्तु पुज्यन्ते : सम्पत्तिमा हक किन ? | ज.ए | १/५० | ०५३ असार १० |
| ४५ | राप्रपाले महाकाली सन्धि पास गर्ने - गजेन्द्रनारायण नाट्य प्रस्तुति<br>- एस.एल.सी. काण्डका काण्डकार | ज.ए | २/१ | ०५३ असार १७ |
| ४६ | जब एक कल टेलिफोनको रु ७/- पर्नेछ | ज.ए | २/२ | ०५३ असार २४ |
| ४७ | यो बजेटले आर्थिक हसुरीकरणलाई जोड दिएको छ | ज.ए | २/३ | ०५३ |
| ४८ | नरहरी जोगीजीका दिव्य वाणीहरू | ज.ए | २/४ | ०५३ साउन ७ |

| | | | | |
|---|---|---|---|---|
| | - हिन्दू नारी जागरण समिति जर्मुरायो<br><br>- रा.प्र.पा.का नयाँ नाराहरू | | | |
| ४९ | रामशरणको डलर कहाँबाट आयो ? | ज.ए. | २/५ | ०५३ साउन १४ |
| ५० | नेपाललाई एसियाको स्वीटजरल्याण्ड बनाउने कि एसियाको सोमालिया | ज.ए | २/८ | ०५३ भदौ ४ |
| ५१ | १ नं. राष्ट्रिय साप्ताहिक जनएकता | ज.ए | २/९ | ०५३ भदौ १० |
| ५२ | वृद्ध मनमोहन महाकाली बेच्न तयार | ज.ए | २/१० | ०५३ भदौ १७ |
| ५३ | "देश जाला, वचन नजाला" | ज.ए | २/११ | ०५३ भदौ २४ |
| ५४ | सजिलै देश बेच्न नपाउँदाको पीडा | ज.ए | २/१२ | ०५३ भदौ ३१ |
| ५५ | कार्यकर्तालाई एमालेका जय हिन्द : नेताहरूको पत्र | ज.ए | २/१३ | ०५३ असोज ७ |
| ५६ | महाकालीबारे क. माओ र क. मदनभण्डारी के भन्नु हुन्थ्यो ? | ज.ए | २/१६ | ०५३ असोज २८ |
| ५७ | गद्दी आरोहण गिरिजा र एमाले | ज.ए | २/३१ | ०५३ फागुन ६ |
| ५८ | अध्ययनशीलताको समस्या र युवा लीग | ज.ए | ६/३९ | ०५८ जेठ १ |

माथि तालिकामा उल्लिखित व्यङ्ग्य मूलक लेखहरू खास गरी नेपाली राजनीतिमा देखिएको विकृतिलाई विभिन्न सन्दर्भमा विभिन्न पत्रिकाहरूमा प्रकाशित भएको पाइन्छ । उनका यस स्तम्भका शीर्षकहरूले पनि व्यङ्ग्य वाण हान्न सफल देखिन्छन् । उनका विभिन्न पत्रपत्रिकामा प्रकाशित कवि कालिदासको कलम स्तम्भमा खासगरी काङ्ग्रेस एमाले, मालेको राजनीतिक अकर्मण्यता प्रति प्रहार गरिएको छ । व्यक्तिगत स्वार्थ र सत्ता लित्साको

अगाडि विचार दयनीय अवस्था सिर्जना भएको छ । व्यक्तिवादी चरित्र बोकेका भ्रष्ट नेताहरूले जनतालाई धोका दिनु कुनै नौलो कुरो होइन भन्ने कुरा व्यङ्ग्यका माध्यमबाट बताएका छन् । सत्ता ठूलो कुरा भएको छ । सत्ताका आडमा जे सुकै गर्न सकिन्छ । जनताको बलिदानीबाट प्राप्त प्रजातन्त्रको खिल्ली उडाइएको छ । प्रजातान्त्रिक कार्यशैलीका नाममा आफ्नै कार्यकताप्रति घात प्रतिघात गर्ने काम गरेकोमा कविको विमति छ । सत्ता समीकरणका लागि एकले अर्कोलाई अविश्वास गर्ने काम भएको छ । हिजोका मण्डलेहरूसँग प्रजातन्त्रवादी शक्तिको साँठगाँठ हुने, राष्ट्रहीत विपरित पञ्चायती शासकहरूले जस्तो राष्ट्रघाती सन्धि सम्झौता गर्ने जस्ता कार्यप्रति असन्तोष व्यक्त गर्न कविको कलम चलेको छ । सत्तालाई सर्वोपरी ठानेर पदीय लालचमा लाग्ने जनअनुत्तरदायी नेताको चरित्रको पर्दाफास कविको कलमको लक्ष्य बनेको छ । सत्ताका आडमा जनताका छातीमा रगतको होली खेल्ने मण्डलेहरूलाई कुनै कारवाही नहुने बरु प्रजातन्त्रको आगमनसँगै उनै मण्डलेलाई मालिक बनाउने राजनेताको कार्य प्रति पनि कविको आपत्ति रहेको छ । काँग्रेश एमाले मालेलाई सत्तामा पुऱ्याउने र ओराल्ने भऱ्याङ् तिनै मण्डले हुने सत्ता समीकरणका सहयात्री हुने, अपराधका बदलामा उनीहरूलाई पुरस्कृत गर्ने जस्ता कार्य प्रति कवि कालिदासको कलम व्यङ्ग्य गर्दछ । पार्टीभित्रका सिद्धान्त निष्ठ कार्यकर्तालाई पाखा लगाउने, भारतपरस्त नीति पारित गर्ने, जसरी पनि भारतलाई खुशी पारेर सत्तामा पुग्नै पर्ने जस्ता भाव कवि कालिदासको कलमको रहेको छ । पार्टीभित्र व्यक्ति पुज्ने प्रवृत्ति, विचार सिद्धान्तमा भन्दा परिमाणमा दल बलियो पार्ने, घुसखोरी, भ्रष्टाचार नैतिक पतन भएका मानिसलाई स-सम्मान पार्टीमा प्रवेश गराउने जस्ता गलत परम्पराको विकास भएको छ । आफू इतर हुँदा अनेक आरोप प्रत्यारोप लगाइए पनि आफू पक्षधर भए कुनै आलोचना नहुने जस्ता घटना प्रवृत्तिलाई कविले आफ्नो विषयभित्र पारेका छन् ।

कवि कालिदासको कलम स्तम्भ सामान्य बोलचालका शब्दलाई साहित्यिक पाराले व्यङ्ग्य शैलीमा प्रस्तुत गरिएको छ । स्तम्भको प्रस्तुति विभिन्न शैलीमा भएको छ कतै सम्बोधनद्वारा प्रवचन दिइएको छ भने कतै पत्रात्मक शैली, कतै नाटकीय शैली कतै संवादात्मक शैलीमा कलात्मक पाराले व्यङ्ग्य मिश्रित भावमा आफ्ना कुरा समेटेका छन् ।

हरिगोविन्द लुइँटेल सामाजिक सांस्कृतिक रुपान्तरण चाहने एक सचेत सर्जक तथा समाजसेवी व्यक्ति पनि हुन् । समाजमा देखापर्ने नैतिकताको ह्रास, स्वार्थीपना, विसङ्गति र

विकृतिको सुधार हुनुपर्ने उत्कट चाहाना उनका चासोका विषय हुन् । सामाजिक राजनीतिक सांस्कृतिक, धार्मिक क्षेत्रमा मौलाउँदै गएको गलत परम्परा नीति र संस्कृतिमा रुपान्तरित हुँदै गएको समसामयिक घटनालाई उनले आफ्नो निबन्धको विषय बनाएका छन् । ती नीति संस्कृति विषयक वैचारिक निबन्ध चन्द्रदेव नेपालीको नामबाट प्रकाशित छन् । उनले विचारमा स्पष्ट हुन नसकेको वर्तमान नेपाली जनको स्थितिले सुधार हुन नसकेको स्पष्टता लाई आफ्नो ध्यान केन्द्रित गरेका छन् । वैचारिक, सामाजिक, सांस्कृतिक, धार्मिक, मूल्य मान्यतामा विकृत रूप विकास भएको छ । यो विकृत अवस्था संस्कार संस्कृति बन्दै गएको छ । यसरी गलत संस्कार फस्टाउँदै गएको अवस्थामा त्यस्तो संस्कार ठीक होइन । नैतिक आचरणमा सुधार गर्नुपर्ने सन्देश निबन्धकार लुइँटेलको रहेको छ । नीति संस्कृतिसम्बन्धी निबन्ध सर्वप्रथम मूल्याङ्कन मासिक ०५०/११:१४ भदौ/असोज अङ्कमा "जब नेताहरूलाई एकता घाँडो लाग्न थाल्छ" शीर्षकमा प्रकाशित भएको हो । चन्द्रदेव नेपाली नममा वैचारिक निबन्ध मूल्याङ्कन मासिकमा अद्यापि प्रकाशित भइरहेका छन् । उनका चन्द्रदेव नेपाली नाममा प्रकाशित वैचारिक सांस्कृतिक निबन्धहरूको विवरण निम्न छन् :

| क्र.सं. | शीर्षक | पत्रिका | वर्ष अङ्क/ पूर्णाङ्क | प्रकाशन मिति |
|---|---|---|---|---|
| १ | जब नेताहरूलाई 'एकता' घाँडो लाग्न थाल्छ | मूल्याङ्कन मासिक | ११/१४ | २०५० भदौ-असोज |
| २ | किन शिक्षितहरूमा सुविधा भोक मात्र जागेको छ ? | मूल्याङ्कन मासिक | ११/१५ | २०५० कार्तिक-मंसिर |
| ३ | के त्यो हाम्रो आमसभा हो र ? | मूल्याङ्कन मासिक | १२/१६ | २०५० पुस |
| ४ | बेसारले जति महत्त्व विचारले किन पाएन ? | मूल्याङ्कन मासिक | १२/१७ | २०५० फागुन |
| ५ | के तपाइँ हामी 'तमासे' मात्र हौ ? | मूल्याङ्कन मासिक | १२/१८ | २०५०/०५१ चैत वैशाख |
| ६ | शिक्षित महिलाको पोशाकमा पनि गोजी हुँदैन | मूल्याङ्कन मासिक | १२/२० | ०५१ असार साउन |
| ७ | हाम्रो आन्दोलनमा GOD र DOG | मूल्याङ्कन मासिक | १२/२१ | ०५१ भदौ |

| | | | | |
|---|---|---|---|---|
| ८ | गद्दारीको लागि अझ पनि तयार छन् भीमबहादुर श्रेष्ठहरू | मूल्याङ्कन मासिक | १२/२२ | ०५१ असोज |
| ९ | चुनावी अवसरवादका केही पक्षहरू | मूल्याङ्कन मासिक | १२/२३ | ०५१ कार्तिक-मंसिर |
| १० | हाय ! गुट मानसिकता | मूल्याङ्कन मासिक | १३/२४ | ०५१ पुस |
| ११ | हाम्रो पार्टी र हाम्रो गुटको मुसा हात्ती जत्रो | मूल्याङ्कन मासिक | १२/ २५ | ०५१ माघ |
| १२ | विवाहका तडकभडक र फजुल खर्ची प्रवृत्ति रोक्ने कसले र कसरी | मूल्याङ्कन मासिक | १३/२७ | ०५२ वैशाख |
| १३ | दोहोरो मापदण्ड | मूल्याङ्कन मासिक | १४/३२ | ०५२ असोज |
| १४ | जव प्रगतिशील व्यक्तिहरू पनि क्या हो क्या हो भन्न थाल्दछन् | मूल्याङ्कन मासिक | १४/३३ | ०५२ मंसिर |
| १५ | बहुदल आएपछिको नेपालमा पनि किन घट्दैछ साहित्य र कलाको महत्त्व | मूल्याङ्कन मासिक | १४/३४ | ०५२ पुस |
| १६ | शुक्रराजशास्त्रीका पितालाई पंडितहरूले पिटे | मूल्याङ्कन मासिक | १४/३६ | ०५२ फागुन |
| १७ | दास मनोवृत्ति कसरी छाएको छ हाम्रो देशमा | मूल्याङ्कन मासिक | १४/३७ | ०५२/०५३ चैत/ वैशाख |
| १८ | तिर्खा लाग्यो भन्दै पानीको साटो सातु खानेहरू बारे | मूल्याङ्कन मासिक | १४/३८ | ०५३ जेठ |
| १९ | आधा कुरा बुझेर वा कुरै नबुझी विवाद चलाउनेहरू | मूल्याङ्कन मासिक | १४/३९ | ०५३ असार |
| २० | बरु सत्रु उभो लागोस् तर मित्र अघि नबढोस् | मूल्याङ्कन मासिक | १४/४० | ०५३ साउन/भदौ |
| २१ | हाम्रो अध्ययनशीलतामा किन ह्रास आइरहेछ (पण्डितराज कार्की निनु चापागाइँ र मोदनाथ प्रश्रीतसँग कुराकानी) | मूल्याङ्कन मासिक | १४/४१ | ०५३ असोज |

| | | | | |
|---|---|---|---|---|
| २२ | दोहोऱ्याइ तेहऱ्याइ स्वस्थानी भट्याउनुको अर्थ के ? | मूल्याङ्कन मासिक | १४/४३ | ०५३ पुस |
| २३ | कसरी परिरहेछ साम्राज्यवाद नेपालको संस्कृतिमा | मूल्याङ्कन मासिक | १४/४४ | ०५३ माघ |
| २४ | उपदेश छाटन सजिलो छ | मूल्याङ्कन मासिक | १४/४५ | ०५३ फागुन |
| २५ | मैले खाएको ठीक तैंले खाएको बेठीक | मूल्याङ्कन मासिक | १५/४६ | ०५३/०५४ चैत/वैशाख |
| २६ | निधारमा छाप मात्र कम्युनिष्ट लागेका उम्मेदवारहरू | मूल्याङ्कन मासिक | १५/४८ | ०५४ असार |
| २७ | के अध्ययन भन्न नपाई अध्ययन वाद नै बुझिन्छ। | मूल्याङ्कन मासिक | १५/४९ | ०५४ साउन/भदौ |
| २८ | धार्मिक कर्मकाण्ड बारे बनाउनु पर्ने धारणा के ? | मूल्याङ्कन मासिक | १६/५६ | ०५४ चैत |
| २९ | एमाले माले बीच जुहारी चलिरहेको यो बेला | मूल्याङ्कन मासिक | १६/५७ | ०५५ वैशाख जेठ |
| ३० | लामो बोलेर फलानाले बोरै गरे ! | मूल्याङ्कन मासिक | १६/५९ | ०५५ |
| ३१ | सन्दर्भ रजनीश र मोहनविक्रम सिंह प्रसङ्ग दर्शन प्रतिको चासो | मूल्याङ्कन मासिक | १६/६० | ०५५ भदौ |
| ३२ | भजनियाँ संस्कृति र द्वन्द्वात्मक भौतिकवादको साइनो के | मूल्याङ्कन मासिक | १६/६१ | ०५५ कार्तिक |
| ३३ | साहित्य र कला प्रति नेताहरूले चासो राख्नु जरुरी छैन ? | मूल्याङ्कन मासिक | १६/६२ | ०५५ मंसिर |
| ३४ | फुर्सदको समय | मूल्याङ्कन मासिक | १६/६४ | ०५५ माघ |
| ३५ | वाम आन्दोलन भित्रको असहिष्णुता र संकीर्णता | मूल्याङ्कन मासिक | १७/६७ | ०५६ जेठ |
| ३६ | कसरी हामी दास-संस्कृतिका अवशेषहरूलाई काँधमा बोकी रहेका छौं ? | मूल्याङ्कन मासिक | १७/७० | ०५६ असोज |

| | | | | |
|---|---|---|---|---|
| ३७ | के दशै तिहारलाई सुधार्न केही गर्न सकिन्न ? | मूल्याङ्कन मासिक | १७/७१ | ०५६ कार्तिक-मंसिर |
| ३८ | धर्मका आडमा हुने हिनामिना | मूल्याङ्कन मासिक | १७/७२ | ०५६ मंसिर-पुस |
| ३९ | कामकुरो एकातिर कुम्लो बोकी ठिमीतिर | मूल्याङ्कन मासिक | १८/७५ | ०५६ चैत |
| ४० | हामीले आफूलाई राजनीति पीडित ठान्ने कि नठान्ने ? | मूल्याङ्कन मासिक | १८/७६ | ०५७ वैशाख |
| ४१ | क. निर्मल लामाको अन्त्येष्टिमा देखिएका संस्कृतिका दुई पक्षहरू | मूल्याङ्कन मासिक | १८/७७ | ०५७ जेठ-असार |
| ४२ | धुम्रपान कर्ता छिमेकीको विरोध गर्नु सजिलो रहेछ तर . . . | मूल्याङ्कन मासिक | १८/७९ | ०५७ भदौ |
| ४३ | दशै तिहारको शुभकामना र कम्युनिष्ट भौतिकवाद बीचको साइनो के ? | मूल्याङ्कन मासिक | १८/८० | ०५७ असोज |
| ४४ | के एकता केन्द्रप्रति द्वेष भाव नै राखिएको हो त ? | मूल्याङ्कन मासिक | १८/८१ | ०५७ कार्तिक |
| ४५ | अस्तित्ववादी अवसरवादसँग लड्न जरुरी छ | मूल्याङ्कन मासिक | १८/८२ | ०५७ मंसिर |
| ४६ | के यी एमालेका ठेट्ना हुन् ? | मूल्याङ्कन मासिक | १८/८५ | ०५७ चैत |
| ४७ | कभर पेजमा पुष्पलालको फोटो देखेर आलोचना गर्नेहरू प्रति | मूल्याङ्कन मासिक | १८/८६ | ०५८ वैशाख |
| ४८ | तिमी छौ तर तिमी छौ भन्ने कुरा हामी मान्दैनौं | मूल्याङ्कन मासिक | १८/८७ | ०५८ जेठ |
| ४९ | मन्दिर उद्घाटनमा माओवादी बोक्सी बकाउनेमा एमाले माले | मूल्याङ्कन मासिक | १८/९० | ०५८ भदौ |
| ५० | माओवादी गतिविधिहरूमा देखिएका सांस्कृतिक कमजोरीहरू | मूल्याङ्कन मासिक | १८/९१ | ०५८ असोज |
| ५१ | रोगी चाहिं पत्ता लगाउने तर औषधी चाहिं नगर्ने | मूल्याङ्कन मासिक | १८/९२ | ०५८ कार्तिक-मंसिर |

| | | | | |
|---|---|---|---|---|
| ५२ | भ्रष्टाचार विरुद्ध खै त सरकारी सक्रियता ? | मूल्याङ्कन मासिक | २०/९५ | ०५८ फागुन |
| ५३ | वामदेव १ नम्वरका भ्रष्टाचारी नै हुन त ? | मूल्याङ्कन मासिक | २०/९६ | ०५८ चैत |
| ५४ | बौद्धिकता कि दासता | मूल्याङ्कन मासिक | २०/९७ | ०५९ वैशाख-जेठ |
| ५५ | हरिप्रसाद पाण्डे के प्रचार के यथार्थ ? | मूल्याङ्कन मासिक | २०/९९ | ०५९ साउन |
| ५६ | के यो युद्ध विरामको बेला पनि माओवादीले चुरीफुरी नै गर्ने हो ? | मूल्याङ्कन मासिक | २१/१०६ | ०५९ फागुन-चैत |
| ५७ | सडकको भाषा एउटा सत्ताको भाषा अर्को | मूल्याङ्कन मासिक | २२/१२७ | ०६१ माघ |
| ५८ | पार्टी स्वार्थ, काङ्ग्रेस, एमाले, माओवादीमा कसरी देखियो दलगत स्वार्थ | मूल्याङ्कन मासिक | २५/१५५ | ०६४ कार्तिक |
| ५९ | लौ है उही पुरानो चिन्हमा भोट दिनु पर्छ ! | मूल्याङ्कन मासिक | २६/१६० | ०६४ चैत |
| ६० | नेकपा गुटवादी-पार्टीवादी तथा अहं विचार धारा पक्षधर | मूल्याङ्कन मासिक | २६/१६१ | ०६५ वैशाख-जेठ |
| ६१ | के तीन 'स' एकै हुन् ? | मूल्याङ्कन मासिक | २६/१६४ | ०६५ भदौ-असोज |
| ६२ | माथिबाट लाद्ने शैली | मूल्याङ्कन मासिक | २६/१६५ | ०६५ मंसिर-कार्तिक |
| ६३ | जब नेपालमा पहिलो पल्ट सांस्कृतिक पक्षबारे प्रधानमन्त्री बोल्छन् | मूल्याङ्कन मासिक | २७/१६८ | ०६५ माघ-फागुन |
| ६४ | पार्टीहरू सप्ताह-पुराणको प्रचारमा ! | मूल्याङ्कन मासिक | २७/१७६ | ०६६ कार्तिक-मंसिर |
| ६५ | माओवादीमा जथाभावी पसेका मान्छेहरू | मूल्याङ्कन मासिक | २७/१७७ | ०६६ पुस |
| ६६ | शिक्षित महिलाहरूको पोशाकमा | मूल्याङ्कन | २८/१७९ | ०६६ चैत |

| | | | | |
|---|---|---|---|---|
| | पनि गोजी छैन | मासिक | | |
| ६७ | माओवादीमा वैचारिक कार्यक्रम खै ? | मूल्याङ्कन मासिक | २८/१८२ | ०६७ असार |
| ६८ | के सबै कार्यकर्ता होलटाइम हुन सम्भव छ ? | मूल्याङ्कन मासिक | २८/१८४ | ०६७ भदौ |
| ६९ | पठित युवा रुढीवादी भए पछि अपठित बाजे-बज्यैको आलोचना के गर्ने ? | मूल्याङ्कन मासिक | २७/१८५ | ०६७ असोज |
| ७० | पालुङटारको एक 'स' अर्थात संस्कृति | मूल्याङ्कन मासिक | २८/१८८ | ०६७ पुस |
| ७१ | हाँगा र पात निमोठ्ने तर जरामा भने पानी हाल्ने ? | मूल्याङ्कन मासिक | २८/१८९ | ०६७ माघ |
| ७२ | जब झलनाथ पनि पूजा गरेर मात्र बालुवाटार पस्छन् | मूल्याङ्कन मासिक | २८/१९० | ०६७ फागुन |
| ७३ | एक पटक भूत मानिदिंदा के फरक पर्छ र ? | नवयुवा | १२/११३ | ०६३ फागुन |

नीति संस्कृति मूलक वैचारिक निबन्ध समसामयिक राजनीतिक सामाजिक क्षेत्रमा उत्पन्न विकृति र विसङ्गति प्रति लक्षित छन् । वर्तमान अवस्थामा आफ्नो विचार सिद्धान्त नै ठीक अरुको विचार सिद्धान्त बेठीक भन्ने राजनीतिले जरो गाडेको छ । धोका, द्वैध चरित्र, भौतिकवाद र आध्यात्मवाद बीचको दोधारे चरित्र, वैचारिक असहिष्णुता, दलगत स्वर्थ, दलभित्र अवसरवादी चरित्रको चलखेल, आरोप-प्रत्यारोप राजनीतिमा एक प्रकारको संस्कृति नै बनेको छ । शिक्षित पठित जनमानसमा सुविधा भोग मात्र जाग्नु, बौद्धिकताको ह्रास हुनु, परम्परावादी सोचको अन्त्य गर्न नसक्नु जस्ता विषय सामाजिक सांस्कृतिक रुपमा देखा परेको छ । त्यस्तै वैज्ञानिक प्रगतिशील दृष्टिकोण राख्ने भौतिकवादमा विश्वास गर्ने कम्युनिष्ट राजनीतिमा पनि आध्यात्मवाद प्रतिको आकर्षण कम भएको छैन । यी र यस्तै प्रवृत्ति रही रहने हो भने राजनीतिबाट जनताले के आशा राख्ने, शिक्षितहरूले गर्ने व्यवहार अवसरवादी र पुरातनवादी भए समाज कहिले सुध्रने, महिला र पुरुष बीचको विभेद कहिले समाप्त हुने । यी विषयवस्तुलाई सहजताका साथ विभिन्न घटनाक्रमको दृष्टान्तमा प्रकाश

पारिएको छ । यस्ता गलत कुरालाई नीति संस्कृति बनाउनु हुँदैन भन्ने सन्देश लुँइटेलले नीति संस्कृति स्तम्भमा चन्द्रदेव नेपालीको नामबाट दिएका छन् ।

चन्द्रदेव नेपाली नामबाटै प्रकाशित हुने लुइँटेलको स्तम्भ प्रवृत्ति हो । प्रवृत्ति नवयुवा मासिकमा प्रकाशित सामाजिक विषयवस्तु समेटिएको निबन्ध धर्मी लेख हो । २०५३ वैशाख जेठ वर्ष १ पूर्णाङ्क ३ मा 'छोड्दे यार सिरियस कुरा त गर्दै नगर' शीर्षक प्रकाशित उनको पहिलो प्रवृत्ति स्तम्भमा प्रकाशित लेख हो । नेपाली समाजमा देखापरेका गलत बानी व्यवहारको विषय यस अन्तरगत लेखिएका निबन्धका विषयवस्तु हुन् । नीति संस्कृति विषयमा घटना प्रसङ्ग सहित पुष्टि गरिएको छ भने प्रवृत्ति विषय सामाजिक गलत धारणालाई सरल भाषामा प्रस्तुत गरिएको छ । कुनै पनि विषयमा गम्भीर नहुनु गलत धारणाको विकास गर्नु एक प्रवृत्ति भएको छ । यो एक किसिमको गलत आदतको विकास भएको छ । सामान्य सरल भाषामा प्रवृत्ति विषयक लेख रचना प्रस्तुत गरिएको छ । सामाजिक जनजीवनमा प्रत्यक्ष भोग्न सकिने यस्ता प्रवृत्ति नै यस भित्र समेटिएका छन् । प्रवृत्तिलाई मुख्य विषय बनाइएका लुइँटेलका नवयुवा मासिकमा चन्द्रदेव नेपालीको नामबाट प्रकाशित रचनाको विवरण यसप्रकार छ :

| **क्र.सं.** | **शीर्षक** | **पत्रिका** | **वर्ष/अङ्क/ पूर्णाङ्क** | **प्रकाशन मिति** |
|---|---|---|---|---|
| १ | छोड्दे यार सिरियस कुरा त गर्दै नगर | नवयुवा | १/३ | ०५३ वैशाख/जेठ |
| २ | परमेश्वर त हेर्‍या हेर्‍यै भए ! | नवयुवा | १/४ | ०५३ असार |
| ३ | विद्यार्थीले राजनीति गर्नु हुन्छ कि हुँदैन ? | नवयुवा | १/५ | ०५३ साउन |
| ४ | आजका हास्य-व्यङ्ग्यहरूमा के-के कमजोरी छन् । | नवयुवा | १/६ | ०५३ भदौ |
| ५ | महिला नछुने हुँदा गरिने 'छातछुत' कस्तो व्यवहार हो ? | नवयुवा | १/७ | ०५३ असोज |
| ६ | हामी त्यसै आएनौ भट्टीवालाले पठाए | नवयुवा | १/८ | ०५३ मंसिर |

| | | | | |
|---|---|---|---|---|
| ७ | सर ! गंगालाल कुन फिल्मको हिरो हो ? | नवयुवा | १/१० | ०५३ फागुन |
| ८ | चुनावी फुट वा जुटको जाँच गर्नुपर्छ | नवयुवा | २/१३ | ०५४ असार |
| ९ | अवतार सिंह पाशको चर्चित कविताले दिएको सन्देश | नवयुवा | २/१४ | ०५४ साउन |
| १० | यो पोखरी जत्तिको ठूलो जलाशय अरु छैन | नवयुवा | २/१७ | ०५४ कार्तिक-मंसिर |
| ११ | आफूलाई त राजनीति प्रति “एलर्जी” नै छ | नवयुवा | ३/२० | ०५४ फागुन |
| १२ | सरी भन्नु पर्नेमा आँखा पो तऱ्यो ? | नवयुवा | ३/२२ | ०५५ वैशाख |
| १३ | के दुर्घटना टर्न सक्दैन ? | नवयुवा | ३/२४ | ०५५ असार |
| १४ | पत्र-पत्रिकालाई निरङ्कुश हुन नदिन हामीले के गर्ने ? | नवयुवा | ३/२५ | ०५५ साउन |
| १५ | खाने घुस लगाउने सप्ताह पुराण | नवयुवा | ३/२९ | ०५५ पुस |
| १६ | नपढेकी आमा र पढेकी छोरी दुवै उत्तिकै अन्धविश्वासी ? | नवयुवा | ४/३६ | ०५६ भदौ |
| १७ | नेपाल र भारतका दुई कुमार प्रधानमन्त्रीहरूमध्ये तिमी कसलाई छान्छ्यौ, सुन्दरी ? | नवयुवा | ४/३७ | ०५६ असोज |
| १८ | अहो परम्परा ! छि : परमपरा ! | नवयुवा | ४/३८ | ०५६ कार्तिक |
| १९ | काठमाडौंको सडकमा दिउँसै ठगी | नवयुवा | ४/३९ | ०५६ पुस |
| २० | के शिक्षित छोरीहरूले आफ्नो कमाइ सिंगार पटारमै सक्ने ? | नवयुवा | ५/४२ | ०५६ चैत/वैशाख |
| २१ | बोक्सी भनेर असहाय महिलालाई सताउनेहरूका विरुद्ध केही गर्न जरुरी छ की ? | नवयुवा | ५/४३ | ०५७ जेठ |
| २२ | के हाम्रा जति सबै राम्रा हुन्छन् ? | नवयुवा | ५/४४ | ०५७ असार |

| | | | | |
|---|---|---|---|---|
| २३ | जब ग्याष्ट्रिकका रोगीहरू पनि ब्रत बस्छन् | नवयुवा | ५/४६ | ०५७ भदौ |
| २४ | पाठकहरूका मागको नाममा ठग्न पल्केका नाङ्गा पत्रिकाहरू | नवयुवा | ५/४७ | ०५७ असोज |
| २५ | कौन बनेगा करोडपति ? कार्यक्रमले के सन्देश दिन्छ ? | नवयुवा | ५/४८ | ०५७ कार्तिक-मंसिर |
| २६ | महिलालाई कामै काम मात्र ? | नवयुवा | ५/४९ | ०५७ पुस |
| २७ | सरस्वती पूजा र चल छैंयाँ छैया गीत | नवयुवा | ५/५१ | ०५७ फागुन |
| २८ | विद्रोह गर्नु अघि सोच्ने कि ? | नवयुवा | ५/५३ | ०५८ |
| २९ | जव दरवारको शिकारीले रतुवा मृग मार्छन | नवयुवा | ६/५६ | ०५८ भदौ |
| ३० | दशैंबारे उठ्दै आएका विवादका केही सवालहरू | नवयुवा | ६/५८ | ०५८ कार्तिक |
| ३१ | प्रदीप गिरीले नेपाल टेलिभिजनमा बताएका कुराहरू | नवयुवा | ६/५९ | ०५८ मंसिर |
| ३२ | कामचोर प्रवृत्तिमा गौरव वोध | नवयुवा | ७/६२ | ०५८फागुन/चैत |
| ३३ | खासै रोनक भएन यो वर्षको होलीमा | नवयुवा | ७/६३ | ०५९ वैशाख |
| ३४ | छाडा पुस्तक र पत्रिकाको विगविगी | नवयुवा | ६/६७ | ०५९ भदौ |
| ३५ | धर्म निरपेक्षताको पक्षमा सक्रियता खै ? | नवयुवा | ११/१०६ | ०६३ जेठ/असार |
| ३६ | नेपाल र भारतका यी अन्धविश्वास (उत्पीडन) | नवयुवा | ११/१०८ | ०६३ भदौ |
| ३७ | रोजगारी र खुलापन विरोधी श्रीमान्हरू (नारी उत्पीडन) | नवयुवा | ११/११२ | ०६३ माघ |
| ३८ | छुवाछुटको अर्को हद | नवयुवा | १२/११५ | ०६३/०६४ चैत/वैशाख |
| ३९ | प्रेममा भएको हत्या र आत्महत्या | नवयुवा | १२/११६ | ०६४ जेठ |

| | | | | |
|---|---|---|---|---|
| | (प्रेमप्रसङ्ग) | | | |
| ४० | वैज्ञानिक चिन्तन र पद्धति खै ? | नवयुवा | १२/११७ | ०६४ असार/साउन |
| ४१ | मानसिक तानातानीमा आजका विद्यार्थीहरू | नवयुवा | १२/११८ | ०६४ साउन |
| ४२ | बाबा रामदेवबाट के सिक्ने ? | नवयुवा | १२/१२० | ०६४ असोज |
| ४३ | दशैं तिहार केही उल्लेख्य पक्ष | नवयुवा | १२/१२१ | ०६४ कार्तिक |
| ४४ | संविधान सभाको चुनाव आकर्षण: चुनौती र दायित्व | नवयुवा | १३/१२६ | ०६४ चैत |
| ४५ | खोइ कांग्रेसको प्रजातान्त्रिक समाजवाद | नवयुवा | १३/१२९ | ०६५ साउन |
| ४६ | समाजवादलाई किन भुल्न खोजेको ? | नवयुवा | १३/१३१ | ०६५ असोज |
| ४७ | जब पोखरा र कर्मैयामा केटाहरू डुबे | नवयुवा | १५/१४८ | ०६७ जेठ असार |
| ४८ | केटीहरूको छोटो स्कर्टले केटा तान्ने | नवयुवा | १५/१५० | ०६७ साउन |
| ४९ | जब जगतकी आमाले खान्छिन बोका, राँगा, हाँस र कुखुरा | नवयुवा | १५/१५२ | ०६७ असोज कार्तिक |
| ५० | हुने खाने घरका टिनएजर्सको जिद्दी | नवयुवा | १५/१५५ | ०६७ पुस/माघ |

हरिगोविन्द लुइँटेल स्रष्टा व्यक्तित्व मात्र नभएर द्रष्टा व्यक्तित्व पनि हुन् । उनको द्रष्टा व्यक्तित्वले श्रव्य दृश्य कला सङ्गीतलाई विषय बनाएको छ । पर्दा रङ्ग मञ्चमा खासै कसैको ध्यान नगइ रहेको तत्कालीन अवस्थामा उनले मूल्याङ्कन मासिक पत्रिकामा पर्दा रङ्ग मञ्च स्तम्भमा यसलाई स्थान दिएका हुन् । हरिगोविन्द लुइँटेल वास्तविक नामबाटै उनले यस्ता विषयमा कलम चलाएका छन् । खास गरी चलचित्र क्षेत्रलाई सचेत र समाजप्रति उत्तरदायी बनाउने उद्देश्यका साथ यस विषयमा उनको लेखनी अगाडि बढ्यो । पर्दा रङ्ग मञ्चमा "फिल्म : अमिताभ वच्चनहरूको मान्यता" शीर्षक मूल्याङ्कन मासिक २०४८, १० : २ मा प्रकाशित गरेर उनको यो विषय अगाडि बढेको छ । उनका पर्दा रङ्ग

मञ्च तथा श्रव्य दृश्य सम्बन्धी समीक्षात्मक रचना मूल्याङ्कन मासिक, जनएकता साप्ताहिक नवयुवा आदिमा प्रकाशित भईरहेका छन् । यहाँ उनका चलचित्र, टेलिचलचित्र, गीतिनाटक, गीत सङ्गीत आदि विषयमा गरिएको समीक्षा टिप्पणी सम्बन्धी रचनाको विवरण प्रस्तुत गरिएको छ ।

| क्र.सं. | शीर्षक | पत्रिका | वर्ष अङ्क/ पूर्णाङ्क | प्रकाशन मिति |
|---|---|---|---|---|
| १ | फिल्म : अमिताभ बच्चनहरूको मान्यता | मूल्याङ्कन मासिक | १०/२ | ०४८ माघ/फागुन |
| २ | टेलिफिल्म 'रात' ले संगेटेका कुराहरू | मूल्याङ्कन मासिक | १०/३ | ०४८ चैत/वैशाख |
| ३ | टी.भी. को फ्रेमभित्र सान्दे शेर्पा | मूल्याङ्कन मासिक | १०/४ | ०४९ जेठ/असार |
| ४ | लोभी-पापी- फिल्ममा 'मह' जोडी | मूल्याङ्कन मासिक | १०/४ | ०४९ जेठ/असार |
| ५ | 'असारे' बोकेर 'आस्था' | मूल्याङ्कन मासिक | १०/५ | ०४९ साउन |
| ६ | कु-प्रथा प्रतिको प्रहार टेलिफिल्म "उजेली" | मूल्याङ्कन मासिक | १०/५ | ०४९ साउन |
| ७ | सत्यकथा रत्नपार्कमा जलाइयो | मूल्याङ्कन मासिक | १०/५ | ०४९ साउन |
| ८ | 'गाईजात्रा' कस्ता थिए हास्यका 'हलुवा'हरू र व्यङ्ग्यका 'वम' हरू | मूल्याङ्कन मासिक | १०/६ | ०४९ भदौ/असोज |
| ९ | फिल्महरूका महत्त्वपूर्ण पक्षहरू | मूल्याङ्कन मासिक | १०/७ | ०४९ कार्तिक |
| १० | टेलिफिल्म 'क्रमशः' पात्रभन्दा लेखिका पछाडि | मूल्याङ्कन मासिक | १०/८ | ०४९ पुस |
| ११ | 'काउकुती' को विरुद्ध छात्राहरूद्वारा कक्षा बहिष्कार | मूल्याङ्कन मासिक | १०/८ | ०४९ पुस |

| | | | | |
|---|---|---|---|---|
| १२ | हिन्दी फिल्म 'प्रहार' | मूल्याङ्कन मासिक | ११/९ | ०४९ माघ |
| १३ | पाकिस्तानी टेलिफिल्म 'आहत' | मूल्याङ्कन मासिक | ११/९ | ०४९ माघ |
| १४ | सन्तोष पन्तको टेलिफिल्म कस्तो लाग्यो | मूल्याङ्कन मासिक | ११/१० | ०४९ फागुन |
| १५ | नेपालीमा बनेको एउटा 'हिन्दी फिल्म' युगदेखि युग सम्म | मूल्याङ्कन मासिक | ११/१० | ०४९ फागुन |
| १६ | के यसरी नै पूरा हुन्छ सबैको मनकामना | मूल्याङ्कन मासिक | ११/११ | ०४९/०५० चैत/वैशाख |
| १७ | पाकिस्तानी फिल्म 'कसक' | मूल्याङ्कन मासिक | ११/११ | ०४९/०५० चैत/वैशाख |
| १८ | जनजातिको कलाकृति कति उत्कृष्ट ? | मूल्याङ्कन मासिक | ११/१२ | ०५० जेठ |
| १९ | अङ्ग प्रदर्शन त छैन तर ...... | मूल्याङ्कन मासिक | ११/१२ | ०५० जेठ |
| २० | आरोहणको टेलिफिल्म 'कालो पुल' | मूल्याङ्कन मासिक | ११/१३ | ०५० असार/साउन |
| २१ | 'सम्पत्ति' केवल सम्पत्ति बटुल्ने व्यावसायिक नियत मात्र | मूल्याङ्कन मासिक | ११/१४ | ०५० भदौ/असोज |
| २२ | व्यवसायिक दृष्टिकोणले विषयवस्तुको छनौट (गाईजात्रा कार्यक्रम) | मूल्याङ्कन मासिक | ११/१४ | ०५० भदौ/असोज |
| २३ | चालु फिल्महरूको चिरफार हुनुपर्छ कि पर्दैन | मूल्याङ्कन मासिक | १२/१६ | ०५० पुस |
| २४ | नेपाली फिल्म 'तृष्णा' सर्वोकृष्ट 'फिल्म' को यो स्तरले के दर्शाएको छ ? | मूल्याङ्कन मासिक | १२/१७ | ०५० फागुन |
| २५ | 'सामना' सङ्गीत संगम | मूल्याङ्कन | १२/१८ | ०५०/०५१ |

| | | | | |
|---|---|---|---|---|
| | | मासिक | | चैत/वैशाख |
| २६ | जगत साहुहरूको अन्याय विरुद्ध राजेश हमालहरूको मारमुंग्री (कसम) | मूल्याङ्कन मासिक | १२/१९ | ०५१ जेठ |
| २७ | परिभाषा फिल्म कस्तो छ ? | मूल्याङ्कन मासिक | १२/२१ | ०५१ भदौ |
| २८ | अन्तर्राष्ट्रिय फिल्म महोत्सवमा छानिएको नेपाली फिल्म मुक्ति सङ्घर्ष | मूल्याङ्कन मासिक | १२/२२ | ०५१ असोज |
| २९ | प्रेमपिण्ड | मूल्याङ्कन मासिक | १२/२४ | ०५१ पुस |
| ३० | मनोरोगी मनोरञ्जन चर्चित हिन्दी फिल्म 'डर' | मूल्याङ्कन मासिक | १३/२५ | ०५१ असोज माघ |
| ३१ | गीतिनाटक 'ठूली' को समीक्षा | मूल्याङ्कन मासिक | १३/२६ | ०५१ फागुन |
| ३२ | हो हल्ला रेडियो-टी.भि.मा | जनएकता साप्ताहिक | १/१ | ०५२ असार १२ |
| ३३ | जनएकताले फिलिमसिलिम बारे किन ठाउँ राख्यो ? | जनएकता साप्ताहिक | १/२ | ०५२ असार १९ |
| ३४ | गीतमा राजनीति गर्दैनौ कसरी | जनएकता साप्ताहिक | १/३ | ०५२ असार २६ |
| ३५ | कृष्ण मल्लको उदण्डताका पछाडि | जनएकता साप्ताहिक | १/४ | ०५२ साउन १ |
| ३६ | पर्दाको समीक्षा पर्दामै किन भएन ? | जनएकता साप्ताहिक | १/५ | ०५२ साउन ८ |
| ३७ | केही गीतहरू रेडियोले बजाउन छाडे पछि | जनएकता साप्ताहिक | १/६ | ०५२ साउन १५ |
| ३८ | लोकले गाएको भन्दैमा के सबै गीत रेडियोमा बजाउने ? | जनएकता साप्ताहिक | १/७ | ०५२ साउन २२ |

| | | | | |
|---|---|---|---|---|
| ३९ | अश्लील साहित्य बारेको अन्तरक्रिया | जनएकता साप्ताहिक | १/८ | ०५२ साउन २९ |
| ४० | चर्चित हास्य कलाकारहरूको जमघट हसायो हास्यव्यङ्ग्य कार्यक्रमले | जनएकता साप्ताहिक | १/९ | ०५२ भदौ ५ |
| ४१ | टेलिभिजनमा दैनिक बालकार्यक्रम | जनएकता साप्ताहिक | १/१० | ०५२ भदौ १२ |
| ४२ | सिनेमा टी.भी. का विकृति र भारतको सचेत वर्ग | जनएकता साप्ताहिक | १/११ | ०५२ भदौ १९ |
| ४३ | टी.भी. को प्रहरी कार्यक्रम सचेत हुनुपर्दैन ? | जनएकता साप्ताहिक | १/१२ | ०५२ भदौ २६ |
| ४४ | सामनाको कार्यक्रममा सवल र दुर्वल पक्ष | मूल्याङ्कन मासिक | १३/३२ | ०५२ असोज |
| ४५ | सुन्दरी प्रतियोगिता र रोचक लछारपछार | जनएकता साप्ताहिक | १/१३ | ०५२ असोज २ |
| ४६ | खुल्ला रङ्ग मञ्चमा दशैं मनाउन सिकायो भक्तपुरले | जनएकता साप्ताहिक | १/१५ | ०५२ असोज ३१ |
| ४७ | अर्धसत्यको आधारमा टिकेको हिन्दी फिल्म 'मोहरा'हरू - १ | जनएकता साप्ताहिक | १/१७ | ०५२ कार्तिक १४ |
| ४८ | अर्धसत्यको आधारमा टिकेको हिन्दी फिल्म 'मोहरा'हरू - २ | जनएकता साप्ताहिक | १/१८ | ०५२ कार्तिक २० |
| ४९ | 'नागरिक विनाको देश' नाटक हेरेपछि | जनएकता साप्ताहिक | १/१९ | ०५२ कार्तिक २७ |
| ५० | हास्य व्यङ्ग्यको क्यासेट 'टपरटुइँया' कस्तो छ ? | मूल्याङ्कन मासिक | १३/३३ | ०५२ मंसिर |
| ५१ | श्रव्य दृश्यमा क्युवा खुला छ | जनएकत साप्ताहिक | १/२२ | ०५२ मंसिर १८ |
| ५२ | पटक्कै नबोलेर पनि सबै कुरा सञ्चार गर्न सम्भव ? | मूल्याङ्कन मासिक | १४/३४ | ०५२ पुस |

| | | | | |
|---|---|---|---|---|
| ५३ | घाइते सार्क | मूल्याङ्कन मासिक | १४/३४ | ०५२ पुस |
| ५४ | फेहमिदाकी कहानी . . . एक सार्थक प्रस्तुति | मूल्याङ्कन मासिक | १४/३५ | ०५२ माघ |
| ५५ | जब महेश भट्टले नग्नताको पक्षमा बोले | जनएकता साप्ताहिक | १/२९ | ०५२ माघ ८ |
| ५६ | ममता कुलकर्णीले तानपुरालाई कुल्चिन | जनएकता साप्ताहिक | १/३२ | ०५२ माघ २९ |
| ५७ | उत्ताउलो हिन्दी फिल्म 'रंगीला' रंगिलाकि नाङ्गिला | नवयुवा | १/१ | ०५२ माघ/फागुन |
| ५८ | रंगीला प्रवृत्तिका फिल्महरूको समीक्षा कसरी गर्ने ? | मूल्याङ्कन मासिक | १४/३५ | ०५२ माघ |
| ५९ | 'सामना' का क्यासेटहरू जफत गरिएपछि उब्जिएका प्रश्नहरू | जनएकता साप्ताहिक | १/३५ | ०५२ फागुन २८ |
| ६० | उजेली फिल्ममा पुच्छर गाँस्न जरुरी छ | जनएकता साप्ताहिक | १/३९ | ०५२ चैत २६ |
| ६१ | 'बेकाबु' काठमाडौंबाट छिट्टै भाग्यो | नवयुवा | १/३ | ०५३ वैशाख जेठ |
| ६२ | राममति नदिए काशी जान्छु हे बुबा ! | नवयुवा | १/३ | ०५३ वैशाख जेठ |
| ६३ | "हम आपके हे कौन ?" को समीक्षा | मूल्याङ्कन मासिक | १४/३८ | ०५३ जेठ |
| ६४ | एउटा मार्मिक कथा बोकेको नेपाली फिल्म 'दक्षिणा' | नवयुवा | १/४ | ०५३ असार |
| ६५ | रेडियो, टी.भी.ले नेपालको ठूलो जनसंख्याको चाहनालाई लात मारिरहेछ | जनएकता साप्ताहिक | २/९ | ०५३ भदौ |
| ६६ | यस वर्षका गाईजात्राको हास्यव्यङ्ग्य कार्यक्रमहरू कस्ता थिए ? | मूल्याङ्कन मासिक | १४/४१ | ०५३ असोज |

| | | | | |
|---|---|---|---|---|
| ६७ | के चर्चित हिन्दी फिल्म 'हिन्दुस्तानी' सार्थक र जिम्मेवार छ ? | नवयुवा | १/७ | ०५३ असोज |
| ६८ | प्रसिद्ध गीत गाउँ गाउँ बाट उठ . . . बोकेर (वलिदान ) | नवयुवा | १/९ | ०५३ माघ |
| ६९ | इसासको मौनता तातियो, कस्तो थियो देशभक्ति पूर्ण सांस्कृतिक साँझ ? | मूल्याङ्कन मासिक | १४/४४ | ०५३ माघ |
| ७० | राजा हिन्दुस्तानी ! पैसा कमाउन सफल हिन्दी फिल्म | नवयुवा | १/१० | ०५३ फागुन |
| ७१ | नेपाली सिने जगतको एक विशेष फिल्म 'बलिदान' | नवयुवा | २/१२ | ०५४ वैशाख जेठ |
| ७२ | भुवन के.सी.को करोडपति | नवयुवा | २/१४ | ०५४ साउन |
| ७३ | सर्वनामको ५२ औं प्रस्तुतिले पयालनवादको बाटो पक्रयो | मूल्याङ्कन मासिक | १६/५७ | ०५५ वैशाख/जेठ |
| ७४ | मण्डले प्रवृत्तिले फिल्म 'बलिदान' लाई उपेक्षा गर्‍यो | मूल्याङ्कन मासिक | १६/५७ | ०५५ वैशाख/जेठ |
| ७५ | नेपाली फिल्म सीमारेखा कस्तो छ ? | नवयुवा | ३/२३ | ०५५ जेठ |
| ७६ | भारतमा जनपक्षीय कलाकारहरू वमको खेल विरुद्ध उत्रिए ! | मूल्याङ्कन मासिक | १६/६० | ०५५ भदौ |
| ७७ | यसरी कविहरूले कविता र छन्दकै बेइज्जति गरे ! | मूल्याङ्कन मासिक | १६/६१ | ०५५ कार्तिक |
| ७८ | 'सिम्मा' र 'कहाली' पछिको गीतिनाटक बुहारी | मूल्याङ्कन मासिक | १७/६४ | ०५५ माघ/फागुन |
| ७९ | नेपाली फिल्म 'आगो' अन्तरक्रियाका निम्ति देखाउँदा पनि जफत गर्ने धम्की | मूल्याङ्कन मासिक | १८/७५ | ०५६ चैत |
| ८० | आरोहण समूहको नाटक - | मूल्याङ्कन | १८/७५ | ०५६ चैत |

| | | | | |
|---|---|---|---|---|
| | 'कुमारी' | मासिक | | |
| ८१ | जनसांस्कृतिक मञ्चले पस्केको स्वास्थ्य मनोरञ्जन कस्तो रह्यो ? | मूल्याङ्कन मासिक | १८/८० | ०५७ असोज |
| ८२ | अविरल बग्दछ इन्द्रावती (टेलिफिल्म) | मूल्याङ्कन मासिक | १८/८८ | ०५८ असार |
| ८३ | चिनिया चलचित्रको आकर्षण | मूल्याङ्कन मासिक | २०/९५ | ०५८ फागुन |
| ८४ | लिखेको प्रसङ्ग दलित साहित्यको चर्चा | मूल्याङ्कन मासिक | २०/१०० | ०५९ भदौ |
| ८५ | नवीन सुब्बामाथि अपेक्षाको भारी | मूल्याङ्कन मासिक | २२/११५ | ०६० पुष/माघ |
| ८६ | ठालुवाद विरुद्ध गणतन्त्र कविता आन्दोलन | मूल्याङ्कन मासिक | २२/१२० | ०६१ असार |
| ८७ | भोलिको नेपाल 'गीति एल्वममा आजको नेपालको चित्र' | नवयुवा | १२/११९ | २०६४ भदौ |

प्रगतिशील मार्क्सवादी पर्दा रङ्गमञ्च समीक्षक हरिगोविन्द लुइँटेल कला साहित्य समाज परिवर्तन गर्ने एक शक्तिशाली माध्यम ठान्दछन् । नेपाली बजारमा भारतीय तथा नेपाली चलचित्र प्रदर्शन गरी प्रशस्त मनोरञ्जन प्रदान गरिरहेका छन् । यी चलचित्र प्रत्यक्ष रुपमा जनतासँग सम्बन्धित हुन्छन् । मनोरञ्जन मात्र प्रदान गर्ने तर समाज रुपान्तरणका लागि केही सन्देश दिन नसक्ने सस्तो मनोरञ्जनका साधन बनेका प्रतिक्रियावादी पूँजीवादी पुरातन बाटोतर्फ डोऱ्याउने श्रव्य-दृश्य, कला साहित्यलाई समालोचना गर्नु लुइँटेलको रुचिको विषय बनेको छ । निर्माता, निर्देशकको उद्देश्य पैसा कमाउनु तर समाज सुधारका लागि केही गर्न नचाहने गलत सोचलाई सचेत पार्नु पर्दा रङ्गमञ्चको समीक्षाको उद्देश्य हो । चलचित्र नायकमा समाज सुधारका लागि दर्शकहरू, पुलिस, कानुन बनाउनेहरू, सरकार, नेताहरू थुप्रै छन् । फिल्मले यसको लागि केही गर्छ वा गर्नुपर्छ भन्ने मान्दिन पैसा तिर्ने दर्शकले मेरो फिल्मबाट तीन घण्टा भरपुर मनोरञ्जन लिन सकोस् त्यसैलाई म मेरो सफलता मान्दछु । (फिल्म : अमिताभ बच्चनहरूको मान्यता, मूल्याङ्कन, १० : २, २०४८) भन्ने अभिव्यक्तिले पर्दारङ्गमञ्च व्यापारिक साधन मात्र बन्न खोजेको देखिन्छ । त्यसैले चलचित्रमा समीक्षा गरेमा निर्माता समाजका लागि केही गर्न उद्धत हुने र जनताको चेतना

वृद्धि विकास गर्ने खालको चलचित्र निर्माणमा जुट्न सक्छ भन्ने उद्देश्यले उनी पर्दा रङ्गमञ्च समीक्षामा लागेका छन् ।

हरिगोविन्द लुइँटेलमा बहुमुखी प्रतिभाको विकास भएको देखिन्छ । हास्यव्यङ्ग्य विषयमा उनले स्तम्भ लेख लेख्ने काम गरेका छन् । उनका **प्रतिभा** गोजिकामा "कुमारजी आज्ञा गर्नु हुन्छ" स्तम्भमा व्यङ्ग्य लेख प्रकाशित छन् । प्रतिभा वर्ष १ अंक १, २०३९ असोज-कार्तिक देखि लगातार चार अंङ्क सम्म चारवटा व्यङ्ग्य रचना "कुमारजी आज्ञा गर्नु हुन्छ" स्तम्भ प्रकाशित छन् । त्यस्तै जापानमा रहेका नेपालीद्वारा प्रकाशित **नेपाल समाचार** साप्ताहिकमा उनको "खसोखास" हास्यव्यङ्ग्य स्तम्भ प्रकाशित भएको छ । समसामयिक विषयमा लेखिएका उनका व्यङ्ग्य रचना "खसोखास" स्तम्भमा करिब तीस-पैंतीस वटा प्रकाशित भएका छन् (शोधनायकबाट प्राप्त जानकारी अनुसार) । 'स्वतन्त्रराज शर्मा' लुइँटेलको साहित्य लेखनको क्षेत्रमा देखिएको अर्को नाम हो । उनले यस नाममा विभिन्न विषयमा कलम चलाएका छन् । स्वतन्त्रराज शर्मा नामका क्रय-विक्रय (लेख) (१ : १, ०३९, असोज/कार्तिक), आलोकाँचो (व्यङ्ग्य लेख १ : २, २०३९ : कार्तिक-मंसि र) र भाइचारा (लेख) (१ : ३, ०३९, मंसिर-पुस) र मीनवहादुर विष्टका कविताहरू (समालोचना) (१ : ४, ०४०, वैशाख-जेठ) प्रकाशित छन् । प्रतिभा गोजिकामा नै हरिगोविन्द लुइँटेलको थपथाप (१ : १, ०३९, असोज-कार्तिक) र लाहुरेको पत्र काठमाडौंबाट (१ : २, ०३९ कार्तिक-मंसिर) पनि प्रकाशित छन् ।

# परिच्छेद पाँच
# उपसंहार तथा निष्कर्ष

## ५.१ उपसंहार

न्वारानको नाम 'च' बाट उठेको आधारमा चेतनाथ भए पनि चिरपरिचित नाम हरिगोविन्द लुइँटेल को जन्म वि.सं. २०१५ साल फागुन २८ गते भएको हो । यिनको जन्मस्थान तथा हालको बसोबास वागमती अञ्चल, काठमाडौं जिल्ला, तीनथाना गा.वि.स ढुङ्गाअड्डा हो । लुइँटेल वंशीय परिवार लमजुङबाट पृथ्वीनारायण शाहको फौजी अभियानको समयमा पुजारीको रूपमा काठमाडौं प्रवेश गरेको बुझिन्छ । निम्न मध्यम वर्गीय ब्राह्मण परिवारमा आर्थिक अभावको सामना गरेपनि पारिवारिक रमाइलो वातावरणमा यिनको बाल्यकाल बित्यो । पिता शिक्षकमा जागिरे भएको र घरायसी आध्यात्मिक वातावरण भएकोले उनले शिक्षा ग्रहणका सम्बन्धमा आर्थिक कठिनाइ बाहेक अन्य समस्या झेल्नु परेन । उनले आई.ए. मा सिभिल इन्जिनियरिङ्ग, डी.पी.ए/बी.ए. (नेपाली) र एम.पी.ए. सम्म शिक्षा ग्रहण गरेका छन् । सरकारी कार्यालयमा सार्वजनिक निर्माण शाखामा स्थायी सिभिल ओभरसियर पदमा रहेर काम गर्दा देखिएका विकृतिबाट मुक्त हुन जागिरबाट राजिनामा दिएका लुइँटेलको आजीविका श्रीमती उर्मिलाको जागिरबाट आउने आम्दानी प्रमुख र दोस्रो आफ्नो पत्रकारिताबाट आउने स्रोत हो । अहिले उनको पारिवारिक स्थिति औषत नेपालीको भन्दा राम्रो मानिन्छ ।

साहित्य लेखनका लागि प्रत्यक्ष प्रेरणाको स्रोत कोही नभए पनि घरायसी बौद्धिक चिन्तनशील वातावरण र अध्ययनशील स्वभावले गर्दा प्रेमचन्द, लूसुन गोर्की, यशपाल जस्ता विदेशी लेखकहरूको जीवनी र लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, भूपि शेरचन, धरणीधर कोइराला, लेखनाथ पौडेल जस्ता स्रष्टाको रचनाबाट उनी प्रभावित भए । उनले २०२५/०२६ देखि नै आभ्यासिक लेखन थालेको बुझिन्छ । विद्यार्थी अवस्थादेखि कविता, कथा, निबन्ध लेखनतर्फ आकर्षण बढेको पाइन्छ । खासगरी विद्यार्थी जीवनमा कुनै राजनीतिक वैचारिक आस्था नभए पनि अस्वाभाविक रूपमा सानै देखि गरिब वर्गप्रति सहानुभूति राखेको पाइन्छ । यस्तै विचार लुइँटेल आफ्ना रचनामा पनि प्रकट गर्दछन् ।

आध्यात्मिक पारिवारिक वातावरणमा हुर्किएको भए पनि उनमा सानैबाट प्रगतिवादी सोचको विकास भएको पाइन्छ । लुइँटेलमा गान्धीवादी जीवनदर्शनबाट मानवतावादी उदारवादी दृष्टिकोणको विकास हुँदै मार्क्सवादी दर्शनवाट प्रभावित भएर समाजवादी मानवतावादी धारणाको विकास भएको पाइन्छ । उनका रचना पनि प्रगतिवादी समालोचनाको अध्ययन पछि विपन्न सर्वहारा वर्गीय दृष्टिकोणमा आधारित हुन थाल्यो । माक्सर्वादी दर्शन र इन्जिनियरिङ्ग विषयको अध्ययनले उनलाई आध्यात्मिक विचारबाट प्रगतिवादी विचारमा रूपान्तरित हुन सहयोग पुग्यो । २०३६ सालसम्म कुनै खास राजनीतिक दलप्रति निष्ठा नरहे पनि आन्तरिक प्रेरणाले शोषण, दमन, अत्याचारका विपक्षमा लाग्दै मार्क्सवादी दर्शनबाट प्रभावित भएर वामपन्थी राजनीतिमा प्रवेश गरेर तत्कालीन ने.क.पा. चौ.म. आवद्ध भए । त्यसअघि नै उनी २०३६-०३७ को आन्दोलनमा सक्रिय रहे । समाज रूपान्तरणको माध्यम कला-संस्कृति भएकोले सांस्कृतिक फाँटमा काम गरे । ने.क.पा. मशाल र सर्वहारा श्रमिक सङ्गठनको एकतापछि तत्कालीन ने.क.पा. एकताकेन्द्रको क्षेत्रीय सदस्य समितिमा रहेर उनले काम गरेको बुझिन्छ । २०४६ को आन्दोलनमा पनि उनी उत्तिकै सक्रिय रहे । २०४८ मा भएको चितवन महाधिवेशनमा बहुमत केन्द्रीय सदस्यको जनयुद्धमा जाने निर्णयबाट उनी असन्तुष्ट रहँदै स्वतन्त्र वाम विश्लेषक हुँदै वैचारिक काम गर्न राजनीतिबाट पत्रकारिता क्षेत्रमा **मूल्याङ्कन** मासिक सञ्चालन गरिरहेका छन् । २०६२-०६३ सालको दोस्रो जनआदोलनमा पनि उनको सङ्लग्नता उल्लेखनीय रहेको देखिन्छ । एनेकपा माओवादीले संगेटेको नयाँ शक्तिप्रति उनी केही आशावादी देखिएर उक्त पार्टीमा समाहित हुन पुगेका देखिन्छन् । तर उनी त्यहाँ राजनीतिक मोर्चामा हैन, प्रकाशन मोर्चामा केन्द्रित भएका छन् । उनी एनेकपा माओवादीको केन्द्रीय प्रचार ब्यूरो सदस्य, प्रचार राज्यसमिति सदस्य र केन्द्रीय सल्लाहाकारको रूपमा हाल सक्रिय छन् । यसरी लुइँटेल प्रायः जसो राजनीतिक सङ्गठन, सङ्घर्ष र गतिविधिमा सङ्लग्न भएको पाइन्छ । उनको क्षेत्र सांस्कृतिक मोर्चा पनि भएतापनि उनी साथीहरुको अनुरोधमा प्रकाशन मोर्चामै आफू रहेको बताउँछन् ।

दश/बाह्र वर्षे उमेरदेखि आभ्यासिक लेखनमा आएका लुइँटेल कथा, कविता, बालकविता, निबन्ध, (वैचारिक, सांस्कृतिक संस्मरणात्मक) हास्यव्यङ्ग्य, एकाङ्कीमा देखापरेका छन् । उनको तीनवटा सङ्ग्रह देखा परिसकेका छन् । 'समय र पोखरी' (२०५६) कथा सङ्ग्रह 'ढेडु बाँदर' (२०६१) (बालकविता) र निर्माणाधीन (२०६३) कविता सङ्ग्रह

उनका प्रकाशित पुस्तकाकार कृति हुन् । विभिन्न पत्रिकामा छरिएर रहेका लामा कथाहरूको सङ्ग्रह 'गुञ्जमानहरू', व्यङ्ग्य वाण साहित्य 'बाको पार्टी काकाको पार्टी' बाल साहित्य सङ्ग्रह प्रकाशनको प्रतिक्षामा रहेका छन् । लुइँटेल सामाजिक विसङ्गति र विकृतिका समसामयिक विषयमा कलम चलाउने स्रष्टा हुन् । उनका विभिन्न पत्रिकामा विभिन्न नाम र स्तम्भमा लेख रचना प्रकाशित छन् । उनले चन्द्रदेव नेपालीका नाममा नीति संस्कृतिमूलक निबन्ध, स्वतन्त्रतराज शर्माका नाममा व्यङ्ग्य लेख र समालोचना, हरिगोविन्द लुइँटेलका नाममा श्रव्य/दृश्य एवम् वैचारिक समीक्षा र वैचारिक लेख प्रकाशित गर्दछन् । कवि कालिदासको कलम स्तम्भमा व्यङ्ग्य साहित्य र राजधानी दैनिकमा चिन्तना स्तम्भमा समसामयिक घटनाको प्रस्तुति दिने गर्दछन् । उनका थुप्रैं कविता, कथा, लेख रचना फुटकर रूपमा विभिन्न पत्रपत्रिकाहरुमा प्रकाशित भएका छन् ।

तीसको दशकबाट काव्यसाधनामा लागि परेका हरिगोविन्द लुइँटेल खासमा समसामयिक लेखन धाराबाट उदाएका सशक्त प्रगतिवादी कवि हुन् । सङ्ख्यात्मक रूपमा भन्दा गुणात्मकताको कसीमा यिनका कविता पनि खरो उत्रिएका छन् । मूलतः प्रगतिवादी काव्य लेखनको मूल्यमान्यतालाई अक्षरशः पालना गरी साहित्य सिर्जना गर्ने यिनमा निम्नवर्गीय नेपाली समाजप्रति विशेष सहानुभूति छ । यिनका समग्र साहित्यले निम्नवर्गीय नेपाली समाजको आवाज बुलन्द गरेको पाइन्छ । समसामयिक विकृति र विसङ्गति प्रति चोटिलो प्रहार गरेको पाइन्छ । लुइँटेलको साहित्यमा राजनीतिक, भ्रष्टाचार र अवसरवादी प्रवृत्तिको भर्त्सना गर्ने क्रान्तिप्रति समर्पण, सामाजिक यथार्थवादी चिन्तन, सामन्तवादी साम्राज्यवादी शासन संरचनाको विरोध, सामाजिक विकृति र विसङ्गति प्रति विद्रोह गर्न आह्वान गरेको पाइन्छ ।

यसरी आर्थिक असमानता, सामाजिक संरचनाका कारणबाट पिल्सिएकाहरूको रोदनलाई महत्व दिई शोषित पीडित मजदुर सुकुम्बासीका आवाजलाई यिनका कथा कविताले समेटेका छन् । शासकीय सत्ताद्वारा हुने हत्या, हिंसा, बलात्कार र दमनका कहर सहन बाध्य भएका सम्पूर्ण जनताको आवाजहरू यिनका कथा कविताले बोलेका छन् । राजनीतिक वितण्डा सत्ता स्वार्थ, सांस्कृतिक विकृति जस्ता विषयलाई कवि कालिदासको कलम, चिन्तना, नीतिसंस्कृति जस्ता लेखले बोलेका छन् । देशीय सामन्तवाद र अन्तर्राष्ट्रिय साम्राज्यवादको विरुद्धमा पनि उनले तिब्र रोष प्रकट गरेका छन् । ज्ञानेन्द्र शाहको राजनीतिक सक्रियता पछि तत्कालीन समयमै निरङ्कुश राजतन्त्रप्रति घोर असहमति

जनाउँदै यिनले गणतन्त्रवादी कविता आन्दोलनको सामूहिक घोषणपत्र नै जारी गरी गणतन्त्र कविता वाचन गरेका छन् । समग्रमा लुइँटेलले आफ्ना कविता, कथामार्फत प्रत्येक जनतालाई आफ्नो हक अधिकार प्राप्तिका लागि र सुन्दर भविष्यको आगमनका लागि आ-आफ्नो क्षेत्र र ठाउँबाट विद्रोही बनेर उठ्न आह्वान गरेको पाइन्छ ।

लुइँटेलका अधिकांश कथा कवितामा मानवीय र केहीमा मानवेत्तर पात्रको उपस्थिति पाइन्छ । ती पात्र सामाजिक जीवनमा देखापरेका प्रतिनिधि पात्र हुन् । उनका कविता र कथामा बिम्ब र प्रतीकका माध्यमबाट विषयवस्तुलाई सशक्त रूपमा प्रकट गरिएको पाइन्छ । लेखहरूमा पनि विभिन्न पात्रका माध्यमबाट छारो हान्न सकिने छन् । मौलिक शब्द त्यसमा पनि अझ ग्रामिण जनजीवनमा प्रचलित शब्द प्रयोगमा रमाउनु, कवितामा गद्य शैलीमा लेख्नु यिनको खास पहिचान हो । यिनका प्रकाशित सबै कविता गद्यलयमा आधारित छन् । कथामा 'समय र पोखरी'मा छोटा कथा भए पनि फुटकर रहेका प्रायः कथा लामा वान्कीका छन् । भाषाशैलीगत होस् वा भाव र विषयगत जुनसुकै कोणबाट पनि लुइँटेल एक सशक्त सफल दर्जाका स्रष्टा ठहरिएका छन् । यिनले प्रगतिवादी नेपाली कविता परम्परा आफ्नो छुट्टै पहिचानमा राख्न सफल छन् ।

## ५.२ निष्कर्ष

साहित्यकार 'हरिगोविन्द लुइँटेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन' शीर्षकमा गरिएको समग्र अध्ययन विश्लेषणबाट निम्नलिखित निष्कर्ष प्राप्त भएका छन् :

(१) हरिगोविन्द लुइँटेलको जन्म वि.सं. २०१५ फागुन २८ मा काठमाडौंको ढुङ्गाअड्डामा भएको हो । उनी स्व. पिता ठाकुरप्रसाद लुइँटेल र माता मैयाँदेवी लुइँटेल (अधिकारी) का तीन सन्तान मध्ये दोस्रो सन्तान भएको देखिन्छ ।

(२) हरिगोविन्द लुइँटेलको शिक्षादीक्षा काठमाडौंमै भयो । उच्च शिक्षाका सम्बन्धमा पुल्चोक इन्जिनियरिङग क्याम्पस, पुल्चोक ललितपुरबाट इन्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह, जनप्रशासन क्याम्पस जमलबाट डी.पी.ए. र एम.पी.ए. उत्तीर्ण र नेपाली विषयमा वि.ए. उत्तीर्ण रहेको र नेपाली विषयमा स्नातकोत्तर गर्ने इच्छा अधुरो रहेको बुझिन्छ ।

(३) हरिगोविन्द लुइँटेलले आजीविकाका लागि प्रमाणपत्र तह उत्तीर्ण पछि चितवन स्थित निर्माण कम्पनी चितवन कोइ, सार्वजनिक निर्माण शाखामा सिभिल ओभर सियर,

सिद्धार्थ वनस्थली स्कुलमा शिक्षण पेशा अङ्गाल्दै हाल वैचारिक पत्रिका पत्रिका मूल्याङ्कन प्रकाशन गृहको कार्यकारी अध्यक्ष तथा गोरखा पत्र संस्थानको कार्यकारी अध्यक्ष भएर काम गरेका छन् ।

(४) हरिगोविन्द लुइँटेल, गान्धीको जीवनदर्शनबाट प्रभावित हुँदै उदारवादी मानवतावादी दृष्टिकोण र मार्क्सवादको दर्शन पछि समाजवादी धारणाको विकास हुँदै २०३६ देखि २०४० सम्मको मार्क्सवादी साहित्य समानता समालोचना र मार्क्सवादी दर्शनको अध्ययन पछि प्रगतिशील समाजवादी मान्यतालाई आत्मसात गर्दै २०४२ देखि ०४८ सम्म वामपन्थी पार्टीको वैधानिक सांस्कृतिक मोर्चामा क्रियाशील हुँदै वामपन्थी राजनीतिमा वैचारिक काम कम भएको महसुस गरी वैचारिक बौद्धिक कामका लागि पत्रकारिताका माध्यमबाट वामराजनीतिलाई सचेत पार्ने काममा सक्रिय देखिन्छन् ।

(५) हरिगोविन्द लुइँटेलका तीनवटा कृतिहरू 'समय र पोखरी' (२०५६), ढेडु बाँदर ( २०६१ बालकविता) र 'निर्माणाधीन कविता' (२०६३) प्रकाशित भएका देखिन्छन् भने 'गुञ्जमानहरू' (लामा कथा), 'बाको पार्टी काकाको पार्टी' (वाण साहित्य : बालकविता) सङ्ग्रह प्रकाशनको प्रतिक्षामा रहेका छन् ।

(६) हरिगोविन्द लुइँटेल मूलत : प्रगतिवादी सर्जक हुन् । प्रगतिवादी काव्य मान्यतालाई अक्षरश : पालना गरी काव्य साधना गर्ने यिनमा जातीय उत्पीडनको विरोध गर्ने, राजीतिक भ्रष्टाचार र अवसरवादी प्रवृत्तिको भर्त्सना गर्ने, क्रान्तिकारी विश्वास, सामाजिक यथार्थवादी चिन्तन, सामन्तवादी र साम्राज्यवादी शासन संरचनाप्रतिको विद्रोह, सामाजिक विकृति र विसङ्गतिप्रति असन्तुष्टि, गणतन्त्रवादी चेत आदि प्रवृत्तिहरू देखा पर्दछन् ।

(७) हरिगोविन्द लुइँटेलले साहित्यका अनेक विधाहरू कथा, कविता, निबन्ध (वैचारिक, सांस्कृतिक), हास्यव्यङ्ग्यमा कलम चलाएक छन् । उनका प्राय रचनामा युगीन आकाङ्क्षा र भविष्यप्रतिको चाहना अभिव्यक्त भएका छन् । समसामयिक विषयमा उनको कलम अगाडि बढेको छ ।

(८) हरिगोविन्द लुइँटेलका कथा कविताको भाषाशैलीगत पक्ष वास्तवमै सरल र सहज छ । मौलिक शब्द, ग्रामिण जनजीवनमा प्रचलित शब्द प्रयोगले यिनका कथा कविता जो कोहीले पनि बुझ्न सक्ने खालका छन् । समाज, प्रकृति, इतिहास आदिबाट

विभिन्न बिम्ब, प्रतीकहरूको उपस्थिति गराएर कथा कवितालाई क्लिष्ट भन्दा पनि सुबोध्य र सम्प्रेष्य गराउन सक्नु उनको काव्यिक खुबी हो ।

(९) मार्क्सवादी चिन्तनलाई सचेत रूपमा आत्मसात् गर्दै काव्यसाधना गर्ने हरिगोविन्द लुइँटेल समसामयिक प्रगतिवादी धारामा तीसको दशकमा उदाएका सर्जक हुन् । निकै चुनौती र सम्भावनाका प्रशस्तै लक्षणहरू बोकेका यिनी आफ्नो काव्यिक सिद्धान्तप्रति प्रतिबद्ध आशालाग्दा जुझारु छन् ।

(१०) हरिगोविन्द लुइँटेलको महत्त्वपूर्ण पाटो व्यङ्ग्य लेखन हो । कविता, कथा र स्तम्भमा सरल भाषा शैलीमा कुरै कुरामा व्यङ्ग्यवाण प्रहार गर्न सक्नु उनको काव्यिक विशेषता हो ।

(११) हरिगोविन्द लुइँटेलको साहित्यिक योगदानबारे संस्थागत अध्ययन भएको देखिँदैन । जीवनभर देश र समाजको खातिर साहित्यिक र पत्रकारिता पेशामा क्रियाशील हरिगोविन्द लुइँटेल राज्य सरकार तथा सरकारी सङ्घसंस्थाहरूबाट प्रायः उपेक्षित देखिन्छन् । उनले जनस्तरबाट स्थापना भएका केही पुरस्कार तथा सम्मानहरू प्राप्त गरेका छन् । तापनि उनको साहित्यिक योगदानको सापेक्षतामा समुचित पुरस्कार, मानसम्मान र संरक्षण भएको देखिँदैन ।

# सन्दर्भग्रन्थसूची


**(क) पुस्तक सन्दर्भ**

आचार्य, कृष्णप्रसाद र गैरे, इश्वरीप्रसाद, ( ), **आधुनिक नेपाली नाटक र फुटकर कविता**, कीर्तिपुर : न्यू हिरा बुक्स इन्टरप्राइजेज

उपाध्याय, केशवप्रसाद, (२०५०), **पूर्वीय साहित्य-सिद्धान्त**, दो.सं., काठमाडौं : साझा प्रकाशन ।

चापागाइँ, निनु, (२०५१), **यथार्थवादी रचना दृष्टि र विवेचना**, दील वरदान, पृ. १५९-१८० ।

चैतन्य (२०५४), **मार्क्सवादी कलादृष्टि र समीक्षा**, चिन्तन प्रकाशन ।

ढकाल, घनश्याम र अन्य (सम्पा.) (२०६७), **मार्क्सवादी साहित्य र जनयुद्धको सौन्दर्य**, अखिल नेपाल लेखक सङ्घ ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०६६), **नेपाली कथा र उपन्यास**, एम.के. पब्लिसर्स एन्ड डिष्ट्रिव्युटर्स ।

त्रिपाठी, वासुदेव (२०५८), **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा**, (पाँ.सं.), काठमाडौं : साझा प्रकाशन ।

पाण्डेय, ताराकान्त (२०५३), **कलासाहित्य, भूमिका र मूल्याङ्कन**, काठमाडौ : चिन्तन प्रकाशन प्रा.लि.

___________, (२०५६), **प्रगतिवादी, कवि र कविता**, काठमाडौं : शीला योगी ।

पौडेल, गोपीन्द्र, (२०५९), **सौन्दर्य बोध र समीक्षा विविध**, उर्मिला पौडेल, पृ. ६०-६८ ।

___________, (२०६२), **प्रगतिवादी नेपाली कथाका प्रवृत्ति**, विद्यावारिधि शोधपत्र ।

___________, (२०६५), **कथाको सौन्दर्य शास्त्र**, उर्मिला पौडेल ।

___________, (२०६७), **समकालीन कथामा जनयुद्धको प्रभाव**, पर्वतक (१ : १), इच्छुक सांस्कृतिक प्रतिष्ठान, पृ. १०५-१२६ ।

पौडेल, माधवप्रसाद र भण्डारी पारसमणि (२०६६), **नेपाली कविता र काव्य**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, जगदीशचन्द्र (२०५५), **प्रगतिवादी नेपाली कविता रेखाङ्कन र विश्लेषण**, काठमाडौं : मुन्नी भण्डारी ।

लुइँटेल, हरिगोविन्द, (२०५६) **समय र पोखरी**, काठमाडौं : सिर्जना चैत ३ ।

___________, (२०६१), **ढेडु बाँदर**, काठमाडौं : मूल्याङ्कन प्रकाशन गृह प्रा. (लि.) ।

___________, (२०६३), **निर्माणाधीन**, सिर्जना चैत्र ३ ।

शर्मा, मोहनराज र लुइँटेल खगेन्द्रप्रसाद (२०५५), **शोधविधि**, (दो.सं.), ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज (२०४९), **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** (चौ.सं.) ललितपुर : साझा प्रकाशन ।

सुवेदी, केशव, न्यौपाने, दैवज्ञराज र त्रिपाठी, वासुदेव (२०४६), **नेपाली कविता भाग ४**, काठमाडौं : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र र खरेल, रुद्र (२०५०), **चालिसको दशकका केही प्रगतिशील कविताहरू**, प्रलेस (१:२) ।

**(ख) शोधपत्र सन्दर्भ**

आचार्य, चन्द्रबहादुर (२०६४), **नरेश शाक्य 'निरज' को जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन**, पाटन संयुक्त क्याम्पस ।

कार्की, चूडाराज (२०६५), **साहित्यकार गोपीन्द्र पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, पाटन संयुक्त क्याम्पस ।

गुरुङ्ग नन्दराम, (२०६१), **साहित्यकार नन्दराम लम्सालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, नेपाली केन्द्रीय विभाग, त्रि.वि. ।

गौतम, लीलानाथ, (२०६०), **साहित्यकार अनिल श्रेष्ठको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन**, पाटन संयुक्त क्याम्पस ।

(ग)   **पत्रपत्रिका सन्दर्भ**


अगाध, यकिना, (२०५८), “कथा, कविता र निबन्धका संगम”, **जनएकता** (७ : ३०), पृ.  ।

‘अश्क’ गोपाल, (  ), “नेपाली लघुकथाको उद्‌भव र विकास”, **समकालीन साहित्य** (१२:२), पृ. ५०-५९ ।

गौतम, जयदेव, (२०५७), “समय र पोखरी”, **कान्तिपुर**, वैशाख १०, पृ.  ।

घिमिरे, युवराज, (२०६४), “राजनैतिक आन्दोलनमा स्रष्टाहरू”, **गरिमा**, (२५:५), पृ. ६२-६६ ।

पन्थी, मधुसूदन (२०६४), “ निर्माणाधीन कविता प्रति एक दृष्टि”, **समयचत्र**, (२:२), पृ. १५-१९ ।

पारिजात स्मृति केन्द्र (२०६३), “हरिगोविन्द लुइँटेलको परिचय”, **पारिजात सृजन पुरस्कार** (२०६२), काठमाडौं : पारिजात मार्ग म्हेपी, पृ. ९-१६ ।

पोखरेल, रमेश (२०६३), “कर्ममय वर्तमान जीवनमा साहित्य-सन्ध्या सम्मानद्वारा सम्मानित स्रष्टाहरू”, **साहित्य सन्ध्या**, काठमाडौं : साहित्य सन्ध्या, पृ. ६९-७५ ।

पौडेल, गोपीन्द्र (२०६३), “नेपाली लघुकथा परम्परा र समकालीन प्रवृत्ति”, **साहित्य सन्ध्या**, काठमाडौं : **साहित्य सन्ध्या**, पृ. २२-३१ ।

_______________, (२०६३), “आधुनिक नेपाली कथा परम्परामा चरण विभाजनका समस्या र तिनको समाधान”, **रश्मी**, पृ. १-२० ।

_______________, (२०६३/०६४), “पाँच कविका पाँच थुङ.गा फूल”, **कलम**, (१५:१), पृ. ३९-५१ ।

पौडेल, हेमनाथ (२०६१), “शब्द संयोजन”, (  ), चैत, पृ.  ।

_______________, (२०६४), “लोकतान्त्रिक आन्दोलनमा स्रष्टाहरूको भूमिका”, **गरिमा**, (२५ : ५), पृ. २७१-२७८ ।

भण्डारी, जगदीशचन्द्र (२०६४), “लोकतान्त्रिक आन्दोलनमा कविता”, **गरिमा**, (२५:५), पृ. ६८-७६ ।

लुइँटेल, हरिगोविन्द (२०३७), “अपाङ्ग”, **गोरखापत्र**, (८० : २५२), माघ, पृ.  ।

_______________, (२०३७), “दृष्टिकोण”, **मधुपर्क** (   ), फागुन, पृ. ११५-१२१ ।

_______________, (२०३८), “युगबोध”, **गोरखापत्र** ( ८१ : ३९), जेठ, पृ. ६ ।

_______________, (२०३९), “हराएको मान्छे”, **गोरखापत्र**, (८२ : २६९), माघ, पृ. ४ ।

_______________, (२०३९), “छ छ । छैन छैन ।”, **मधुपर्क,** पृ. ९१-९५ ।

_______________, (२०४०), “शहर र सापटी”, **उत्साह**, (   ), वैशाख, पृ. १८-२० ।

_______________, (२०४०), “स्थिति र परिस्थिति”, **गोरखापत्र**, (८३ : २१७), पृ. ख ।

_______________, (२०४०), “नयाँ प्रयोग समालोचनाको क्षेत्रमा”, **मधुपर्क**, (१६ : ११), चैत, पृ. ४२ : ४९ ।

_______________ (२०४१), “मौसम”, **गोरखापत्र**, (८४ : ४२), असार, पृ.  ।

_______________ (२०४१), “हा.ह.”, **दीपिका**, (७:२), पुस, पृ. २५-३१ ।

_______________ (२०४१), “सात ‘वास्तवमा’हरू”, **यात्रा**, जनप्रशासन क्या. पृ. १९-२४ ।

_______________ (२०४२), “पाँचथान कविताहरू”, **मधुपर्क**, (   ), भदौ, पृ.  ।

_______________ (२०४३), “तीन घण्टे युद्ध”, **मधुपर्क**, ( १९:४:२००), भदौ, पृ.  ।

_______________ (२०४५), “अलग अलग ठाउँ बसेका गुञ्जमानहरू”, **केही प्रगतिशील प्रतिभाहरू**, पृ. १९७-२१० ।

_______________ (२०४६), “नदीको कथा”, **इन्द्रेणी साहित्य**, (१) फागुन, पृ. ७ ।

_______________ (२०४८), “नयाँ बजारको इन्द्रमानको छोरो”, **प्रस्फुटन**, (१ : १) पृ. ३१-३४ ।

_______________ (२०४८), “हाम्रो बाको पार्टी हाम्रो काकाको पार्टी”, **साप्ताहिक विमर्श,** (२१ : २९), फागुन, पृ. ४ ।

_______________ (२०५०), “काजिमानको कविता”, **चालीसको दशकका केही प्रगतिशील कविताहरू**, **प्रलेश**, (१ : २) पृ. ४८ ।

_______________ (२०५०), “प्रजातन्त्र”, **नौलो कोसेली,** (   ), असोज, पृ.  ।

______________ (२०५०), “साथी अक्करबहादुर साथी मक्करबहादुरसँग”, **प्रकाश साप्ताहिक** (१२ : ६), पुस, पृ. ४ ।

______________ (२०५१), “गाउँका मित्रहरूसँग”, **जनआस्था साप्ताहिक**, (१ : २), पृ. ४८ ।

______________ (२०५४), “डाँडा गाउँमा च्याउ खेती : एक सम्भावना एक चुनौती”, **प्राज्ञिक संसार**, असार, पृ. ९-१० ।

______________ (२०५४), “सस्तो सौदा”, **उत्साह**, ( ), वैशाख, पृ. ।

______________ (२०५५), “छ्यालीस सालमा”, **नवयुवा**, (३ : २७) कार्तिक, पृ. ।

______________ (२०५६), “शिवे कविता”, **नवआलोक**, ( ), पृ. १३-१४ ।

______________ (२०५७), “सेल र देश”, **साहित्य-सन्ध्या**, ( ), पृ. ६८-७० ।

______________ (२०५८), “विमोचन”, **साहित्य-सन्ध्या**, (१ : ६६), वैशाख, पृ. ६३-६५ ।

______________ (२०५८), “सत्य बोल्ने रोग”, **साहित्य-सन्ध्या**, (पूर्णाङ्क १०) भदौ, पृ. ३-५ ।

______________ (२०५८), “मृत्युको स्तर”, **साहित्य-सन्ध्या**, (१:११:११), असोज, पृ. १५ ।

______________ (२०५९), “बुद्धको जन्मभूमि”, **राजधानी दैनिक**, ( ), साउन, पृ. ।

______________ (२०६२), “तीन छोटा कविता”, **फित्कौली**, ( १ : १ ), भदौ, पृ. ।

______________ (२०६३), “प्राइभेट कवि”, **हाम्रो सृ**जना, (२ : ३), वैशाख, पृ. ३२ ।

______________ ( ), “हे भगवान”, **लहर साहित्यिक द्वैमासिक**, ( ), पृ. ३-७ ।

शर्मा, रमेश (२०६४), “लुइँटेलका निर्माणाधीन कविता”, **हाम्रो जलजला** ( ), वैशाख पृ. ५२ ।

सुवेदी, पुरुषोतम (२०५८), “समय र पोखरी” **स्पेशटाइम** (१ : २४१) असार १६, पृ. विशेष २ ।